"सामान्य अवस्था वा कोभिड महामारीः बाल अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी"

# नेपालमा बाल अधिकारको स्थिति प्रतिवेदन, २०७८


नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशक

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

**प्रतिः** १५००

**प्रकाशन मितिः**

४ मङ्सिर, २०७८ (नोभेम्वर २०, २०२१) अन्तर्राष्ट्रिय बाल अधिकार दिवस

**सर्वाधिकारः**

राष्ट्रिय बाल अधिकार परिषद्

**सल्लाहकारः** मिलन राज धरेल

**लेखन तथा सम्पादन : आत्माराम थापा**

**सहयोगः** ज्ञानेन्द्र कुमार श्रेष्ठ, रामबहादुर चन्द, नमुना भुसाल, केशब चालिसे, सुनीता शाह, सन्तोषचन्द्र अधिकारी, देवकी आचार्य, सजना कुँवर, पविता श्रेष्ठ, लोचन रेग्मी, देवीप्रसाद डोटेल, मीना के.सी., धिरज प्रसाई, श्रीषा पौडेल ।

**फोटो साभारः** राष्ट्रिय बाल अधिकार परिषद् ।

**मुद्रणः** देवी प्रिन्टिङ्ग प्रेस, शंखमूल, काठमाडौँ ।

# प्रकाशकीय

संवैधानिक रूपमा नै बाल अधिकारलाई मौलिक हकको सूचीमा उल्लेख गर्दै बाल सहभागिता तथा बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रूपमा अंङ्गिकार गरेर नेपालको संविधान बाल अधिकारको दृष्टिले उत्कृष्ट संविधानको रूपमा रहेको सर्वविदितै छ । संविधानमा उल्लिखित बाल अधिकारको कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आइसकेको छ । यस सन्दर्भमा संघीय प्रणालीमा तिनै तहका राज्य संयन्त्रलाई बाल अधिकार सुनिश्चित गर्ने नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू, बाल अधिकारका विषयहरूमा पैरवी तथा राष्ट्रिय बाल संरक्षण कार्यक्रमहरू सञ्चालन गर्न गराउनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम राष्ट्रिय बाल अधिकार परिषद्को गठन गरिएको हो । नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको माननीय मन्त्रीज्यूको अध्यक्षतामा गठित यस परिषद्ले बाल अधिकारको सवालमा नेपाल सरकारको प्रमुख र उच्चस्तरीय निकायको रूपमा कार्य गर्दछ ।

बाल अधिकार सुनिश्चितताको लागि वस्तुगत विश्लेषणमा आधारित, व्यवहारिक र कार्यान्वयन योग्य नीति, कार्ययोजना र कार्यक्रमहरू पहिलो आधारस्तम्भ हुन् । विद्यमान अवस्थाको यथार्थ चित्रण र अवस्थाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विश्लेषण गरी सही निश्कर्ष निकाल्न सकियो भने मात्र सही नीति र कार्यक्रमहरू तय गर्न सकिन्छ ।

यसै कुरालाई मध्येनजर गर्दै विगत लामो समयदेखि (साविक केन्द्रीय बाल कल्याण समिति रहेदेखि नै) नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गर्दै आइराखिएको छ । यस वर्षको **नेपालमा बाल अधिकारको स्थिति प्रतिवेदन, २०७८** विगतमा झैं अन्तर्राष्ट्रिय बाल अधिकार दिवसका (नोभेम्बर २०) अवसरमा सार्वजनिक गरिएको छ । राष्ट्रिय बाल अधिकार परिषद्का आफ्नै आङ्गिक निकायहरू : बाल हेल्पलाइन, बालबालिका खोजतलास समन्वय केन्द्र तथा यस परिषद्बाट गरिएका प्रत्यक्ष अनुगमन तथा घटना अभिलेखीकरणबाट प्राप्त प्राथमिक तथ्याङ्कहरू यस प्रतिवेदनका प्रमुख सूचनाका स्रोत हुन् । यसका साथै शिक्षा, स्वास्थ्य, खेलकुद, सहभागिता लगायतका विषयमा नेपाल

सरकारका विभिन्न विषयगत निकाय, मन्त्रालय, प्रदेश तहका निकायहरू एवं स्थानीय तहबाट प्राप्त सूचनाहरूले यस प्रतिवेदनका लागि बाल विकास, बाल संरक्षण, बाल सहभागिता र बाल बचावटका क्षेत्रमा एकिकृत सूचना प्रस्तुत गरेको छ। नेपाल सरकार तथा प्रदेश तहबाट बाल अधिकारको सम्मान र संरक्षणका लागि भएका नीतिगत व्यवस्था र प्रयासहरूको पनि सङ्गृहीत सूचना यस प्रतिवेदनले प्रस्तुत गर्दछ। राष्ट्रिय बाल अधिकार परिषद्ले स्थानीय तह, प्रदेश तह तथा संघीय तहमा विभिन्न निकायहरूबाट प्राप्त सूचनाहरूलाई तालिकीकरण तथा विश्लेषण गरी यो प्रतिवेदन प्रकाशन गरेको हुँदा यस प्रतिवेदनले विद्यमान अवस्था, प्रगति तथा सुधारका पक्ष एवं बाल अधिकारका क्षेत्रमा देखिएका प्रमुख सवालहरूलाई उजागर गर्ने कार्य गरेको छ। यो प्रतिवेदन तीनै तहका बालबालिका केन्द्रित कानून तथा नीति निर्माता, निर्णयकर्ता, कार्यान्वयनकर्ता, अध्ययन/अनुसन्धानकर्ता, दातृ निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, नागरिक समाज, सञ्चार माध्यम, बालक्लब आदिप्रति लक्षित छ। तसर्थ लक्षित समूहले बालबालिका सम्बन्धी कानून, नीति, योजना, कार्यक्रम तथा बजेट बनाउँदा, अध्ययन अनुसन्धान गर्दा यो प्रतिवेदन महत्त्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ। यसका साथै, प्रदेश सरकार, स्थानीय तह, प्रदेश तथा स्थानीय बाल अधिकार समितिले बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन तयार पार्ने क्रममा सन्दर्भ सामग्रीको रूपमा समेत प्रयोगमा ल्याउन सकिन्छ।

यस प्रतिवेदनमा बाल बचावटसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाका लागि स्वास्थ्य सेवा विभागसँग समन्वय गरिएको थियो भने बाल संरक्षणसँग सम्बन्धित तथ्याङ्कका लागि नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, ट्राफिक प्रहरी महाशाखा, साइबर ब्यूरो, बालबालिका खोजतलास समन्वय केन्द्र, बाल हेल्पलाइन, शहिद प्रतिष्ठान नेपाल, केन्द्रीय बाल न्याय समिति, कारागार व्यवस्थापन विभाग, गृह मन्त्रालय, बाल सुधार गृहसँग आवश्यक समन्वय गरिएको थियो। यसैगरी शिक्षा तथा मानव विकास स्रोत केन्द्रसँग बाल विकाससँग सम्बन्धित तथ्याङ्क (फ्लाश-१ प्रतिवेदन) का लागि सम्पर्क तथा समन्वय गरिएको थियो भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग बाल सहभागितासँग सम्बन्धित तथ्याङ्कका लागि सम्पर्क समन्वय गरिएको थियो। प्रतिवेदनमा तथ्याङ्क सङ्कलनका प्राथमिक तथा द्वितीय दुवै स्रोत प्रयोग गरिएका छन्। प्राथमिक स्रोत अन्तर्गत परिषद् तथा यसका भगिनी संस्था-बालबालिका खोजतलास समन्वय केन्द्र, बाल हेल्पलाइन पर्दछन भने विभिन्न मन्त्रालय, विभाग, आयोग, केन्द्र, समिति लगायतका निकायका वार्षिक प्रतिवेदन,

कानूनी तथा नीतिगत दस्तावेजलाई प्रतिवेदनमा द्वितीय स्रोतका रूपमा प्रयोग गरिएका छन् । प्रतिवेदनमा व्याख्यात्मक, विवरणात्मक, विश्लेषणात्मक तथा तुलनात्मक विधिहरू प्रयोग गरी नतिजा प्रस्तुतीकरण गरिएको छ । प्रतिवेदनलाई ७ वटा परिच्छेद, ६३ वटा तालिका, ५ वटा चित्र र १० वटा अनुसूचीसहित सङ्गठित गरिएको छ ।

बाल अधिकार महासन्धिको अनुमोदन गरेको ३१ वर्षको यस अवधिमा नेपालले बाल अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा गुणात्मक र संख्यात्मक प्रगति गर्नुका साथै नीतिगत र संरचनागत सुधारहरू गर्न सफल भएको छ । बालबालिकाको सवाललाई अझ महत्त्वका साथ कार्यान्वयन गर्न गराउन साविक केन्द्रीय बाल कल्याण समितिको अधिकार र कार्यक्षमतालाई थप विस्तार र व्यवस्थित गर्ने उद्देश्यले राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ तथा प्रवेशन अधिकारीको व्यवस्था बालबालिका सम्बन्धी ऐनमा गरिएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्ले विगतका उपलब्धि तथा सिकाइहरूको आधारमा र बदलिएको राज्य संरचना तथा सामाजिक आर्थिक परिवेशमा देखिएका नयाँ सवालहरूलाई सम्बोधन गर्न पाँच वर्षीय मार्गचित्र मस्यौदा गरिसकेको छ । राष्ट्रियस्तरमा बाल संरक्षण प्रणालीको सञ्चालन, तीनै तहका सरकारहरूबीचको समन्वय र सहकार्यको प्रवर्द्धन, राष्ट्रिय रूपमा देखिएका विषयहरू सडक बालबालिका, बाल विवाह, बालश्रम, बाल बेचबिखन, बाल सहभागिता, बालमैत्री स्थानीय शासन, अनाथ बालबालिकाको संरक्षण तथा बालबालिकाको संस्थागत स्याहारको न्यूनीकरण गर्दै वैकल्पिक स्याहारको प्रवर्द्धन गर्ने कार्यहरूलाई अगाडि बढाइरहेको छ । कोभिड-१९ को महामारीबाट स्वास्थ्य विपद् तथा अन्य प्राकृतिक र मानव सिर्जित विपद्का समयमा बालबालिकाको संरक्षण र सहयोगलाई सम्बोधन गर्नपर्ने आवश्यकतालाई राष्ट्रिय बाल अधिकार परिषद्ले आत्मसात गरेको छ ।

**"सामान्य अवस्था वा कोभिड महामारीः बाल अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी"** भन्ने मूल नाराका साथ राष्ट्रिय बाल दिवस मनाइरहेको सन्दर्भलाई स्मरण गर्दै प्रतिवेदनले उजागर गरेका सुझाव तथा आगामी प्राथमिकतालाई तीनै तहका सरकार, दातृ निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, नागरिक समाज, सञ्चारमाध्यमबाट यथोचित सम्बोधन गर्न र बालबालिकाको लागि समय, स्रोत र सोचको लगानी वृद्धि गर्न राष्ट्रिय बाल अधिकार परिषद् सबैमा हार्दिक अनुरोध गर्दछ ।

यस प्रतिवेदनले सिमित स्रोत र समयका बाबजुद, बालबालिकाको क्षेत्रमा धेरै सूचनाहरू उपलब्ध गराउन सक्ने विश्वास लिएको छु । यद्यपी यस प्रतिवेदनमा सुधारका पक्षहरूपनि रहेका हुन सक्छन् र यसले समेट्न नसकेका विषयहरूपनि हुन सक्छन् । यहाँहरूको सुझाव र प्रतिक्रियालाई आधार मान्दै आगामी दिनमा यस प्रतिवेदनलाई अझ परिस्कृत गर्नेछौं । यस प्रतिवेदनको लागि मार्गदर्शन प्रदान गर्नुहुने माननीय मन्त्रीज्यू तथा सचिवज्यू र प्रतिवेदनका लागि सूचना तथ्याङ्कहरू प्रदान गरेर सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिज्यूहरू तथा यस प्रतिवेदन प्रकाशनमा सहयोग गर्नु हुने सेभ द चिल्ड्रेन नेपाल र प्लान इन्टरनेशनल नेपाल प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद ।

# मुख्य स्थिति

- संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (सन् १९९० को १४ सेप्टेम्बर) अनुमोदन गरेको ३० वर्ष पूरा भएको छ । महासन्धि अनुरुप बाल अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि नेपाल संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रूपमा प्रतिबद्ध रहेको छ ।
- बाल अधिकारको विषयलाई नेपालको संविधानमा उल्लेख्यरूपमा प्रत्याभूत गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू सुनिश्चित गरिएका छन् । शिक्षा, स्वास्थ्य, सहभागिता जस्ता विषयगत ऐनहरूमा पनि बालबालिकाको विषयहरू समावेश भएका छन् । बालबालिकासँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकहरूमा सुधार हुँदै आएको छ ।
- राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयनका लागि सुरु गरेको **बन्दैछ बाल अधिकार सुदृढ स्थानीय तह** भन्ने अभियानबाट आ.व.२०७७/७८ मा १८६ स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा, १२९ वटा स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन, ५१ वटा स्थानीय तहमा बाल कल्याण अधिकारी तोकिएको र १३५ वटा स्थानीय तहमा बालकोष स्थापना भै सञ्चालनमा आएको छ ।
- २०६८ सालको जनगणना अनुसार १८, १६ र १४ वर्षमुनिका बालबालिका क्रमशः ४१.८४, ३७.३७  ३२.३५ प्रतिशत रहेका छन् ।
- आ.व. २०७६/७७ मा नवजात शिशु मृत्युदर प्रति हजार १६, शिशु मृत्युदर प्रति हजार २५ र बाल मृत्युदर (पाँच वर्षमुनिका) प्रति हजार २८ हुन आएको छ ।
- यसैगरी, पाँच वर्षमुनिको उमेर अनुसार उचाइ नपुगेका/पुड्कोपना भएका बालबालिका ३१.५ प्रतिशत, उमेर अनुसार तौल नपुगेका बालबालिका २४.३ प्रतिशत र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका बालबालिका १० प्रतिशत रहेको देखिएको छ ।
- नेपालमा बालश्रम प्रतिवेदन, २०२१ अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । सन् २००८ मा भन्दा सन् २०२१ मा बालश्रमिकको संख्या ५ लाखले कमी आएको छ ।

- आ.व. २०७३/७४ देखि सञ्चालन गरिएको **सडक बालबालिकाको उद्धार र व्यवस्थापन** कार्यबाट २०७८ असार मसान्तसम्ममा जम्मा १,७८८ जना बालबालिकाको (बालक १५३६ र बालिका २५२) उद्धार तथा व्यवस्थापन गरिएको छ । आ.व. २०७७/७८ मा मात्रै जम्मा ३५५ जना सडक बालबालिकाको (बालक ३०१ र बालिका ५४) उद्धार गरी संरक्षण तथा पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको व्यवस्थापन गरिएको छ। आ.व. २०७८/७९ भित्र सडक बालबालिकामुक्त राष्ट्र घोषणाका लागि आधार खडा गरिनेछ ।

- महानगरीय ट्राफिक प्रहरी महाशाखाको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा सडक दुर्घटनाबाट २८८ जना बालबालिका (बालक १८९ र बालिका ९९) प्रभावित भएका छन् जसमध्ये ७ जना (बालक ४ र बालिका ३) को मृत्यु, १४ जना (बालक १२ र बालिका २) गम्भीर घाइते र २६७ जना (बालक १७३ र बालिका ९४) घाइते भएका छन् । सडक दुर्घटनाबाट प्रभावित बालबालिका मध्ये १२८ जना पैदलयात्री, १२३ जना मोटरसाइकलमा सवार, १० जना कारमा सवार, ८ जना साइकलमा सवार र १ जना अटोमा सवार रहेका थिए ।

- आ.व. २०७७/७८ मा प्रदेश प्रहरी कार्यालय, प्रदेश नं. २ को तथ्याङ्क अनुसार ७४ जना बालबालिका (बालक ३८ र बालिका ३६) को डुबेर मृत्यु भएको छ । अघिल्लो आर्थिक वर्षमा ५९ जना (बालक ३८ र बालिका २१) बालबालिकाले डुबेर अकालमा ज्यान गुमाउन परेको थियो ।

- नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २०-२४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरू मध्ये १५ वर्षभन्दा कम उमेरमा विवाह हुनेहरू ५.२ प्रतिशत (पुरुष १.५% र महिला ७.९%) र १८ वर्षभन्दा कम उमेरमा विवाह हुनेहरू २२.७ प्रतिशत (पुरुष ९% र महिला ३२.८%) रहेका छन् । यसैगरी, १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरू मध्ये १२.८ प्रतिशत (पुरुष ५.३% र महिला १९.३%) विवाहित पाइएका छन् ।

- आ.व.२०७७/७८ मा बालबालिका खोजतलास सेवालाई प्रदेश नं. १, प्रदेश नं. २ र लुम्बिनी प्रदेशमा विस्तार गरिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) मा हराएर उजुरी परेका ३,६५८ जना बालबालिका (बालक ८४९ र बालिका २८०९) मध्ये ३,००९ जना बालबालिका (बालक ७१२ र बालिका २२९७) बालबालिका फेला परेका (८२.२५ प्रतिशत) र बाकीको खोजतलास जारी रहेको छ। त्यसैगरी वेवारिसे फेला परेका १९७ जना बालबालिका (बालक १०६ र बालिका ९१) को उद्धार गरी १०६ जना बालबालिका (बालक ५४ र बालिका ५२) लाई परिवारमा पुर्नस्थापना गरिएको छ भने ९१ जना बालबालिका (बालक ५३ र बालिका ३८) लाई अस्थायी संरक्षण सेवामा राखिएको छ ।

- परिषद्ले यस आर्थिक वर्षमा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत ५८ जना (बालक ४७, बालिका ११) जोखिमपूर्ण कार्यमा संलग्न रहेका तथा सडकमा वस्तु विनिमयमा संलग्न रहेका बालबालिकाको उद्धार गरी संरक्षण र व्यवस्थापन गरेको छ । यसैगरी ७ जना बालश्रमिक रोजगारदातालाई कारवाही तथा ३ जना बालबालिकालाई कानून बमोजिमको क्षतिपूर्ति समेत प्रदानका लागि परिषद्ले सहजीकरण गरेको छ ।

- आ.व.२०७७/७८ मा बाल हेल्पलाइन सेवा (१०९८) १२ वटा स्थानबाट १८ स्थानमा विस्तार गरिएको छ । आर्थिक वर्ष २०७७/०७८ मा जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ६६१ (बालक २६७, बालिका ३९४) जना र अन्य नियकायबाट उद्धार भई थप सेवाका लागि बाल हेल्पलाइन सेवा केन्द्रहरूमा सिफारिस भई आएका ५५ जना (बालक २८, बालिका २७) गरी कुल ७१६ जना बालबालिकालाई अस्थायी संरक्षणको प्रबन्धका साथै ८७९३ जना बालबालिका (बालक ३४०५ र बालिका ५३८८) लाई बाल संरक्षण सम्बन्धी विविध सहायताहरू प्रदान गरिएको छ ।

- प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा मानव बेचबिखन तथा ओसारपसार अपराधमा कुल ८० जना बालबालिका (बालिका ७९ र बालक १ जना) पीडित भएका छन् ।

- सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा अनधिकृत सीमा पार गर्ने बालबालिकाको संख्या ८३ (बालक ४५ बालिका ३४ र नखुलेको ४) रहेको छ ।

- आ.व.२०७७/७८ मा केन्द्रीय साइबर व्युरोको तथ्याङ्क अनुसार २०८ जना बालबालिका (बालक ५६ र बालिका १५२) साइबर अपराधबाट पीडित भएको उजुरी दर्ता भएका छन् । तथ्याङ्कले १० जना बालक साइबर सम्बन्धी कसूरजन्य कार्यको आरोप लागेको समेत देखाएको छ ।

- राष्ट्रिय बाल अधिकार परिषद्मा अध्यावधिक गरिएको आधारमा आ.व. २०७७/७८ मा ४४ वटा जिल्लामा सञ्चालनमा रहेका जम्मा ४५४ वटा बालगृहहरूमा ११,३८१ जना बालबालिका (बालक ५,२३७ र बालिका ६,१४४) संरक्षणमा रहेको देखिन्छ । यस आ.व.मा कोभिड महामारीका समयमा देशभरबाट ५७ वटा बालगृहमा आश्रित बालबालिका मध्ये ५४७ जना बालबालिकालाई परिषद्को सहजीकरणमा परिवारमा पठाइएको छ ।

- आ.व.२०७७/७८ मा काठमाडौँ, भक्तपुर, ललितपुर, तनहुँ, चितवन जिल्लामा सञ्चालित १६३ वटा बालगृहको स्थलगत अनुगमन गरी मापदण्ड विपरित काठमाडौँ र चितवनमा

सञ्चालनमा रहेका ८ वटा बालगृहबाट ७३ जना बालबालिका (बालक ३५, बालिका ३८) को उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको छ । त्यस्तै मापदण्ड विपरित सञ्चालित २१ वटा बालगृहमाथि कारवाहीको प्रक्रिया अगाडि बढाइएको छ ।

- कोभिडका कारण अभिभावकविहीन बालबालिकाको राज्यले अभिभावकत्व ग्रहण गर्ने सन्दर्भमा अभिभावकविहीन भएका बालबालिकाको सूचना तथा तथ्याङ्कका लागि स्वयमसेवी समूह परिचालन गर्नुका साथै ७५३ वटै स्थानीय तहहरूमा परिपत्र गरी त्यस्ता बालबालिकाको विवरण परिषद्मा उपलब्ध गराउन अनुरोध गरिएकोमा २०७८ असार मसान्तसम्ममा २५ वटा स्थानीय तहबाट १६९ जना बालबालिका अभिभावकविहीन भएको तथ्याङ्क परिषद्मा प्राप्त भई व्यवस्थापन कार्य सुरु गरिएको छ ।

- बाल हेल्पलाइन १०९८ तथा बालबालिका खोजतलास केन्द्र १०४ मा कोभिड हेल्पडेस्कको स्थापना गरी ३०५७ जना बालबालिका (बालक १५१८ र बालिका १५३९) लाई विविध सेवा प्रवाह (मनोविमर्श सेवा-८२७, स्वास्थ्य उपचार-३०५, खाद्यान्न सामग्री सहयोग-१३२२, पारिवारिक परामर्श तथा अन्य-६०३) गरिएको छ ।

- आ.व.२०७७/७८मा बाल विज्याँईका १४३८ घटनामा १६८६ जना बालक र ६० जना बालिका गरी जम्मा १७९९ जना बालबालिका प्रतिवादी रहेका छन् । बाल विज्याँइका १४३८ वटा घटना मध्ये ४०९ वटा मुद्धा किनारा लागेका छन् भने बाँकी १०२९ वटा मुद्धा सुनुवाइका क्रममा रहेका छन् ।

- आ.व.२०७७/७८ मा देशभर सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा ८८७ जना बालबालिका (बालक ८५७ र बालिका ३०) रहेका छन् । गत आ.व.मा १,०५३ जना बालबालिका रहेका थिए भने सोमध्ये कोभिड-१९ को कारण ३५२ जनालाई बाँकी कसूर मिनाहा गरी घर पठाइएको थियो ।

- आ.व. २०७७/७८ को फागुन मसान्तसम्म ८ लाख ८५ हजार ५९ जना बालबालिका सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ । बालबालिकाको सामाजिक सुरक्षाका लागि यस अवधिमा ४ अर्व २४ करोड ८३ लाख ३१ हजार २ सय रकम वितरण गरिएको छ । गत वर्ष यो संख्या ७ लाख ९४ हजार २ सय २१ रहेको थियो ।

- राष्ट्रिय योजना आयोगको बहु आयामिक गरिबीको प्रतिवेदन (२०२१) अनुसार नेपालमा बहु-आयामिक गरिबी १७.४ प्रतिशत रहेको देखिएको छ । जसमध्ये बालबालिकाको प्रतिशत २२ प्रतिशत रहेको छ । प्रतिवेदनले नेपालमा करीब २२ लाख बालबालिका गरिबीमा रहेको देखाएको छ ।

- आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न कारणले ३२ जिल्लाका कारागारहरूमा रहेका अभिभावकसँग ८१ जना बालबालिका आश्रित रहेको तथा २८६ जना बालबालिकालाई विभिन्न संस्थाहरूले संरक्षणमा राखेकोमा यस आर्थिक वर्षमा कारागारमा आश्रित २५१ जना बालबालिकालाई विभिन्न ४ वटा संस्थाहरूमा संरक्षण व्यवस्थापन गरिएको छ ।
- राष्ट्रिय योजना आयोगको सन् २०२० को तथ्याङ्क अनुसार पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ७७.२ प्रतिशत पुगेको छ ।
- शैक्षिक सत्र २०७७ सालमा प्रारम्भिक बालविकास केन्द्रको संख्या ३६,७१२ रहेको छ (२०७६ सालमा ३६,४५० थियो) र बालबालिकाको संख्या ११,३०,५२१ जना (२०७६ सालमा ११,०५,५६१ जना) पुगेको छ । प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ७०.१ (बालक ७०.६ र बालिका ६९.६) पुगेको छ ।
- शैक्षिक सत्र २०७७ मा देशभर ३५ हजार ६ सय ७४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । गत शैक्षिक सत्रमा यो संख्या ३५ हजार ५ सय २० रहेको थियो । गत सत्रमा भन्दा यो सत्रमा १ सय ५४ वटा विद्यालयहरू थप भएका छन् । यस सत्रमा सञ्चालनमा रहेका कुल विद्यालय मध्ये सामुदायिक विद्यालय २७ हजार ८ सय १२, संस्थागत विद्यालय ६ हजार ७ सय ३२ र धार्मिक विद्यालय १ हजार १ सय ३० रहेका छन् ।
- शैक्षिक सत्र २०७६ सालमा प्राथमिक तहमा ३५,४३,८६२ जना (बालक १७,८१,३२१ र बालिका १७,६२,५४१) भर्ना भएकोमा शैक्षिक सत्र २०७७ मा ३५,२२,१७७ (बालक १७,७२,११२ र बालिका १७,५०,०६५) भर्ना भएको देखिएको छ । कक्षा १-१२ सम्म भर्ना भएका विद्यार्थीको संख्या अघिल्लो शैक्षिक सत्रमा ७०,२१,६२२ जना थिए भने २०७७ सालमा ७०,८३,९८९ जना हुन आएको छ । यसबाट एक वर्षमा कक्षा १-१२ सम्म भर्ना भएका बालबालिकाको संख्या ६२,३६७ जनाले बढी हुन आएको छ ।
- शैक्षिक सत्र २०७६ मा विद्यालय तह अनुसारको भर्ना दरमा प्राथमिक तहमा ९७.१, आधारभूत तहमा ९३.४, कक्षा ९-१० मा ६९.० र कक्षा ११-१२ मा ४७.६ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७७ मा प्राथमिक तहमा ९७.४,आधारभूत तहमा ९४.७, कक्षा ९-१० मा ७०.८ र कक्षा ११-१२ मा ३१.५ प्रतिशत रहेको देखिएको छ ।
- शैक्षिक सत्र २०७७ मा देशभर सामुदायिक विद्यालयमा १ लाख ३० हजार १ सय १० (महिला ८४ हजार ४१ जना र पुरुष १ लाख ४६ हजार ६९ जना) र संस्थागत विद्यालयमा ९० हजार ४ सय ६६ ( महिला ४२ हजार ७ सय २४ र पुरुष ४७ हजार ७ सय ४२ जना) गरी जम्मा

३ लाख २० हजार ५ सय ७६ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये पुरुष ६०.५ प्रतिशत र महिला ३९.५ प्रतिशत रहेका छन् ।

- शैक्षिक सत्र २०७७ मा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा ६ देखि ८), माध्यमिक तह (कक्षा ९ देखि १०) र माध्यमिक तह (कक्षा ११ देखि १२) मा क्रमशः ९१, ११३ र १३५ रहेको देखिएको छ ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७७ को प्रतिवेदन अनुसार विद्यालयमा विद्यार्थीको टिकाउ दरको सम्बन्धमा अघिल्लो शैक्षिक सत्रमा भन्दा २०७७ सालमा टिकाउ दरमा सुधार भएको छ । जसमा कक्षा ५ सम्मको टिकाउ दर ९३ बाट ९३.३ प्रतिशत (बालक ९३ र बालिका ९३.८), कक्षा ८ सम्मको टिकाउ दर ७९.३ बाट ८२.२ प्रतिशत (बालक ८१.५ र बालिका ८२.९), कक्षा १० सम्मको टिकाउ दर ६०.३ बाट ६४.६ प्रतिशत (बालक ६३.९ र बालिका ६५.३) र कक्षा १२ सम्मको टिकाउ दर २४.० बाट ३०.७ प्रतिशत (बालक ३०.० र बालिका ३१.५) रहेको देखिएको छ ।
- शैक्षिक सत्र २०७७ सालमा कक्षा १-१२ सम्म भर्ना भएका अपाङ्गता भएका विद्यार्थीहरू ६२,४३६ रहेको देखिएको छ । यस समूहका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न ३३ विशेष विद्यालय, २३ एकीकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्था रहेको छ ।
- शैक्षिक सत्र २०७६ को माध्यमिक शिक्षा परीक्षा (एसइइ) कोभिड-१९ को कारण राष्ट्रिय परीक्षा बोर्डले तोकेको मितिमा सञ्चालन हुन नसकेको हुँदा शिक्षा ऐन बमोजिम आदेश जारी गरी उक्त परीक्षा विद्यालयबाट नै सञ्चालन गर्ने व्यवस्था गरिएको थियो । परीक्षामा २ लाख ४३ हजार ७ सय ३३ छात्रा र २ लाख ३ ९ हजार २ सय ३१ छात्र गरी कुल ४ लाख ८२ हजार ९ सय ८३ जना विद्यार्थीहरू सहभागी भएका थिए ।
- शैक्षिक सत्र २०७७ मा कक्षा १२ को परीक्षामा कुल ३ लाख १० हजार ३ सय १६ छात्रछात्रा सहभागी भएकोमा छात्र संख्या १ लाख ४८ हजार ४ सय र छात्रा संख्या १ लाख ६१ हजार ९ सय १६ रहेका छन् । यस वर्षदेखि कक्षा ११ को परीक्षा विद्यालयबाट नै सञ्चालन भएको छ ।
- आ.व. २०७७/७८ सम्ममा देशभरका १२ वटा स्थानीय तह ( प्रदेश नं. १ को १ वटा, प्रदेश-२ को १ वटा, बागमती प्रदेशको ५ वटा, गण्डकी प्रदेशको २ वटा र लुम्बिनी प्रदेशको ५ वटा) ३३ वटा स्थानीय तहको कम्ती एक/एक वटा गरी ३९ वटा वडा बालमैत्री घोषणा भएका छन् ।

# विषयसूची

पृष्ठ संख्या

**मुख्य स्थिति**

**परिच्छेद एक**

**बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार प्रणालीको विकास र सवलीकरण** १–१६
१. परिचय १
२. बाल अधिकार सम्बन्धी महासन्धि, यसको कार्यान्वयनका उपायहरू र समापन टिप्पणी १
३. सरकारको प्राथमिकतामा बाल अधिकारका कानूनी र नीतिगत विषयहरू ३
४. बाल अधिकारका विषयहरू सम्बोधनार्थ संस्थागत संयन्त्र ६
५. बाल अधिकारसँग सम्बन्धित विषयहरूको कार्यान्वयन ९
६. बाल अधिकारको कार्यान्वयनमा भएका मुख्य उपलब्धि १३
७. चुनौति तथा समस्या १४
८. यो वर्षको राष्ट्रिय प्राथमिकता १५
९. निष्कर्ष १६

**परिच्छेद २**

**नेपालमा बालबालिकाको अवस्था** १९–२५
२.१ **नेपालमा बालबालिकाको जनसांख्यिक अवस्था** १९
*२.१.१ जनसंख्या* १९
*२.१.२ उमेरगत विवरण* २०
*२.१.४ भौगोलिक अवस्थिति अनुसार बालबालिकाको विवरण* २१
*२.१.५ ग्रामीण भेग अनुसार बालबालिकाको जनसंख्या* २३
*२.१.७ प्रदेशगत रूपमा तुलनात्मक अवस्थिति* २४
२.२ **निष्कर्ष:** २५

**परिच्छेद ३**

**बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार** २७–४१
३.१. बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था २७
३.२ बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी सेवा प्रवाह २९

३.३ बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी अवस्था ३०
*(क) खोप* ३०
*(ख) बालबालिकाको मृत्युदर* ३२
*(ग) बालबालिकाको पोषण स्थिति* ३४
*(घ) गर्भवती महिलाको स्वास्थ्य तथा सचेतना* ३६
*(ङ) सुरक्षित गर्भपतन सेवा र किशोरी* ३९
*(च) सामाजिक स्वास्थ्य सुरक्षा तथा निःशुल्क स्वास्थ्य सेवा* ३९
*(छ) स्वास्थ्य संस्था* ४०
३.४ निष्कर्ष ४१

## परिच्छेद चार

**बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी अधिकार** ४३–६४
४.१ बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था ४३
४.२ बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी सेवा प्रवाह ४५
४.३ बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी अवस्था ४७
*क. प्रारम्भिक बाल विकास केन्द्र* ४७
*ख. विद्यालय संख्या र बालबालिकाको संख्या* ५३
*ग. दलित र जनजाति बालबालिका* ५९
*घ. अपाङ्गता भएका बालबालिका* ६१
*ङ. माध्यमिक शिक्षा परीक्षा (एसइइ)* ६३
४.४ निष्कर्ष ६४

## परिच्छेद ५

**बालबालिकाको संरक्षण सम्बन्धी अधिकार** ६७–१२८
५.१ बालबालिकाको संरक्षण सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था ६७
५.१.१ नेपालको संविधानमा बाल संरक्षण ६७
५.१.२ मुलुकी देवानी संहिता ऐन, २०७४ मा बाल संरक्षण ६७
५.१.३ बालबालिका सम्बन्धी ऐन, २०७५ मा बाल संरक्षण ६८
५.१.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बाल संरक्षण ७२
५.१.५ बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बाल संरक्षण ७३
५.१.६ दीगो विकास लक्ष्यमा बाल संरक्षण ७३

५.१.७ १५ औं आवधिक योजनामा बाल संरक्षण ७४
५.२ बालबालिकाको संरक्षण सम्बन्धी सेवा प्रवाह ७५
५.२.१ जन्मदर्ता ७५
५.२.२ सामाजिक सुरक्षा ७६
५.२.३ बाल संरक्षण संयन्त्र ७७
(क) बाल हेल्पलाइन १०९८ ७७
(ख) बालबालिका खोजतलास सेवा १०४ ७७
(ग) अस्थायी संरक्षण सेवा ७८
(घ) पुनर्स्थापना केन्द्र ७८
(ङ) बाल सुधार गृह ७८
(च) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र ७८
(छ) निगरानी कक्ष ७९
(ज) अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र ७९
(झ) बालगृह ७९
५.२.४ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा जोखिममा परेका बालबालिकाको संरक्षण व्यवस्थापन, रोकथाममूलक, उपचारात्मक तथा प्रवर्धनात्मक सेवा ८०
५.२.५ सडक बालबालिका मुक्त राष्ट्र अभियान ८०
५.२.६ बालश्रम मुक्त स्थानीय तह ८१
५.२.७ बालविवाह मुक्त अभियान ८१
५.२.८ वैकल्पिक हेरचाहको प्रबन्ध ८२
५.३ बालबालिकाको संरक्षण सम्बन्धी अवस्था ८२
५.३.१ जन्म दर्ता भएका तथा नभएका बालबालिका ८२
५.३.२ सामाजिक सुरक्षाबाट लाभान्वित बालबालिका ८३
५.३.३ वैकल्पिक हेरचाह प्रबन्धमा रहेका बालबालिका ८५
*(क) बालगृह* ८६
*(ख) बाल सुधार गृह* ८८
*(ग) अस्थायी संरक्षण सेवा केन्द्र* ८९
*(ग) अभिभावकसँगै कारागारमा आश्रित बालबालिकाको स्याहार* ९०
*(ङ). बाबुआमा विहीन बालबालिकाको संरक्षण* ९१
५.३.४ बाल संरक्षण संयन्त्र तथा सेवा प्रवाहको स्थिति ९२

(क) बालबालिका खोजतलास सेवा, १०४ ........ ९३
- *बेवारिसे अवस्थामा फेला परेका बालबालिकाको संरक्षण व्यवस्थापन* ........ ९५
- *सडक बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन* ........ ९६
- *जोखिमपूर्ण कार्यमा रहेका बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन* ........ ९८

(ख) बाल हेल्पलाइन १०९८ तथा सेवा प्रवाहको स्थिति ........ ९९

५.३.५ बालविवाह न्यूनीकरण ........ १०२
५.३.६ श्रमिक बालबालिका ........ १०४
५.३.७ शरणार्थी बालबालिका ........ १०६
५.३.८ कानूनको सम्पर्कमा आएका बालबालिका ........ १०७
५.३.९ बेचबिखन तथा ओसारपसारमा परेका बालबालिका ........ १०९
५.३.१० द्वन्द्व प्रभावित तथा विस्थापित बालबालिका ........ ११२
५.३.११ सडक दुर्घटनाबाट प्रभावित बालबालिका ........ ११३
५.३.१२ आन्तरिक तथा बाह्य धर्मपुत्र धर्मपुत्री ग्रहण ........ ११५
५.३.१३ बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्व्यवहारबाट पीडित बालबालिका ........ ११६
५.३.१४ अनलाइन बाल दुर्व्यवहार ........ १२१
५.३.१५ यौनिक अल्पसंख्यक बालबालिका ........ १२४
५.३.१६ कोभिड-१९ र बालबालिका ........ १२४
- *बालबालिकाको स्वास्थ्यमा कोभिडको असर न्यूनीकरणका लागि गरिएका प्रयासहरू* ........ १२५
- *बालबालिकाको शिक्षामा कोभिडको असर न्यूनीकरणका लागि गरिएका प्रयासहरू* ........ १२५
- *कोभिड महामारीमा बाल संरक्षणका लागि गरिएका प्रयासहरू* ........ १२५

५.३.१७ विपद् र बालबालिका ........ १२७
५.४ निष्कर्ष ........ १२८

## परिच्छेदः ६

**बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार** ........ १३१-१३८

६.१ बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सम्बन्धी संवैधानिक, कानूनी तथा नीगित व्यवस्था ........ १३१
६.२ बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी सेवा प्रवाह ........ १३२
६.३ आम सञ्चार र बाल सहभागिता ........ १३३
६.४ मनोरञ्जनका क्षेत्रमा बाल सहभागिता ........ १३४
६.५ बालक्लब र बालबालिका ........ १३५

६.६ खेलकुद र बालबालिका १३५
६.७ स्काउट र बालबालिका १३६
६.८ बालमैत्री स्थानीय तह तथा वडाहरू १३६
६.९ निष्कर्ष १३८

## परिच्छेदः ७

**निष्कर्ष** १३९
**सन्दर्भ सामग्रीहरू** १४३

**स्तम्भ चित्र**

चित्र १ : हराएर फेला परेका बालबालिकाको प्रदेशगत विवरण, २०७८ ९५
चित्र २ : बेवारिस भेटिएका र संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको प्रदेशगत विवरण, २०७८ ९६
चित्र नं.३ : सडक बालबालिको उद्धार सम्बन्धी विवरण, २०७२/७३ देखि २०७७/७८ ९७
चित्र ४ : सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी विवरण ९८
चित्र ५ : बाल हेल्पलाइन सेवा १०९८ मार्फत उद्धार गरिएका बालबालिकाको विवरण १००

**तालिका**

तालिका नं. १ : बाल अधिकार कार्यान्वयनको प्रदेशगत स्थिति, २०७८ ८
तालिका नं. २ : राष्ट्रिय जनगणनाहरूमा १८ वर्ष र ५ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत २०
तालिका नं.३ : प्रत्येक उमेर अनुसार बालबालिकाको विवरण, २०६८ २०
तालिका नं.४ : उमेर समूह अनुसार बालबालिकाको विवरण २१
तालिका नं.५ : भौगोलिक क्षेत्र अनुसार बालबालिकाको जनसंख्या २२
तालिका नं.६ : उमेर समूह अनुसार हिमाली क्षेत्रमा बसोबास गर्ने बालबालिकाको विवरण, २०६८ २२
तालिका नं.७ : उमेर समूह अनुसार पहाडी क्षेत्रमा बसोबास गर्ने बालबालिकाको विवरण, २०६८ २२
तालिका नं.८ : उमेर समूह अनुसार तराई क्षेत्रमा बसोबास गर्ने बालबालिकाको विवरण, २०६८ २३
तालिका नं.९ : ग्रामीण तथा शहरी भेग अनुसार बालबालिकाको जनसंख्या, २०६८ २३
तालिका नं.१० : जन्मेदेखि १४ वर्ष उमेरसम्मका बालबालिकाको शहरी तथा ग्रामीण क्षेत्र अनुसार जनसंख्या, २०६८ २३
तालिका नं.११ : प्रदेशगत जनसंख्या र बालबालिकाको संख्या २४
तालिका नं.१२ : उमेर समूहका आधारमा प्रदेशगत रूपमा बालबालिकाको जनसंख्या २४
तालिका नं.१३ : विभिन्न खोप पाउने बालबालिकाको विवरण ३१
तालिका नं.१४ : विभिन्न खोप पाएका बालबालिकाको प्रदेशगत प्रतिशत, २०७६/७७ ३२

तालिका नं. १५ : बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति, २०४८/४९-२०७६/७७ ३३
तालिका नं.१६ : बालबालिकाको मृत्युदर, २०७६/७७ ३३
तालिका नं. १७ : बालबालिकाको पोषण सम्बन्धी सूचक र स्थिति (आ.व.२०४८/४९-२०७६/७७) ३४
तालिका नं. १८ : बाल पोषणको प्रदेशगत अवस्था, २०७६/७७ ३५
तालिका नं. १९ : बालबालिकाको कुपोषणको राष्ट्रिय तथा प्रादेशिक स्थिति, २०७६/७७ ३५
तालिका नं. २० : गर्भवती महिलाको स्वास्थ्य/सुरक्षित मातृत्व सम्बन्धी अवस्था, २०७७/७८ ३७
तालिका नं.२१ : गर्भवती महिलाको स्वास्थ्य/सुरक्षित मातृत्व सम्बन्धी प्रादेशिक अवस्था, २०७६/७७ ३८
तालिका नं.२२ : २० वर्षभन्दा कम उमेर समूहका किशोरीहरूलाई प्रदान गरिएको सुरक्षित गर्भपतन सेवा ३९
तालिका नं.२३ : निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने स्वास्थ्य संस्थाको संख्यात्मक विवरण ४०
तालिका नं.२४ : आर्थिक वर्ष २०७३/७४ देखि २०७७/७८ सम्मको स्वास्थ्य संस्थाको संख्या ४०
तालिका नं.२५ : प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७५-२०७७ ४७
तालिका नं.२६ : प्रारम्भिक बालविकास केन्द्रको प्रदेशगत संख्या, २०७७ ४८
तालिका नं.२७ : प्रारम्भिक बालविकास केन्द्र, बालबालिकाको संख्या तथा अनुपात र भर्नादर ४८
तालिका नं.२८ : प्रारम्भिक बालविकास केन्द्रमा उमेर, लिङ्ग र प्रदेश अनुसार कुल भर्नादर ४९
तालिका नं.२९ : प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका प्रदेशगत बालबालिका संख्या, २०७७ ५०
तालिका नं.३० : प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका प्रदेशगत दलित तथा जनजाति बालबालिका, २०७७ ५१
तालिका नं.३१ : प्रारम्भिक बालविकास केन्द्रमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७५-२०७७ ५१
तालिका नं.३२ : अपाङ्गताका प्रकार अनुसार प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्या, २०७७ ५२
तालिका नं.३३ : विद्यालयको तह र प्रकार अनुसारको विवरण, २०७७ ५३
तालिका नं.३४ : विद्यालयको तह र प्रकार अनुसार प्रदेशगत विवरण, २०७७ ५४
तालिका नं.३५ : धार्मिक विद्यालयको प्रदेशगत संख्या, २०७७ ५४
तालिका नं.३६ : विद्यालय तहमा विद्यार्थी भर्ना विवरण, २०७६ - २०७७ ५५
तालिका नं.३७ : विद्यालय तहमा प्रदेशगत विद्यार्थी संख्या, २०७७ ५६
तालिका नं.३८ : विद्यालय विद्यार्थी अनुपात र शिक्षक विद्यार्थी अनुपातको प्रदेशगत विवरण, २०७७ ५७
तालिका नं.३९ : विद्यालय तह अनुसार कुल तथा खुद भर्नादर, २०७७ ५७
तालिका नं.४० : विद्यालय तहको प्रदेशगत खुद भर्नादर, २०७७ ५८
तालिका नं.४१ : उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर २०७७ ५९

तालिका नं.४२ : शैक्षिक तह अनुसार कुल विद्यार्थीमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७५-२०७७ ६०
तालिका नं.४३ : प्रदेशगत विद्यालयमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या, २०७७ ६०
तालिका नं.४४ : कक्षा १ देखि १२ कक्षा सम्म अपाङ्गता भएका बालबालिकाको प्रदेश अनुसार भर्ना विवरण, २०७७ ६२
तालिका नं.४५ : सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण, २०७७ ६२
तालिका नं.४६ : विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक विवरण, २०७७ ६३
तालिका नं.४७ : माध्यमिक शिक्षा परीक्षामा ग्रेड र प्रदेश अनुसार विद्यार्थी विवरण, २०७६ ६३
तालिका नं.४८ : माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२), २०७७ ६४
तालिका नं.४९ : सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही, वार्षिक रकम र बालबालिका (आ.व.२०७४/७५-२०७७/७८) ८३
तालिका नं.५० : बालगृह तथा संरक्षित बालबालिकाको प्रदेशगत विवरण, २०७८ ८७
तालिका नं.५१ : बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण, २०७८ ८८
तालिका नं.५२ : बाल सुधार गृह र बालबालिकाको संख्या, २०७७/७८ ८९
तालिका नं.५३ : संस्थाहरूमा संरक्षणमा रहेका बालबालिकाको संख्या, आ.व.२०७४/७५ - २०७७/७८ ९०
तालिका नं.५४ : हराएका, हराएर फेला परेका बालबालिकाको संख्या, २०७८ ९३
तालिका नं.५५ : हराएका, हराएर फेला परेका बालबालिकाको उमेर अनुसार विवरण, २०७८ ९४
तालिका नं.५६ : बाल हेल्पलाइन सेवा १०९८ मार्फत प्रदान गरिएका सेवाहरूको विवरण १०१
तालिका नं.५७ : बाल विवाहको प्रदेशगत स्थिति, २०७६/७७ १०३
तालिका नं.५८ : भूटानी शरणार्थी बालबालिकाको संख्या, २०७६/७७ १०७
तालिका नं.५९ : अनधिकृत रूपमा सीमापार गर्ने व्यक्तिमध्ये बालबालिकाको प्रदेशगत विवरण, २०७८ १११
तालिका नं.६० : नेपालबाट धर्मपुत्र/पुत्रीको रूपमा पठाइएका देश र बालबालिकाको संख्या, सन् १९९९-२०१९ ११५
तालिका नं.६१ : लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको विवरण, २०७८ ११९
तालिका नं. ६२ : कसूरजन्य कार्यका आरोपित बालबालिकाको उमेर अनुसारको तथ्याङ्क २०७८ १२०
तालिका नं.६३ : साइवर अपराधबाट पीडित बालबालिकाको विवरण, २०७८ १२२

**अनुसूची**


१ बालबालिका सम्बन्धी ऐन, २०७५ का मुख्य दफाहरू ..... १४५

२ संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८ ..... १४९

३ प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व.२०७७/७८ ..... १५८

४ संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा अनुसार कार्यान्वयनको स्थिति ..... १९३

५ बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संयुक्त राष्ट्र संघ बाल अधिकार समितिको समापन टिप्पणी सारांश ..... १९८

६ हालसम्म बालमैत्री घोषणा गरिएका स्थानीय तह तथा वडाहरू, आ.व. २०७७/७८ ..... २००

७ प्रदेश अन्तर्गत जिल्लाहरूमा सञ्चालनमा रहेका बालगृहहरू, आ.व. २०७६/७७ ..... २०२

८ बाल हेल्पलाइन सञ्चालक संस्था र प्रदान गरेको सेवाबाट लाभान्वित बालबालिकाको संख्या, २०७८ ..... २०४

९ आ.व. २०७७/०७८ मा परिषद्मा सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रहरू ..... २०६

१० दीगो विकास लक्ष्य र बालबालिका ..... २०८

# परिच्छेद: १

# बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार प्रणालीको विकास र सवलीकरण

## १. परिचय

बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार प्रणालीको विकास तथा सुदृढीकरण पहिलो सर्त हो । बाल अधिकार सम्बन्धी विश्वव्यापी, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिवद्धता र प्राथमिकता बमोजिम बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालना गर्नु राज्यको दायित्व हुन्छ । बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नतिजामूलक कार्यहरूको कार्यान्वयन गर्नका लागि राज्यका सबै तहका संयन्त्रबीच साझा अवधारणा, उद्देश्य र बुझाइका साथ कार्य सम्पादन गर्नु र आवश्यक समन्वय तथा सहकार्यसहित सेवा प्रवाहलाई सहज र बालमैत्री बनाउन जरुरी हुन्छ । बाल अधिकार प्रणालीको विकास तथा सुदृढीकरणले बाल अधिकार सुनिश्चिततातर्फ निर्देशित हुन मार्ग प्रशस्त गर्दछ ।

बाल अधिकारको कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम संघ, प्रदेश तथा स्थानीय तहमा आवश्यक जनशक्ति, लगानी र स्रोतसाधनको व्यवस्थासहित प्रणालीगत संयन्त्रहरू निर्माण गरी उनीहरूको कार्यसम्पादनलाई अझबढी नतिजामूलक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राख्न जरुरी छ । तसर्थ, आगामी दिनमा बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार प्रणालीको विकास र सुदृढीकरणमा तीनै तहका सरकारहरूको साझा प्राथमिकताको विषय हुनुपर्दछ ।

## २. बाल अधिकार सम्बन्धी महासन्धि, यसको कार्यान्वयनका उपायहरू र समापन टिप्पणी

नेपालमा राष्ट्रिय आवधिक योजनाको व्यवस्था सुरु भएदेखि बालबालिकाका लागि मूलतः शिक्षा र स्वास्थ्य सम्बन्धी विषयहरू कल्याणकारी सोचबाट नीति तथा कार्यक्रमहरूमा समावेश भएको देखिन्छ । नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ लाई र यस अन्तर्गतका “सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २०००”र “बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००” लगायत बालबालिकाको विषय सम्बन्धी अन्य महासन्धिहरूलाई अनुमोदन गरेपछि बाल अधिकार संरक्षण र प्रवर्द्धनको दिशातर्फ उन्मुख हुँदै संवैधानिक, कानूनी, नीतिगत, योजनागत, संस्थागत,

संरचनागत तथा कार्यक्रमिक उपायहरूमा सुधार गरेको छ। यी सुधारहरू कल्याणकारी अवधारणाबाट अधिकारमूखी अवधारणातर्फ निर्देशित भएको छ। यस अनुरुप तीनै तहका सरकारहरू कार्यान्वयनमा संवेदनशील रहेका छन्। महासन्धिका धाराहरूको कार्यान्वयनको अवस्था अनुसूची ४ मा दिइएको छ।

बाल अधिकार उल्लंघन तथा हनन्का घटनाहरू तत्काल सम्बोधन, स्रोतसाधनहरूको परिचालन, नीति तथा संरचनाहरूको सवलीकरण र सकारात्मक तथा सहयोगी सामुदायिक तथा पारिवारिक परिवेशको प्रवर्द्धन जस्ता कार्यलाई प्राथमिकतामा राखेको छ। बाल अधिकारसँग सम्बन्धित कुनै पनि अवस्था हनन् नहोस् भन्ने विषयमा नेपाल संवेदनशील रहेको छ। बाल अधिकारको परिपूर्तिको सिलसिलामा सबै अवस्थाका बालबालिकाको विशेषगरी शिक्षा, स्वास्थ्य, विकास, खेल र मनोरञ्जन जस्ता अवसरहरूमा पहुँच सुनिश्चित गर्न नेपाल क्रियाशील रहेको छ।

नेपालले बाल अधिकार कार्यान्वयनका सामान्य उपायहरू मध्ये महासन्धिको धारा (४) को कार्यान्वयनका लागि कानूनी, नीतिगत, संरचनागत, प्रशासनिक तथा अन्य उपायहरूको अवलम्बन गरेको छ भने धारा (४२) अन्तर्गत बाल अधिकार महासन्धिको प्रचार प्रसार सम्बन्धी प्रावधानको कार्यान्वयनका लागि बाल अधिकारको कार्यान्वयन अवस्था झल्कने गरी नेपालमा बाल अधिकारको स्थिति सम्बन्धी राष्ट्रिय प्रतिवेदन नियमित रूपमा राष्ट्रिय बाल अधिकार परिषद् (तत्कालीन केन्द्रीय बाल कल्याण समिति) ले प्रकाशन गर्दै आइरहेको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५८ बमोजिम प्रदेश तथा स्थानीय तहमा बाल अधिकार कार्यान्वयनको अवस्था झल्कने गरी प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समितिले प्रतिवेदन प्रकाशन गर्नुपर्ने बाध्यात्मक अवस्था सुनिश्चित गरिएको छ।

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ४४ बमोजिम नेपालले बाल अधिकार कार्यान्वयन सम्बन्धी तेश्रो, चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसंघमा सन् २०१२ मा पेश गरेको थियो। छैठौँ र सातौँ संयुक्त आवधिक प्रतिवेदन सन् २०२१ को डिसेम्बरभित्र पेश हुँदैछ।

तेश्रो, चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदनमाथि संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा सन् २०१६ को मे १९ र २० तारिखमा प्रस्तुती र छलफलसम्पन्न भयो र प्रतिवेदनमाथिको समापन टिप्पणी नेपाललाई प्राप्त भयो। समापन टिप्पणीमा २ वटा इच्छाधिन आलेखहरू सम्बन्धी विषयहरूसमेत समावेश भएका छन्। प्राप्त भएका मूलतः ३६ वटा टिप्पणीहरूमध्ये २६ वटा सम्बोधन भइसकेको (प्रायः कानूनी र संस्थागत), ९ वटा सम्बोधन भइरहेको र एकवटा सम्बोधन हुन बाँकी रहेको देखिएको छ। विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ। प्राप्त टिप्पणीहरूमध्ये मूलतः कानूनी व्यवस्था, बालबालिका विरुद्धका सबै किसिमका हिंसाहरू, विशेष संरक्षणको उचित सम्बोधन, पारिवारिक वातावरण र वैकल्पिक स्याहार, अपाङ्गता भएका बालबालिकाको आधारभूत

आवश्यकता, जन्मदर्ता र नागरिकताको व्यवस्था, बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरूमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार, खण्डीकृत सूचना व्यवस्थापन, बालबालिकाका लागि लगानीमा वृद्धि, संस्थागत सुदृढीकरण, द्वन्द्व प्रभावित बालबालिका, यौन शोषण र दुर्व्यवहारजस्ता विषयहरू रहेका छन् ।

**३. सरकारको प्राथमिकतामा बाल अधिकारका कानूनी र नीतिगत विषयहरू**

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई विनासर्त अनुमोदन गरेको पृष्ठभूमिमा उक्त महासन्धिका सबै प्रावधानहरू लागू गरी तद्नुसार बाल अधिकार सुनिश्चितताका लागि नेपाल सरकार प्रतिबद्ध रहेको निश्चित हुन्छ । यस महासन्धिलाई अनुमोदन गरेको करिब एक वर्षमा बालबालिका सम्बन्धी ऐन, २०४८ पारित गरेको, सन् १९९० को दशकका लागि बालबालिका सम्बन्धी १० वर्षीय राष्ट्रिय कार्ययोजना र पोषण सम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गरेको, आठौँ राष्ट्रिय योजनामा बालबालिका सम्बन्धी छुट्टै नीति समावेश गरेको र नवौँ राष्ट्रिय योजनादेखि बालबालिकाको विषयलाई कल्याणकारी सोचबाट अधिकारमूखी सोचमा रूपान्तरण गरिएको पाइएको छ ।

बालबालिकासँग सम्बन्धित संयुक्त राष्ट्रसंघ एवम् अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नेपाल सरकारले अनुमोदन गरी दर्शाएका प्रतिबद्धताहरू सम्बोधन गरी बालबालिकाको हक, हित, संरक्षण र विकासका लागि नेपालको अन्तरिम संविधान, २०६३ मा मातृभाषामा आधारभूत शिक्षा पाउने, नाम तथा पहिचान पाउने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा पाउने, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमका शोषण विरुद्धको हक हुने, असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित एवम् जोखिममा परेका सडक बालबालिकाको सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने, कुनै कारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाउने व्यवस्था थियो । नेपालको संविधान, २०७२ मा बालबालिका सम्बन्धी विविध व्यवस्थाका साथै धारा ३९ अन्तर्गत १० वटा उपधाराहरूमा बाल अधिकारका विभिन्न प्रावधानहरू रहेका छन् ।

बालबालिका सम्बन्धी ऐन, २०४८ बालबालिकाका अधिकार तथा विषयहरू केन्द्रित विशिष्टीकृत पहिलो ऐन थियो । उक्त ऐनलाई खारेज गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । यस बीचमा नेपालमा बालबालिकाको मानव अधिकारसँग सम्बन्धित विभिन्न अवयवहरू तथा विषयहरू संविधान, कानूनहरू, नीति, आवधिक योजना, राष्ट्रिय कार्ययोजना लगायतमा समावेश गरी कार्यान्वयनको क्रममा विभिन्न संस्थागत संरचना स्थापना तथा पुनर्स्थापना गरी अनेकन् कार्यहरू गरिसकिएको छ । यसको परिणामस्वरूप बालबालिकासँग सम्बन्धित गुणात्मक र संख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार भइसकेका छन् भने नवीनतम् प्रयोग र जल्दाबल्दा समस्या तथा

सवालहरूको सामना समेत गरिएका छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकुल रहेको छ । यस ऐनमा बालबालिकाका मूलभूत अधिकारहरू (बाँच्नपाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, अविभेद हुने, बाबुआमासँग बस्ने र भेटघाट गर्नपाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्न पाउने, अपाङ्गताभएका बालबालिकाले विशेष सेवासुविधा पाउने, पोषण तथा स्वास्थ्य सेवा सुविधा पाउने, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक क्रियाकलाप गर्न पाउने, शिक्षा पाउने लगायत) सुनिश्चित गरिएका छन् । राज्यले, परिवार वा संरक्षकले, बालबालिका सम्बन्धी कार्य गर्ने निकाय वा संस्थाले र सञ्चार माध्यमले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायतका दायित्व निर्वाह गर्नुपर्ने प्रावधानहरू समावेश भएका छन् । यसैगरी, ऐनमा बालन्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, वैकल्पिक हेरचाह, बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल बनोविज्ञको व्यवस्था, बाल कोषको स्थापना तथा सञ्चालन, बालबालिका विरुद्धको कसूर लगायत बालबालिकाको कर्तव्य समेतको व्यवस्थाहरू भएका छन् । यद्यपि, यस ऐनमा समसामयिक तथा यथोचित व्यवस्थाहरू गर्न सुधार गन जरुरी देखिएको छ ।

बालबालिकाका आधारभूत अधिकार, संरक्षण र विकासका विषयहरू अन्य ऐनहरूमा पनि समावेश गरिएका छन् । उदाहरणका लागि, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरू रहेका छन् ।

पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरीको विषयलाई एकीकृत रूपमा समावेश गरिएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ र उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८-८७), विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई-हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७ लगायतका दस्तावेजहरू कार्यान्वयनमा रहेका छन् ।

यस बाहेक विषयगत मन्त्रालयहरूबाट जारी गरिएका विभिन्न निर्देशिकाहरू बालबालिकाका विषयहरूसँग पनि सम्बन्धित रहेका छन् । उदाहरणका लागि, बालमैत्री सञ्चार निर्देशिका, २०७३, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४, अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६, विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका २०७७, कोभिड-१९ महामारीको समयमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन सम्बन्धी अन्तरिम निर्देशिका, २०७७, बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६, बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६, बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ लगायत विभिन्न कार्यविधिहरू र मापदण्डहरू कार्यान्वयनमा छन् ।

उपर्युक्त उल्लिखित दस्तावेज बहु-वर्षीय प्रकृतिका हुन्छन् भने संघ, प्रदेश र स्थानीय सरकारबाट प्रत्येक आर्थिक वर्षका लागि जारी गर्ने नीति तथा कार्यक्रम र बजेट वक्तव्य वार्षिक कार्यहरू सञ्चालनका दस्तावेजहरू हुन् । यी सबै दस्तावेजहरू बाल अधिकार पद्धतिका अभिन्न अङ्गनै हुन् । एकातिर यी सबै दस्तावेजहरू बाल अधिकार सुनिश्चितताका लागि औजारहरू हुन् भने अर्कोतिर यसबाट सरकारको प्रतिबद्धता र बालबालिकाको विषयलाई प्राथमिकतामा राखेको प्रमाणहरू पनि हुन् ।

### ४. बाल अधिकारका विषयहरू सम्बोधनार्थ संस्थागत संयन्त्र

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि सर्वप्रथम बालबालिकाको विषय सम्बोधन गर्नका लागि राष्ट्रिय योजना आयोगमा बालबालिका शाखाको व्यवस्था भएको थियो भने शिक्षा र स्वास्थ्य मन्त्रालयहरूमा विषयगत महाशाखा तथा शाखाहरू थिए। बालश्रमको विषय श्रम मन्त्रालयमा समाहित थियो। यसैगरी, केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिहरू थिए। हाल बालबालिकाको विषयलाई विशिष्टीकृत एवम् समन्वयात्मक रूपमा सम्बोधन गर्नका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद् क्रियाशील रहेको छ। संघीय स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय लगायतबाट बालबालिकाका विषयहरू सम्बोधन भइरहेका छन्। राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, समावेशी आयोग, राष्ट्रिय जनजाति आयोग, मुस्लिम आयोग, मधेशी आयोग, थारु आयोग लगायतका संवैधानिक आयोगहरूबाट समेत बालबालिका सम्बद्ध विषयहरू सम्बोधन हुन सक्दछ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन भई क्रियाशील रहेको छ। बालबालिका सम्बन्धी नियमावली, २०५१ (दोस्रो संशोधन २०७६) अनुसार परिषद्मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव र बालबालिकाको विषय हेर्ने सह-सचिव, बालबालिकाको विषयसँग सम्बन्धित मन्त्रालयहरू र राष्ट्रिय योजना आयोगको सचिवालयका सह-सचिवहरू, नेपाल प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षकसहित १२ जना, सातै प्रदेशका सामाजिक विकास मन्त्रालयका सचिवहरू र नेपाल सरकारले मनोनित गरेका नागरिक समाजबाट चारजना प्रतिनिधिहरू सदस्य रहेका छन्। परिषद्का कार्यकारी निर्देशक सदस्य-सचिव रहने व्यवस्था छ। बालबालिकाको विषयमा नेपाल सरकारलाई नीतिगत परामर्श दिने, सरकारको तीनै तहका बालबालिका सम्बद्ध संयन्त्रको क्षमता विकास गर्ने, बाल अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरू गर्ने, सरकारी, अर्धसरकारी, नागरिक संघ संस्था, विकास साझेदार लगायतसँग समन्वय र सहकार्य गर्ने, बाल संरक्षण संयन्त्रहरू सञ्चालन गरी बाल हिंसा, दुर्व्यवहार, शोषण विरुद्धका संरक्षणका सवालहरू सम्बोधन गर्ने एवम् बाल अधिकार पद्धति र सूचना व्यवस्थापन पद्धति सुधार गर्ने जस्ता कार्यहरूमा परिषद् केन्द्रित रहेको छ।

नेपाल प्रहरी अन्तर्गत संघमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय र देशभर ७७ जिल्लाहरू सहित करिब २४० स्थानहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

सेवा केन्द्रहरू रहेका छन् । हराएका, बेवारिस फेला परेका, सडकमा जीवनयापन गर्ने, गैरकानूनी ओसारपसार र जोखिम अवस्थामा परेका बालबालिकाको तत्काल उद्धार तथा सहजीकरणका लागि बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) काठमाडौँमा र हाल शाखाको रूपमा प्रदेश-१, प्रदेश-२ र लुम्बिनी प्रदेशमा सञ्चालनमा आइसकेको छ। प्रदेश र जिल्लास्तरमा सञ्चालित यस संयन्त्रमा निःशुल्क टेलिफोन नं. १०४ सञ्चालन हुन्छ। यही आर्थिक वर्षभित्र बाँकी चारवटा प्रदेशमा शाखा विस्तार गर्ने माइलस्टोन कार्यक्रम रहेको छ। यो संयन्त्र नेपाल प्रहरी र राष्ट्रिय बाल अधिकार परिषद्को सहकार्यमा सञ्चालनमा रहेको छ।

बालबालिका विरुद्ध हिंसा, दुर्व्यवहार भएमा वा जोखिम अवस्थामा परेका बालबालिकालाई आपतकालीन उद्धार, राहत, अस्थाइ संरक्षण, मनोसामाजिक विमर्श, कानूनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना लगायत अन्य आवश्यक सहयोग गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय बाल अधिकार परिषद्मार्फत सञ्चालन अनुमति प्राप्त गैरसरकारी संस्थाको व्यवस्थापनमा हाल १८ स्थानमा बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालन भइरहेका छन् । यी हेल्पलाइनहरूलाई सरकारी आर्थिक अनुदान प्रदान हुने गरेको छ। यही आर्थिक वर्षभित्र थप सातवटा जिल्ला/स्थानमा विस्तार गर्ने माइलस्टोन कार्यक्रम रहेको छ।

सातै प्रदेशमा सामाजिक विकास मन्त्रालय र प्रदेशमा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा संवर्द्धन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति तथा ७५३ वटै स्थानीय तहमा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा संवर्द्धन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम नगरपालिकाको उपप्रमुखले तथा गाउँपालिकाको उपाध्यक्षले तोकेको नगर कार्यपालिकाको तथा गाउँ कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति गठनको व्यवस्था छ । यसैगरी ऐन बमोजिम नै प्रत्येक स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा हुनु पर्ने, स्थानीय बाल अधिकार समिति गठन गर्नुपर्ने, बाल कल्याण अधिकारीको व्यवस्था हुनुपर्ने, बालकोषको स्थापना तथा समाजसेवी र बालमनोविज्ञको सूचीकरण हुनुपर्ने व्यवस्था रहेको छ । सोही बमोजिम बागमती प्रदेशमा प्रदेश बाल अधिकार समिति गठन भै क्रियाशील रहेको छ भने चालु आ.व.को अन्त्यसम्ममा १८६ वटा स्थानीय तहमा कार्यविधि निर्माण भएका छन् भने १२९ वटा स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन भएका छन् । त्यसैगरी ५१ वटा स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था भएको छ भने १३५ वटा स्थानीय तहमा बालकोषको स्थापना भै सञ्चालनमा आएको छ। विस्तृत विवरण तालिका नं. १ मा दिइएको छ।

**तालिका नं. १ बाल अधिकार कार्यान्वयनको प्रदेशगत स्थिति, २०७८**

| प्रदेशको नाम | कार्यविधि निर्माण भएका स्थानीय तह | स्थानीय बाल अधिकार समिति गठन भएका स्थानीय तह | बाल कल्याण अधिकारी नियुक्त/तोकिएका स्थानीय तह | बालकोषको स्थापना भएका स्थानीय तह |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ६३ | २४ | ६ | २७ |
| मधेश | १५ | ११ | ७ | ७ |
| बागमती | ६५ | ५५ | १९ | ६३ |
| गण्डकी | ८ | ८ | ३ | ११ |
| लुम्बिनी | १४ | ८ | ५ | १३ |
| कर्णाली | १५ | १६ | ९ | ११ |
| सुदूरपश्चिम | ६ | ७ | २ | ३ |
| जम्मा | १८६ | १२९ | ५१ | १३५ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद् २०७८*

बालन्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायहरूबिच समन्वय गर्ने काम समेतको लागि केन्द्रीय स्तरमा केन्द्रीय बालन्याय समिति तथा प्रत्येक जिल्लामा जिल्ला बालन्याय समिति गठन भै क्रियाशील रहेका छन् । कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गर्ने समेतका लागि नेपाल सरकारले प्रत्येक जिल्लामा एकजना प्रोवेशन अधिकारी रहने, बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरु कारवाही, सुनुवाई र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा बाल अदालत गठन गर्नुपर्ने, कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनका लागि नेपाल सरकारले निगरानी कक्षको स्थापना गर्नुपर्ने व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको छ ।

बालबालिकाको विषयहरू सम्बोधनका लागि संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा विभिन्न विषयगत समितिहरू कार्यरत रहेको छ । बालबालिकाका विविध सवालहरूलाई संघ र प्रदेशका विषयगत मन्त्रालयहरू, स्थानीय तह र विकास साझेदार लगायत नागरिक सञ्जाल, गैरसरकारी एवम् निजी क्षेत्र लगायतका संयन्त्रहरूसँग बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलामा समन्वय, सहजीकरण, सहकार्य समेतका कार्यहरू गर्ने गरी राष्ट्रिय बाल अधिकार परिषद्लाई कार्यादेश प्रदान गर्नुपर्ने कार्यहरू बाँकीनै रहेका छन् । यसतर्फ नेपाल सरकारको ध्यान पुग्न जरुरी देखिएको छ ।

## ५. बाल अधिकारसँग सम्बन्धित विषयहरूको कार्यान्वयन

बालबालिकाको शिक्षा पाउने अधिकार संविधानबाटै सुनिश्चित गरिएको छ। यसै क्रममा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ एवम् बालबालिका सम्बन्धी ऐन, २०७५ बाट बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ कार्यान्वयनमा रहेको छ । यसमध्ये प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको औपचारिक शिक्षाका विषयहरू मूलतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित छन् । सामुदायिक विद्यालयभित्र सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा १२ सम्मका विद्यालयका भौतिक पूर्वाधारहरू, शैक्षिक र प्रविधिमूलक सामग्री तथा उपकरणहरू, सञ्चालन खर्च लगायतका व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहका सरकारबाट हुने गरेको छ। शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू समेत सञ्चालनमा रहेका छन् । गरीब र सीमान्तिकृत परिवारका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाइ राख्ने तथा जेहन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था रहेको छ। विज्ञान र प्रविधिमूलक आधुनिक शिक्षा प्रवर्द्धनका लागि विभिन्न विषयहरूको अध्ययन लागू गरिएका छन् भने विभिन्न व्यावसायिक शिक्षा र तालिमका व्यवस्थाहरू भएका छन् । समग्रमा बालबालिकाको शिक्षा विकासका लागि अनेकन कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको व्यवस्था भएको छ। राष्ट्रिय खोप ऐन, २०७२, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५ लगायतका ऐनहरूमा बाल स्वास्थ्य र पोषणका विषयहरूलाई स्पष्ट रूपमा समावेश गरिएका छन् । राष्ट्रिय पोषण नीति, २०६१, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लगायतका नीतिहरू पनि कार्यान्वयनमा रहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट बालबालिकाका लागि आवश्यक विभिन्न खोपहरूका लागि राष्ट्रिय खोप, सुनौलो हजार दिन, राष्ट्रिय पोषण, भिटामिन "ए" वितरण, कुपोषण पुनर्स्थापना, एकीकृत बाल स्वास्थ्य, समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । कर्णाली क्षेत्रका जिल्लाहरू लगायत देशभर दलित समुदायका बालबालिकालाई पोषण भत्ता, अति दुर्गम हिमाली र पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरीका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार र उपचार सहयोग कार्यहरूजस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस अतिरिक्त तोकिएका स्वास्थ्य संस्थाहरूमा तोकिएका स्वास्थ्य सेवा र औषधिहरू निःशुल्क प्रदान गर्ने गरिएको छ ।

नेपालमा बालश्रमको विषय लामो समयदेखि सवालकै रूपमा रहेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना

(२०७४-२०८३) बमोजिमका कार्यहरू कार्यान्वयन गरिरहेको छ । बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ कार्यान्वयनमा आएको छ । बालश्रम विरुद्धका सचेतनामूलक कार्यहरू, सम्बद्ध निकायहरूसँगको समन्वय, निकृष्ठ तथा जोखिमयुक्त श्रममा संलग्न बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने एवम् बालबालिकालाई गैरकानूनी रूपमा विभिन्न किसिमका श्रमहरूमा संलग्न गराउने रोजगारदातालाई कानूनी प्रक्रियामा ल्याउने कार्यहरू भइरहेका छन् । यस कार्यमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को सहकार्यमा कार्य सम्पादन हुने गरेका छन् । बालश्रम न्यूनीकरणका लागि दशकौं देखि गरिएको प्रयास स्वरूप बालश्रमको स्थितिमा सुधार हुँदै आएको देखिएको छ ।

समग्रतामा बालबालिकाको विषयहरूका सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले संघीय मन्त्रालय तथा निकायहरूसँग समन्वय गर्दछ । यस मन्त्रालयबाट मुख्यतः निम्न कार्यक्रमहरू सम्पादन गर्ने गर्दछ :-

- बालबालिका सम्बन्धी ऐन, नियमावली, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, राष्ट्रिय कार्ययोजना लगायतका दस्तावेज निर्माण तथा कार्यान्वयन गर्ने र यस सम्बन्धी तालिम प्रदेश, जिल्ला र स्थानीय तहमा बाल अधिकार परिषद्सँगको सहकार्यमा सञ्चालन गर्ने,
- बाल अधिकार सम्बन्धी महासन्धि र इच्छाधिन आलेखहरू बमोजिमका आवधिक राष्ट्रिय प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघमा पेश गर्ने,
- कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई अदालतको निर्णयबाट तोकिएको समयावधिसम्मका लागि हाल सञ्चालनमा रहेका ८ वटा बाल सुधारगृहहरूमा संरक्षण तथा व्यवस्थापन गर्ने एवम् बाल सुधार गृहको सुदृढीकरण गर्ने,
- बाल मन्दिरको संस्थागत सुधार र पुनःसंरचना गर्ने,
- बालबालिकाका लागि विज्ञान, प्रविधि, ऐतिहासिक जानकारी (सँग्रहालय), पार्क, ई/पुस्तकालय लगायत कार्यहरू निर्माण तथा प्रवर्द्धन गर्ने गराउने,
- संघ र प्रदेशमा निजामती कर्मचारीका लागि शिशु स्याहार केन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिका विरुद्धका हिंसाहरू सम्बोधनका लागि दक्षिण एसियाली प्रयास (SAIEVAC) सञ्चालनका लागि संस्थागत अनुदान दिने,
- बालबालिकासँग सम्बन्धित विभिन्न दिवस आयोजना गर्ने,
- बालबालिकाका सवालमा संघ तथा प्रदेशस्तरीय अन्तरक्रिया आयोजना गर्ने,

- बालबालिकाको गैरकानूनी ओसारपसार, बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८), बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४), सडक बालबालिका उद्धार र व्यवस्थापन निर्देशक समिति लगायतका समितिहरूको नेतृत्व गर्ने र कायान्वयनका लागि निर्देशन दिने ।

राष्ट्रिय बाल अधिकार परिषद्ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूमध्ये मूलतः कानून, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघमा पेश गर्नुपर्ने राष्ट्रिय प्रतिवेदन लगायतका दस्तावेज निर्माणमा प्राविधिक सहयोग तथा सहजीकरण गर्ने कार्यहरू सम्पादन गर्ने गरेको छ । यस अतिरिक्त मुख्यतः निम्नानुसारका कार्यहरू सम्पादन गर्दछः-

- आवासीय बालगृहको सञ्चालन र व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिम बालगृहहरूको अनुगमन र आवश्यक सहजीकरण गर्ने एवम् मापदण्ड विपरीत सञ्चालित बालगृहलाई सुधारका लागि सुझाव दिने, सो अनुसार सुधार नगरिएका, बालहिंसा तथा दयनीय अवस्थामा रहेका बालगृहबाट बालबालिका उद्धार, संरक्षण र व्यवस्थापन गर्ने, बालबालिकाको वैकल्पिक स्याहारका विषयहरू कार्यान्वयनमा ल्याउने लगायतका कार्यहरू गर्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयनका विषय, बाल अधिकारमैत्री योजना तर्जुमा, घटना व्यवस्थापन, बाल अधिकार र संरक्षण लगायतका विषयहरूमा अन्तरक्रिया तथा तालिम कार्याक्रमहरू प्रदेश, जिल्ला र स्थानीय तहमा सञ्चालन गर्ने ।
- बाल अधिकार, संरक्षण तथा घटना व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, व्यवस्थापन र सम्प्रेषण गर्ने ।
- बालबालिकाको वार्षिक स्थिति प्रतिवेदन लगायत अन्य प्रतिवेदनहरू तयारी र सम्प्रेषण लगायत बालबालिका सम्बन्धी अध्ययन, अनुसन्धानका कार्यहरू गर्ने,
- हिंसा, जोखिम, प्राकृतिक विपद् लगायतका अवस्थामा परेका बालबालिकाको घटना व्यवस्थापन - कानूनी सहयोग, अस्थायी संरक्षण, आपतकालीन सहयोग, पारिवारिक पुनर्एकीकरण लगायतका कार्यहरू गर्ने,
- बाल संरक्षणका सवालहरू सम्बोधनका लागि राष्ट्रिय अभियान सञ्चालन गर्ने,
- सडक बालबालिकालाई लक्षित गरी सडकदेखि स्टेडियमसम्म, सडकदेखि सीपसम्म, सडकदेखि घर, परिवारसम्म भन्ने सोचमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने,
- बाल अधिकार र संरक्षणको विविध विषयमा चेतना अभिवृद्धि कार्यहरू - बाल विवाह,

बालश्रम, यौन दुर्व्यवहार, बेचबिखन तथा ओसारपसार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान, बालमैत्री शिक्षण सिकाइ एवम् विद्यालय, विद्यार्थी र अभिभावक सचेतना कार्यक्रम लगायतका सचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्नु,

- बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) र बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) को सचिवालयको रूपमा र सडक बालबालिका उद्धार र व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने,
- बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन र बाल अधिकार संरक्षण र प्रवर्द्धन गर्न प्रदेश र पालिकासँग अन्तरक्रिया तथा परामर्श कार्यहरू गर्ने ।

गृह मन्त्रालयबाट लागू औषध, विपद् व्यवस्थापन, सशस्त्र द्वन्द्व प्रभावित सहयोग लगायतका कार्यहरू सम्पादन गर्ने क्रममा प्रभावित बालबालिकाका समस्याहरू समेत सम्बोधन हुने गर्दछ । यसैगरी, प्रत्येक जिल्ला प्रशासन कार्यालयबाट नागरिकता प्रदान गर्ने लगायतका कार्यहरू भइरहेका छन् । नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय छ । बालबालिका खोजतलास समन्वय केन्द्र, भृकुटीमण्डप, काठमाडौँमा नेपाल प्रहरीको समूह संलग्न रहेको छ र करिब २४० स्थानमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालनमा रहेको छन् । नेपाल प्रहरीका यी संस्थागत व्यवस्थाबाट हराएका, बेवारिस फेला परेका, जोखिम, हिंसा, शोषण, दुर्व्यवहार लगायतका अवस्थामा परेका बालबालिकाको घटनाहरू सम्बोधन हुने गर्दछ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बालमैत्री स्थानीय शासन, प्रत्येक पालिकाबाट बालबालिका लक्षित सामाजिक सुरक्षाका कार्यक्रम सम्पादन गर्ने, बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक सहजीकरण गर्ने लगायतका कार्यहरू हुन्छन् ।

प्रत्येक प्रदेशबाट बालबालिकासँग सम्बन्धित मूलतः शिक्षा, स्वास्थ्य, पोषण, बालविवाह, बालबालिका लक्षित सामाजिक सुरक्षा लगायतका कार्यहरूमा सहयोग भइरहेको छ । ७५३ स्थानीय तहबाट बाल बचावट, संरक्षण, विकास र सहभागिता लगायतका कार्यहरू सम्पादन भइरहेका छन् ।

सरकारको तर्फबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गर्ने नगद हस्तान्तरण गर्ने व्यवस्था बमोजिम वितरण गर्ने कुल रकममध्ये ६८ प्रतिशतभन्दा बढी पेन्सन र उपदानमा (योगदानमूलक), २९ प्रतिशत सहयोग भत्तामा र ३ प्रतिशत छात्रवृत्तिमा (गैरयोगदानमूलक) खर्च हुने अनुमान अध्ययनहरूबाट पाइएको छ । आर्थिक वर्ष २०७६/७७ मा ज्येष्ठ नागरिक, एकल महिला, विधवा, अशक्त अपाङ्गता, आंशिक अपाङ्गता, लोपोन्मुख जातजाति, बालपोषण, ७० वर्ष माथिका ज्येष्ठ नागरिक स्वास्थ्य भत्ता समेत गरी करिब रु. ७२.८० अर्ब बजेट विनियोजन गरिएको देखिएको

थियो। जसमध्ये ४.८६ प्रतिशत रकम बालपोषणका लागि विनियोजन थियो भने अशक्त अपाङ्गता (२.३१५), आंशिक अपाङ्गता (२.१३५), लोपोन्मुख जातजातिलाई (१.२०५) विनियोजन गरिएको रकममध्ये सामान्यतः बालबालिकाको जनसंख्याको हिसाबले उक्त प्रतिशतको करिब ४२ प्रतिशत अंशभार बालबालिकामा पर्न जाने अनुमान गर्न सकिन्छ। यस बाहेक विभिन्न किसिमका छात्रवृत्तिमा आ.व. २०७६/७७ मा रु. ३ अर्ब १९ करोड विनियोजन गरिएको र आ.व. २०७७/७८ मा रु. २ अर्ब ७० करोड विनियोजन गरिएको देखिएको छ। समग्रमा, गैरयोगदानमूलक सामाजिक सुरक्षा भत्ताको कुल रकममा सहयोग भत्ता प्राप्त गर्ने कुल बालबालिकाको संख्यामा यस किसिमका सहयोग भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या निकै कम हुने अनुमान रहेको छ। अन्य सामाजिक सुरक्षाका रकम सालबसाली खर्चको रूपमा रहन्छ भने बालबालिकाका लागि प्रदान गरिने सहयोग तथा छात्रवृत्ति लगानीको रूपमा रहन्छ। त्यसैले बालबालिका लक्षित सामाजिक सुरक्षा र छात्रवृत्तिको मासिक रकम बढाउनु आवश्यक देखिएको छ।

बालमैत्री न्याय प्रवर्द्धन गर्ने क्रममा जिल्ला अदालतहरूमा बाल इजलासको व्यवस्था भएको छ। केन्द्रीय बाल न्याय समितिबाट बालमैत्री न्याय प्रवर्द्धनका विविध कार्यहरूमा सहजीकरण गरिरहेको छ।

शिक्षा, स्वास्थ्यमा पहुँच नपुगेका लगायत आधारभूत आवश्यकता परिपूर्तिमा समस्या भएका, बालश्रम, बालविवाह, हिंसा, शोषण, दुर्व्यवहार, जन्मदर्ता र नागरिकता पाउन नसकेका, अपाङ्गता भएका, एचआइभीबाट संक्रमित र प्रभावित बालबालिकाका साथै विभिन्न कठिन अवस्थामा परेका बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा तीनै तहका सरकारी निकायहरू, विकास साझेदार, गैरसरकारी संस्थाहरू, नागरिक सञ्जाल, सञ्चार माध्यमबाट सम्बोधन भइरहेका छन्।

बालबालिकाको विषयमा सरकारले विषयगत मन्त्रालयमार्फत सालबसाली उल्लेख्य रूपमा बजेटमा अभिवृद्धि गर्दै आएको छ। उपर्युक्त उल्लिखित मन्त्रालय, निकाय तथा संस्थाहरूबाट बालबालिकासँग सम्बन्धित कार्यहरू सम्पादन हुँदाहुँदै पनि र कार्यक्रमहरूमा विषयगत मन्त्रालयहरूबाट उल्लेख्य लगानी गर्दागर्दै पनि अझै कतिपय बालबालिका शिक्षा, स्वास्थ्य, खाना, पोषण लगायत लालनपालन, संरक्षण र विकासका अवसरहरूबाट वञ्चित रहेको स्थिति छ। कानून, नीति र योजनाहरूको नतिजामुखी कार्यान्वयनबाट बाल अधिकार सुनिश्चित गर्न अझै धेरै कार्यहरू गर्नुपर्ने देखिएको छ।

### ६. बाल अधिकार कार्यान्वयनमा भएका मुख्य उपलब्धिहरू

उपर्युक्त उल्लिखित दस्तावेजहरूबाट सिर्जित दायित्व निर्वाह गर्नका लागि संघ, प्रदेश र स्थानीय गरी तीनै तहमा सिर्जना गरिएका संस्थागत संयन्त्रहरूबाट दशक-दशकसम्म सम्पादन गरिएका कार्यहरूको नतिजास्वरूप एवम् विकास साझेदार, गैरसरकारी क्षेत्र, निजी क्षेत्र, नागरिक समाज, बालबालिकाका

संस्थाहरू, सञ्चार माध्यम लगायतका सरोकारवालाको योगदानबाट समेत बालबालिकाको सवालमा र जीवनमा गुणात्मक र संख्यात्मक सुधार आएको सम्बद्ध सबैमा जानकारीनै छ । संयुक्त राष्ट्र संघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गरेको (२०४७ साल) समयावधि र सोपछि बालबालिकासँग सम्बन्धित समष्टीगत गुणात्मक र संख्यात्मक सूचकहरूको सुधारको स्थिति उत्साहजनक छ ।

गुणात्मक सुधारमा संविधानमा बाल अधिकारका मूलभूत व्यवस्थाहरू भएको, बालबालिका सम्बन्धी विशिष्टकृत कानूनको व्यवस्था भएको र अन्य सम्बद्ध कानूनहरूमा बालबालिकाको विषयहरू थप भएको, बालबालिका केन्द्रित संस्थागत व्यवस्था भएको, राष्ट्रिय आवधिक योजनामा बालबालिकाका विषयहरू अधिकारमूखी सोचबाट समावेश भएको, बालबालिकाको विषयमा नीति, राष्ट्रिय कार्ययोजना, रणनीति र नीतिको व्यवस्था भएको, बाल संरक्षण सम्बन्धी विषयहरूको सम्बोधन गर्ने कार्यमा अभिवृद्धि भएको, बालबालिका लक्षित सामाजिक सुरक्षा कार्यक्रममा अभिवृद्धि भएको, बालबालिका सम्बन्धी सूचना व्यवस्थापन सुदृढ हुँदै आएको, जोखिम, आपत र विपद्मा रहेका बालबालिकाका लागि उल्लेख्य कार्यहरू हुने गरेको, बाल विज्याँइमा परेका बालबालिकाका लागि बाल सुधारको व्यवस्था भएको, बालन्याय सम्पादन सम्बन्धी कार्यहरू विस्तार भएको, बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. १०४) र बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं.१०९८) सेवा स्थापना र विस्तार भएको लगायतका कार्यहरू रहेका छन् ।

समष्टीगत संख्यात्मक सूचकको सन्दर्भमा बालबालिकाको पूर्व प्राथमिकदेखि कक्षा १२ सम्मको भर्नादरमा उल्लेख्य वृद्धि भएको तथा छात्र र छात्राको अनुपातमा उत्साहजनक सुधार भएको, पोषण तथा नवजात शिशु, शिशु र बाल मृत्युदरमा उल्लेख्य सुधार भएको, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति गर्ने प्रतिशत तीब्र रूपमा बढेको, बालबालिकाको जन्मदर्ता उल्लेख्य रूपमा बढेको, बालश्रम र बालविवाहमा समेत उत्साहजनक सुधार भएको स्थिति रहेको छ । यसबाट नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गरेको आ.व. २०४७/४८ समयावधि र सोपछि हालसम्म बालबालिकासँग सम्बन्धित विविध विषयहरूमा र बालबालिकाको जीवनमा उल्लेख्य सुधार भएको तथ्य गुणात्मक र संख्यात्मक सुधारबाट समेत पुष्टी हुन आएको छ ।

### ७. चुनौति तथा समस्याहरू

बालबालिकाको अधिकार कार्यान्वयनमा प्रशस्त उपलब्धि हासिल भएता पनि यस क्षेत्रमा अझै केही चुनौति तथा समस्याहरू रहेका छन् । मूलतः कानून, नीति र योजनाको प्रभावकारी कार्यान्वयन गर्नु, तीनै तहको वार्षिक योजना चक्रमा बालबालिकाको विषयलाई मूलप्रवाहीकरण गर्नु, बाल अधिकार तथा बाल संरक्षण प्रणाली सुदृढीकरण गर्नु, विद्यमान कानूनी व्यवस्थाहरूमा सामञ्जस्यीकरण गर्नु,

राज्यका संयन्त्रहरू बीच समन्वय तथा सहकार्य स्थापित गर्नु र एकीकृत, बाल अधिकार संरक्षण, प्रवर्द्धन र सुनिश्चितताका लागि अझै चुनौतिको रूपमा रहेका छन् । यसैगरी, संस्थागत संरचनालाई साधन स्रोत सम्पन्न गरी क्षमता अभिवृद्धि गर्नु, आवश्यक रूपमा लगानी वृद्धि गर्नु, पर्याप्त अध्ययन अनुसन्धान तथा सूचना व्यवस्थापन गर्नु, आवश्यकताको पहिचान गरी नतिजामूलक ढङ्गबाट बालबालिकाको सवाल तथा विषयलाई पर्याप्त सम्बोधन गर्नु, उपलब्ध सेवासुविधामा लक्षित बालबालिकाको पहुँच सुनिश्चित गर्नु, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी सोको आधारमा अग्रगामी दिशा पहिल्याउनु लगायतका विषयहरू प्रमुख चुनौतिकै रूपमा रहेका छन् ।

त्यसैगरी बालश्रम, बालविवाह, बालबालिका विरुद्ध हुने यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानूनी ओसारपसार (आन्तरिक तथा बाह्य) जस्ता घटनाहरूको अन्त्य गर्ने एवम् अनाथ, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका तथा एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्ने जस्ता कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्ने कार्यहरू समेत चुनौतिकै रूपमा रहेका छन् । यसैगरी, शिक्षा, स्वास्थ्य लगायत संरक्षणको सेवासुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारी रूपमा सम्बोधन गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु जस्ता कार्यहरू पनि चुनौतिपूर्ण देखिएको छ ।

## ८. यो वर्षको राष्ट्रिय प्राथमिकताः बालबालिका सम्बन्धी ऐनको कार्यान्वयन तथा बाल अधिकार प्रणाली सुदृढीकरण

नेपालले बाल अधिकार सम्बन्धी विषयहरूमा विश्वव्यापी, अर्न्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता र राष्ट्रिय प्राथमिकतालाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न एवम् १० वटा सूचक सहित तय गरेको "सुखी नेपालीः समृद्ध नेपाल"को राष्ट्रिय अभीष्ट पूरा गर्न संघ, प्रदेश र स्थानीयतहमा बाल अधिकार कार्यान्वयन, अनुगमन, नियमनसँग सम्बन्धित जिम्मेवार तथा सरोकारवाला निकायमा संवेदनशीलता, जवाफदेहिता र क्रियाशीलता अपरिहार्य छ । विशेषगरी तीनै तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणालीको सुदृढीकरणको लागि बालबालिकाका विषयमा राजनीतिक नेतृत्व तथा अपनत्व र कर्मचारीतन्त्रको सहयोग तथा सहकार्यलाई घनिभूत बनाउनु नितान्त आवश्यक छ । बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका संरचनागत/संस्थागत व्यवस्थाहरूको अनिवार्य कार्यान्वयन गर्नु, विद्यमान कानूनी प्रावधानहरूमा सामञ्जस्यता ल्याउनु, एकीकृत तथा बालमैत्री सेवा प्रवाहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु, बालबालिकाका लागि लगानी अभिवृद्धि गर्नु अबको प्राथमिकताको विषय हुनु पर्दछ ।

बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा स्थापित राष्ट्रिय बाल अधिकार

परिषद्लाई स्पष्ट र विस्तृत कार्यादेशसहित आर्थिक तथा मानवीय स्रोतसाधन सम्पन्न गर्नु आवश्यक छ । मुलतः नीतिगत परामर्श, अध्ययन अनुसन्धान, बाल अधिकार स्रोत केन्द्र, क्षमता विकास तथा राष्ट्रिय रूपमा बाल अधिकार तथा बाल संरक्षण प्रणालीको (बाल हेल्पलाइन सेवा - १०९८, बालबालिका खोजतलास सेवा- १०४ एवम् अस्थायी संरक्षण सेवा केन्द्रहरू) प्रभावकारी परिचालन, निसंस्थाकरण तथा परिवारमा आधारित वैकल्पिक हेरचाहको प्रवर्द्धन, सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन, अनाथ बालबालिकाको सामाजिक सुरक्षा, तीनै तहमा समन्वय, सहकार्य तथा सहजीकरणका लागि संघीय स्तरमा सक्षम, सवल र नेतृत्वदायी बनाउने कार्यलाई राजनीतिक नेतृत्व तथा कर्मचारीतन्त्रको मुख्य प्राथमिकताको विषय बनाइनु पर्छ ।

यसैगरी, प्रत्येक प्रदेशमा बालबालिका सम्बन्धी प्रादेशिक ऐनको तर्जुमा तथा प्रदेश बाल अधिकार समितिको गठन, परिचालन र क्रियाशीलता, प्रत्येक स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी स्थानीय कानूनको तर्जुमा गरी स्थानीय बाल अधिकार समितिको गठन, बाल कल्याण अधिकारीको नियुक्ति, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण गर्ने, संघ, प्रदेश तथा स्थानीय तहमा बाल कोषको स्थापना गर्ने, बाल अदालतको गठन गर्ने, बाल सुधार गृहको सवलीकरण तथा बाल न्यायको प्रभावकारी सम्पादन गर्नुपर्ने, प्रत्येक जिल्लामा बालमैत्री निगरानी कक्षको स्थापना र सञ्चालन गर्ने, योजना तर्जुमा तथा नीति निर्माणमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्ने, बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्ने, बालबालिका सम्बन्धी बजेट कोडको व्यवस्था गर्ने, बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि जिम्मेवार तथा सरोकारवाला निकायमा कार्यरत कर्मचारीहरूको क्षमता विकास, आर्थिक तथा मानवीय स्रोतको सुनिश्चितता, पूर्वाधार तयारी पनि अबको प्राथमिकताको विषय हुनु पर्दछ । यसका साथै विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा १० ९८ को विस्तार तथा सवलीकरण, हराएका, अपहरणमा परेका, बेवारिस फेला परेका, बेचबिखनमा परेका, सडकमा आश्रित तथा श्रमिक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा, १०४ को विस्तार तथा सवलीकरणलाई उच्च प्राथमिकतामा राख्नु त्यतिकै जरुरी छ ।

## ९. निष्कर्ष

नेपालले बालबालिका सम्बन्धी कानून, नीति, योजना, कार्यक्रम, संस्थागत संरचनामा समयानुकुल सुधार गर्दै बालबालिकाको संरक्षण, व्यक्तित्व विकास र हक, अधिकार प्रवर्द्धन गर्न दृढ संकल्पसहित कार्य गरिरहेको छ । यसैको नतिजा स्वरूपको बालबालिकाको जीवनमा गुणात्मक सुधार महशुस गरिएको छ । यसै सिलसिलामा संघीय संरचनामा बाल अधिकारका सवालहरूलाई समन्वयात्मक ढङ्गबाट अझ बढी प्रभावकारी रूपमा सम्बोधन गर्दै तीनै तहको सरकारको कानून, नीति, कार्यक्रम, लगानी र समन्वयमा बालबालिकाका विषयलाई उत्तिकै प्राथमिकताका साथ समावेश गर्ने कार्यमा

क्रियाशील हुन संघमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार समिति र हरेक स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको परिकल्पना बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको छ । यसका साथै बाल संरक्षण सम्बन्धी कार्यका लागि बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञ, बालकोषको स्थापना गरिनु पर्ने, बालमैत्री न्याय सम्पादनका लागि प्रशस्त मात्रामा संरचनागत व्यवस्था, तथा बालमैत्री सेवा प्रबन्धको समेत व्यवस्था गरेको छ । यस सन्दर्भमा बाल अधिकारका विषयहरूमा सहजीकरण गर्नका लागि राष्ट्रिय बाल अधिकार परिषद्लाई विशिष्टीकृत संस्थाको रूपमा विकास गर्दै बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि राष्ट्रिय बाल अधिकार परिषद् एवम् प्रदेश र स्थानीय बाल अधिकार समितिको क्षमता अभिवृद्धि गर्नु नितान्त आवश्यक छ । बालबालिका सम्बन्धी विद्यमान कानूनी व्यवस्थाहरूमा सामञ्जस्यता ल्याउने, संघ, प्रदेश र स्थानीय तहमा बालमैत्री वातावरण विकास गर्ने, बाल अधिकार र बाल संरक्षण प्रणाली सुदृढ गर्ने, सरकारी निकाय र विकास साझेदार संघसस्थाको क्षमता विकासमा सहजीकरण गर्ने; अध्ययन, अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गर्ने, बालबालिका सम्बन्धी केही सवालहरूलाई अभियानकै रूपमा सञ्चालन गर्ने, मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरूको समन्वय तथा सहकार्यमा बाल अधिकार कार्यान्वयन मञ्च तयार गर्ने र बालबालिकाको तथ्याङ्क व्यवस्थापन गर्ने दिशातर्फ राजनीतिक नेतृत्व तथा कर्मचारीतन्त्रको ध्यान जान जरुरी छ । यो कार्यमा सम्बद्ध सबैको जिम्मेवारी सहितको सक्रियता, क्रियाशीलता र सहयोगको अपरिहार्य देखिन्छ ।



# परिच्छेदः २

# नेपालमा बालबालिकाको जनसांख्यिक अवस्था

## २.१ नेपालमा बालबालिकाको जनसांख्यिक अवस्था

### २.१.१ जनसंख्या

केन्द्रीय तथ्याङ्क विभाग मार्फत हरेक दश वर्षमा गरिने राष्ट्रिय जनगणना विक्रम संवत १९६८ देखि सञ्चालन गर्दै आएको छ र यसको बाह्रौं श्रृंखला कार्तिक २५ देखि मंसिर ९, २०७८ सम्म सञ्चालन हुँदैछ । तथ्याङ्क ऐन, २०१५ र यस बमोजिम जारी भएको जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ अनुसार विगतका वर्षहरू भन्दा यस वर्षको जनगणनामा केही भिन्नता रहेको छ । देश संघीय संरचनामा गएपछिको पहिलो जनगणना, नेपालमा बसोबास गरिरहेका सबै धर्म, जात, जाति भाषा, समुदाय, लैङ्गिक पहिचान, अपाङ्गता भएका व्यक्ति, आर्थिक अवस्था, व्यक्तिगत तथा पारिवारिक विवरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र त्यसरी सङ्कलन भएको तथ्याङ्क प्रशोधन, प्रकाशन एवं वितरण गर्ने समष्टिगत प्रक्रिया रहेको हुँदा धैरै विषयवस्तुलाई समेट्न सक्ने अवस्था देखिएको छ ।

देशको कुल जनसंख्यामा बालबालिकाको हिस्साले समग्र राष्ट्रको विकासको प्राथमिकता तथा लगानीलाई मार्ग दर्शन गर्दछ । राष्ट्रिय जनगणना कार्यक्रम २०७८ ढिलाई भएको वर्तमान परिवेशमा राष्ट्रिय तथ्याङ्क विभागले २०७८ सालको जनसंख्या ३ करोड ३ लाख ७८ हजार ५५ हुनेप्रक्षेपण गरेको छ (केन्द्रीय तथ्याङ्क विभाग नेपालको तथ्याङ्कीय झलक, २०७८) । नेपालका पछिल्ला तीन वटा जनगणनाले कुल जनसंख्यामा बालबालिकाको हिस्सा उल्लेख्य (४० प्रतिशत भन्दा बढी) रहेको देखाउँदछ । राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ मा जनसंख्या वृद्धिदर क्रमशः २.०८, २.२५ र १.३५ रहेको थियो । २०४८ सालको जनगणनाको तुलनामा पछिल्ला जनगणनाहरूमा कुल जनसंख्यामध्ये १८ वर्षमुनिका बालबालिकाको प्रतिशत क्रमशः घट्दै आएको छ । बालबालिकाको संख्या र प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: राष्ट्रिय जनगणनाहरूमा १८ वर्ष र ५ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत**

| जनगणना वर्ष | कुल जनसंख्या | बालबालिकाको जनसंख्या | १८ वर्षमुनिका बालबालिकाको % | ५ वर्षमुनिका बालबालिकाको % |
|---|---|---|---|---|
| २०४८ | १८४९१०९७ | ८,९२३,६२१ | ४८.२६ | १४.६४ |
| २०५८ | २३,१५१,४२३ | १०,५८५,७९१ | ४५.७२ | १२.११ |
| २०६८ | २६४९४५०४ | ११,०८४,३११ | ४१.८४ | ९.६९ |
| २०७८ | ३०३७८०५५@ | | | |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०४८, २०५८,२०६८ र २०७८ को प्रक्षेपित जनसंख्या*

माथिको तालिकाबाट २०४८ सालको जनगणनाभन्दा २०५८ सालको जनगणनामा कुल जनसंख्यामध्ये बालबालिकाको जनसंख्या २.५४ प्रतिशत बिन्दुले र २०५८ सालको जनगणनाभन्दा २०६८ सालको जनगणनामा ३.८८ प्रतिशत बिन्दुले घटेको देखिन्छ । जन्मदर घट्ने क्रमसँगै कुल जनसंख्यामा बालबालिकाको प्रतिशत घटेको छ ।

### २.१.२. उमेरगत विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा बालबालिकाको कुल जनसंख्या १ करोड १० लाख ८४ हजार ३११ रहेको थियो । जसमध्ये बालकको संख्या ५६ लाख २५ हजार ६०४ (५०.७ प्रतिशत) र बालिकाको संख्या ५४ लाख ५८ हजार ७०७ (४९.३ प्रतिशत) रहेको देखिन्छ । उमेरगत रूपमा बालबालिकाको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ प्रत्येक उमेरको बालबालिकाको विवरण, २०६८**

| उमेर | जनसंख्या | | | उमेर | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | बालक | बालिका | | जम्मा | बालक | बालिका |
| ० | ४६९९७९ | २४२२२६ | २२७७५३ | १० | ८११७४८ | ४१८०४६ | ३९३७०२ |
| १ | ४२३२८३ | २१९०६१ | २०४२२२ | ११ | ५६२५८० | २८३५९५ | २७८९८५ |
| २ | ५२५९९२ | २६८९४३ | २५७०४९ | १२ | ७९५०७६ | ४१०१५० | ३८४९२६ |
| ३ | ५५५८८४ | २८१६३१ | २७४२५३ | १३ | ६२८९१५ | ३१५१५२ | ३१३७६३ |
| ४ | ५९२८२५ | ३०३०९६ | २८९७२९ | १४ | ६७७१०५ | ३३७६८७ | ३३९४१८ |
| ५ | ६६११५८ | ३४०३५६ | ३२०८०२ | १५ | ६५२५२५ | ३२६४९० | ३२६०३५ |
| ६ | ६२९०१६ | ३२०२३२ | ३०८७८४ | १६ | ६४६०९२ | ३२०२४२ | ३२५८५० |
| ७ | ६२८५९० | ३१६८९३ | ३११६९७ | १७ | ५३७४४८ | २६४१०९ | २७३३३९ |
| ८ | ७३३२२८ | ३७८४०६ | ३५४८२२ | १८ | ६८३,६२४ | ३३८,७१६ | ३४४,९०८ |
| ९ | ५५२८६७ | २७९२८९ | २७३५७८ | **जम्मा** | **११०८४३११** | **५६२५६०४** | **५४५८७०७** |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

तालिका नं. ३ ले २०६८ सालको जनगणना अनुसार उमेरगत रूपमा बालबालिकाको संख्या प्रस्तुत गरेको छ । बालबालिकाको तथ्याङ्क हेर्दा ५ वर्षसम्म प्रत्येक उमेरका बालबालिकाको संख्या बढ्दो क्रममा रहेको र १० वर्षसम्म सामान्य उत्तारचढाव देखिन्छ तर १४ वर्षपछिको संख्या क्रमशः घट्दो क्रममा रहेको देखिन्छ । सबैभन्दा बढी बालबालिका १० वर्ष उमेरका र सबैभन्दा कम १ वर्ष उमेरका रहेको समेत तथ्याङ्कले देखाउँछ । १ वर्षभन्दा कम उमेरका बालकको तुलनामा बालिकाको संख्या १४ हजार ४७३ ले कमी हुनुले बालिकाको जन्म नै कम हुँदै गएको संकेत गर्दछ ।

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार बालबालिकाको उमेरगत रूपमा तथ्याङ्क हेर्दा कम उमेरका बालबालिकाको संख्या घट्दै गैरहेको छ । सबै भन्दा बढि १० देखि १४ वर्ष उमेर समूहका बालबालिका ३१.३५ प्रतिशत रहेको छ भने क्रमशः ५ देखि ९ वर्ष उमेर समूहका बालबालिका २८.९१ प्रतिशत र ४ वर्ष भन्दा कम  उमेर समूहका बालबालिकाको संख्या २३.१७ हुनुले क्रमिक रूपमा बालबालिका जन्मने क्रम घट्दै गएको देखिन्छ । यसले पनि नेपालमा बालबालिकाको संख्या आगामी दिनमा कम हुदै जाने सहजै अनुमाान गर्न सकिन्छ ।

**तालिका नं. ४ उमेर समूह अनुसार बालबालिकाको विवरण**

| उमेर समूह | बालक | बालिका | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात | |
|---|---|---|---|---|---|---|
| | | | | | बालक | बलिका |
| **० - ४ वर्ष** | १३१४९५७ | १२५३००६ | २५६७९६३ | २३.१७ | ५१.२१ | ४८.७९ |
| **५ - ९ वर्ष** | १६३५१७६ | १५६९६८३ | ३२०४८५९ | २८.९१ | ५१.०२ | ४८.९८ |
| **१० - १४ वर्ष** | १७६४६३० | १७१०७९४ | ३४७५४२४ | ३१.३५ | ५०.७७ | ४९.२३ |
| **१५ - १७ वर्ष** | ९१०८४१ | ९२५२२४ | १८३६०६५ | १६.५६ | ४९.६१ | ५०.३९ |
| **जम्मा** | ५६२५६०४ | ५४५८७०७ | ११०८४३११ | १०० | | |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

लैङ्गिक आधारमा बालबालिकाको तथ्याङ्क हेर्दा ० देखि ४ वर्ष उमेर समूहका बालिकाको संख्या बालकको भन्दा ६१ हजार ९ सय ५१ ले कम छ । १५ देखि १७ उमेर समूहको बालबालिकाको तथ्याङ्क हेर्दा बालक भन्दा बालिका १४ हजार ३ सय ८३ अर्थात २.४२ प्रतिशतले बढि रहेको छ । सामान्य रूपमा बालक र बालिकाको जन्मने अनुपात बराबार हुन्छ । यसबाट सहजै अनुमान लगाउन सकिन्छ कि बालिकाको जन्म दर कम हुदै जानुले आमाको गर्भमा हुँदानै भ्रूण पहिचान गरी बालिकाको भ्रूण हत्या हुन्छ । आमाको गर्भबाटनै बालिका संरक्षण गर्न नसकेमा भोलीका दिनमा जनसंख्यामा ठूलो असमानता हुन सक्दछ ।

### २.१.३. **भौगोलिक अवस्थिति अनुसार बालबालिकाको विवरण**

राष्ट्रिय जनगणना, २०६८ अनुसार भौगोलिक अवस्थिति अनुसार बालबालिकाको जनसंख्या हेर्दा

सबैभन्दा बढी तराइ क्षेत्रमा ५०.७३ प्रतिशत र सबैभन्दा कम हिमाली क्षेत्रमा ७.१८ प्रतिशत रहेको देखिन्छ। पहाडी क्षेत्रमा ४२.०९ प्रतिशत बालबालिकाको बसोबास रहेको देखिन्छ। विस्तृत विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.५ भौगोलिक क्षेत्र अनुसार बालबालिकाको जनसंख्या, २०६८**

| भौगोलिक क्षेत्र | बालक | बालिका | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिमाल | ४३४९७१ | ४३९२३८ | ८७४२०९ | ७.१८ |
| पहाड | २५७१५९० | २५५५३४४ | ५१२६९३४ | ४२.०९ |
| तराई | ३२२१३९३ | ३०२७६९० | ६१७९०८३ | ५०.७३ |
| जम्मा | ६२२७९५४ | ६०२२२७२ | १२१८०२२६ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

उमेर समूह अनुसार भौगोलिक क्षेत्रमा बालबालिकाको जनसंख्या हेर्दा हिमाल पहाड र तराई तीनवटै क्षेत्रमा सबैभन्दा बढी १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको देखिन्छ र सबैभन्दा कम हिमालमा १५ देखि १९ वर्ष समूहका, पहाड र तराईमा ० देखि ४ वर्ष उमेर समूहका बालबालिकाको संख्या देखिन्छ। विस्तृत विवरण तालिका नं. ६, ७ र ८ मा क्रमशः प्रस्तुत गरिएको छ।

**तालिका नं. ६ उमेर समूह अनुसार हिमाली क्षेत्रमा बसोबास गर्ने बालबालिकाको विवरण २०६८**

| उमेर समूह | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा बालबालिका | प्रतिशत |
|---|---|---|---|---|---|---|
| **० – ४ वर्ष** | १०२३१४ | ११.७० | ९९८२५ | ११.४२ | २०२१३९ | २३.१२ |
| **५ – ९ वर्ष** | ११७६६२ | १३.४६ | ११७५९१ | १३.४५ | २३५२५३ | २६.९१ |
| **१० – १४ वर्ष** | १२१९३४ | १३.९५ | १२१७२९ | १३.९२ | २४३६६३ | २७.८७ |
| **१५ – १९ वर्ष** | ९३०६१ | १०.६५ | १०००९३ | ११.४५ | १९३१५४ | २२.०९ |
| **जम्मा** | ४३४९७१ | ४९.७६ | ४३९२३८ | ५०.२४ | ८७४२०९ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

**तालिका नं. ७ उमेर समूह अनुसार पहाडी क्षेत्रमा बसोबास गर्ने बालबालिकाको विवरण, २०६८**

| उमेर समूह | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा बालबालिका | प्रतिशत |
|---|---|---|---|---|---|---|
| **० – ४ वर्ष** | ५४००३२ | १०.५३ | ५०९२९१ | ९.९३४ | १०४९३२३ | २०.४७ |
| **५ – ९ वर्ष** | ६५७१८५ | १२.८२ | ६३४२४६ | १२.३७ | १२९१४३१ | २५.१९ |
| **१० – १४ वर्ष** | ७४२१६४ | १४.४८ | ७२९२२६ | १४.२२ | १४७१३९० | २८.७० |
| **१५ – १९ वर्ष** | ६३२२०९ | १२.३३ | ६८२५८१ | १३.३१ | १३१४७९० | २५.६४ |
| **जम्मा** | २५७१५९० | ५०.१६ | २५५५३४४ | ४९.८४ | ५१२६९३४ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

**तालिका नं. ८ उमेर समूह अनुसार तराई क्षेत्रमा बसोबास गर्ने बालबालिकाको विवरण २०६८**

| उमेर समूह | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा बालबालिका | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ० – ४ वर्ष | ६७२६११ | १०.८९ | ६४३८९० | १०.४२ | १३१६५०१ | २१.३१ |
| ५ – ९ वर्ष | ८६०३२९ | १३.९२ | ८१७८४६ | १३.२४ | १६७८१७५ | २७.१६ |
| १० – १४ वर्ष | ९००५३२ | १४.५७ | ८५९८३९ | १३.९२ | १७६०३७१ | २८.४९ |
| १५ – १९ वर्ष | ७१७९२१ | ११.६२ | ७०६११५ | ११.४३ | १४२४०३६ | २३.०५ |
| जम्मा | ३१५१३९३ | ५१.०० | ३०२७६९० | ४९.०० | ६१७९०८३ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

### २.१.४ शहरी तथा ग्रामीण भेग अनुसार बालबालिकाको जनसंख्या

राष्ट्रिय जनगणना, २०६८ अनुसार ८५.३३ प्रतिशत बालबालिकाको बसोबास ग्रामीण क्षेत्रमा र १४.६७ प्रतिशत बालबालिकाको बसोबास शहरी क्षेत्रमा रहेको देखिन्छ । यसैगरी २०४८, २०५८ र २०६८ सालको जनगणनाको तुलनात्मक स्थिति हेर्ने हो भने शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाको संख्या क्रमशः बढ्दो क्रममा रहेको देखिन्छ । बढ्दो शहरीकरण, शहरी क्षेत्रमा बसाइसराइको कारण ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिकाको संख्यामा क्रमशः कमी आएको हुने देखिन्छ । विस्तृत विवरण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.९ ग्रामीण तथा शहरी भेग अनुसार बालबालिकाको जनसंख्या, २०६८**

| भेग | बालक | बालिका | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| शहरी | ९४०५३९ | ८४६०१४ | १७८६५५३ | १४|६७ |
| ग्रामीण | ५२१७४१५ | ५१७६२५८ | १०३९३६७३ | ८५|३३ |
| जम्मा | ६१५७९५४ | ६०२२२७२ | १२१८०२२६ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

**तालिका नं. १० जन्मेदेखि १४ वर्ष उमेरसम्मका बालबालिकाको शहरी तथा ग्रामीण क्षेत्र अनुसार जनसंख्या, २०६८**

| जनगणना | जम्मा जनसंख्या | शहरी क्षेत्र | | ग्रामीण क्षेत्र | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०४८ | ७८४०७७१ | ६३२६९५ | ८.१ | ७२०८०७६ | ९१.९ |
| २०५८ | ८९४८५८७ | १०६७२७६ | ११.९ | ७८८१३११ | ८८.१ |
| २०६८ | ९२४८२४६ | १२६५८३९ | १३.७ | ७९८२४०७ | ८६.३ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०१४ (सन्)*

### २.१.५ प्रदेशगत रूपमा तुलनात्मक अवस्थिति

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ । यसमध्ये १८ वर्षमुनिका जनसंख्या अर्थात बालबालिका ४१.८४ प्रतिशत रहेको छ । यसको आधारमा प्रदेश अनुसारको कुल जनसंख्या र बालबालिकाको जनसंख्याको एक झलक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : प्रदेशगत जनसंख्या र बालबालिकाको संख्या**

| प्रदेश | प्रदेश नं.१ | प्रदेश नं.२ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| जनसंख्या | ४,५३४,९४३ | ५,४०४,१४५ | ५,५२९,४५२ | २,४१३,९०७ | ४,८९१,०३५ | १,१६८,५१५ | २,५५२,५१७ |
| प्रतिशत | १७.१ | २०.४ | २०.९ | ९.१ | १७.० | ५.९ | ९.६ |
| १८ वर्ष मुनिका अनुमानित बालबालिका (४१.८४%) | १,८९७,४२० | २,२६१,०९४ | २,३१३,५२३ | १,००९,९७९ | २,०४६,४०९ | ४८८,९०७ | १,०६७,९७३ |

*स्रोतः राष्ट्रिय जनगणना, के.त.वि. २०६८*

माथिको तालिकाबाट जनसंख्याको हिसाबले सबभन्दा बढी बागमती प्रदेशमा (२०.९%) र दोस्रोमा प्रदेश-२ मा (२०.४%) रहेको छ भने सबभन्दा कम कर्णाली प्रदेशमा (५.९%) रहेको छ । बालबालिकाको संख्या तथा प्रतिशत पनि करिब सोही अनुरुप हुन आउँछ ।

**तालिका नं.१२ उमेर समूहका आधारमा प्रदेशगत रूपमा बालबालिकाको जनसंख्या**

| प्रदेश | | जम्मा | उमेर समूह | | | |
|---|---|---|---|---|---|---|
| | | | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ |
| प्रदेश नं.१ | जम्मा | २,००९,७३८ | ४०५,२८८ | ५१२,२४२ | ५७३,५०२ | ५१८,७०६ |
| | बालक | १,००७,२९१ | २०६,२९९ | २५९,२६९ | २९०,१२८ | २५१,५९५ |
| | बालिका | १,००२,४४७ | १९८,९८९ | २५२,९७३ | २८३,३७४ | २६७,१११ |
| प्रदेश नं.२ | जम्मा | २,५९८,४८७ | ५९३,५०२ | ७६२,९८६ | ७२७,२०७ | ५१४,७९२ |
| | बालक | १,३३९,०५४ | ३०१,०९५ | ३९०,६७१ | ३७३,५३० | २७३,७५८ |
| | बालिका | १,२५९,४३३ | २९२,४०७ | ३७२,३१५ | ३५३,६७७ | २४१,०३४ |
| बागमती प्रदेश | जम्मा | २,२३९,५४६ | ४११,७८० | ५३३,५१६ | ६५१,५०९ | ६४२,७४१ |
| | बालक | १,१४४,४०१ | २१४,०७८ | २७४,३६६ | ३३२,५९३ | ३२३,३६४ |
| | बालिका | १,०९५,१४५ | १९७,७०२ | २५९,१५० | ३१८,९१६ | ३१९,३७७ |
| गण्डकी प्रदेश | जम्मा | १,०६२,७१० | २०६,७१० | २५९,७३१ | ३१४,८१९ | २८१,४५० |
| | बालक | ५३०,५६६ | १०६,६७७ | १३२,५०५ | १५८,२४३ | १३३,१४१ |
| | बालिका | ५३२,१४४ | १००,०३३ | १२७,२२६ | १५६,५७६ | १४८,३०९ |

| प्रदेश | | जम्मा | उमेर समूह | | | |
|---|---|---|---|---|---|---|
| | | | ००–०४ | ०५–०९ | १०–१४ | १५–१९ |
| लुम्बिनी प्रदेश | जम्मा | २,१५०,६२२ | ४५०,६६२ | ५६३,२३७ | ६१९,२७२ | ५१७,४५१ |
| | बालक | १,०७७,४७३ | २३१,६६१ | २८७,६९० | ३१३,२४५ | २४४,८७७ |
| | बालिका | १,०७३,१४९ | २१९,००१ | २७५,५४७ | ३०६,०२७ | २७२,५७४ |
| कर्णाली प्रदेश | जम्मा | ८२४,३७३ | २०३,४१६ | २२६,९२० | २२३,११२ | १७०,९२५ |
| | बालक | ४१०,७३१ | १०३,३२१ | ११४,११५ | १११,९१२ | ८१,३८३ |
| | बालिका | ४१३,६४२ | १००,०९५ | ११२,८०५ | १११,२०० | ८९,५४२ |
| सुदूरपश्चिम प्रदेश | जम्मा | १,२९४,७५० | २९६,६०५ | ३४६,२२७ | ३६६,००३ | २८५,९१५ |
| | बालक | ६४८,४३८ | १५१,८२६ | १७६,५६० | १८४,९७९ | १३५,०७३ |
| | बालिका | ६४६,३१२ | १४४,७७९ | १६९,६६७ | १८१,०२४ | १५०,८४२ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

**निष्कर्षः**

२०६८ सालको जनगणनालाई हेर्दा कुल संख्याको ४१.८४ प्रतिशत संख्या बालबालिकाको रहेको छ। बालबालिकाको जनसाख्यिक अवस्थालाई नियाल्दा विगतका तीन दशकमा क्रमशः बालबालिकाको कुल जनसंख्यामा बालबालिकाको प्रतिशत ४८.२६, ४५.७२ र ४१.८४ रहेको देखिएको छ । यो तथ्याङ्कलाई हेर्दा बालबालिकाको जन्मदर नै कम भएको देखिन्छ । त्यसमाथि पनि १ वर्ष उमेर समूहका बालकको तुलनामा बालिकाको संख्या १४ हजार ४७३ ले कमी हुनुले बालिकाको जन्म नै कम हुँदै गएको संकेत गर्दछ । बालिकाप्रतिको लैङ्गिक विभेदका कारण गर्भ पहिचान र छोरी गर्भ रहेमा गर्भपतन गराउने गलत संस्कृतिको अभ्यास बढेको शंकागर्न सकिन्छ । अनुसन्धानहरूले यस तथ्यमाथी प्रकाश पार्न जरुरी छ । माथि प्रस्तुत गरिएका तथ्याङ्क अनुसार शहरी क्षेत्रमा बसाइँसराईका कारण ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिकाको संख्यामा कमी आएको छ। जसले गर्दा भूगोल, लिङ्ग लगायतका आधारमा बालबालिकाको जनसंख्यामा कमी वा बढी हुनुभनेको असमानता तर्फ धकेलिनु भन्ने बुझ्न सकिन्छ त्यसैले २०७८ को जनगणनाको तथ्याङ्कका आधारमा आगामी दिनमा आउनसक्ने समस्यामा केन्द्रित रही बालबालिकाका प्राथमिकताका सवालमा निहीत रहेर नीति र कार्यक्रम बनाई अगाडि बढ्नु उपयुक्त हुन्छ ।



# परिच्छेद: ३

# बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार

**३.१ बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी संवैधानिक, कानूनी तथा नीगित व्यवस्था**

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ६ अन्तर्गत बालबालिकाको दीर्घजीवन र विकास एवम् धारा २४ अन्तर्गत स्वास्थ्य सम्बन्धी अधिकारमा बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार सम्बन्धी व्यवस्था सुनिश्चित गरिएको छ।

बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार कार्यान्वयनका लागि नेपाल संवैधानिक, कानूनी, नीतिगत रूपमा प्रतिबद्ध रहेको छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ। यसका साथै धारा ३५ को उपधारा (१) मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र आवश्यक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नगरिने व्यवस्था उल्लेख छ। यसैगरी धारा ३६ को उपधारा (२) मा खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुन पाउने हकको व्यवस्था गरिएको छ। विशेषगरी धारा ३९ को उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार र राज्यबाट स्वास्थ्य, पालन पोषण, उचित स्याहारको हक सुनिश्चित गरिएको छ। राज्यको नीति अन्तर्गत धारा ५१ को खण्ड (ज) (५) र (६) मा नागरिक स्वस्थ बनाउने तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको छ।

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ दफा ३ को उपदफा (८) मा प्रत्येक महिलालाई आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत आकस्मिक प्रसूति सेवा, नवजात शिशुका लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आवश्यक सेवा पाउने अधिकार सुनिश्चित गरिएको छ। यसका साथै स्वस्थ शिशुको जन्म नहुने अवस्था भएमा दफा १५ बमोजिम सुरक्षित गर्भपतन गराउन पाउने अधिकारसमेत ऐनमा व्यवस्था गरिएको छ भने दफा १७ मा भ्रूणको लिङ्ग पहिचान गरी गर्भपतन गराउन नहुने स्पष्ट व्यवस्था छ। यसका साथै ऐनले मातृत्व तथा प्रजनन् स्वास्थ्यका लागि तीनै तहमा बजेट विनियोजन तथा अनुदान सम्बन्धी बाध्यकारी व्यवस्था सुनिश्चित गरेको छ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) मा बालबालिकाको सुरक्षित जन्म तथा स्वस्थ जीवनका लागि खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रूपमा परिभाषित गर्दै सो सेवाहरू निःशुल्क रूपमा सबै नागरिकहरूलाई प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यसैगरी दफा ९ मा बालबालिका विरामी भएमा स्वास्थ्य संस्थामा लैजानु, स्वास्थ्य उपचार गराउनु, उपचार गर्ने कार्यमा सहयोग र सहजीकरण गर्नु परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरेको व्यक्तिको दायित्व हुने उल्लेख छ । यसैगरी दफा ४७ मा बालबालिकाको स्वस्थ जीवनको लागि प्रदेश सरकार तथा स्थानीय तहले विशेष सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रहरू कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गरिएको छ । ऐनले दुइ वर्षसम्मका बालबालिकालाई स्तनपान तथा प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी, खोप सेवा, राष्ट्रिय मापदण्ड अनुरुपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवाको साथै आधारभूत स्वास्थ्य उपचार निःशुल्क प्राप्त गर्ने सुनिश्चित गरेको छ । यसका साथै दफा १४ मा बालबालिकाको स्वस्थ जीवनका लागि उमेर, रुची र आवश्यकता अनुसार खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक गतिविधिहरूमा सहभागिताको अधिकारसमेत व्यवस्था गरेको छ । यसैगरी बालबालिकाको स्वस्थ जीवनका लागि हेरचाह, पालन पोषण, वृत्ति विकास, संरक्षण गर्नु परिवार वा संरक्षकको दायित्व हुने दफा १७ मा स्पष्ट व्यवस्था छ । यसैगरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वस्थ जीवनका लागि आवश्यक व्यवस्था मिलाउनु राज्यको दायित्व हुने समेत स्पष्ट व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी आवश्यक नीति निर्माण तथा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ ।

१५ औं योजनाले जीवनपथको अवधारणा अनुसार सबै उमेर समूहका नागरिकको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार र विस्तार गर्ने रणनीति अवलम्बन गरेको छ। यसैगरी बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज निर्माण गर्ने सोचसहित बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने रणनीति समेत १५ औं योजनाले अवलम्बन गरेको छ। यसैगरी बालगृह, बाल सुधार गृह, निगरानी कक्ष, अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको विषयमा उपयुक्त मापदण्ड निर्माण गरी सोको आधारमा सञ्चालन गर्न निरन्तर अनुगमन गरी सुधार गरिने कार्यनीति समेत योजनाले लिएको छ । यसका साथै विकासलाई अधिकारमूखी

विकासको फराकिलो दायराबाट हेरिएको दीगो विकास लक्ष्यमा बालबालिकाको स्वास्थ्य तथा स्वस्थ जीवन सम्बन्धी परिमाणात्मक लक्ष्य समेत समावेश भएको छ ।

स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक भन्ने भावी सोच लिएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को नीति ६.२० मा जीवन पथको अवधारणा अनुरुप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी लगाएतका सेवाको विकास तथा विस्तार गरिने नीति उल्लेख भएको छ ।

**३.२ बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी सेवा प्रवाह**

बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी अधिकार कार्यान्वयनका लागि नेपाल संवैधानिक, कानूनी तथा नीतिगत रूपमा प्रतिबद्ध रहनुका साथै सोही बमोजिमका सेवा प्रवाहका लागि समेत संवेदनशील रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट बालबालिकाका लागि आवश्यक विभिन्न खोपहरूका लागि राष्ट्रिय खोप, सुनौलो हजार दिन, राष्ट्रिय पोषण, भिटामिन "ए" वितरण, कुपोषण पुनर्स्थापना, एकीकृत बाल स्वास्थ्य, समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन, बहुक्षेत्रीय पोषण कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । कर्णाली क्षेत्रका जिल्लाहरू लगायत देशभर दलित समुदायका बालबालिकालाई पोषण भत्ता, अति दुर्गम हिमाली र पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरीका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार र उपचार सहयोग कार्यहरूजस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस अतिरिक्त तोकिएका स्वास्थ्य संस्थाहरूमा तोकिएका स्वास्थ्य सेवा र औषधिहरू निःशुल्क प्रदान गर्ने गरिएको छ । यसैगरी गर्भवती महिला तथा नवजात शिशु लक्षित आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा, नवजात शिशुको आकस्मिक सेवा, बृहत आकस्मिक प्रसूति सेवा, सुरक्षित मातृत्व प्याकेज जस्ता सेवाहरू सञ्चालनमा रहेका छन् । यसैगरी निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहेको छ । गर्भवती र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियम, भिटामिन लगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ । विभिन्न किसिमका खोपहरू समुदाय एवम् स्वास्थ्य संस्थाहरूमा प्रदान गरिन्छ । सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ । बालबालिकाका लागि दिइने खोपहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने देशहरूमा नेपाल पनि पर्दछ । राष्ट्रिय खोप ऐन, २०७२ कार्यान्वयनमा रहेको छ । दक्षिण एसियाली मुलुकहरूमा राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो मुलुक हो र राष्ट्रिय खोप कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ । यस कार्यक्रमलाई प्रभावकारी बनाउन विस्तृत बहु-वर्षीय योजना (सन् २०१७-२०२१) कार्यान्वयनमा रहेको छ। २०६९ सालदेखि "पूर्ण खोप कार्यक्रम" कार्यान्वयन गरेको छ। आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम

अर्थात प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रान्समिसन कार्यक्रम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद सहयोगको कार्य सञ्चालनमा छ ।

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन अनुसार गम्भीर कुपोषणबाट बालबालिकाको मृत्यु हुने अवस्थाको न्यूनीकरण गर्न काठमाडौँ उपत्यकाका तीन जिल्लासमेत जम्मा २१ जिल्लाहरूमा पोषण पुनःस्थापना गृह सञ्चालनमा रहेका छन् । आ.व.२०७६/७७ मा १६७१ (बालक ८३६ र बाललिका ८३५) जना गम्भी र खाले कुपोषणबाट प्रभावित बालबालिका लाभान्वित भएका छन् ।

Iron deficiency anaemia नियन्त्रण गर्नको लागि गर्भवती तथा सुत्केरीलाई पुरक आइरन फोलिक एसिड सबै जिल्लाहरूमा वितरण गरिन्छ । पुरक पोषिलो खानेकुरा वितरण गर्ने कार्यक्रम समेत सञ्चालनमा छ । आयोडिनको कमीबाट हुने समस्या नियन्त्रण गर्न आयोडिनयुक्त नुनको वितरण व्यापक भएको छ । भिटामिन "ए"को कमीबाट हुने समस्या निराकरण गर्नको लागि राष्ट्रिय भिटामिन "ए" कार्यक्रम सञ्चालनमा रहेको छ । यसका साथै बालबालिकामा जुका नियन्त्रणका लागि १२-५९ महिनाका बालबालिकालाई जुकाको औषधि वितरण गर्ने गरिएको छ । विद्यालय शिक्षा र बालस्वास्थ्य तथा पोषणबीच अन्तरसम्बन्ध विकास गरी बालबालिकाको स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउनका लागि विद्यालय स्वास्थ्य र पोषण रणनीति तथा कार्यक्रम कार्यान्वयन भइरहेको छ । आइरनको उच्च भार कम तथा नियन्त्रण गर्न १०-१९ वर्षका किशोरीहरूलाई पनि आइरन फोलिक एसिड चक्की वितरण गर्ने कार्य चलिरहेको छ । बालबालिकाको वृद्धि अनुगमन र परामर्श सेवा निरन्तर प्रवाह भै रहेको छ ।

२०७७ फाल्गुणसम्ममा १२५ अस्पताल, २०५ प्राथमिक स्वास्थ्य केन्द्र, ३८७० स्वास्थ्य चौकी, ३९५ आयुर्वेदिक अस्पताल, २६२६ उपस्वास्थ्य चौकी गरी ७२२१ स्वास्थ्य संस्थाहरू, ११५८९ आउटरिच क्लिनिक, १६६९८ वटा विस्तारित खोप सञ्चालनमा रहेका छन् । ९०३६९ जना स्वास्थ्य सम्बन्धी जनशक्ति र ५१४२३ जना महिला स्वास्थ्य स्वयम्सेविका सेवा प्रवाहमा क्रियाशील रहेका छन् ।

### ३.३ बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवन सम्बन्धी अवस्था

#### (क) खोप

बालबालिकाले खोप लगाउन पाउने नैसर्गिक अधिकारको कार्यान्वयनका लागि नेपाल संवेदनशील रहेको छ । विभिन्न रोगबाट संरक्षणका लागि नेपाल सरकारको खोप ऐन, २०७२ ल्याएको छ । उक्त ऐनमा बालबालिकालाई खोप लगाउनु अनिवार्य रहेको छ । खोप नियमावली, २०७४ ले विभिन्न रोगबाट बालबालिकालाई संरक्षणका लागि खोपको सूची समेत उल्लेख गरेको छ । बालबालिकाका लागि दिइने खोपहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने देशहरूमा नेपाल पनि पर्दछ । स्वास्थ्य

सेवा विभागको पछिल्लो वार्षिक प्रतिवेदन अनुसार आ.व.२०७६/७७ मा करिब ८० प्रतिशत पालिकाहरूले पूर्ण खोप पालिका घोषणा गरेका छन् भने ५८ जिल्लाले “पूर्ण खोप जिल्ला” घोषणा गरिसकेका छन् । गण्डकी प्रदेशले “पूर्ण खोप प्रदेश” घोषणा गरिसकेको छ । नेपालले रुवेला र हेपाटाइटिस “बी” नियन्त्रणको लक्ष्य पूरा गरिसकेको छ । कोभिड १९ महामारीको समयमा पनि आफ्नो नियमित खोपहरूलाई निरन्तरता दिई राष्ट्रव्यापी खोप अभियान पूरा गर्ने साथै नयाँ खोप (रोटा भाइरस भ्याक्सिन) पेश गर्ने केही देशहरू मध्ये एक बनेको छ । नेपालमा बालबालिकालाई क्षयरोगबाट बचाउनका लागि वि.सि.जि.(B.C.G.)भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाईटिस बी, हेमोफीलस ईन्फ्लुन्जा बीबाट बच्नका लागि डि.पि.टि. हेप बि हिब (DPT-Hep B-Hib), पोलीयोमाईलाईटिसबाट बच्नका लागि ओ.पि.भी. (O.P.V.) र एफ.आई.पी.भी. (F.I.P.V.), न्यूमोनियाबाट बच्नका लागिपि.सी.भी.(P.C.V.), दादुरा, रुवेलाबाट बच्नका लागि एम.आर.(M.R.) र जापनिज ईन्सेफलाईवटस (मस्तिष्क ज्वरो) बाट बच्नका लागि जे.ई. (J.E.) लगायतको खोपको रहेका छन् ।

विगत ३ आर्थिक वर्षमा विभिन्न किसिमका खोप पाउने बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३: विभिन्न खोप पाउने बालबालिकाको विवरण**

| क्र.सं. | खोप | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|
| | बिसिजी (१ वर्षमुनिका) | ९२ | ९१ | ८६ |
| | डिपिटी-हेपB-हिप ३ (१ वर्षमुनिका) | ८१.८ | ८६ | ७८ |
| | दादुरा/रुबेला (१ वर्षमुनिका) | ८१.३ | ७३ | ७१ |
| | पूर्ण खोप पाएका बालबालिका (%) | ७० | ७० | ६५ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७४/७५ - २०७६/७७*

माथिको तालिकाबाट विभिन्न खोप पाएका बालबालिकाको प्रतिशतमा केही उतारचढाव देखिएको छ । यद्यपि, आ.व.२०७६/७७ मा भने विसिजी, डिपिटी-हेपबि-हिव ३, दादुरा/रुवेला२ (१२-२३ महिना) खोप पाउने बालबालिका र पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत अघिल्लो आ.व.मा भन्दा कम देखिएको छ । तर पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत भने आ.व.२०७३/७४ मा भन्दा पछिल्लो दुईवर्षमा केही घट्न गई ७० प्रतिशत मात्र रहेको देखिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण २०७६ अनुसार बिसिजी (२ वर्षमुनिका) खोप पाएका बालबालिका आ.व.२०७६/७७ मा ९५.७ प्रतिशत पुगेको देखिएको छ भने दादुरा/रुबेला (२ वर्षमुनिका) खोप पाएका बालबालिका ८७.१ प्रतिशत र पूर्ण खोप पाएका

बालबालिका ७०.२ प्रतिशत देखिएको छ । विभिन्न किसिमका खोप पाएका बालबालिकाको प्रतिशतमा विगत वर्षहरूदेखिनै क्रमशः सुधार हुँदै आएको छ । विभिन्न रोगहरूबाट सुरक्षित राख्न वा बचाउन दिइने अति आवश्यक खोप पाउनबाट बञ्चित बालबालिका अझै पनि उल्लेख्य रहेको देखिएको छ । यसप्रति सबै तहका सरकार, विकास साझेदार संस्थाहरू, गैरसरकारी संस्थाहरू, परिवार, समुदाय लगायत सञ्चार माध्यमको ध्यानाकर्षण हुन र आउँदा दिनहरूमा आवश्यक सबै किसिमका खोपहरूमा सबै लक्षित बालबालिकाको पहुँच पुऱ्याउन अति जरुरी देखिएको छ । यसैगरी, आवश्यक खोप पाउने बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि पर्याप्त जनशक्ति, सूचना व्यवस्थापन, खोपको उचित भण्डारण तथा व्यवस्थापन, रणनीतिक खोप योजना जस्ता विषयहरूमा थप ध्यान दिई बालबालिकाको समयमै उचित स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गरिनु आवश्यक देखिन्छ ।

**तालिका नं.१४: विभिन्न खोप पाएका बालबालिकाको प्रदेशगत प्रतिशत, २०७६/७७**

| क्र.सं. | खोपको अवस्था (प्रतिशत) | नेपाल | प्रदेश – १ | प्रदेश – २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी | कर्णाली प्रदेश | सू.प. प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विसिजी | ८६ | ८२ | ९८ | ८२ | ६६ | ९२ | ९३ | ८१ |
| २ | डिपिटी-हेपबि-हिव ३ | ७८ | ७४ | ९१ | ६८ | ६९ | ८१ | ८८ | ७५ |
| ३ | दादुरा/रुवेला२ (१२-२३ महिना) | ७१ | ७२ | ६६ | ६१ | ७५ | ८० | ७८ | ७४ |
| ४ | पूर्ण खोप पाएका बालबालिका | ६५ | ६३ | ६६ | ५४ | ६१ | ७१ | ७४ | ७२ |

*स्रोतः- स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७६/७७*

आर्थिक वर्ष २०७६/०७७ मा गत आ.व.को भन्दा विसिजी, डिपिटी-हेपबि-हिव ३, दादुरा/रुवेला२ (१२-२३ महिना) खोप पाउने बालबालिका र पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत कम देखिएको छ । विसिजी र डिपिटी-हेववि-हिव३खोप पाउने बालबालिकाको प्रतिशत प्रदेश नं.२, लुम्बिनी र कर्णालीमा राष्ट्रिय औसत (क्रमशः ८६ र ७८) भन्दा बढी छ भने गण्डकी प्रदेशमा निकै कमी रहेको देखिन्छ । यसैगरी दादुरा/रुवेला २ खोप पाउने बालबालिकोको प्रतिशत भने प्रदेश नं.२ र बागमती प्रदेश बाहेकका प्रदेशमा राष्ट्रिय औसत (७१) भन्दा माथि रहेको देखिन्छ । राष्ट्रिय खोपतालिका अनुसार सबै खोप पाएका बालबालिकाको प्रतिशत प्रदेश नं. १, बागमती प्रदेश र गण्डकी प्रदेशमा राष्ट्रिय औसत (६५) भन्दा कमी छ । यस सन्दर्भमा सन् २०२० र २०३० सम्ममा पूर्ण खोप पाउने बालबालिकाको प्रतिशत क्रमशः ९० र ९५ पुऱ्याउने राष्ट्रिय लक्ष्य प्राप्तिका लागि थप प्रयास गर्नु जरुरी देखिन्छ ।

**(ख) बालबालिकाको मृत्युदर**

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेको बेलादेखि हालसम्म आउदा बाल स्वास्थ्यको क्षेत्रमा प्राथमिकताका साथ लगानी वृद्धि गर्दै आएको परिणामस्वरूप

नवजात शिशु, शिशु र बाल मृत्युदरमा उल्लेख्य सुधार आएको छ। यी सूचकहरूमा आर्थिक वर्ष २०४८/४९ देखि २०७६/७७ सम्ममा भएको सुधार तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १५ : बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति, २०४८/४९–२०७६/७७**

| सूचक | २०४८/०४९ | २०५८/०५९ | २०६८/०६९ | २०७३/०७४ | २०७६/०७७ |
|---|---|---|---|---|---|
| नवजात शिशु मृत्युदर(प्रति हजारमा) | ५०[¥] | ३९[¥] | ३३[¥] | २१[¥] | १६[M] |
| शिशु मृत्युदर (प्रति हजारमा) | १०८[©] | ६४[©] | ४६[¥] | ३२[¥] | २५[M] |
| बाल मृत्युदर(प्रति हजारमा) | १६२[©] | ९१[©] | ५४[©] | ३९[¥] | २८[M] |

*नोटः तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ।*

[©]*नेपाल सहस्राब्दी विकास लक्ष्यः स्थिति प्रतिवेदन सन् २०१५, २०२०। राष्ट्रिय योजना आयोग*

[¥] *नेपाल जनसांख्यिक स्वास्थ्यसर्वेक्षण, सन् १९९६ - २०१६*

[M]केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६

उपर्युक्त तालिकाबाट करिब तीन दशकको अवधिमा नवजात शिशु, शिशु र बाल मृत्युदरमा आमुल सुधार आएको देखिएको छ। यो सुधारको क्रमलाई दिगो बनाउन बाल स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिँदै नवीनतम उपायहरूको अवलम्बन हुन जरुरी छ।

बालस्वास्थ्यको विषयमा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह संवेदनशील रहँदै विभिन्न योजना र कार्यक्रम कार्यान्वयन गर्दै आएकोले बालबालिकाको स्वास्थ्यमा उल्लेखनीय सुधार भएको छ। केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार प्रदेशगत नवजात शिशु, शिशु र बाल मृत्युदरको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. १६ः बालबालिकाको मृत्युदरको प्रदेशगत विवरण, २०७६/७७**

| क्र.सं. | सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नवजात शिशु मृत्युदर (प्रतिहजारमा) | १६ | २० | १० | ९ | १८ | २२ | ११ | २५ |
| २ | शिशु मृत्युदर (प्रतिहजारमा) | २५ | ३० | १५ | १६ | २७ | ३५ | २७ | ३३ |
| ३ | बाल मृत्युदर (प्रतिहजारमा) | २८ | ३२ | १९ | १९ | ३० | ४० | ३० | ३९ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार नवजात शिशु, शिशु र बाल मृत्यदरहरू प्रदेश-२ र बागमती प्रदेशमा राष्ट्रिय औसतभन्दा राम्रो स्थिति रहेको छ। सुदूरपश्चिम प्रदेशमा बालस्वास्थ्यमा निकै प्रयास गर्नुपर्ने देखिएको छ।

**(ग) बालबालिकाको पोषण स्थिति**

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ मा बालबालिकाको पोषण सम्बन्धी व्यवस्था सुनिश्चित भएको छ। संयुक्त राष्ट्र संघको विशेष सभाले सन् २०१६-२०२५ को दशकलाई पोषण कार्यको दशकको रूपमा घोषणा गरेको छ। नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण रणनीति, २००४ कार्यान्वयनमा रहेको छ । यसैगरी बहु-क्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहेको छ । स्वास्थ्य मन्त्रालयको मातृशिशु तथा बालबालिकाको पोषण स्थिति सुधारका लागि रणनीतिक योजना कार्यान्वयनमा रहेको छ। २१ वटा जिल्लामा पोषण पुर्नस्थापना गृह सञ्चालनमा रहेका छन् फलस्वरुप बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन सकिएको छ ।

**तालिका नं. १७ : बालबालिकाको पोषण सम्बन्धी सूचक र स्थिति** (आ.व.२०४८/४९-२०७६/७७)

| उद्देश्य | सूचक | २०४८/०४९ | २०६८/०६९ | २०७६/०७७ |
|---|---|---|---|---|
| | कुपोषण - उचाई अनुसार तौल नपुगेका (६-५९ महिनाका) बालबालिका (%) | ५७© | २९¥ | २४.३S |
| | कुपोषण - उमेर अनुसार उचाई नपुगेका (६-५९ महिनाका) बालबालिका (%) | ६०© | ४१¥ | ३१.६S |
| | ख्याउटे बालबालिका (%) | - | १३¥ | १०S |
| | पाँच वर्षमुनिका एनिमिया भएका बालबालिका (%) | - | ४६¥ | ४३ D |

*नोटः तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ ।*

*©नेपाल सहस्राब्दी विकास लक्ष्यः स्थिति प्रतिवेदन सन् २०१५,राष्ट्रिय योजना आयोग*

*¥ नेपाल जनसांख्यिक स्वास्थ्यसर्वेक्षण, सन् १९९६ - २०१६, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

*Sदीगो विकास लक्ष्यको प्रगति प्रतिवेदन, २०७७, राष्ट्रिय योजना आयोग*

*Dस्वास्थ्य सेवा विभाग, वार्षिक प्रगति प्रतिवेदन, २०७७*

उपर्युक्त तालिकाबाट तीन दशकको अवधिमा बालबालिकाको कुपोषण सम्बन्धी सूचकहरूमा उल्लेख्य सुधार भएको देखिएको छ। तर ख्याउटे बालबालिका र एनिमिया भएका बालबालिकाको स्थितिमा भने सन्तोषजनक सुधार भएको देखिँदैन। बालबालिकाको पोषण स्थिति सुधार गर्ने उद्देश्यले विविध कार्यक्रमहरू सञ्चालन हुँदाहुँदै पनि बालबालिकामा कुपोषण समस्या अझै विद्यमान रहेको छ । यस स्थितिमा बालबालिकाका लागि उचित खाना र खाना खुवाउने बानी एवम् सरसफाईमा व्यापक जनचेतना फैलाउने, पुरक खाना पर्याप्त वितरण गर्ने, स्वास्थ्य र पोषण कार्यक्रम विस्तार गर्ने जस्ता कार्यहरूमा थप ध्यान दिनु जरुरी छ। यस कार्यहरूमा परिवार, समुदाय, तीनै तहका सरकार, विकास साझेदार लगायत अन्य सबै सरोकारवालाहरूको थप योगदान आवश्यक छ ।

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकार बालबालिकाको पोषण स्थिति सुधारका लागि प्रयासरत रहँदै आएको छ। पोषण स्थिति सुधार गर्नु राष्ट्रिय सरोकारको विषय भएको छ। प्रदेशगत बालबालिकाको पोषण सम्बन्धी अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ : बाल पोषणको प्रदेशगत अवस्था, २०७६/७७**

| उद्देश्य | सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाँच वर्षमुनिका तौल नपुगेका बालबालिकाको प्रतिशत | २४.३ | १९.८ | २८.२ | ११.१ | १४.८ | ३०.७ | ३७.४ | ३३.३ |
| | पाँच वर्षमुनिका उचाई नपुगेका (पुड्को) बालबालिकाको प्रतिशत | ३१.५ | २४.९ | ३४.२ | २२.९ | २२.६ | ३५.५ | ४७.८ | ४०.९ |
| | पाँच वर्षमुनिका ख्याउटे बालबालिकाको प्रतिशत | १२.० | १४.३ | १३.९ | ४.७ | ८.० | १३.७ | १७.६ | १४.१ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र प्रदेश-२ मा बाल पोषणको स्थिति राष्ट्रिय औसतभन्दा कमजोर रहेको देखिन्छ भने तुलनात्मक रूपमा अन्य प्रदेशहरू भन्दा बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश-१ मा बालपोषणको स्थिति राम्रो रहेको देखिन्छ। नेपाल सरकारको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि अझै बढी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु जरुरी रहेको देखिन्छ ।

**तालिका नं. १९ बालबालिकाको कुपोषणको राष्ट्रिय तथा प्रादेशिक स्थिति, २०७६/७७**

| कुपोषणको अवस्था | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| जन्म तौल अति जोखिममा परेका बालबालिका (कडा कुपोषण भएका) | ६९८४ | ८२८० | ९२१६ | १८८४ | १०३१९ | १६८२ | ४५७० | ४२९३५ |
| वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये सामान्य तौल भएका एक वर्ष मुनिका बालबालिकाको संख्या | ७४१८८ | ८७८०८ | ८४५०२ | ४६४०६ | ८७४८७ | ३७६७४ | ४७४६३ | ४६५५२८ |
| वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये जोखिम (मध्यम खालको कुपोषण भएका) तौल भएका एक वर्ष मुनिका बालबालिकाको संख्या | ६२९ | ३०१३ | ९९६ | २१६ | १७११ | १२९५ | १०२६ | ८८८६ |

| कुपोषणको अवस्था | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये अति जोखिम (कडा खालको कुपोषण भएका) तौल भएका एक वर्ष मुनिका बालबालिकाको संख्या | ३५४ | ९४४ | २६४ | १३१ | ५७० | ३०० | २७५ | २८३८ |
| वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये सामान्य तौल भएका एक वर्ष देखि २ वर्ष मुनिका बालबालिकाको संख्या | ४५९१३ | ७००६५ | ५५५९९ | ३२९०४ | ५२२७८ | २६४०३ | २९४६८ | ३१२६३० |
| वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये जोखिम (मध्यम खालको कुपोषण भएका) तौल भएका एक वर्ष देखि २ वर्ष मुनिका बालबालिकाको संख्या | ५९३ | ३१५७ | ६७१ | ३१५ | १५६२ | १४३६ | ११४९ | ८८८३ |
| वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये अति जोखिम (कडा खालको कुपोषण भएका) तौल भएका एक वर्ष देखि २ मुनिका बालबालिकाको संख्या | १०२ | ६९६ | १३५ | ९३ | ४०२ | ३८३ | २८५ | २०९६ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रगति प्रतिवेदन, २०७७*

नेपाल सरकार तथा प्रदेश सरकारबाट बाल पोषणका सवालमा विभिन्न सचेतनामूलक अभियानहरू सञ्चालन हुने गरेका छन् । यति हुँदाहुँदै पनि नेपालमा जन्म तौलमानै ४२९३५ जना बालबालिका कडा कुपोषणको सिकार हुन पुगेका छन् । गर्भवती महिलालाई पोषणयुक्त खान खुवाउनका लागि सुनौलो हजार दिन कार्यक्रम मार्फत गर्भवती र सुत्केरी महिलालाई विभिन्न पोषण सम्बन्धी अभियान सञ्चालन भएता पनि बाल पोषणलाई अझ बढी जोड दिनु पर्ने देखिन्छ । वृद्धि अनुगमनका लागि पहिलो पटक दर्ता भएका मध्ये जोखिम (मध्यम खालको कुपोषण भएका) तौल भएका एक वर्ष मुनिका बच्चाको संख्या ८८८६ रहेको छ भने (कडा खालको कुपोषण भएका) तौल भएका एक वर्ष मुनिका बच्चाको संख्या २८३६ रहेको छ । यसले एक वर्ष उमेर समूह भन्दा कम उमेरमानै कडाखालको कुपोषणबाट बालबालिका ग्रसित भएको पाइन्छ ।

**(घ) गर्भवती महिलाको स्वास्थ्य तथा सचेतना**

नेपाल गर्भवती महिलाको स्वास्थ्य सुरक्षाप्रति संवेदनशील रहेको छ । गर्भवती महिलाको स्वास्थ्यले बालस्वास्थलाई समेत निर्धारण गर्दछ । गर्भवती महिलाका लागि पोषणयुक्त खाना, नियमित स्वास्थ्य परीक्षण, आइरन चक्किको नियमित सेवन, टि.टि. सुई लगाउने तथा नवजात शिशुको सुरक्षित

जन्म बाल बचावटको आधार हुन् । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ ले महिलाको प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता गरेको छ । अवाञ्छित वा गर्भवतीको स्वास्थ्यमा खतरा उत्पन्न हुन सक्ने अवस्थामा गर्भपतन गराउन सकिने, तर बलपूर्वक गर्भपतन गराउन र लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने कानूनी व्यवस्था रहेको छ। जन स्वास्थ्य सेवा ऐन, २०७५ मा गर्भवती, नवजात शिशुले पाउने सेवाको व्यवस्था सुनिश्चित गरिएको छ।

अर्थ मन्त्रालयको विगत ३ वर्षको आर्थिक सर्वेक्षण प्रतिवेदन हेर्दा नेपालको कुल प्रजनन् दर प्रति महिला २.३ बाट घटेर २ मा झरेको छ। यसले नेपालमा नवजात शिशुको जन्ममा कमी आएको पाइन्छ। नवजात शिशु मृत्युदर आर्थिक वर्ष २०७६/२०७७ मा २० रहेकोमा २०७७/२०७८ यो घटेर १६ मा आएको छ। यसले नेपालको स्वास्थ्य सेवामा नवजात शिशुको सेवामा गुणस्तर र पहुँच बढेको देखिन्छ।

कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत आर्थिक वर्ष २०७५/२०७६ मा ६९ रहेकोमा यो २०७६/२०७७ मा घटेर ५६ रहेको थियो भने २०७७/२०७८ मा पुन वृद्धि भई ७७.८ प्रतिशत पुगेको छ। यसले गर्भवती महिलाले नियमित स्वास्थ्य परीक्षण गराउनमा अस्थिरता रहेको पाईएता पनि पछिल्लो समय यो अवस्थामा उल्लेख्य सुधार आएको छ। दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिला प्रतिशत र स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत उल्लेखनीय रूपमा वृद्धि भएको छ। यो बाल स्वास्थ्य र सुरक्षित मातृत्वका लागि सुखद पक्ष हो तर पनि अहिलेसम्म २० प्रतिशत गर्भवती महिलाहरू प्रसूति सेवा लिनबाट वन्चित रहेको पाईन्छ। यस सम्बन्धी विवरण तालिका नं. २० मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २०: गर्भवती महिलाको स्वास्थ्य/सुरक्षित मातृत्व सम्बन्धी अवस्था २०७७/०७८**

| सूचक | अवस्था | | |
|---|---|---|---|
| | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ |
| कुल प्रजनन् दर (संख्या प्रति महिला) | २.३ | २ | २ |
| कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिला प्रतिशत | ६९ | ५६ | ७७.८ |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिला प्रतिशत | ५८ | ६० | ७९.३ |
| स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ५७ | ६३ | ७७.७ |

*स्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०७५/२०७६,२०७६/२०७७ र २०७७/२०७८*

नेपाल सरकारले सन् २०२० र सन् २०३० सम्ममा स्वास्थ्य सम्बन्धी प्रोटोकल अनुसार गर्भवती महिलाहरूले प्रसूति पूर्व स्वास्थ्य संस्थामा चेकजाँच गराउने प्रतिशत क्रमशः ७० र ९० तथा स्वास्थ्य संस्थामा गई प्रसूति गराउने प्रतिशत क्रमशः ७० र ९० पुऱ्याउने राष्ट्रिय लक्ष्य राखेको छ। आर्थिक वर्ष २०७६/०७७ मा यी सूचकहरू राष्ट्रिय र प्रदेशगत रूपमा निम्नानुसार रहेको देखिएको छ।

**तालिका नं. २१: गर्भवती महिलाको स्वास्थ्य/सुरक्षित मातृत्व सम्बन्धी प्रादेशिक अवस्था, २०७६/७७**

| सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| कम्तीमा एकपटक गर्भ जाँच गराउने महिला प्रतिशत | १०७ | १०८ | १२२ | १०८ | ८७ | १०० | १३० | ९० |
| कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिला प्रतिशत | ५३ | ५७ | ४० | ४९ | ५५ | ६१ | ६६ | ५६ |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिला प्रतिशत | ६२ | ६२ | ५२ | ६७ | ४६ | ७९ | ६२.७ | ६३ |
| स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ६६ | ६३ | ५४ | ६८ | ४७ | ८१ | ७८ | ७२ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रगति प्रतिवेदन, २०७७*

तालिका नं. २१ ले गर्भवती महिलाको स्वास्थ्य सम्बन्धी प्रादेशिक स्थिति प्रस्तुत गरेको छ। कम्तीमा एकपटक स्वास्थ्य संस्थामा गै गर्भ जाँच गराउने महिलाको प्रतिशत राष्ट्रिय औसत (१०७) भन्दा गण्डकी (८७) र सुदूरपश्चिम (९०) मा कम देखिन्छ भने अन्य प्रदेशमा स्थिति सन्तोषजनक देखिन्छ। कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत कर्णालीमा सबै भन्दा बढी (६६) र सबैभन्दा कम प्रदेश नं.२ मा (४०) रहेको देखिन्छ। यसैगरी दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत लुम्बिनीमा सबै भन्दा बढी (७९) र गण्डकीमा सबै भन्दा कम (४६) रहेको देखिन्छ जुन राष्ट्रिय औसत भन्दा ७ प्रतिशतले कमी छ। स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत सबैभन्दा बढी लुम्बिनी प्रदेशमा ८१ रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा ४७ रहेको देखिन्छ। यसरी हेर्दा गर्भवती महिलाको स्वास्थ्य सम्बन्धी सूचक/सुरक्षित मातृत्व सम्बन्धी सूचकहरूमा प्रदेशगत रूपमा उत्तारचढाव देखिन्छ यद्यपि प्रदेश नं.२, गण्डकी प्रदेशमा सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रमलाई थप प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। शिशुको स्वास्थ्यसमेत सम्बद्ध हुने गर्भवती र सुत्केरी गराउने व्यवस्थामा सम्बद्ध सबैको संवेदनशीलता अभिवृद्धि हुन जरुरी देखिएको छ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार दक्ष प्रसूतिकर्मीबाट सुत्केरी भएको प्रतिशत राष्ट्रिय स्तरमा ७९.३ देखिएको छ भने प्रदेश-२ र कर्णाली प्रदेशमा यो प्रतिशत क्रमशः ६५ र ६७.७ रहेको छ। यसबाट यी दुई प्रदेशमा सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम सुदृढ गर्नुपर्ने देखिएको छ।

**(ङ) सुरक्षित गर्भपतन सेवा र किशोरी**

मुलुकी अपराध सहिता ऐन, २०७४ ले 'अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले जवर्जस्तीकरणी गरेको मानिनेछ भनी उल्लेख गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ ले २० वर्षभन्दा कम उमेर समूहमा हुने विवाहलाई बाल विवाह भनी परिभाषित गरेको छ। त्यसैले २० वर्ष उमेर समूहभन्दा कम उमेर समूहका किशोर किशोरीको शारीरिक सम्बन्धमा कानूनी प्रश्न उठाउने गरिएको छ। तर सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ ले कुनै पनि महिलाको प्रजनन् अधिकारलाई सुनिश्चित गरेको छ। गर्भमा रहेको भ्रूण स्वभाविक रूपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रूण बाहिर निकाल्ने वा निकाल्ने कार्यलाई गर्भ पतन भनिन्छ। स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन २०७६/२०७७मा २० वर्ष भन्दा कम उमेर समूहका किशोरीले सुरक्षित गर्भपतन सेवा लिएको तथ्याङ्कले देखाएको छ।

**तालिका नं. २२: २० वर्ष भन्दा कम उमेर समूहका किशोरीहरूलाई प्रदान गरिएको सुरक्षित गर्भपतन सेवा**

| आर्थिक वर्ष | औषधीको माध्यमबाट गर्भपतन गराउने प्रतिशत | अप्रेशनको माध्यमबाट गर्भपतन गराउने प्रतिशत | **जम्मा** |
|---|---|---|---|
| २०७४/२०७५ | ११ | १० | २१ |
| २०७५/२०७६ | १३ | ९ | २२ |
| २०७६/२०७७ | १२ | ९ | २१ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७६/०७७*

स्वास्थ्य सेवा विभागको प्रतिवेदन अनुसार कुल गर्भपतन सेवा लिने मध्य १० प्रतिशत २० वर्ष उमेर समूह भन्दा कम उमेर समूहको रहेको देखाएको छ। यसले किशोरीको स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने देखिन्छ।

**(च) सामाजिक स्वास्थ्य सुरक्षा तथा निःशुल्क स्वास्थ्य सेवाः**

नेपाल सरकार सामाजिक स्वास्थ्य सुरक्षाका विषयमा संवेदनशील भएका कारण राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ का आधारमा २०७१ सालदेखि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालनमा आएको छ। स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ ले स्वास्थ्य बीमा कार्यक्रममा बालबालिकाको अनिवार्य सहभागिताको व्यवस्था गरेको छ। आर्थिक वर्ष २०७७/२०७८ को फाल्गुणसम्म यस्तो कार्यक्रम ६९ जिल्लाका ६७३ स्थानीय तहमा विस्तार भएको छ। यस कार्यक्रमबाट ७ लाख ४२ हजार १ सय ९२ परिवार आवद्ध भएका छन् भने ३७ लाख १० हजार ९६२ जना बिमित भएका छन्।

नेपाल सरकारले सञ्चालन गरेको राष्ट्रिय निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम अर्न्तगत २५ शैया सम्मका अस्पतालबाट ७०, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईबाट ३८ प्रकारका अत्यावश्यक औषधी निःशुल्क वितरण हुने गरेको छ।

**तालिका नं. २३: निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने स्वास्थ्य संस्थाको संख्यात्मक विवरण, २०७७/७८**

| विवरण | संख्या |
|---|---|
| उप-स्वास्थ्य चौकी | ३८ |
| स्वास्थ्य चौकी | ३८ |
| प्रार्थमिक स्वास्थ्य केन्द्र | ५८ |
| २५ शैयासम्मको अस्पताल | ७० |

*स्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, २०७७/७८*

(छ) **स्वास्थ्य संस्था**

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ मा सबै स्थानीय तहको हरेक वडामा एक स्वास्थ्य संस्था रहने व्यवस्था गरेपछि आर्थिक वर्ष २०७५/७६ सम्म १ हजार २ सयको संख्यामा रहेको उपस्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू आर्थिक वर्ष २०७६/७७ सम्म २ हजार ६ सय २६ को संख्यामा पुगेको छ। यसले ग्रामीण भेगमा बसोवास गर्ने नागरिकको स्वास्थ्य सेवाको पहुँच वृद्धि गरेको छ। गत आर्थिक वर्षमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहको स्वास्थ्य संस्था स्तरोन्नती गरी ५/१०/१५ शैयाको अस्पताल निर्माण गर्ने निर्णय भए अनुसार ३ सय ९६ स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरूको स्तरोन्नती कार्य अगाडि बढेको छ। जसले गर्दा बालबालिकाको स्वास्थ्य पहुँचमा सहजता ल्याउने छ।

**तालिका नं. २४: नेपालमा स्वास्थ्य संस्थाको संख्या** (**२०७४/७५ देखि २०७७/०७८**)

| **स्वास्थ्य संस्था** | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ES |
|---|---|---|---|---|
| अस्पताल | १२३ | १२५ | १२५ | १२५ |
| प्राथमिक स्वास्थ्य केन्द्र | २०० | २०३ | २०३ | २०५ |
| स्वास्थ्य चौकी | ३८०५ | ३८०५ | ३८०५ | ३८७० |
| उपस्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र | | १२०० ES | २६२६ | २६२६ |
| आयुर्वेद संस्था | ३८४ | ३८४ | ३९५ | ३९८ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७४/०७५ - २०७६/०७७*

*ES अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, २०७७/७८*

बालबालिका सम्बन्धी ऐन, २०७५ ले एचआइभी संक्रमित बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचीमा राखेको छ । एचआइभीको संक्रमणबाट निर्दोष बालबालिका समेत संक्रमित तथा प्रभावित भएका छन् । आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम अर्थात प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रान्समिसन कार्यक्रम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद सहयोगको कार्य सञ्चालनमा छ । स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन अनुसार नेपालमा एचआइभी संक्रमित कुल ३०३०१ जना मध्ये १४ वर्षसम्मका बालबालिकाको संख्या १२६८ रहेको छ । आ.व.२०७६/७७ मा ७०३ जना बालक र ५९९ बालिका गरी जम्मा १,३०२ जना बालबालिकालाई नगद सहयोग गरिएको छ ।

**निष्कर्षः**

सुरक्षित गर्भ र जन्मको अवस्था, खोप, शिशु तथा बाल स्वास्थ्य लगायत पोषणको स्थितिमा सुधार गरी बाल अधिकार प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध भए अनुसार नीति तथा योजना अनुसार कार्यक्रमहरूमा लगानी वृद्धि हुँदै आएको छ । यसको परिणामस्वरुप बालस्वास्थ्यका विभिन्न सूचकहरूमा उल्लेख्य सुधार आएको तथ्य सूचना तथा तथ्याङ्कले पुष्टी गरेको छ । यस कार्यमा दातृ निकाय, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र लगायत सञ्चार माध्यमको समेत योगदान रहेको छ । बालस्वास्थ्यका क्षेत्रमा उल्लेखनीय सुधार भएको सन्दर्भमा पनि बालबालिकाको स्वास्थ्यको अधिकार, स्वास्थ्य संस्थाहरूमा बालमैत्री व्यवस्था, संक्रामक रोगहरूको सम्बोधनका क्रममा बालमैत्री व्यवस्था र व्यवहार तथा दुर्घटना तथा चोटपटकबाट बालबालिकाको संरक्षणका क्षेत्रमा पनि थप प्रभावकारी कार्यहरू गर्न जरुरी देखिएको छ । जनस्वास्थ्य अनुसन्धानका कार्यहरूमा बालबालिका केन्द्रित अनुसन्धान तथा बालबालिकाको निःशुल्क स्वास्थ्य सेवाको हकलाई सवलीकरण गर्न थप प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ । यसका लागि तीनै तहका सरकारहरू, विद्यमान स्थानीय स्वास्थ्य सेवा संयन्त्रहरूको परिचालन र अन्य सम्बद्ध क्षेत्रबाट कार्यान्वयनका कार्यक्रमहरू थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।



## परिच्छेदः ४

# बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी अधिकार

### ४.१ बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

नेपाल बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी अधिकारको सुनिश्चितताका लागि संवैधानिक, कानूनी तथा नीतिगत रूपमा प्रतिबद्ध रहेको छ । नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक सुनिश्चित गरिएको छ। यसैगरी धारा ३१, ३९ र ४० बमोजिम प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागारिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने तथा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने तथा प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने व्यवस्था छ । यसैगरी धारा ३९(३) बमोजिम प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकासको हक सुनिश्चित गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ बमोजिम प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार तथा दलित बालबालिकाका प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार सुनिश्चित गरिएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४, ६ र ८ बमोजिम प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने, प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने, प्रत्येक स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने, स्थानीय तहले प्राकृतिक विपद्, दुर्घटना, आकस्मिक घटना लगायतका

अन्य कारणबाट प्रभावित बालबालिकालाई सुरक्षित रूपमा आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक बालबालिकालाई निजको अभिभावकको बासस्थानबाट पायक पर्ने अर्थात २ किलोमिटर भित्रको विद्यालयबाट आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ । प्रत्येक समुदायका बालबालिकालाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त हुने व्यवस्था रहेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा बालबालिकाको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार, प्रत्येक विद्यालयले बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुदको सामग्रीको व्यवस्था गर्नुपर्ने, आपनो उमेर, रुची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार, आफ्नो हित प्रतिकुल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन रीतिरिवाज र आस्था अनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार वा सहभागी हुने अधिकार सुनिश्चित गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १२मा वडा समितिको काममा बाल उद्यानको व्यवस्था गर्ने, वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गर्ने लगायतका कुरा उल्लेख गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ को उपदफा (१) मा छ वर्ष मुनिको बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढंगले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार सुनिश्चित गरिएको छ । यसैगरी उपदफा (३) मा प्रत्येक बालबालिकालाई आफ्नो शारीरिक तथा मानसिक अवस्था अनुसार कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार समेत सुनिश्चित गरिएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ६ मा चार वर्षको उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ । पन्ध्रौं योजना, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, विद्यालय क्षेत्र विकास योजना, बहुक्षेत्रीय पोषण योजना, बालमैत्री स्थानीय राष्ट्रिय रणनीतिमा समेत प्रारम्भिक बाल विकास सम्बन्धी प्रावधानहरू समेटिएका छन् ।

वि.स.२०८८ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिने लक्ष्यसहितको प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८) मा ५ वटा उद्देश्य प्राप्तिका लागि १८ वटा रणनीति र ८१ वटा कार्यनीतिहरू तय गरिएका छन् । रणनीतिले सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेर अनुसार लक्षित एवम् गुणस्तरीय सेवा एकीकृत रूपमा प्रदान

गर्ने, कानूनी, संस्थागत तथा संरचानगत संयन्त्र निर्माण गर्ने, दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्ने, बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबाबु, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्ने र गुणस्तरीय सेवाको पहुँच विस्तार गर्ने उद्देश्य लिएको छ ।

पन्ध्रौं योजना (२०७५/७६-२०८०/८१) ले सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोच लिएको छ भने गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ । शिक्षा क्षेत्रका ५ वटा उद्देश्यहरूमध्ये सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अनुभवसहितको आधारभूत शिक्षा अनिवार्य, निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष्य लिएको छ । यस नीतिका उद्देश्यहरूमा मूलतः प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने, विद्यालय शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, रचनात्मक, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने, औपचारिक, अनौपचारिक र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गर्ने, विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्ने लगायतका विषयहरू समावेश रहेका छन् । यी उद्देश्यहरूको परिपूर्तिबाट बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चितताका लागि थप सहयोग पुग्ने देखिन्छ ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ जारी भएको छ । संघीय स्वरूपअनुसार शैक्षिक संरचनाको परिवर्तित नाम तथा कोभिड -१९ र यस्तै प्रकृतिक महामारीको अवस्थालाई समेत सम्बोधन हुने गरी वैकल्पिक सिकाइ समेतका लागि शिक्षा नियमावली , २०५९ को नवौं संशोधन गरिएको छ । शैक्षिक सत्र २०७७ देखि कक्षा ११ को नयाँ पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

### ४.२ बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी सेवा प्रवाह

बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी अधिकारको कार्यान्वयनका लागि नेपाल संवैधानिक, कानूनी तथा नीतिगत रूपमा प्रतिबद्ध रहे बमोजिमका तीनै तहमा सेवा प्रवाहका लागि संस्थागत व्यवस्था समेत भएको छ । नागरिकका आधारभूत आवश्यकतामध्ये शिक्षा तथा स्वास्थ्यसँग प्रत्यक्ष र परोक्ष रूपमा सरोकार राख्ने विषयहरूको उठान, पहिचान, नियमन र व्यवस्थापन गर्नमा समन्वयात्मक र सहयोगात्मक भूमिका निर्वाहका लागि संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत

शिक्षा तथा स्वास्थ्य समिति र राष्ट्रिय सभा अन्तर्गत दिगो विकास तथा सुशासन समिति रहेको छ। बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी विषयको सम्बोधनका लागि संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव विकास स्रोत केन्द्र, शैक्षिक तालीम केन्द्र, प्रदेश तहमा प्रदेश संसद अन्तर्गत सामाजिक समिति, सामाजिक विकास मन्त्रालय, शिक्षा, संस्कृति, विज्ञान प्रविधि मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय/कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय रहेको छ भने प्रत्येक स्थानीय तहमा शिक्षा शाखा, स्थानीय शिक्षा समिति जस्ता संस्थागत व्यवस्था गरिएको छ। यसका साथै प्रारम्भिक बाल विकास केन्द्र, सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०७७ मा देशभर ३६ हजार ७ सय १२ प्रारम्भिक बाल विकास केन्द्र, ३५ हजार ६ सय ७४ विद्यालय सञ्चालनमा रहेका छन्। अपाङ्गता भएका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न ३३ विशेष विद्यालय, २३ एकीकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्था रहेको जानकारी रहेको छ। यसैगरी ३ लाख २० हजार ५ सय ७६ जना शिक्षकहरू कार्यरत रहेका छन् भने ७० लाख ८३ हजार ९ सय ८जना विद्यार्थीहरू कक्षा १ देखि १२ सम्म अध्ययन गरिरहेका छन्।

सामुदायिक विद्यालयभित्र सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा १२ सम्मका विद्यालयका भौतिक पूर्वाधारहरू, शैक्षिक र प्रविधिमूलक सामग्री तथा उपकरणहरू, सञ्चालन खर्च लगायतका व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहका सरकारबाट हुने गरेको छ। शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि कार्यहरू समेत सञ्चालनमा रहेका छन्। विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय शिक्षामा समावेश गर्न विद्यालय भर्ना अभियान, शत प्रतिशत बालबालिका विद्यालय भर्ना भएको घोषणा कार्यक्रम, विद्यालय भर्ना भएका बालबालिकालाई विद्यालयमा टिकाउन दिवा खाजा, गरीब, दलित, सीमान्तकृत, अपाङ्गता, मुक्त कमलरी, द्वन्द्व प्रभावित जस्ता बालबालिकाका लागि आवासीय तथा गैह्र आवासीय छात्रवृत्ति कार्यक्रम, जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम, निःशुल्क पाठयपुस्तक वितरण, गुणस्तरीय शिक्षाका लागि भयरहीत सिकाई तथा बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयन, विद्यालय स्वास्थ्य, अपाङ्गता भएका तथा विपन्न परिवारका बालबालिकाका लागि निःशुल्क उच्च शिक्षाको व्यवस्था लगायतका कार्यक्रमहरू तीनै तहमा सञ्चालनमा रहेका छन्। विज्ञान र प्रविधिमूलक आधुनिक शिक्षा प्रवर्द्धनका लागि विभिन्न विषयहरूको अध्ययन लागू गरिएका छन् भने विभिन्न व्यावसायिक शिक्षा र तालिमका व्यवस्थाहरू भएका छन्। समग्रमा बालबालिकाको शिक्षा विकासका लागि अनेकन कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०७७ मा २९ लाख ९ हजार ५ सय ३७ बालबालिका दिवा खाजा कार्यक्रमबाट लाभान्वित भएका छन् भने २६ लाख ४ हजार २ सय ६२ जना विपन्न परिवारका

बालबालिका र ५२ हजार ६ सय ३ जना विभिन्न खाले अपाङ्गता भएका बालबालिका आवासीय तथा गैह्र आवासीय छात्रवृत्तिमार्फत लाभान्वित भएका छन् । हालसम्म ५३ जिल्लालाई साक्षर जिल्ला घोषणा भै सकेका छन् भने १४ जिल्ला घोषणा उन्मुख रहेका छन् । ४२२ वटा सामुदायिक विद्यालयलाइ नमुना विकासका लागि छनौट गरिएको छ भने ११ हजार ३ सय ६६ सामुदायिक विद्यालयमा कम्प्युटर सुविधा पुर्‍याइएको छ । यसैगरी १ हजार १२ वटा माध्यमिक विद्यालयमा सूचना प्रविधि ल्याव स्थापना गरिएको छ । शैक्षिक सत्र २०७७ मा ३४० वटा श्रव्य पाठ्यसामग्री तयार भएकोमा १५० पाठ्यसामग्री रेडियोबाट र ८७८ वटा श्रव्यदृश्य पाठ्यसामग्री टेलिभिजनबाट नियमित प्रसारण भैरहेको छ ।

### ४.३ बालबालिकाको शिक्षा, खेलकुद तथा विकास सम्बन्धी अवस्था

#### (क) प्रारम्भिक बाल विकास केन्द्र

नेपालको संविधानले प्रारम्भिक बालविकासको विषयलाई बालबालिकाको मौलिक हकमा नै उल्लेख गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षा पाउने अधिकार समावेश छ । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८) कार्यान्वयनमा रहेको छ । बाल विकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारुप, २०७७ को मस्यौदा तयार भएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्य लगायत नीतिगत व्यवस्था रहेको छ ।

शैक्षिक सत्र २०७७ मा ३६ हजार ७१२ वटा प्रारम्भिक बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । २०७५ सालदेखि २०७७ सालसम्मको सामुदायिक विद्यालय र समुदायमा आधारित तथा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २५: प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७५–२०७७**

| प्रारम्भिक बालविकास केन्द्र | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| सामुदायिक विद्यालय र समुदायमा आधारित | ३०,०९७ | ३०,०३९ | ३०,२०२ |
| संस्थागत विद्यालयमा आधारित | ५,८९६ | ६,४११ | ६,५१० |
| **जम्मा** | **३५,९९३** | **३६,४५०** | **३६,७१२** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५-२०७७*

माथिको तालिकाबाट २०७५ सालदेखि प्रत्येक वर्ष प्रारम्भिक बालविकास केन्द्रको संख्यामा क्रमशः वृद्धि भएको देखिन्छ । संघीयताको कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ले बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई अख्तियारी दिएको हुँदा स्थानीय आवश्यकता अनुसार सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रहरू थपिने क्रम सुरु भएकोले पनि संख्यामा केही वृद्धि आएको हुन सक्छ । गत शैक्षिक सत्रमा भन्दा यो सत्रमा १६३ वटा सामुदायिक र ९९ वटा संस्थागत गरी जम्मा २६२ वटा बाल विकास केन्द्र थपिएका छन् । शैक्षिक सत्र २०७७ मा प्रदेशगत रूपमा बाल विकास केन्द्र तथा बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. २६ः प्रदेशगत प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७७**

| प्रदेश | जम्मा | सामुदायिक | संस्थागत | बालबालिकाको संख्या |
|---|---|---|---|---|
| १ | ६,९४२ | ५,५४४ | १,३९८ | २०६,००४ |
| २ | ५,०५६ | ४,३३० | ७२६ | १७३,७७७ |
| बागमती | ७,०७४ | ५,१५५ | १,९१९ | २२६,८४८ |
| गण्डकी | ४,१९६ | ३,६२८ | ५६८ | ९६,९३० |
| लुम्बिनी | ६,६४० | ५,५३० | १,११० | २३०,२८३ |
| कर्णाली | २,९३५ | २,७५८ | १७७ | ७५,०४५ |
| सुदूरपश्चिम | ४,२८७ | ३,६४२ | ६४५ | १२१,६३४ |
| नेपाल | ३७,१३० | ३०,५८७ | ६,५४३ | १,१३०,५२१ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिकाबाट सबभन्दा बढी प्रारम्भिक बालविकास केन्द्रको संख्या क्रमशः बागमती प्रदेश, प्रदेश-१ र सबभन्दा कम कर्णाली प्रदेशमा देखिएको छ । प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्या सबभन्दा बढी बागमती प्रदेश, लुम्बिनी प्रदेशमा र सबभन्दा कम कर्णाली प्रदेशमा देखिएको छ । तर प्रदेशगत कुल जनसंख्याको हिसाबले प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्याको प्रतिशत सबभन्दा बढी कर्णाली प्रदेशमा (५.७६%) र सबभन्दा कम (३.०३%) प्रदेश-२ मा देखिएको छ । शैक्षिक सत्र २०७५ देखि २०७७ सम्म प्रारम्भिक बालविकास केन्द्र, बालबालिकाको संख्या तथा अनुपात र भर्नादर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२७ प्रारम्भिक बालविकास केन्द्र, बालबालिकाको संख्या तथा अनुपात र भर्नादर**

| क्र.सं. | शैक्षिक सत्र | प्रा.बा.वि.के.को संख्या | बालबालिकाको संख्या | प्रा.बा.वि.के.मा बालबालिकाको अनुपात | प्रा.बा.वि.के.मा भर्नादर |
|---|---|---|---|---|---|
| १ | २०७५ | ३५९९३ | ९७३००० | २७.०३ | ८४.७ |
| २ | २०७६ | ३६४५० | ११०५५६१ | ३०.३३ | ८६.२ |
| ३ | २०७७ | ३६७१२ | ११३०५२१ | ३०.७९ | ८७.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५-२०७७*

माथिको तालिकाबाट शैक्षिक सत्र २०७५ सालदेखि प्रारम्भिक बालविकास केन्द्र तथा केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या, प्रारम्भिक बाल विकास केन्द्र र बालबालिकाको अनुपात तथा भर्नादरमा क्रमशः वृद्धि भएको देखिन्छ । प्रति प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्याको अनुपात २०७५ सालमा २७.०३, २०७६ सालमा ३०.३३ जना रहेकोमा २०७७ सालमा ३०.७९ जना हुन पुगेको छ । यसैगरी, २०७५ मा प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको भर्नादर ८४.७ प्रतिशत र २०७६ मा ८६.२ थियो भने शैक्षिक सत्र २०७७ मा यो प्रतिशत ८७.६ पुगेको छ । शैक्षिक सत्र २०७५ देखि २०७७ सम्मको स्थितिलाई हेर्दा प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना हुने बालबालिकाको प्रतिशत क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । यसबाट परिवारबाट प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई भर्ना गर्ने व्यवहारमा निकै सुधार आएको देखिएको छ । प्रारम्भिक बाल विकास केन्द्रका उमेर समूहका बालबालिका तथा बाल विकास केन्द्रमा भर्ना भएका बालबालिका र कुल भर्नादर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २८ प्रारम्भिक बाल विकास केन्द्रमा उमेर, लिङ्ग र प्रदेश अनुसार कुल भर्नादर**

| प्रदेश | ३ देखि ४ वर्षसम्मका बालबालिकाको जनसंख्या | | | प्रारम्भिक बाल विकास केन्द्रमा बालबालिकाको संख्या | | | कुल भर्नादर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| प्रदेश नं.१ | ९५,१८५ | १०६,३२९ | २०१,५१४ | ९६,०९३ | १०९,९११ | २०६,००४ | १०१.० | १०३.४ | १०२.२ |
| प्रदेश नं.२ | १४७,६६६ | १६६,५६२ | ३१४,२२८ | ७९,५२७ | ९४,२५० | १७३,७७७ | ५३.९ | ५६.६ | ५५.३ |
| बागमती | ९६,८८५ | ११३,०७४ | २०९,९५९ | १०२,८७६ | १२३,९७२ | २२६,८४८ | १०६.२ | १०९.६ | १०८.० |
| गण्डकी | ४५,४५३ | ५४,१४८ | ९९,६०१ | ४४,०७१ | ५२,८५९ | ९६,९३० | ९७.० | ९७.६ | ९७.३ |
| लुम्बिनी | १०४,७०८ | १२१,९६५ | २२६,६७३ | १०४,३१९ | १२५,९६४ | २३०,२८३ | ९९.६ | १०३.३ | १०१.६ |
| कर्णाली | ४५,३८७ | ४९,५८० | ९४,९६७ | ३६,२८२ | ३८,७६३ | ७५,०४५ | ७९.९ | ७८.२ | ७९.० |
| सुदूरपश्चिम | ६६,४३४ | ७६,७७७ | १४३,२११ | ५६,४९२ | ६५,१४२ | १२१,६३४ | ८५.० | ८४.८ | ८४.९ |
| जम्मा | ६०१,७१८ | ६८८,४३५ | १,२९०,१५३ | ५१९,६६० | ६१०,८६१ | १,१३०,५२१ | ८६.४ | ८८.७ | ८७.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७*

तालिका नं.२८ अनुसार प्रारम्भिक बाल विकास उमेर समूहका कुल बालबालिका १२ लाख ९० हजार १ सय ५३ जना मध्ये प्रारम्भिक बाल विकास केन्द्रमा शैक्षिक सत्र २०७७ मा ११ लाख ३० हजार ५ सय २१ जना बालबालिका (८७ प्रतिशत) भर्ना भएको देखिन्छ । प्रदेशगत रूपमा हेर्दा ३ देखि ४ वर्षसम्म उमेर समूहका सबैभन्दा बढी बालबालिका प्रदेश नं.२ मा र सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको देखिन्छ । यद्यपि प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका सबैभन्दा कम बालबालिका प्रदेश नं.२ मा (५५.३ प्रतिशत) र सबैभन्दा बढी बागमती प्रदेशमा (१०८) रहनुले

प्रदेश नं.२ मा प्रारम्भिक बाल विकासमा बालबालिकाको पहुँच अभिवृद्धिका लागि थप प्रयास गर्नुपर्ने देखिन्छ ।

प्रारम्भिक बालविकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत २०७५ सालमा ६६.९ र २०७६ मा ६८.६ थियो भने शैक्षिक सत्र २०७७ मा ७०.२ पुगेको छ। प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. २९: प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका प्रदेशगत बालबालिका संख्या, २०७७**

| प्रदेश | कक्षा १ मा नयाँ भर्ना संख्या | | | प्राबाविको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या | | | प्राबाविको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | ५३,७६४ | ५३,५०८ | १०७,२७२ | ३७,८४१ | ३८,४८७ | ७६,३२८ | ७०.४ | ७१.९ | ७१.२ |
| २ | ८६,३३५ | ८५,९६६ | १७२,३०१ | ५४,७५६ | ५६,३६५ | १११,१२१ | ६३.४ | ६५.६ | ६४.५ |
| बागमती | ५४,१६५ | ५६,५१३ | ११०,६७८ | ४०,८५४ | ४१,१८० | ८२,०३४ | ७५.४ | ७२.९ | ७४.१ |
| गण्डकी | २४,५८० | २४,८४४ | ४९,४२४ | १९,९६१ | १९,४८२ | ३९,४४३ | ८१.२ | ७८.४ | ७९.८ |
| लुम्बिनी | ६२,१०५ | ६५,४२५ | १२७,५३० | ४५,६१२ | ४८,०२६ | ९३,६३८ | ७३.४ | ७३.४ | ७३.४ |
| कर्णाली | ३१,९२२ | ३१,७३० | ६३,६५२ | २०,२९३ | २०,०७८ | ४०,३७१ | ६३.६ | ६३.३ | ६३.४ |
| सुदूरपश्चिम | ४२,६१३ | ४२,२५० | ८४,८६३ | २९,०८२ | ३०,४६७ | ५९,५४९ | ६८.२ | ७२.१ | ७०.२ |
| जम्मा | ३५५,४८४ | ३६०,२३६ | ७१५,७२० | २४८,३९९ | २५४,०८५ | ५०२,४८४ | ६९.६ | ७०.६ | ७०.२ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५-२०७७*

माथिको तालिका अनुसार कक्षा १ मा भर्ना भएका कुल विद्यार्थीमध्ये प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिका ७०.२ प्रतिशत रहेको देखिन्छ जुन गत शैक्षिक सत्रको (६८.६%) भन्दा १.६ प्रतिशत बिन्दुले बढी हुन आउँछ। साथै, प्रारम्भिक बालविकासको अनुभव भएका बालबालिका शारीरिक, बौद्धिक, भावनात्मक तथा ज्ञानात्मक विकास राम्रो हुने भएकोले कक्षा १ मा भर्ना हुने सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रको अनुभव हासिल गर्न थप नीतिगत तथा कार्यक्रमगत पहल गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधान र कानूनहरूमा दलित र अल्पसंख्यक बालबालिकाको संरक्षण हुने प्रावधानहरू रहेका छन् । २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्यामध्ये दलित १३.६ प्रतिशत र जनजाति ३७.२ प्रतिशत रहेको छ । २०७७ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिका ११,३०,५२१ मध्ये दलित समुदायका २,१०,०५७ (गत शैक्षिक सत्रमा २,०

९,१०५) र जनजाति समुदायका ४,३१,७१५ (गत शैक्षिक सत्रमा ४,०४,७७१) जना बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएको देखिएको छ। २०७७ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिका र सोमध्ये दलित र जनजाति बालबालिकाको संख्या र प्रतिशत प्रदेश अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३०: प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका प्रदेशगत दलित तथा जनजाति बालबालिका, २०७७**

| प्रदेश | जम्मा | दलित | दलित % | जनजाति | जनजाति % |
|---|---|---|---|---|---|
| १ | २०६,००४ | ३१,५६८ | १५.३२ | १०१,०२९ | ४९.०४ |
| २ | १७३,७७७ | ४१,४६४ | २३.८६ | २५,४१४ | १४.६२ |
| बागमती | २२६,८४८ | १८,१९१ | ८.०२ | १३३,९०० | ५९.०३ |
| गण्डकी | ९६,९३० | २५,०७३ | २५.८७ | ४६,६९४ | ४८.१७ |
| लुम्बिनी | २३०,२८३ | ४४,११८ | १९.१६ | ९१,३४९ | ३९.६७ |
| कर्णाली | ७५,०४५ | १८,८८८ | २५.१७ | ८,३७० | ११.१५ |
| सुदूरपश्चिम | १२१,६३४ | ३०,७५५ | २५.२८ | २४,९५९ | २०.५२ |
| जम्मा | १,१३०,५२१ | २१०,५५७ | १८.५८ | ४३१,७१५ | ३८.१९ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएको बालबालिकामध्ये दलित र जनजाति समूहका बालबालिकाको २०७५ देखि २०७७ सालसम्मको प्रतिशत तलको तालिकामा दिइएको छ।

**तालिका नं. ३१: प्रारम्भिक बालविकास केन्द्रमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७५–२०७७**

| | जम्मा २०७५ | दलित % | जनजाति % | जम्मा २०७६ | दलित % | जनजाति % | जम्मा २०७७ | दलित % | जनजाति % |
|---|---|---|---|---|---|---|---|---|---|
| बालिका | ४,४९,०७५ | १६.८ | ३७.३ | ५,०८,१४५ | १९.३ | ३६.८ | ५१९,६६० | १९.० | ३८.० |
| बालक | ५,२५,८२५ | १६.० | ३६.७ | ५,९७,४१६ | १८.६ | ३६.४ | ६१०८६१ | १८.२ | ३८.३ |
| जम्मा | ९,७३,९०० | १६.४ | ३७ | ११,०५,५६१ | १८.९ | ३६.६ | ११३०५२१ | १८.६ | ३८.२ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५-२०७७*

माथिको तालिकाबाट २०७५ सालदेखि २०७७ सालसम्ममा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या र प्रतिशतमा क्रमिक रूपमा सुधार भएको देखिन्छ। २०७७ सालमा भर्ना भएका बालबालिकाको संख्या अघिल्लो वर्षको तुलनामा २४,९६० जना बढी भएको देखिएको छ भने प्रतिशतमा सामान्य उतारचढाब देखिन्छ। कुल जनसंख्यामा दलित समुदायको जनसंख्याको प्रतिशत (१३.६) भन्दा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका उक्त समुदायका बालबालिकाको प्रतिशत (१८.६) बढी रहेको देखिएको छ। अर्कोतिर, कुल जनसंख्यामा जनजाति समुदायको जनसंख्याको प्रतिशत (३७.२) भन्दा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका उक्त समुदायका

बालबालिकाको प्रतिशत (३८.२) पनि बढी देखिएको छ। शैक्षिक सत्र २०७५ देखि २०७७ सम्म दलित तथा जनजाति समुदायका बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा भर्नादरमा सामान्य उत्तार चढाव देखिन्छ।

२०७७ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाको संख्या गतवर्ष (३,६८७) भन्दा ४८८ जनाले वृद्धि भई ४,१७५ (०.३३%) पुगेको छ। प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिकाको संख्यामा यस समूहका बालबालिकाको संख्या वा प्रतिशत न्यून देखिएको छ। शैक्षिक सत्र २०७७ मा प्रारम्भिक बाल विकास केन्द्रमा अपाङ्गता भएका बालबालिकाको प्रदेशगत रूपमा भर्ना सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३२: अपाङ्गताका प्रकार अनुसार प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको प्रदेशगत विवरण**, २०७७

| प्रदेश | | अपाङ्गताको मुख्य प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | बौद्धिक | श्रवण | दृष्टी | न्यून दृष्टी | श्रवण र दृष्टी | स्वरबोलाइ | बहु अपाङ्गता | जम्मा |
| प्रदेश नं. १ | ४४१ | ७६ | ४१ | २८ | ८ | ० | २७ | ३५ | ६५६ |
| प्रदेश नं. २ | ४४६ | १४२ | २ | ६६ | ३ | ० | ७ | ७० | ७३६ |
| बागमती | ५०८ | १५६ | ३६ | ३८ | ३१ | २ | ६५ | ३४ | ८७० |
| गण्डकी | १६२ | ४० | १२ | ५ | १४ | १ | ३२ | ४० | ३०६ |
| लुम्बिनी | ६४७ | १४४ | २२ | ३२ | २६ | २ | ३० | ६५ | ९६८ |
| कर्णाली | १२३ | २७ | २६ | १२ | ३३ | २ | १३ | ४ | २४० |
| सुदूरपश्चिम | २६० | ४७ | ४३ | २१ | ७ | ० | १६ | ५ | ३९९ |
| **जम्मा** | २५८७ | ६३२ | १८२ | २०२ | १२२ | ७ | १९० | २५३ | ४१७५ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

प्रारम्भिक बालविकास केन्द्रहरूमा भर्ना भएका अपाङ्गता भएका बालबालिकामध्ये सबभन्दा बढी क्रमशः लुम्बिनी प्रदेश र बागमती प्रदेशमा तथा सबभन्दा कम कर्णाली र गण्डकी प्रदेशमा देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका यस समूहका कुल बालबालिकामध्ये सबभन्दा बढी शारीरिक अपाङ्गता भएका बालबालिका २,५८७ जना र सबभन्दा कम श्रवण र दृष्टी सम्बन्धी अपाङ्गता भएका बालबालिका जम्मा ७ जना मात्र रहेको देखिएको छ। प्रारम्भिक बालविकास

केन्द्रमा भर्ना भएका अपाङ्गता भएका ४,१७५ जना बालबालिका मध्ये सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा २,६०० (बालिका ११२५ र बालक १,४७५) जना र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्रमा १,५७५ जना (बालिका ६१३ र बालक ९६२) रहेका छन् । प्रारम्भिक बाल विकास केन्द्रमा अपाङ्गता भएका बालबालिकाको पहुँच अभिवृद्धिका लागि स्थानीयतह, प्रारम्भिक बालविकास केन्द्र र परिवारबाट थप प्रयास हुन जरुरी छ ।

**ख. विद्यालय संख्या र बालबालिकाको संख्या**

शैक्षिक सत्र २०७७ मा देशभर ३५ हजार ६ सय ७४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । गत शैक्षिक सत्रमा यो संख्या ३५ हजार ५ सय २० रहेको थियो । गत सत्रमा भन्दा यो सत्रमा १ सय ५४ वटा विद्यालयहरू थप भएका छन् । यस सत्रमा सञ्चालनमा रहेका कुल विद्यालय मध्ये सामुदायिक विद्यालय २७ हजार ८ सय १२, संस्थागत विद्यालय ६ हजार ७ सय ३२ र धार्मिक विद्यालय १ हजार १ सय ३० रहेका छन् । शैक्षिक सत्र २०७७ मा विद्यालयको तह र प्रकार अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३३: विद्यालयको तह र प्रकार अनुसारको विवरण, २०७७**

| तह र प्रकार | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | २७७९८ | ६५४४ | ११०३ | ३५४४५ |
| आधारभूत तह (कक्षा ६-८) | १२०७१ | ४६४६ | १३० | १६८४७ |
| आधारभूत तह (कक्षा १-८) | २७९५० | ६५६५ | ११२९ | ३५६४४ |
| माध्यमिक तह (कक्षा ९-१०) | ७२०० | ३६२४ | ३९ | १०८६३ |
| माध्यमिक तह (कक्षा ११-१२) | ३२६८ | ९१३ | ६ | ४१८७ |
| माध्यमिक तह (कक्षा ९-१२) | ७२०० | ३८६९ | ३९ | १११०८ |
| **जम्मा** | २७८१३ | ६७३२ | ११२९ | ३५६७४ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

शैक्षिक सत्र २०७७ मा नेपालमा सञ्चालित कुल ३५ हजार ६ सय ७४ विद्यालयमध्ये आधारभूत तह (१-५) सञ्चालित विद्यालय ३५ हजार ४ सय ४५, आधारभूत तह (६-८) सञ्चालित विद्यालय १६ हजार ८ सय ४७ र आधारभूत तह (१-८) सञ्चालित विद्यालय ३५ हजार ६ सय ४४ रहेका छन् । यसैगरी माध्यमिक तह (९-१२) सञ्चालित ११ हजार १ सय ८ विद्यालय मध्ये ४ हजार १ सय ८७ विद्यालयमा कक्षा ११ र १२ सञ्चालन भएको छ । यस शैक्षिक सत्रमा विद्यालयको तह र प्रकार अनुसार प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३४: विद्यालयको तह र प्रकार अनुसार प्रदेशगत विवरण, २०७७**

| प्रदेश | जम्मा विद्यालय इकाइ | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | आधारभूत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा९-१०) | माध्यमिक तह (कक्षा ११-१२) | माध्यमिक तह (कक्षा ९-१२) |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | ६९६७ | ३५६९ | १३१२ | ४८८१ | १३२० | ७६६ | २०८६ |
| प्रदेश नं.२ | ४१७४ | २३६२ | ७४८ | ३११० | ६१२ | ४५२ | १०६४ |
| बागमती | ७०५९ | २८८८ | १०३४ | ३९२२ | २०५७ | १०८० | ३१३७ |
| गण्डकी | ४३०९ | २२७६ | ६३१ | २९०७ | ७६८ | ६३४ | १४०२ |
| लुम्बिनी | ५७६८ | ३००३ | १०३४ | ४०३७ | १०४७ | ६८४ | १७३१ |
| कर्णाली | ३१८४ | १९२१ | ५५९ | २४८० | ४०४ | ३०० | ७०४ |
| सुदूरपश्चिम | ४२१३ | २२०६ | ९०० | ३१०६ | ६५७ | ४५० | ११०७ |
| **जम्मा** | ३५६७४ | १८२२५ | ६२१८ | २४४४३ | ६८६५ | ४३६६ | ११२३१ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७*

तालिका नं.३४ अनुसार प्रदेशगत रूपमा सबैभन्दा बढी विद्यालय बागमती प्रदेशमा १९.८ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ८.९ प्रतिशत रहेको छ । यसैगरी प्रदेश नं.१, प्रदेश नं.२, गण्डकी , लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा क्रमशः १९.५ , ११.७ , १२.२ , १६.१ र ११.९ प्रतिशत विद्यालय रहेका छन् । प्रदेशगत कुल जनसंख्या प्रदेश-२ मा उच्च भए पनि जनघनत्व बढी भएको कारण विद्यालयको संख्या केही कम हुन आएको अनुमान रहेको छ ।

कुल विद्यालय संख्यामा धार्मिक विद्यालयको संख्या १,१२९ रहेको छ। प्रदेशगत धार्मिक विद्यालयको संख्या तलको तालिकामा दिइएको छ ।

**तालिका नं.३५: प्रदेशगत धार्मिक विद्यालयको संख्या, २०७७**

| प्रदेश | मदरसा | गुम्बा/विहार | आश्रम/गुरुकुल | जम्मा |
|---|---|---|---|---|
| १ | १८८ | ४९ | ५२ | २८९ |
| २ | २८६ | ३ | १ | २९० |
| बागमती | ४ | ३३ | १४ | ५१ |
| गण्डकी | १० | २५ | १७ | ५२ |
| लुम्बिनी | ४१४ | २ | १६ | ४३२ |
| कर्णाली | ० | २ | ० | २ |
| सुदूरपश्चिम | ९ | ० | ५ | १४ |
| **जम्मा** | ९११ | ११४ | १०५ | ११२९ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिकाबाट धार्मिक विद्यालय सबभन्दा बढी (४३२) लुम्बिनी प्रदेशमा र सबभन्दा कम (२) कर्णाली प्रदेशमा देखिन्छ ।

शैक्षिक सत्र २०७७ मा कक्षा १ देखि १२ सम्म जम्मा ७० लाख ८३ हजार ९ सय ८९ जना (छात्रा ३५ लाख ५१ हजार ५ सय ९२ जना र छात्र ३५ लाख ३२ हजार ३ सय ९७ जना) अध्ययनरत रहेका छन् । यो संख्या गत सत्र भन्दा ६० हजार ७ सय ५७ ले बढी हुन आउँछ । शैक्षिक सत्र २०७६ र २०७७ तहमा शैक्षिक तह अनुसार बालबालिकाको भर्ना विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३६: विद्यालय तहमा विद्यार्थी भर्ना विवरण, २०७६ – २०७७**

| शैक्षिक सत्र | २०७६ | | | २०७७ | | |
|---|---|---|---|---|---|---|
| शैक्षिकतह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्राथमिक (१-५) | १,७६२,५४१(४९.७) | १,७८१,३२१ | ३,५४३,८६२ | १,७५०,०६५(४९.७) | १,७७२,११२ | ३,५२२,१७७ |
| निम्नमाध्यमिक (६-८) | ८९१,१४५(५०.२) | ८८३,९९७ | १,७७५,१४२ | ९०६,२५९(४९.९) | ९१०,५१७ | १,८१६,७७६ |
| आधारभूत (१-८) | २,६५३,६८६(४९.९) | २,६६५,३१८ | ५,३१९,००४ | २,६५६,३२४(४९.८) | २,६८२,६२९ | ५,३३८,९५३ |
| कक्षा (९-१०) | ५२३,१८५(५०.३) | ५१७,७९१ | १,०४०,९७६ | ५३२,२४९(४९.८) | ५३२,५६६ | १,०६४,८१५ |
| कक्षा (११-१२) | ३५१,०९५ (५३.१) | ३१०,५४७ | ६६१,६४२ | ३६३,०१९(४९.८) | ३१७,२०२ | ६८०,२२१ |
| माध्यमिक (९-१२) | ८७४,२८० (५१.३) | ८२८,३३८ | १,७०२,६१८ | ८९५,२६८(४९.८) | ८४९,७६८ | १,७४५,०३६ |
| कक्षा १-१२ सम्म | ३,५२७,९६६(५०.२) | ३,४९३,६५६ | ७,०२१,६२२ | ३,५५१,५९२(५०.१) | ३,५३२,३९७ | ७,०८३,९८९ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७*

माथिको तालिकाबाट २०७६ सालको भन्दा शैक्षिक सत्र २०७७ मा विद्यार्थी भर्ना संख्यामध्ये तुलनात्मक रूपमा आधारभूत तह (१-५) को विद्यार्थी संख्या निरन्तर घट्दो क्रममा रहेको छ । जनसंख्या वृद्धिदर न्यून हुँदै गएको र चालु शैक्षिक सत्रको सुरुका ३ महिनामा विद्यालय पूर्णरूपमा र त्यसपछि केहि महिना आंशिक रूपमा बन्द भएका कारण समेत शैक्षिक सत्र २०७७ मा कुल विद्यार्थी संख्यामा सोको प्रभाव देखिएको छ । यसको विपरित माध्यमिक तहमा भने विद्यार्थीको संख्या क्रमशः बढ्दो क्रममा रहेको देखिएको छ । कक्षा ९ - १० मा अघिल्लो वर्षको तुलनामा २.३ प्रतिशतले विद्यार्थीको संख्या बढेको देखिएको छ। यसैगरी, कक्षा ११ - १२ मा २.८ प्रतिशतले विद्यार्थीको संख्या बढेको देखिएको छ। समग्रमा कक्षा १ - १२ सम्मको स्थितिमा अघिल्लो सत्रमा भन्दा यो सत्रमा क्रमिक सुधार आएको देखिन्छ। माथिको तालिकामा २०७६ र २०७७ सालको विद्यार्थी भर्ना संख्यामा छात्राको स्तम्भमा कोष्ठभित्र दिइएको प्रतिशतले कुल संख्यामा छात्राको प्रतिशत देखाइएको छ। यस अनुसार अनुसार प्राथमिक तहमा शैक्षिक सत्र २०७६ र २०७७ सालमा छात्राको प्रतिशत समान रहेता पनि अन्य कक्षाहरूमा छात्रको तुलनामा छात्राको प्रतिशतमा गत सत्रमाभन्दा यस सत्रमा कमी रहेको देखिएको छ। कोभिडका कारण वा अन्य कारणले बालिकाले विद्यालय छाडेको अनुमान गर्न सकिन्छ।

शैक्षिक सत्र २०७७ मा देशभरका ३५,६७४ विद्यालयहरूमा जम्मा ७० लाख ८३ हजार ९ सय ८९ विद्यार्थीहरू भर्ना भएको पाइएको छ । उक्त विद्यार्थीहरूको प्रदेशगत संख्या तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ३७: विद्यालय तहमा प्रदेशगत विद्यार्थी संख्या, २०७७**

| तह/प्रदेश | | प्रदेश–१ | प्रदेश–२ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | छात्रा | २७६,६०८ | ३९३,३४९ | २९४,९५० | ११८,४०० | ३०९,४३४ | १५३,०२७ | २०४,२९७ | १,७५०,०६५ |
| | छात्र | २८१,२२९ | ३६७,५४९ | ३२५,४८४ | १२९,६७६ | ३२६,४८७ | १४५,७०८ | १९५,९७९ | १,७७२,११२ |
| | **जम्मा** | ५५७,८३७ | ७६०,८९८ | ६२०,४३४ | २४८,०७६ | ६३५,९२१ | २९८,७३५ | ४००,२७६ | ३,५२२,१७७ |
| आधारभूत (६-८) | छात्रा | १५३,४५७ | १५४,७०३ | १७४,८४९ | ७५,६६२ | १५८,९८६ | ७८,२५४ | ११०,३४८ | ९०६,२५९ |
| | छात्र | १५३,०११ | १५४,६३३ | १८४,७१२ | ७७,३२५ | १६२,३४८ | ७३,८०३ | १०४,६८५ | ९१०,५१७ |
| | **जम्मा** | ३०६,४६८ | ३०९,३३६ | ३५९,५६१ | १५२,९८७ | ३२१,३३४ | १५२,०५७ | २१५,०३३ | १,८१६,७७६ |
| माध्यमिक (९-१०) | छात्रा | ९४,८९३ | ८०,८७९ | ११०,६४२ | ४९,१९७ | ९०,०६० | ४४,२१४ | ६२,३६४ | ५३२,२४९ |
| | छात्र | ९०,९९२ | ९१,७८९ | ११२,७१५ | ४८,५०४ | ८९,२०२ | ४१,३४१ | ५८,०२३ | ५३२,५६६ |
| | **जम्मा** | १८५,८८५ | १७२,६६८ | २२३,३५७ | ९७,७०१ | १७९,२६२ | ८५,५५५ | १२०,३८७ | १,०६४,८१५ |
| माध्यमिक (११-१२) | छात्रा | ८२,६१४ | ३७,५७७ | ७१,५९२ | ३७,८०४ | ६१,६१९ | २८,६५३ | ४३,१६० | ३६३,०१९ |
| | छात्र | ६८,८४५ | ३६,७५५ | ६३,४३६ | ३३,४२३ | ५६,२६४ | २४,९१७ | ३३,५६२ | ३१७,२०२ |
| | **जम्मा** | १५१,४५९ | ७४,३३२ | १३५,०२८ | ७१,२२७ | ११७,८८३ | ५३,५७० | ७६,७२२ | ६८०,२२१ |
| **कुल जम्मा** | | १,२०१,६४९ | १,३१७,२३४ | १,३३८,३८० | ५६९,९९१ | १,२५४,४०० | ५८९,९१७ | ८१२,४१८ | ७,०८३,९८९ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिकाबाट विद्यार्थी भर्नाको संख्या बढीमा बागमती, प्रदेश-२ र लुम्बिनी प्रदेशमा देखिन्छ भने कममा कर्णाली, गण्डकी र सुदूरपश्चिम देखिन्छ । कर्णाली प्रदेशमा विद्यालय जाने उमेर समूहका बालबालिका र २०७६ सालमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको बारेमा थप अध्ययन हुन जरुरी देखिन्छ ।

शैक्षिक सत्र २०७७ मा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा ६ देखि ८), माध्यमिक तह (कक्षा ९ देखि १०) र माध्यमिक तह (कक्षा ११ देखि १२) मा क्रमशः ९१, ११३ र १३५ रहेको देखिएको छ । शैक्षिक सत्र २०७७ मा विद्यालय विद्यार्थी अनुपात र शिक्षक विद्यार्थी अनुपात प्रदेशगत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३८: विद्यालय विद्यार्थी अनुपात र शिक्षक विद्यार्थी अनुपातको प्रदेशगत विवरण, २०७७**

| प्रदेश | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | माध्यमिक तह (कक्षा ९-१०) | माध्यमिक तह (कक्षा ११-१२) | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | माध्यमिक तह (कक्षा ९-१०) | माध्यमिक तह (कक्षा ११-१२) |
| प्रदेश नं.१ | ६९ | १०० | ११२ | १३६ | १९ | ४२ | ३८ | ८१ |
| प्रदेश नं.२ | १९१ | १९८ | २०८ | १५६ | ५० | ९७ | ७० | ११८ |
| बागमती | ६९ | ८८ | ८४ | १०७ | १८ | ३९ | ३१ | ७५ |
| गण्डकी | ४९ | ८० | ८१ | १०६ | १३ | ३३ | २७ | ५५ |
| लुम्विनी | १०३ | १२८ | १२७ | १५६ | ३० | ६५ | ४९ | ८५ |
| कर्णाली | ८५ | ११५ | १२० | १९२ | ३१ | ७० | ६१ | ९१ |
| सुदूरपश्चिम | ९१ | ११५ | १२१ | १३९ | ३१ | ६५ | ५३ | ५३ |
| **जम्मा** | **९१** | **११३** | **११५** | **१३५** | **२६** | **५३** | **४३** | **७५** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

तालिका नं.३८ अनुसार विद्यालय विद्यार्थी अनुपात हरेक तहमा सबैभन्दा बढी प्रदेश नं.२ मा र सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको देखिन्छ । यसले यी दुवै प्रदेशमा विद्यालयको प्रभावकारी पुर्नवितरण हुनु पर्ने संकेत गर्दछ । त्यसैगरी शिक्षक विद्यार्थी अनुपातको हकमा सबैभन्दा बढी प्रदेश नं.२ मा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा रहेको देखिन्छ । यसर्थ, प्रदेश नं.२ मा शिक्षाको प्रभावकारिता अभिवृद्धिमा थप प्रयास गर्नुपर्ने देखिएको छ ।

शैक्षिक सत्र २०७७ मा आधारभूत तह कक्षा १ देखि ५ (५-९ वर्ष उमेर समूहका विद्यार्थी) को खुद भर्नादर ९७.४ प्रतिशत, आधारभूत कक्षा १ देखि ८ (५-१२ वर्ष उमेरसमूह) को ९४.७ प्रतिशत र माध्यमिक तह कक्षा ९ देखि १२ (१३ देखि १६ वर्ष उमेर समूह) को ५१.२ प्रतिशत रहेको छ । कक्षा (९-१०) सम्म ७०.८ प्रतिशत रहेको खुद भर्नादर कक्षा (११-१२) मा ठुलो गिरावट आई ३१.५ प्रतिशत रहेको छ । यसबाट तोकिएकै उमेरमा अध्ययनलाई निरन्तरता दिने विद्यार्थीको संख्या न्यून रहेको देखिन्छ। शैक्षिक सत्र २०७७ मा विद्यालयको तह अनुसार कुल तथा खुद भर्नादर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३९: विद्यालय तह अनुसार कुल तथा खुद भर्नादर, २०७७**

| विद्यालय तह | कुल भर्नादर | | | खुद भर्नादर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | ११८.९ | ११७.४ | ११८.२ | ९६.९ | ९७.८ | ९७.४ |
| आधारभूत तह (कक्षा ६-८) | १०९.२ | १०७.१ | १०८.२ | ९१.२ | ९२.६ | ९१.९ |
| आधारभूत तह (कक्षा १-८) | ११४.१ | ११२.३ | ११३.२ | ९४.१ | ९५.२ | ९४.७ |
| माध्यमिक तह (कक्षा ९-१०) | ९७.६ | ९६.२ | ९६.९ | ७१.१ | ७०.५ | ७०.८ |
| माध्यमिक तह (कक्षा ११-१२) | ५६.१ | ५३ | ५४.६ | ३१.७ | ३१.३ | ३१.५ |
| माध्यमिक तह (कक्षा ९-१२) | ७६.९ | ७४.६ | ७५.७ | ५१.४ | ५०.९ | ५१.२ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

शैक्षिक सत्र २०७७ मा प्रदेशगत रूपमा हेर्दा आधारभूत तह (कक्षा १-५) को भर्नादर सबै प्रदेशमा ९७.४ प्रतिशत भन्दा माथि रहेको छ। आधारभूत तह (कक्षा ६-८) मा औसत खुद भर्नादर ९१.९ प्रतिशत रहेको र प्रदेश नं.२ मा यस्तो दर ७४.७ प्रतिशत मात्र रहेकोले यस प्रदेशमा तोकिएको उमेर समूहमा कक्षा ६ देखि ८ पढ्ने विद्यार्थी कम रहेको देखिएको छ। लुम्बिनी र कर्णाली प्रदेशमा पनि यस्तो भर्नादर क्रमशः ९३.८ प्रतिशत र ९२.५ प्रतिशत रहेकोले विद्यार्थी टिकाइराख्न थप मेहनत र कुशलतापूर्वक कार्य गर्नुपर्ने देखिएको छ।

**तालिका नं. ४०: प्रदेशगत रूपमा विद्यालय तहको खुद भर्नादर, २०७७**

| तह/प्रदेश | | प्रदेश-१ | प्रदेश-२ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | छात्रा | ९६.९ | ९६.७ | ९६.८ | ९६.९ | ९६.९ | ९७ | ९७.१ | ९६.९ |
| | छात्र | ९८ | ९७.५ | ९७.७ | ९७.९ | ९८ | ९८.१ | ९८.३ | ९७.९ |
| | **जम्मा** | **९७.४** | **९७.१** | **९७.२** | **९७.४** | **९७.४** | **९७.५** | **९७.७** | **९७.४** |
| आधारभूत (६-८) | छात्रा | ९४ | ८०.३ | ९५ | ९५.७ | ९० | ९३ | ९४.७ | ९१.८ |
| | छात्र | ९४.९ | ८४.३ | ९४.९ | ९५.९ | ९१.७ | ९४.६ | ९५.३ | ९३.१ |
| | **जम्मा** | **९४.४** | **८२.३** | **९५** | **९५.८** | **९०.८** | **९३.८** | **९५** | **९२.४** |
| माध्यमिक (९-१०) | छात्रा | ७७.४ | ६०.१ | ७७.२ | ७४.८ | ६८.९ | ६७.९ | ७२.१ | ७१.२ |
| | छात्र | ७४.७ | ६६ | ७३.९ | ७४.६ | ६६.४ | ६५.१ | ७२.३ | ७०.४ |
| | **जम्मा** | **७६** | **६३** | **७५.५** | **७४.७** | **६७.७** | **६६.५** | **७२.२** | **७०.८** |
| माध्यमिक (११-१२) | छात्रा | ३३.९ | २८.५ | ३५.७ | ३२ | २९.९ | २८ | ३३.२ | ३१.६ |
| | छात्र | ३२.५ | २८.१ | ३२.३ | ३०.४ | २९.७ | ३०.९ | ३६.४ | ३१.५ |
| | **जम्मा** | **३३.२** | **२८.३** | **३४** | **३१.२** | **२९.८** | **२९.५** | **३४.८** | **३१.५** |
| माध्यमिक (९-१२) | छात्रा | ५५.७ | ४४.३ | ५६.४ | ५३.४ | ४९.४ | ४८ | ५२.६ | ५१.४ |
| | छात्र | ५३.६ | ४७ | ५३.१ | ५२.५ | ४८ | ४८ | ५४.३ | ५०.९ |
| | **जम्मा** | **५४.६** | **४५.७** | **५४.८** | **५२.९** | **४८.७** | **४८** | **५३.५** | **५१.२** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

तालिका ४० बाट आधारभूत तहको भर्नाको राष्ट्रिय दर २०७७ सालको शैक्षिक सत्रमा ९७.४ रहेको छ र प्रायः सबै प्रदेशको भर्नादर उत्साजनक नै देखिन्छ। यस दरमध्ये सबभन्दा बढी (९७.७%) सुदूरपश्चिम प्रदेशमा र सबभन्दा कम प्रदेश-२ मा ९७.१ देखिएको छ। यसैगरी माध्यमिक तहमा (कक्षा ९-१२) राष्ट्रिय भर्नादर ५१.२ प्रतिशत रहेकोमा सबभन्दा बढी (५४.८%) बागमती प्रदेशमा र सबभन्दा कम (४५.७%) प्रदेश-२ मा देखिएको छ। सामान्यतयाः प्रदेश-२ भौगोलिक सुगमता, कृषि तथा आर्थिक दृष्टिकोणबाट सवल भएता पनि विशेषगरी विद्यालय शिक्षामा सुधारका लागि थप प्रयास हुनुपर्ने देखिएको छ। लैङ्गिक दृष्टिकोणबाट आधारभूत तह (१-५)मा सबै प्रदेशमा छात्रको भन्दा छात्राको भर्नादर कम भएको देखिन्छ। माध्यमिक तहमा (कक्षा ९-१२) प्रदेश नं.२ र सुदूरपश्चिम प्रदेशमा बाहेक अन्य प्रदेशमा छात्राको भर्नादर बढी देखिन्छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७७ को प्रतिवेदन अनुसार विद्यालयमा विद्यार्थीको टिकाउ दरको सम्बन्धमा अघिल्लो शैक्षिक सत्रमा भन्दा सुधार भएको छ। जसमा कक्षा ५ सम्मको टिकाउ दर ९३ बाट ९३.३ प्रतिशत (बालक ९३ र बालिका ९३.८), कक्षा ८ सम्मको टिकाउ दर ७९.३ बाट ८२.२ प्रतिशत (बालक ८१.५ र बालिका ८२.९), कक्षा १० सम्मको टिकाउ दर ६०.३ बाट ६४.६ प्रतिशत (बालक ६३.९ र बालिका ६५.३) र कक्षा १२ सम्मको टिकाउ दर २४.० बाट ३०.७ प्रतिशत (बालक ३०.० र बालिका ३१.५) रहेको देखिएको छ।

विद्यालय स्तरमा विद्यार्थीले कक्षा दोहोऱ्याउने र विभिन्न कारणले कक्षा छाड्ने गरेको समेत तथ्याङ्कले देखाउँदछ। शैक्षिक सत्र २०७५ सालदेखि २०७७ सालसम्म विद्यार्थीको कक्षा उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र बीचैमा विद्यालय छोड्ने दर तलको तालिकामा दिइएको छ।

**तालिका नं. ४१: उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर, २०७७**

| कक्षा तह | कक्षा उत्तीर्ण दर | | | दोहोऱ्याउने दर | | | विद्यालय छाड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **शैक्षिक सत्र २०७५** | | | | | | | | | |
| प्राथमिक (१-५) | ८९.७ | ८८.८ | **८९.३** | ६.७ | ७.२ | **७.०** | ३.६ | ४.० | **३.८** |
| आधारभूत (६-८) | ९२.९ | ९१.७ | **९२.३** | ३.५ | ४.० | **३.८** | ३.६ | ४.३ | **३.९** |
| माध्यमिक (९-१०) | ९४.२ | ९३.६ | **९३.९** | ३.५ | ३.६ | **३.६** | २.३ | २.८ | **२.६** |
| **शैक्षिक सत्र २०७६** | | | | | | | | | |
| आधारभूत (१-५) | ९०.७ | ८९.४ | **९०.०** | ६.१ | ६.६ | **६.४** | ३.३ | ४.१ | **३.६** |
| आधारभूत (६-८) | ९३.१ | ९१.९ | **९२.५** | ३.६ | ४.० | **३.८** | ३.३ | ४.१ | **३.८** |
| माध्यमिक (९-१०) | ९५.५ | ९५.० | **९५.३** | २.० | २.० | **२.०** | २.५ | ३.० | **२.८** |
| **शैक्षिक सत्र २०७७** | | | | | | | | | |
| आधारभूत (१-५) | ९३.६ | ९२.८ | **९३.२** | ३.२ | ३.४ | **३.३** | ३.२ | ३.८ | **३.५** |
| आधारभूत (६-८) | ९३.६ | ९२.८ | **९३.२** | ३.२ | ३.४ | **३.३** | ३.२ | ३.८ | **३.५** |
| माध्यमिक (९-१०) | ९५.७ | ९५.३ | **९५.५** | १.८ | १.८ | **१.८** | २.४ | २.९ | **२.७** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिका अनुसार गत शैक्षिक सत्रमा भन्दा २०७७ सालमा कक्षा उत्तीर्ण दर आधारभूत र माध्यमिक सबै तहमा बढेको देखिएको छ। कक्षा दोहोऱ्याउने दर गत वर्षको तुलनामा २०७७ सालमा सबै तहमा घटेको छ। शैक्षिक सत्रको बिचैमा पढाई छाड्ने दरमा सामान्य सुधार भएको देखिएको छ।

**ग. दलित र जनजाति बालबालिका:**

२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्यामध्ये दलित १३.६ प्रतिशत र जनजाति

३७.२ प्रतिशत रहेको छ । प्राथमिक, निम्नमाध्यमिक, आधारभूत र माध्यमिक तहमा शैक्षिक सत्र २०७५ देखि २०७७ सालमा अध्ययनरत कुल बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको प्रतिशत तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ४२: शैक्षिक तह अनुसार कुल विद्यार्थीमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७५ – २०७७**

| साल | २०७५ | | २०७६ | | २०७७ | |
|---|---|---|---|---|---|---|
| शैक्षिकतह | दलित % | जनजाति % | दलित % | जनजाति % | दलित % | जनजाति % |
| आधारभूत (१-५) | १९.९ | ३४.२ | १९.५ | ३३.७ | १९.६ | ३४.३ |
| आधारभूत (६-८) | १५.६ | ३७.८ | १५.६ | ३७.६ | १५.६ | ३८ |
| आधारभूत (१-८) | १८.५ | ३५.४ | १८.२ | ३५.० | १८.२ | ३४.८ |
| माध्यमिक (९-१०) | १२.४ | ३९.८ | १२.३ | ३७.६ | १२.६ | ३८.३ |
| माध्यमिक (११ -१२) | ६.९ | २३.१ | ८.७ | ३८.१ | ९.८ | ३८.५ |
| माध्यमिक(९ -१२) | १०.४ | ३३.५ | १०.९ | ३७.८ | ११.६ | ३८.२ |
| **कक्षा १–१२ सम्म** | १६.६ | ३५.० | १६.४ | ३५.६ | १६.६ | ३५.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिकाबाट कुल तहगत कुल विद्यार्थीको संख्यामा दलित तथा जनजाति बालबालिकाको प्रतिशत आधारभूत तहसम्म थोरैले कमी हुन आएको छ भने माध्यमिक तहमा केही सुधार भएको देखिएको छ । कुल जनसंख्यामा दलित र जनजाति समुदायको प्रतिशतभन्दा विद्यालय तहमा रहेका कुल विद्यार्थीमा उक्त समूहका बालबालिकाको प्रतिशत केही कम रहेको देखिएको छ ।

२०७७ सालमा प्रदेशगत विद्यालयको विभिन्न तहमा (कक्षा १-१२) भर्ना भएका कुल विद्यार्थीमध्ये दलित र जनजाति समूहका बालबालिका क्रमशः १६.६ र ३५.६ प्रतिशत देखिएको छ । विद्यालय तह अनुसार दलित र जनजाति समूहका विद्यार्थीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४३: विद्यालयमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको प्रदेशगत विवरण, २०७७**

| प्रदेश | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | ७६,४८८ | ७३,५२८ | १५०,०१६ | ३१९,८०३ | ३०४,७४७ | ६२४,५५० |
| २ | १३१,७१६ | १३५,१३१ | २६६,८४७ | १११,८९९ | १०३,७६५ | २१५,६६४ |
| बागमती | ४९,२४१ | ४८,३८२ | ९७,६२३ | ३५८,२०३ | ३६३,४४२ | ७२१,६४५ |
| गण्डकी | ६३,६४५ | ६१,९४५ | १२५,५९० | १२१,७१८ | १२३,३६४ | २४५,०८२ |
| लुम्बिनी | १०७,४२४ | १०७,५५६ | २१४,९८० | २५६,३०४ | २५१,८२१ | ५०८,१२५ |
| कर्णाली | ७५,८९० | ७१,२१६ | १४७,१०६ | ३६,७१८ | ३४,०५० | ७०,७६८ |
| सुदूरपश्चिम | ८९,७२१ | ८३,७८० | १७३,५०१ | ७१,२३५ | ६४,७७७ | १३६,०१२ |
| **जम्मा** | **५९४,१२५** | **५८१,५३८** | **१,१७५,६६३** | **१,२७५,८८०** | **१,२४५,९६६** | **२,५२१,८४६** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिकाबाट प्रदेशगत रूपमा दलित विद्यार्थीको संख्या सबभन्दा बढी प्रदेश-२ मा र सबभन्दा कम बागमती प्रदेशमा देखिएको छ भने जनजाति विद्यार्थीको संख्या सबभन्दा बढी बागमती प्रदेश र सबभन्दा कम कर्णाली प्रदेशमा देखिएको छ । प्रदेशगत दलित र जनजातिको कुल जनसंख्यामा उक्त समुदायका विद्यार्थीको शिक्षामा पहुँचबारे थप अध्ययन हुन जरुरी देखिन्छ ।

**घ. अपाङ्गता भएका बालबालिकाः**

नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ । नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ । अपाङ्गता अन्तर्गत मूलतः शारीरिक, बौद्धिक, श्रवण, दृष्टी, स्वर बोलाइ लगायतका अवस्था भएका बालबालिका विद्यालय तहमा अध्ययनरत छन् । आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार २०७७ सालको शैक्षिक सत्रमा आधारभूत तह तथा माध्यमिक तहतर्फ आवासीय एवम् ग्रैह्रआवासीय छात्रवृत्तिमार्फत ५२,६०३ जना अपाङ्गता भएका बालबालिकालाई विद्यालय शिक्षामा समावेश गरिएका छन् ।

शिक्षा तथा मानव विकास स्रोत केन्द्रको २०७७ सालको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०७७ सालमा कक्षा १-१२ सम्म भर्ना भएका अपाङ्गता भएका विद्यार्थीहरू जम्मा ६२,४३६ रहेको देखिएको छ । यो संख्या गत शैक्षिक सत्रमा भन्दा ३८९ ले बढी हुन आउँछ । राष्ट्रिय जनगणना, २०६८ अनुसार कुल जनसंख्यामा अपाङ्गता भएका व्यक्ति १.९४ प्रतिशत रहेको पृष्ठभूमिमा विद्यालय स्तरको शिक्षामा ०.८८ प्रतिशत अपाङ्गता भएका बालबालिकाको पहुँच रहेको छ । अपाङ्गताको प्रकारको आधारमा सबैभन्दा धेरै क्रमशः शारीरिक अपाङ्गता भएका ३७,३१३ जना, बौद्धिक अपाङ्गता भएका ६,६६६ जना, श्रवण कमजोर भएका ६१९८ जना, न्यून दृष्टी भएका ५,४५५ जना स्वर बोलाइ कमजोर भएका ३७४८ जना छन् भने दृष्टीविहीन २,०४२ र श्रवण र दृष्टी दुवैविहीन भएका १९७ जना रहेका छन् । यस समूहका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न ३३ विशेष विद्यालय, २३ एकीकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्था रहेको जानकारी रहेको छ भने दृष्टि सम्बन्धी अपाङ्गता भएकाका लागि निःशुल्क रूपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने तथा साङ्केतिक भाषा एवम् अन्य सिकाइ सामग्री विकास एवम् वितरण गर्ने कार्यक्रम सञ्चालन भएका छन् । विद्यालय शिक्षामा अपाङ्गता भएका बालबालिकाको पहुँच बढाउन थप प्रयास हुन जरुरी छ । शैक्षिक सत्र २०७७ मा कक्षा १ देखि १२ सम्म भर्ना भएका अपाङ्गता भएका बालबालिकाको प्रदेश अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४४: कक्षा १ देखि १२ कक्षा सम्म अपाङ्गता भएका बालबालिकाको प्रदेश अनुसार भर्ना विवरण, २०७७**

| प्रदेश | अपाङ्गताको मुख्य प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | बौद्धिक | श्रवण | दृष्टी | न्यून दृष्टी | श्रवण र दृष्टी | स्वरबोलाइ | बहु अपाङ्गता | जम्मा |
| १ | ४,५४८ | ११९९ | १४२२ | ३०८ | ६९२ | २६ | ६२९ | १३० | **८,९५४** |
| २ | १,१३५ | ५०६ | ५७७ | ३३५ | १९८ | १२ | १५६ | २३ | **२,९४२** |
| बागमती | ५,४७६ | ११९३ | १०५४ | ३०५ | ९३७ | ३४ | १००५ | १०६ | **१०,११०** |
| गण्डकी | २,८४९ | ८४८ | ९६५ | २४० | ७५२ | १० | ४२३ | ६८ | **६,१५५** |
| लुम्बिनी | १२,३४५ | १४६२ | ८८६ | २६७ | ८७५ | २७ | ५६६ | ३२४ | **१६,७५२** |
| कर्णाली | ५,८४६ | ५९३ | ४४० | २७९ | ५७० | ४६ | ४०२ | १०६ | **८,२८२** |
| सुदूरपश्चिम | ५,११४ | ८६५ | ८५४ | ३०८ | १४३१ | ४२ | ५६७ | ६० | **९,२४१** |
| **जम्मा** | **३७,३१३** | **६६६६** | **६१९८** | **२०४२** | **५४५५** | **१९७** | **३७४८** | **८१७** | **६२,४३६** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

तालिका नं. ४४ अनुसार शैक्षिक सत्र २०७७ मा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १६ हजार ७ सय ५२ र सबैभन्दा कम प्रदेश नं.२ मा २ हजार ९ सय ४२ जना अपाङ्गता भएका बालबालिका कक्षा १ देखि १२ सम्म भर्ना भएका छन् ।

शैक्षिक सत्र २०७७ मा देशभर सामुदायिक विद्यालयमा २ लाख ३० हजार १ सय १० (महिला ८४ हजार ४१ जना र पुरुष १ लाख ४६ हजार ६९ जना) र संस्थागत विद्यालयमा ९० हजार ४ सय ६६ (महिला ४२ हजार ७ सय २४ र पुरुष ४७ हजार ७ सय ४२ जना) गरी जम्मा ३ लाख २० हजार ५ सय ७६ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये पुरुष ६०.५ प्रतिशत र महिला ३९.५ प्रतिशत रहेका छन् । विद्यालय तह र प्रकार अनुसार शिक्षकहरूको विवरण तथा लैङ्गिक समता सूचकाङ्क तलको तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४५: सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण, २०७७**

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | ६६५४७ | ८३६४६ | २८९०३ | २२२०० | ९५४५० | १०५८४६ | २०१२९६ |
| आधारभूत तह (कक्षा ६-८) | ९६२९ | २८९८९ | ८४७५ | ८७८८ | १८१०४ | ३७७७७ | ५५८८१ |
| माध्यमिक तह (कक्षा ९-१०) | ५१६५ | २२१५७ | ४४९७ | १२६२७ | ९६६२ | ३४७८४ | ४४४४६ |
| माध्यमिक तह (कक्षा ११-१२) | २७०० | ११२७७ | ८४९ | ४१२७ | ३५४९ | १५४०४ | १८९५३ |
| **जम्मा** | **८४०४१** | **१४६०६९** | **४२७२४** | **४७७४२** | **१२६७६५** | **१९३८११** | **३२०५७६** |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

**तालिका नं. ४६: विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक विवरण, २०७७**

| तह | सामुदायिक विद्यालयमा कार्यरत शिक्षक | | | संस्थागत विद्यालयमा कार्यरत शिक्षक | | | कुल शिक्षक संख्यामा लैङ्गिक समता सूचकांक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | लैङ्गिक समता सूचकाङ्क | महिला | पुरुष | लैङ्गिक समता सूचकाङ्क | महिला | पुरुष | लैङ्गिक समता सूचकाङ्क |
| आधारभूत तह (कक्षा १-५) | ४४.३ | ५५.७ | ०.८ | ५६.६ | ४३.४ | १.३ | ४७.४ | ५२.६ | ०.९ |
| आधारभूत तह (कक्षा ६-८) | २४.९ | ७५.१ | ०.३३ | ४९.१ | ५०.९ | ०.९६ | ३२.४ | ६७.६ | ०.४८ |
| आधारभूत तह (कक्षा १-८) | ४०.३ | ५९.७ | ०.६८ | ५४.७ | ४५.३ | १.२१ | ४४.२ | ५५.८ | ०.७९ |
| माध्यमिक तह (कक्षा ९-१०) | १८.९ | ८१.१ | ०.२३ | २६.३ | ७३.७ | ०.३६ | २१.७ | ७८.३ | ०.२८ |
| माध्यमिक तह (कक्षा ११-१२) | १९.३ | ८०.७ | ०.२४ | १७.१ | ८२.९ | ०.२१ | १८.७ | ८१.३ | ०.२३ |
| माध्यमिक तह (कक्षा ९-१२) | १९ | ८१ | ०.२४ | २४.२ | ५७.८ | ०.३२ | २०.८ | ७९.२ | ०.२६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७७*

माथिको तालिका अनुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षक भन्दा संस्थागत विद्यालयमा कार्यरत शिक्षकको आधारभूत तथा माध्यमिक तहमा लैङ्गिक समता सूचकांक बढी देखिन्छ । साथै माथिल्लो तहमा लैङ्गिक समता सूचकाङ्कमा भारी अन्तर देखिन्छ । यद्यपि, गत शैक्षिक सत्रमा भन्दा यो सत्रमा हरेक तहको लैङ्गिक सूचकांकमा सुधार आएको छ ।

(ङ) **माध्यमिक शिक्षा परीक्षा (एसइइ)**

शैक्षिक सत्र २०७६ को माध्यमिक शिक्षा परीक्षा (एसइइ) कोभिड-१९ को कारण राष्ट्रिय परीक्षा बोर्डले तोकेको मितिमा सञ्चालन हुन नसकेको हुँदा शिक्षा ऐन बमोजिम आदेश जारी गरी उक्त परीक्षा विद्यालयबाट नै सञ्चालन गर्ने व्यवस्था गरिएको थियो । परीक्षामा २ लाख ४३ हजार ७ सय ३३ छात्रा र २ लाख ३ ९ हजार २ सय ३१ छात्र गरी कुल ४ लाख ८२ हजार ९ सय ८३ जना विद्यार्थीहरू सहभागी भएका थिए ।

**तालिका नं. ४७: माध्यमिक शिक्षा परीक्षामा ग्रेड र प्रदेश अनुसार विद्यार्थी विवरण**

| प्रदेश/ग्रेड | प्रदेश नं.१ | प्रदेश नं.२ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **ग्रेड समूह** | | | | | | | | |
| NA | २२५३ | ४०२३ | १२७९ | ९६२ | २६९९ | २८०२ | ४१०८ | १८१२६ |
| ०.८०–१.१९ | ४ | ० | २ | १ | २ | ० | ३ | १२ |
| १.२०–१.५९ | १७८ | ४६ | २२ | ९ | १३५ | ९ | १४० | ५३९ |
| १.६०–१.९९ | ४७७४ | १००२ | १७१७ | ११६३ | ३४८४ | ११८९ | ३७५२ | १७०८१ |
| २.००–२.३९ | १६७६९ | ९१४० | १०९९५ | ६७६३ | १६०८७ | ६६३७ | १३०१३ | ७९४०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४०–२.७९ | १९८८३ | १८६५१ | १९१४३ | १११२० | २११३६ | १२२९८ | १५२६८ | ११७४९९ |
| २.८०–३.१९ | १५४८६ | १६८६० | १९५८३ | १००७७ | १५५५७ | ७६९४ | ९७४६ | ९५००३ |
| ३.२०–३.५९ | १२७२५ | १२६२२ | २१९९२ | ८८०५ | ११९६७ | ३६०४ | ५४३५ | ७७१५० |
| ३.६०–४.०० | ११९८२ | ११८२५ | २९०४२ | ८५७४ | १०६९९ | २४९० | ३५५७ | ७८१६९ |
| **जम्मा** | ८४०५४ | ७४१६९ | १०३७७५ | ४७४७४ | ८१७६६ | ३६७२३ | ५५०२२ | ४८२९८३ |

*स्रोतः परिक्षा नियन्त्रण कार्यालय, २०७७ तथा आर्थिक सर्वेक्षण, २०७८*

शैक्षिक सत्र २०७७ मा कक्षा १२ को परीक्षामा कुल ३ लाख १० हजार ३ सय १६ छात्रछात्रा सहभागी भएकोमा छात्र संख्या १ लाख ४८ हजार ४ सय र छात्रा संख्या १ लाख ६१ हजार ९ सय १६ रहेका छन् । यस वर्षदेखि कक्षा ११ को परीक्षा विद्यालयबाट नै सञ्चालन भएको छ ।

**तालिका नं. ४८ : माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२), २०७७**

| **औषत स्तरीकृत अङ्क (GPA)** | **जम्मा** |
|---|---|
| ० देखि ०.८० सम्म | १८८३९ |
| ०.८१ देखि १.२० सम्म | ४ |
| १.२१ देखि १.६० सम्म | ३३३ |
| १.६१ देखि २.०० सम्म | ७१६४ |
| २.०१ देखि २.४० सम्म | ५२४२७ |
| २.४१ देखि २.८० सम्म | १०९३१२ |
| २.८१ देखि ३.२० सम्म | ७६८४१ |
| ३.२१ देखि ३.६० सम्म | ३८४८० |
| ३.६१ देखि ४.० सम्म | ६९१९ |
| **जम्मा** | **३१०३१६** |

*आर्थिक सर्वेक्षण, २०७८*

## ४.४ निष्कर्ष

प्रारम्भिक बाल विकास केन्द्र गत सत्रमाभन्दा यस सत्रमा २६२ वटा थपिएको छ भने गत सत्रभन्दा यस सत्रमा १ प्रतिशत बढी बालबालिका भर्ना भएका छन् । यसैगरी कुल भर्ना दरमा १.२ प्रतिशतले वृद्धि भएको छ । शैक्षिक सत्र २०७६ मा विद्यालय तह अनुसारको भर्ना दरमा आधारभूत तह (कक्षा १-५) मा ९७.१, आधारभूत तहमा ९३.४, माध्यमिक तह कक्षा ९-१० मा ६९.० र माध्यमिक तह कक्षा ११-१२ मा ४७.६ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७७ मा प्राथमिक तहमा ९७.४,आधारभूत तहमा ९४.७, कक्षा ९-१० मा ७०.८ र कक्षा ११-१२ मा ३१.५ प्रतिशत रहेको देखिएको छ । यस सत्रमा पनि लैङ्गिक समता सूचक आधारभूत तहमा ०.९९ र माध्यमिक तहमा १.०१ कायम नै

रहेको छ। विद्यालयमा विद्यार्थीको टिकाउ दरको सम्बन्धमा अघिल्लो शैक्षिक सत्रमा भन्दा २०७७ सालमा टिकाउ दरमा सुधार भएको छ। जसमा कक्षा ५ सम्मको टिकाउ दर ९३ बाट ९३.३ प्रतिशत (बालक ९३ र बालिका ९३.८), कक्षा ८ सम्मको टिकाउ दर ७९.३ बाट ८२.२ प्रतिशत (बालक ८१.५ र बालिका ८२.९), कक्षा १० सम्मको टिकाउ दर ६०.३ बाट ६४.६ प्रतिशत (बालक ६३.९ र बालिका ६५.३) र कक्षा १२ सम्मको टिकाउ दर २४.० बाट ३०.७ प्रतिशत (बालक ३०.० र बालिका ३१.५) रहेको देखिएको छ।

शैक्षिक सत्र २०७७ सालमा कक्षा १-१२ सम्म भर्ना भएका अपाङ्गता भएका विद्यार्थीहरू जम्मा ६२,४३६ रहेको देखिएको छ जुन संख्या गत शैक्षिक सत्रमा भन्दा ३८९ ले बढी हुन आउँछ। यस समूहका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न ३३ विशेष विद्यालय, २३ एकीकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्था रहेको छ। विद्यालय शिक्षामा दलित तथा जनजाति बालबालिकाको प्रतिशतमा सामान्य सुधार आई क्रमशः १५.७ र ३५.६ प्रतिशत रहन गएको छ। अपाङ्गता भएका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढेको देखिएको छ। महिला शिक्षिकाको प्रतिशतमा सामान्य वृद्धि भएको छ। बालबालिकाको शिक्षा स्थिति सुधार गर्न नेपालका तीनै तहका सरकारहरू प्रयासरत रहेका छन्। यस प्रयासमा विकास साझेदार, गैरसरकारी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवालाहरू समेतको सहयोग रहेको छ। समग्रमा, विद्यालय शिक्षामा सुधार आएको देखिएको छ।

यद्यपि, प्राथमिक तहमा बालबालिकाको पहुँच अभिवृद्धि गर्नु, विशेष गरी बालिकाले विद्यालय छाड्ने दरमा सुधार ल्याउनु, प्रारम्भिक बाल विकास केन्द्र तथा विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा सुधार ल्याउनु, गरिबी, भौगोलिक विकटता, परिवारबाट परितत्यक्त तथा अपहेलित, अपाङ्गता लगायतका कारण विद्यालयबाहिर परेका बालबालिकाको शिक्षामा पहुँच बढाउनु, विद्यालय खुल्ने सबै दिनहरूमा नियमित पठनपाठन हुनु, विद्यालयमा विद्यार्थीको सिकाइ स्तर वृद्धि गर्नुजस्ता विषयहरूमा सुधार हुन तीनै तहका सरकार, विकास साझेदार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा परिवारबाट थप प्रयास गर्न जरुरी छ।


5965

# परिच्छेदः ५

# बालबालिकाको संरक्षण सम्बन्धी अधिकार

## ५.१ बालबालिकाको संरक्षण सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

### ५.१.१ नेपालको संविधानमा बाल संरक्षण

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै बाल संरक्षणलाई उच्च प्राथमिकतामा राखेको छ । संविधानको धारा ३९ को उपधारा (१), (४), (५), (६), (७) मा कुनै पनि बालबालिकालाई हिंसा, शोषण, दुर्व्यवहार, विभेदबाट संरक्षणको अधिकार सुनिश्चित गरेको छ । संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हकको व्यवस्था गर्नुका साथै कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन, बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न, घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन निषेध गरेको छ । यसैगरी उपधारा (९) ले विशेष प्रकृतिका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने अधिकार समेत सुनिश्चित गरेको छ । बालश्रमको अन्त्य गर्ने राज्यको नीति रहने तथा बालबालिकाको उच्चतम हितलाई संवैधानिक मान्यता प्रदान गरेको छ ।

यस अतिरिक्त संविधानका धारा १८ समानताको हक, धारा २० न्याय सम्बन्धी हक, धारा २९ शोषण विरुद्धको हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धारा ४० दलितको हक, धारा ४२ सामाजिक न्यायको हक, धारा ४३ सामाजिक सुरक्षाको हक बालबालिकाको संरक्षणका लागि पनि आकर्षित हुन्छन् ।

### ५.१.२ मुलुकी देवानी संहिता ऐन, २०७४ मा बाल संरक्षण

मुलुकी देवानी संहिता ऐन, २०७४ मा बाल संरक्षण सम्बन्धी व्यवस्थाहरू उल्लेख भएका छन् । दफा २ मा“नाबालक” भन्नाले अठार वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ भनी

परिभाषित गरिएको छ । दफा १३ मा दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने व्यवस्था छ । दफा २८ मा बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने व्यवस्था छ भने धारा ३१ मा प्रत्येक व्यक्तिलाई जन्मनासाथ नामको अधिकार हुने र आफ्नो नामको सम्मानजनक तवरले उपयोग गर्न पाउने व्यवस्था उल्लेख छ । यसैगरी दफा ४५ मा उमेर अनुसार बालबालिकालाई हुने सजाय, दफा ७० मा बीस वर्ष उमेर पूरा भएमा मात्र विवाह हुन सक्ने व्यवस्था गरिएको छ भने दफा १७१ मा आमा बाबुले आफ्नो छोरा, छोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोरा वा छोरीको आधारमा वा छोरा छोरा वा छोरी छोरी बीच कुनै किसिमले भेदभाव गर्न नहुने व्यवस्था छ । यसैगरी दफा १७३ मा बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने, त्यस्तो विवाह स्वतः बदर हुने र बाल विबाह गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको छ । यसका साथै, दफा २२५ मा कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रूपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वभाविक व्यवहार गरेमा बालयौन दुरूपयोग गरेको मानिने छ र बालयौन दुरूपयोगको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ ।

### ५.१.३ बालबालिका सम्बन्धी ऐन, २०७५ मा बाल संरक्षण

बालबालिकाको मौलिक हक कार्यान्वयनका लागि तर्जुमा गरिएको बालबालिका सम्बन्धी ऐन, २०७५ मा बाल संरक्षण सम्बन्धी देहायका व्यवस्थाहरू उल्लेख गरिएको छ ।

**दफा (५) भेदभाव बिरुद्धको अधिकार** :

(१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गरिने छैन ।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा छोरा वा छोरी छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्न हुँदैन ।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भए पछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।

**दफा** (६) **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार** :

(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बालअदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्ने छ । तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गर्नु हुदैन ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबुआमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बावु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।

(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ ।

**दफा** (७) **संरक्षणको अधिकार** :

(१) प्रत्येक बालबालिकालाई आफ्नो बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध बिच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा, छोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।

(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक

तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य तथा यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन ।

(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकुल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।

(९) चौध वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरी को रूपमा राख्नु हुँदैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्ने छन् ।

**दफा** (११) **गोपनीयताको अधिकार**:

यस दफा अन्तर्गत प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ । कसैले पनि बालबालिकाको गोपनीयताको अधिकार उंलङ्घन गर्न नहुने व्यवस्था छ । तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिने छ ।

**दफा** (१२) **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार** :

(१) अपाङ्गता भएका बलाबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ । प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुने छ ।

(२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने आत्म निर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा समानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनःस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुने छ ।

(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

**दफा** (१६) **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने** : यस दफा अन्तर्गत बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने र बालमैत्री भौतिक संरचनाको व्यवस्था गर्नुपर्ने जस्ता व्यवस्था छ ।

**दफा** (१७) **परिवार वा संरक्षकको दायित्व** : यस दफा अन्तर्गत बालबालिकाको हेरचाह, पालनपोषण, शिक्षा, स्वास्थ्य र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुने, बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु नहुने लगायतका व्यवस्था रहेको छ ।

**दफा** (१८) **राज्यको दायित्व** : विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ ।

**दफा** (१९) **सञ्चार क्षेत्रको दायित्व** : बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकुल नहुने गरी सूचना प्रकाशन वा प्रशारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

**दफा** (४८)**विशेष संरक्षणको आवश्यकता भएका बालबालिका** : यस दफा अन्तर्गत अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका, कानूनी विवादमा परेका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको शिशु, विभिन्न हिंसा वा दुर्व्यवहारका कारणले परिवारबाट अलग भएका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको श्रममा संलग्न रहेका, विभिन्न लागू औषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमण भएका, गम्भीर अपाङ्गताको जोखिममा रहेका, विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबु आमा दुवै वा आमा बाबु मध्ये एक गुमाएका, वेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका, विपन्न दलित लगायतका बालबालिका पर्दछन् ।

**दफा (४९): वैकल्पिक हेरचाहको व्यवस्था:** तोकिए बमोजिमका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि वैकल्पिक हेरचाहका विभिन्न स्वरूपहरूको व्यवस्था उल्लेख भएको छ।

**दफा (५७) बालसंरक्षण सम्बन्धी मापदण्ड:** विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नुपर्ने व्यवस्था रहेको छ।

**दफा ५९ देखि ६१ सम्म संरचनागत व्यवस्था: संघ, प्रदेश र स्थानीय तहमा** बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संरचनागत व्यवस्थाहरू दफा ५९ देखि दफा ६१ सम्म गरिएको छ।

**दफा (६६) बालबालिका विरुद्धका कसूरहरू र सजाय :** ऐनको यस दफाको उपदफा १, २ र ३ मा बालबालिका विरुद्धका विभिन्न कसूरहरू समावेश भएका छन्। दफा ७२ मा कसूरहरूको सजायँको व्यवस्था गरिएको छ।

### ५.१.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बाल संरक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (एकल अधिकार) अन्तर्गत उपदफा (२च ३) मा जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र वसाइँसराई दर्ता र पारिवारिक अभिलेखको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन गर्नुपर्ने, उपदफा (२त ५) मा सडक बालबालिका, अनाथ, असहाय, असक्त, र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने स्थानीय तहको अधिकारको व्यवस्था गरिएको छ। यसैगरी दफा ११ कै उपदफा (४छ १) मा घटना (जन्म, मृत्यु, विवाह, वसाइँसराई, सम्बन्ध विच्छेद व्यक्तिगत र धर्मपुत्र, धर्मपुत्रीको)दर्ता गर्ने तथा (४छ३) मा व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्ने अधिकार उल्लेख भएको छ।

यसैगरी दफा १२ वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा (२)(ग)(३०) मा वडा भित्र आर्थिक तथा सामाजिक रूपमा पछी परेका .......बालबालिकाको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, उपदफा (२)(ग)(३२) मा बालविवाह, बहु विवाह, लैङ्गिक हिंसा, छुवाछूत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बाल श्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्ने गराउने, उपदफा (२)(ग)(३६) मा सडक

बालबालिकाको उद्धार पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने कार्य वडा समितिको हुने व्यवस्था उल्लेख छ ।

यसैगरी दफा १२ को उपदफा (२)(ङ)(१९) मा संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने तथा (२)(ङ)(३०) मा असक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने अधिकार समेत वडा समितिको रहने व्यवस्था छ ।

यसैगरी दफा ४७ स्थानीय न्यायिक समितिको कार्य क्षेत्र (न्यायिक कार्य) अन्तर्गत उपदफा (१)(छ) मा नाबालक छोरा छोरी .......लाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षा नदिएको भन्ने विवाद् निरूपण गर्ने अधिकार न्यायिक समितिलाई हुने व्यवस्था छ ।

**५.१.५ बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बाल संरक्षण**

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ कार्यान्वयनमा रहेको छ । यस नीतिले सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्न पाउन सक्ने वातावरणको सिर्जना गर्ने दीर्घकालीन लक्ष्य लिएको छ । यस नीतिका निम्नानुसारका उद्देश्यहरू प्रत्यक्ष रूपमा बाल संरक्षणसँग सम्बन्धित रहेका छन्ः

१. सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,

२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,

३. बालबालिका प्रतिको विभेद अन्त्य गर्ने,

४. बालन्याय प्रणालीलाई सुदृढ गर्ने ।

यो नीतिमा संयुक्त राष्ट्रको बाल अधिकार सम्बन्धी महासन्धिका अधिकांश प्रावधानहरूलाई सम्बोधन गरिएका छन् । मुलुकमा संघीय संरचना लागू भइसकेको, र प्रदेश र स्थानीय सरकारले सक्रियताका साथ कार्य गर्न लागिसकेको सन्दर्भमा यस नीतिलाई पुनरावलोकन गरी नयाँ नीति तर्जुमा गर्नु आवश्यक देखिएको छ ।

**५.१.६ दीगो विकास लक्ष्यमा बाल संरक्षण**

विश्वभरका लागि तयार भएको दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू रहेका छन् । नेपालले आफ्नो आवश्यकताका

आधारमा २५७ वटा सूचकहरू थप गरी कुल ४९४ वटा सूचक तय गरेको छ। कुल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ११ वटा लक्ष्यहरू रहेका छन् । विस्तृत विवरण अनुसूची १० मा राखिएको छ। बाल संरक्षणसँग प्रत्यक्ष सम्बन्ध राख्ने लक्ष्यहरूमा लक्ष्य नं.५, ८, १०, १६ रहेका छन् । यी लक्ष्यहरूमा बालबालिका विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा, दुव्यर्वहार, शोषणको अन्त्य गर्ने विषयहरू समावेश गरिएका छन् ।

### ५.१.७ १५ औं आवधिक योजनामा बाल संरक्षण

पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा समुन्नत, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने राष्ट्रको रूपमा नेपाललाई स्थापित गराउने दीर्घकालीन सोच सहितको संकल्प २१०० समावेश भएको छ । उक्त संकल्पले समृद्धिका ४ वटा र सुखीका ६ वटा गरी जम्मा १० वटा सूचकहरू सहितको राष्ट्रिय लक्ष्य लिई **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय नारालाई समेत अघि सारेको छ। समृद्धिका ४ वटा सूचकहरूमध्ये मानव पूँजीको निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्दै समृद्धि हासिल गर्ने भन्ने राष्ट्रिय लक्ष्य तय हुनुले बालबालिकाको सर्वाङ्गीण विकासमा प्राथमिकता दिइएको एवम् सुखीका ६ वटा सूचकहरूमध्ये सुरक्षित सभ्य र न्यायपूर्ण समाज, परिष्कृत तथा मर्यादित जीवनसहितका सूचकहरू तय हुनुले बालबालिकाविरुद्ध हुने कुनै पनि हिंसा, दुर्व्यवहार, शोषण, हानि तथा जोखिमबाट संरक्षित समाजको परिकल्पना गरेको देखिएको छ।

पन्ध्रौं योजनाको परिच्छेद ७ को उप-शीर्षक ७ मा बालबालिका तथा किशोरकिशोरीको विषय समावेश भएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ। उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

यस योजनाको अन्त्यसम्ममा पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता १०० प्रतिशत पुऱ्याउने, कम तौल भएका बालबालिकाको प्रतिशत १५ सम्ममा झार्ने र मातृभाषामा पठनपाठन हुने विद्यालयको संख्या ३२४ (योजनाको सुरु वर्षमा २७०) पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ। यसैगरी, सरकारका तीनै तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी नीति, कानून, योजना तथा

कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने, बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने, बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भएको हुने, सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिका प्रतिको दायित्व अभिवृद्धि भएको हुने र बालबालिका खोजतलास नं.१०४ र बाल हेल्पलाइन नं.१०९८ प्रभावकारी रूपमा सञ्चालन भएको हुने जस्ता उपलब्धिहरू अपेक्षा गरेको छ।

## ५.२ बालबालिकाको संरक्षण सम्बन्धी सेवा प्रवाह

### ५.२.१ जन्मदर्ता

नेपालको संविधानको धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित जन्म दर्ताको हक हुने, बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नुपर्ने, जवरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्म दर्ता गरिदिनु पर्ने, बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने, आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न नहुने जस्ता बालबालिकाको पहिचान सम्बन्धी कानूनी व्यवस्था भएको छ।

बाल अधिकार महासन्धि, सन् १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ।

बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार सुनिश्चितताको लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ।

देशका सबै गाउँ एवम् नगरपालिकाका वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कामहरू हुँदैं आएको छ। जन्म दर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्मदर्ताको महत्त्व बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/२०७८ को फागुनसम्म अनलाइन सूचना प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने स्थानीय तहको वडा संख्या ४०३२ र विद्युतीय प्रणालीमार्फत दर्ता गर्ने संख्या १८ लाख ७ हजार ५ सय ३३ पुगेको छ। साथै ३२ लाख ७२ हजार २ सय ४४ सूचना फारमको डिजिटाइजेसन कार्य

सम्पन्न गरिएको छ । आर्थिक वर्ष २०७७/२०७८ को फागुनसम्म विद्युतीय प्रणालीमार्फत ९ लाख ५९ हजार ९ सय ७७ जनाको जन्मदर्ता भएको छ ।

नेपालमा खास गरी परिवारबाट परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्ता समस्यालाई सम्बोधन गरी बालबालिकाको पहिचानको अधिकार सुनिश्चित हुन अपरिहार्य छ ।

### ५.२.२ **सामाजिक सुरक्षा**

बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जातजाति लगायत राज्यबाट संरक्षण सहयोग गर्नुपर्ने नागरिकहरूका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्थाका लागि नेपाल संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमिक रूपमा प्रतिवद्ध रहेको छ ।

नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्दपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई विशेष संरक्षणको व्यवस्था छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ मा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको व्यवस्था छ । सोही बमोजिम खासगरी कर्मचारीहरूले पाउने पेन्सन र उपदान, ज्येष्ठ नागरिक, एकल तथा विधवा, अपाङ्गता भएका, लोपोन्मुख जातजाति र बाल पोषण जस्ता गैर योगदानमूलक नगद हस्तान्तरण सहयोग भत्ता र छात्रवृत्ति गरी तीन समूहमा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।

सामान्यतयाः परिवारको संख्या, घरमुलीको शिक्षा, जातजाति, आवास, परनिर्भरता, आफ्नो जग्गा र अन्य आम्दानीजस्ता पक्षहरूले बाल गरिबीको गहनता निर्धारण गर्दछ । गरिबीले बालबालिकाको आवास, खानपिन, शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, खेलकुद र मनोरञ्जन लगायत बालबालिकाको समग्र विकासमा गहन र दीर्घकालीन प्रभाव पारिरहेको हुन्छ । गरिबीको दीर्घकालीन प्रभाव वयस्कमा भन्दा बालबालिकामा बढी पर्दछ र बालबालिकाको जोखिमता बहुआयामिक प्रकृतिका हुनाले सामाजिक सुरक्षा सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्दा गरिबी भित्र बाल जोखिमतालाई सुक्ष्म रूपमा ध्यान दिनुपर्ने हुन्छ ।

हाल प्रदान गरिँदै आएका विभिन्न किसिमका नगद हस्तान्तरण (मासिक भत्ता) को अवस्था हेर्दा

आर्थिक रूपले निष्कृय व्यक्तिहरूका लागि गरिने खर्च वास्तवमा खर्च नै हुन्छ भने बालबालिकाका लागि गरिने यस्ता खर्चहरू भविष्यका लागि मानव पूँजी विकासमा लगानीको रूपमा रहन्छ ।

### ५.२.३ बाल संरक्षण संयन्त्र

नेपाल सरकार बालबालिकाको संरक्षणप्रति संवेदनशील हुँदै जोखिममा परेका, विशेष संरक्षणका आवश्यकता भएका तथा बालबालिका विरुद्धको कसूरबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण व्यवस्थापनका लागि देहाय बमोजिमका बाल संरक्षण संयन्त्रहरूको निर्माण गरी बाल संरक्षण कार्यमा परिचालन हुँदै आईरहेको छ ।

#### (क) बाल हेल्पलाइन १०९८

जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, परामर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पुनर्मिलन, संस्थागत तथा सामाजिक पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरू बालमैत्री ढंगबाट सम्पादन गर्न बाल हेल्पलाइन नं.१०९८ सञ्चालन भै रहेको छ । गत आर्थिक वर्ष देशभरीका १२ स्थानमा बाल हेल्पलाइन (१०९८) सेवा सञ्चालन हुँदै आएकोमा पन्ध्रौं योजनाको कार्यनीति अनुरुप आ.व.२०७७/०७८ मा यो सेवालाई विस्तार गरी १८ स्थानमा पुऱ्याइ यस सेवाको पहुँच बढाइएको छ । सरकारी निकाय तथा सामाजिक संघ संस्थाहरूको समन्वय, सहकार्य तथा सहयोगमा बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापनाका कार्यहरू बालमैत्री वातावरणमा गर्न गराउन बाल हेल्पलाइन नम्बर १०९८ सञ्चालन कार्यविधि, २०७६ जारी गरी यस सम्बन्धी सेवा प्रवाह भै रहेको छ । बाल हेल्पलाइन १०९८ सेवा प्रवाह भएका स्थानहरू, प्रवाहित सेवा तथा लाभान्वित बालबालिकाको संख्या अनुसूची ८ मा राखिएको छ ।

#### (ख) बालबालिका खोजतलास सेवा १०४

बालबालिका हराउने वा वेपत्ता हुने, अपहरणमा पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने, बेवारिस हुने, बाल हिंसा हुने र बाल यौन दुर्व्यवहारमा पर्ने घटनाक्रमलाई रोकथाम, नियन्त्रण तथा निषेध गर्नतीनै तहका सरकारी निकाय तथा सामाजिक संघ संस्थाहरूको समन्वय, सहकार्य तथा सहयोगमा बालबालिकाको खोजतलास तथा उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापनाका कार्यहरू बालमैत्री वातावरणमा गर्न गराउन बालबालिका खोजलतास नम्बर १०४ सञ्चालन कार्यविधि, २०७६ जारी गरी यस सम्बन्धी सेवा प्रवाह भै रहेको छ । यो सेवा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल प्रहरी र नेपाल दूरसञ्चार प्राधिकरणको

संयुक्त अभियानको रूपमा प्रदेश नं.१, प्रदेश नं.२, बागमती प्रदेश (काठमाडौँ) र लुम्बिनी प्रदेशबाट प्रवाह भैरहेको छ । र आगामी आ.व.भित्रमा सबै प्रदेशमा यो सेवा विस्तार गरिनेछ ।

**(ग) अस्थायी संरक्षण सेवा**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६९ मा जोखिमपूर्ण अवस्थाबाट तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोवासको व्यवस्था मिलाउनको लागि नेपाल सरकारले अस्थायी संरक्षण सेवाको व्यवस्था रहेकोछ । सोही बमोजिम राष्ट्रिय बाल अधिकार परिषद्ले विभिन्न खाले जोखिमबाट उद्धार गरिएका बालबालिकालाई अस्थायी संरक्षण सेवा केन्द्रहरू मार्फत सो सेवा प्रवाह गर्दै आइरहेको छ ।

**(घ) पुर्नस्थापना केन्द्र**

बालबालिका विरुद्धका कसूरबाट पीडित बालबालिकाको शारीरिक वा मानसिक उपचार गराउन वा पूर्ववत् रूप, अवस्था, स्थान, परिवार र समाजमा पुर्नस्थापना गराउनका लागि नेपाल सरकारले पुर्नस्थापना केन्द्र स्थापना गर्ने वा तोकिएका मापदण्ड पुगेका संस्थालाई पुर्नस्थापना केन्द्र सञ्चालनका लागि अनुमति दिन सक्दछ । यस्तो पुनर्स्थापना आवश्यक रहेका बालबालिकाको पहिचान गरी उपर्युक्त र वैज्ञानिक एवं सर्वोत्तम हितमा बाधा नपुग्ने गरी पुनर्स्थापना गर्नुपर्दछ । यस अन्तरगत शारीरिक तथा मानसिक सुरक्षा उपलव्ध गराउने, भोजन, आवास वा लत्ता कपडा उपलब्ध गराउने, अत्यावश्यक सम्पर्क टुटेको भए जोड्ने, मनोसामाजिक परामर्श, उत्प्रेरणा, सुरक्षा अनुभूतिबाट पीडित वा लक्षित बालबालिकाको अवस्था र मनोदशामा सामान्यीकरणका कामहरू पर्दछन् । हाल राष्ट्रिय बाल अधिकार परिषद्मा सूचीकृत भएका १८ वटा पुर्नस्थापना केन्द्र मार्फत सेवा प्रवाह भै रहेको छ ।

**(ङ) बाल सुधार गृह**

बालबालिकाको अपरिपक्व उमेरमा आफ्नो विवेक र स्वार्थमा बालबालिकाले जानी जानी अपराध गर्दैन भन्ने मान्यताका कारण बालबालिका र कानून बीचको द्वन्द्वमा बालबालिकालाई वयस्क सरह सजाय गर्नु अवैज्ञानिक हुने मान्यता रहेको छ । बालबालिकाले गल्ती र अपराध गरेका घटनालाई बाल विज्याँई भन्ने गरिन्छ । बाल बिज्याँइका विभिन्न घटनाहरूमा अदालतबाट दोषी ठहरिएका बालबालिकालाई तोकिएको समयावधिका लागि कारागारमा नराखी सुधार गृहमा राख्ने गरिएको छ । हाल देश भरमा ८ वटा बाल सुधार गृहहरू सञ्चालनमा रहेका छन् ।

**(च) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र**

नेपाल प्रहरीको सङ्गठन भित्र जिल्ला प्रहरी कार्यालयहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू स्थापना गरिएको छ भने सवै प्रहरी इकाई कार्यालयहरूमा महिला, बालबालिका तथा

ज्येष्ठ नागरिकलाई सेवा लिने क्रममा अग्रता दिईने गरिएको छ । हाल नेपालमा २४० वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमार्फत सेवा प्रवाह भै रहेको छ ।

(छ) **निगरानी कक्ष**

कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २२ बमोजिम नेपाल सरकारले निगरानी कक्षको स्थापना गर्न सक्नेछ । निगरानी कक्षको छुट्टै व्यवस्था नभएसम्म जिल्ला प्रहरी कार्यालयमा निगरानी कक्षको व्यवस्था गरिने कानूनी व्यवस्था रहेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा देशभर ४६ वटा निगरानी कक्ष सञ्चालनमा रहेको छ । जसमध्ये प्रदेश नं.१ मा १२ वटा, कर्णाली प्रदेशमा ९ वटा, लुम्बिनी प्रदेशमा ६ वटा, प्रदेश नं.२ र गण्डकी प्रदेशमा ५/५ वटा, महानगरीय प्रहरी कार्यालय, बागमती प्रदेश र सुदूरपश्चिम प्रदेशमा ३/३ वटा रहेका छन् ।

(ज) **अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र**

लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला तथा बालबालिकामा पर्ने शारीरिक, यौनजन्य, मानसिक तथा मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असरको न्यूनीकरणका साथै स्वास्थ्य उपचार, मेडिको लिगल, सुरक्षा, सुरक्षित आवास, कानूनी तथा पुनर्स्थापना सेवा प्रवाह गर्नको लागि अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका २०७७ बमोजिम देशभरका ६७ जिल्लाका ६९ वटा अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेका छन् । लैङ्गिक हिंसा पीडित तथा प्रभावित महिला तथा बालबालिकालाई यस केन्द्र मार्फत आवश्यक पर्ने सेवाहरू जस्तैः सुरक्षा, स्वास्थ्य उपचार, चिकित्साजन्य परीक्षण, प्रमाण संकलन, मानसिक एवं मनोसामाजिक परामर्श, कानूनी उपचार, अल्पकालीन आश्रय, पुनर्स्थापनाका कार्यहरू बहुपक्षीय संयोजन मार्फत प्रवाह हुन्छन् ।

(झ) **बालगृह**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ मा वैकल्पिक हेरचाहको व्यवस्था गरिएको छ । यस दफाको उपदफा (१) मा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका उपदफा (२) मा वैकल्पिक हेरचाह प्रबन्धको व्यवस्था गरिएको छ । उक्त उपदफाको बुँदा (घ) मा वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रूपमा बालगृहलाई लिइएको छ । यसै गरी ऐनको दफा ५२ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार बालगृह स्थापना गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । हाल ४४ वटा जिल्लामा ४५४ वटा बालगृहहरू सञ्चालनमा रहेका छन् ।

### ५.२.४ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा जोखिममा परेका बालबालिकाको संरक्षण व्यवस्थापन, रोकथाममूलक, उपचारात्मक तथा प्रवर्धनात्मक सेवा

बालबालिका मध्ये कतिपय बालबालिका पारिवारिक अवस्थाका कारण, आफ्नै शारीरिक र मानसिक अवस्थाका कारण, गरिबी, अपाङ्गता, पारिवारिक पृष्ठभूमि, जाति, धर्म र समुदायगत पहिचान, ईतिहास, द्वन्द्व र विपद्को प्रभाव जस्ता पृष्ठभूमि एवं कारणले जोखिम र अति जोखिममा परेका हुन्छन । त्यस्ता बालबालिकालाई सामान्य संरक्षणका उपायहरू अपर्याप्त रहने र राज्यबाट विशेष संरक्षणको आवश्यकता पर्न सक्दछ । त्यस्ता बालबालिकालाई विशेष स्याहार, उपचार, सुरक्षा र संरक्षण गर्नु पर्दछ । यस अन्तरगत शारीरिक तथा मानसिक सुरक्षा उपलब्ध गराउने, जोखिमका कारण पहिचान गरी त्यसलाई सम्बोधन गर्ने, भोजन, आवास वा लत्ता कपडा उपलब्ध गराउने, नकारात्मक हेराई वा वुझाई वा दृष्टिकोण भएको खण्डमा त्यसलाई सच्याउन र बदल्ने, अत्यावश्यक सम्पर्क टुटेको भए जोड्ने, मनोसामाजिक परामर्श, उत्प्रेरणा, सुरक्षा अनुभूतिबाट पीडित वा लक्षित बालबालिकाको अवस्था र मनोदशामा सामान्यीकरणका कामहरू पर्दछन् । विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको लागि राष्ट्रिय बाल अधिकार परिषद्ले संरक्षण व्यवस्थापनका साथै रोकथाममूलक, उपचारात्मक तथा प्रवर्धनात्मक सेवा प्रवाह गर्नुका साथै आवश्यक समन्वय तथा सहजीकरण गरिरहेको छ ।

### ५.२.५ सडक बालबालिका मुक्त राष्ट्र अभियान

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको विभिन्न कानूनी एवम् नीतिगत व्यवस्थाहरूले सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारिक सहयोग र पुनर्एकीकरण, मनोसामाजिक मनोविमर्श लगायतका कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ ।

"बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन" भन्ने उद्देश्यका साथ राष्ट्रिय बाल अधिकार परिषद्ले साविकको केन्द्रीय बाल कल्याण समिति हुँदादेखि वि.सं. २०७२ साल देखि काठमाडौँ उपत्यकालाई सडक बालबालिका मुक्त बनाउने अभियान सुरु गरेको थियो । त्यसपछिका दिनमा सडक बालबालिकाको व्यवस्थापन र अनुगमनसम्बन्धी निरन्तर प्रयासकै फलस्वरूप २०७३ बैशाख २७ गतेदेखि औपचारिक रूपमा सडकबाट बालबालिकाको उद्धार कार्य प्रारम्भ गरिएको थियो । यसरी सुरुवात गरिएको सडक बालबालिका मुक्त काठमाडौँ उपत्यकाबाट आर्थिक वर्ष २०७६/७७ देखि सडक बालबालिका मुक्त राष्ट्र अभियानको सुरुवात गरिएको थियो । सडकमा आश्रित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनलाई निरन्तरता दिँदै आगामी असार मसान्तसम्ममा

नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउन आधार तयार पार्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ। यसका साथै प्रदेशहरूले बालबालिकामुक्त सडक र मानवमुक्त सडकका अभियानात्मक कार्यक्रम सुरु गरेका छन् ।

### ५.२.६ बालश्रम मुक्त स्थानीय तह

बालबालिकाको व्यक्तिगत जीवन, सुरक्षा र विकासमा प्रतिकुल प्रभाव पर्ने श्रममूलक काममा प्रयोग गर्नु बाल श्रम हो। नेपालको संविधानको धारा ३९ को उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने र बालबालिकालाई हानि हुने, शिक्षामा बाधा अड्चन हुने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने कुरा सुनिश्चित गरेको छ। उपदफा (९) ले १४ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्न नहुने व्यवस्था गरेको छ। श्रम ऐन, २०७४ ले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनु हुँदैन भन्ने व्यवस्था छ । बाल श्रम मानव जातिकै कलंक भएकाले नेपालका विभिन्न स्थानीय तहहरूले सरोकारवालाहरू सँगको समन्वय, सहकार्य र सहयोगमा बाल श्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम घोषणा गर्ने अभियानहरू व्यापक मात्रामा अगाडि बढेका छन् ।

### ५.२.७ बालविवाह मुक्त अभियान

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ ले बाल विवाह जस्ता कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानेको छ। मुलुकी देवानी संहिता ऐन, २०७४ र मुलुकी अपराध संहिता ऐन, २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रूपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने व्यवस्था छ। बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघ-संस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ।

बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ। बालविवाह व्यक्तिगत र सामाजिक गरिबीको जड भएकाले बाल विवाह मुक्त स्थानीय तह घोषणा गर्ने कार्य अभियानात्मक र प्रतिष्पर्धात्मक रूपमा अगाडि बढेका छन् ।

### ५.२.८ वैकल्पिक हेरचाहको प्रबन्ध

संविधानको धारा ३९ अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको स्याहार र संरक्षण सम्बन्धी व्यवस्था भएको छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा बाबु आमा तथा अभिभावकले बालबालिकाको उचित स्याहार गर्न असमर्थ भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ । नेपालले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको लागि वैकल्पिक हेरचाहका विभिन्न उपायहरूको व्यवस्था गरेको छ र अन्तिम विकल्पको रूपमा बालगृहलाई स्वीकार गरेको छ ।

## ५.३ बालबालिकाको संरक्षण सम्बन्धी अवस्था

### ५.३.१ जन्मदर्ता भएका तथा नभएका बालबालिका

नेपाल बालबालिकाको नाम, पहिचान र राष्ट्रियताको अधिकार कार्यान्वयनका लागि संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमिक रूपमा प्रतिबद्ध रहेको छ । सोही बमोजिम नेपालका सबै गाउँ एवम् नगरपालिकाका वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कामहरू हुँदै आएको छ । कर्णाली भेगका सबै जिल्लाहरूका परिवार र देशभरीका दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा प्रोत्साहन स्वरूप रु. एक हजार प्रदान गर्ने गरिएको छ। केही स्थानीय तहले गर्भवती महिलाको लागि स्थानीय तहबाट प्रदान गरिने पोषण भत्ताका लागि जन्मदर्ता अनिवार्य बुझाउनु पर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्मदर्ताको महत्व बढ्दै गएको छ । केन्द्रीय तथ्याङ्क विभागको बहुसूचक क्लस्टर सर्वेक्षण, २०७१ मा पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ५८.१ प्रतिशत (बालक ५९.२% र बालिका ५७.०%) पुगेको देखिएको थियो भने २०७६ सालको उक्त सर्वेक्षणबाट सो दर ७७.२ प्रतिशत पुगेको छ ।

नेपालमा खासगरी परिवारबाट परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्तामा अझै पनि समस्या हुने गरेको छ । यस विषयलाई सम्बोधन गरी बालबालिकाको पहिचानको अधिकार सुनिश्चित हुन जरुरी देखिएको छ ।

### ५.३.२ सामाजिक सुरक्षाबाट लाभान्वित बालबालिका

नेपालले बालबालिकाको सामाजिक सुरक्षा तथा संरक्षणप्रति दर्शाएको प्रतिबद्धताको कार्यान्वयन स्वरूप बालबालिका लगायत ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जातजाति लगायत राज्यबाट संरक्षण सहयोग गर्नुपर्ने नागरिकहरूका लागि राज्यबाट सामाजिक सुरक्षा कार्यक्रम निकै सुधार र विस्तार हुँदै आएको छ। सोही बमोजिम प्रदेश र स्थानीय तहबाट सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा ल्याएको देखिन्छ।

आ.व.२०७७/७८ को फागुन मसान्तसम्म ८ लाख ८५ हजार ५९ जना बालबालिका सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ। बालबालिकाको सामाजिक सुरक्षाका लागि यस अवधिमा ४ अर्ब २४ करोड ८३ लाख ३१ हजार २ सय रकम वितरण गरिएको छ। गत वर्ष यो संख्या ७ लाख ९४ हजार २ सय २१ रहेको थियो। सहयोग भत्ता पाउनेमध्ये लाभग्राहीहरूको संख्या र सरदर वार्षिक भत्ताको रकमको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. ४९: सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही, वार्षिक रकम र बालबालिका**
**(आ.व.२०७४/७५–२०७७/७८)**

| आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७६/०७७ | | २०७७/०७८ | | |
|---|---|---|---|---|---|---|---|---|
| समूह | | | | रु. मासिक | वार्षिक (रु.हजारमा) | रु. मासिक | वार्षिक (रु. हजारमा) | प्रतिशत |
| ज्येष्ठ नागरिक (७० वर्ष उमेर) | १११,८४६ | १,१९२,३५६ | १,२८८,०१७ | १,००० | १५,४५६,२०४ | ३,००० | ४५३६०७९२ | ६१.२ |
| ज्येष्ठ नागरिक (दलित तथा कर्णाली) | १,२३१,५८६ | १,२७६,१३७ | १,३२९,०८७ | २,००० | ३१,८९८,०८८ | २,००० | ४९३५६०० | ६.७ |
| एकल महिला | १०५,४८० | ११६,३४४ | ९७,२१८ | २,००० | २,३३३,२३२ | २,००० | ६४४४७६८ | ८.७ |
| विधवा | ५६९,००५ | ६००,५८९ | ६४३,९४२ | २,००० | १५,४५४,६०८ | २,००० | ८३९५८०० | ११.३ |
| पूर्ण अशक्त अपाङ्गता | ३९,५०८ | ४३,२२६ | ४६,८०३ | ३,००० | १,६८४,९०८ | ३,००० | १९६३९४४ | २.६ |
| अति अशक्त अपाङ्गता | ६५,२९२ | ७३,८६९ | ८०,९४१ | १,६०० | १,५५४,०६७ | १,६०० | १९८९५०४ | २.७ |
| लोपोन्मुख जातजाति | २४,७६१ | २४,२०४ | २४,३४५ | ३,००० | ८७६,४२० | ३,००० | ८२२२०४ | १.१ |
| बालपोषण | ५२१,५०७ | ६७९,७१५ | ७३७,५७९ | ४०० | ३,५४०,३७९ | ४०० | ४२४८३३१ | ५.७ |
| जम्मा | **२,५५७,१३५** | **२,८१४,०८४** | **२,९५५,९१५** | | **५७,३४१,७०२** | | **७४१६०९४३** | **१००** |

*स्रोतः आर्थिक सर्वेक्षण २०७७/७८*

उपर्युक्त बजेट/खर्च विवरणमा विभिन्न किसिमका छात्रवृत्ति तथा सहिद परिवार, सहिदका छोराछोरी, द्वन्द्व प्रभावित बालबालिकाका लागि प्रदान गर्ने भत्ता समेत समावेश छैन। सहयोग भत्ता प्राप्त गर्ने कुल बालबालिकाको संख्यामा यस किसिमका सहयोग भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या निकै कम हुने अनुमान रहेको छ।

माथिको तालिका अनुसार सामाजिक सुरक्षा आवश्यक विभिन्न वर्गलाई राज्यको तर्फबाट वितरण हुने भत्ता हेर्दा सबैभन्दा बढी ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई स्वास्थ्य भत्ता ६१.२ प्रतिशत र सबैभन्दा कम लोपोन्मुख जातजातिका लागि भत्ता १.१ प्रतिशत देखिन्छ । अन्यको हकमा विधवा महिलाका लागि ११.३ प्रतिशत, एकल महिला ८.७ प्रतिशत, बालबालिकाका लागि पोषण भत्ता ५.७ प्रतिशत र अपाङ्गता भत्ता ५.३ प्रतिशत देखिन्छ। अपाङ्गता र लोपोन्मुख जातजाति भत्तामा बालबालिका नछुट्टिने हुँदा कुल जनसंख्यामा बालबालिकाको प्रतिशत (४१.८४%) को आधारमा छुट्ट्याउँदा करिब २.७ हुन आउँछ । यसबाट सहयोग भत्ताको समूहबाट बालबालिकाको अंशभार ८.४ प्रतिशतसम्म हुन आउँछ। यस अतिरिक्त छात्रवृत्ति वापतको रकम समावेश गर्दा सरदर १० प्रतिशत वा सोभन्दा केही बढी हुन आउने देखिन्छ।

हाल प्रदान गरिँदै आएका विभिन्न किसिमका नगद हस्तान्तरण (मासिक भत्ता) को अवस्था हेर्दा आर्थिक रूपले निष्कृय व्यक्तिहरूका लागि गरिने खर्च वास्तवमा खर्च नै हुन्छ भने बालबालिकाका लागि गरिने यस्ता खर्चहरू भविष्यका लागि मानव पूँजी विकासमा लगानीको रूपमा रहन्छ । कानूनी, नीतिगत र कार्यक्रमगत व्यवस्था यसरी बाल संवेदनशील हुँदाहुँदै पनि, बालपोषण र छात्रवृत्तिबाट लाखौं बालबालिका समेटिएता पनि, सडक बालबालिका लगायत बालश्रमिक, अति जोखिमपरेका बालबालिका लक्षित सहयोगका कार्यहरू हुँदाहुँदै पनि कानूनमा समावेश गरिएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार प्रत्याभूतिका लागि बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण र विकासका लागि सामाजिक सुरक्षा अन्तर्गत सहयोग भत्ता वापतको कुल रकममा बालबालिकाको आवश्यकता र संरक्षणको आधारमा बालबालिकालक्षित सामाजिक सुरक्षाको अंशभार बढाउनु आजको आवश्यकता भई सकेको छ । यस कार्यमा संघ, प्रदेश र स्थानीय तीनै तहको योगदानलाई मूलप्रवाहीकरण गर्नु पर्दछ ।

उपर्युक्त व्यवस्थाबाट सामाजिक सुरक्षा कार्यक्रम सशक्त हुँदै जाने विश्वास गर्न सकिन्छ । आर्थिक रूपले सक्रिय नहुने जनसंख्या वा व्यक्तिहरूका लागि प्रदान गरिने विविध किसिमका सहयोग भत्ताहरू वास्तविक खर्च हो भने बालबालिकाका लागि गरिने सहयोग भत्ताहरू देशका लागि आवश्यक हुने भावी जनशक्तिका लागि लगानी हो। त्यसैले बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति गर्न राज्यको सहयोग आवश्यक हुने विभिन्न समूहका बालबालिकाका लागि (आर्थिक अवस्था कमजोर भएका परिवारका, अनाथ/असहाय, अपाङ्गता भएका,

एचआइभि/एड्स प्रभावित, आदि) सामाजिक सुरक्षा अन्तर्गत नयाँ कार्यक्रमहरू थप हुन र हाल प्रचलनमा रहेका मासिक भत्ताको रकममा वृद्धि हुन जरुरी छ ।

सामान्यतयाः परिवारको संख्या, घरमुलीको शिक्षा, जातजाति, आवास, परनिर्भरता, आफ्नो जग्गा र अन्य आम्दानीजस्ता पक्षहरूले बाल गरिबीको गहनता निर्धारण गर्दछ । राष्ट्रिय योजना आयोगको बहु आयामिक गरिबीको प्रतिवेदन (२०२१) अनुसार नेपालमा बहु-आयामिक गरिबी १७.४ प्रतिशत रहेको देखिएको छ । जसमध्ये बालबालिकाको प्रतिशत २२ प्रतिशत रहेको छ । प्रतिवेदनले नेपालमा करीब २२ लाख बालबालिका गरिबीमा रहेको देखाएको छ । निरपेक्ष र बहु-आयामिक दुवै गरिबीले बालबालिकाको आवास, खानपिन, शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, खेलकुद र मनोरञ्जन लगायत बालबालिकाको समग्र विकासमा गहन र दीर्घकालीन प्रभाव पारिरहेको हुन्छ । गरिबीको दीर्घकालीन प्रभाव वयस्कमा भन्दा बालबालिकामा बढी पर्दछ र बालबालिकाको जोखिमता वयस्कहरूको भन्दा धेरै र बहुआयामिक प्रकृतिका हुन्छन् । त्यसैले सामाजिक सुरक्षा सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्दा गरिबीभित्र बाल जोखिमतालाई सुक्ष्म रूपमा ध्यान दिनुपर्ने हुन्छ ।

### ५.३.३ वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका

नेपालको संविधानको धारा ३९ अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ को उपदफा (१) मा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गरिएको छ भने उपदफा (२) मा त्यस्ता बालबालिकाको स्याहार र संरक्षण तथा वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था भएको छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा आफ्ना बालबालिकाको लालनपालन र स्याहार गर्नु बाबुआमाको जिम्मेवारी हुने र बाबुआमा तथा अभिभावकले बालबालिकाको उचित स्याहार गर्न असमर्थ भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने लगायतका प्रावधानहरू रहेका छन् ।

बालबालिकाको स्याहार अन्तर्गत बालगृह, अस्थायी संरक्षण सेवा केन्द्र, बाल सुधार गृह लगायतका संस्थाहरूमा संरक्षण तथा स्याहारमा रहेका बालबालिकाको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ ।

### *(क) बालगृहमा आश्रित बालबालिका*

नेपालमा अनाथ बालबालिकाको संरक्षणको निमित्त २००८ सालमा परोपकार अनाथालय, २०२१ सालमा बाल मन्दिर एवम् एस.ओ.एस. बालग्राम २०२९ सालमा स्थापना भएको देखिन्छ । संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने उल्लेख भएको छ । आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ मा आमाबाबु दुवै नभएका वा भएर पनि हेरचाह गर्ने शारीरिक वा मानसिक अवस्थामा नभएका परिवारका बालबालिकाको हेरचाह सकेसम्म उसको नातेदारहरू बीच गरिनु पर्दछ र राज्यले त्यसमा सघाउनु पर्दछ भन्ने व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बैकल्पिक स्याहारका लागि अन्तिम विकल्पको रूपमा मात्र बालगृहमा बालबालिकालाई आवासीय रूपमा राख्ने व्यवस्था छ ।

बालबालिकालाई आवासीय रूपमा संरक्षणमा राख्ने क्रम बढेसँगै गत आर्थिक वर्षमा देशभरका ४५ वटा जिल्लामा  ४८९ वटा बालगृहहरू सञ्चालनमा रहेका थिए । ती बालगृहहरूमा ११,३५० जना बालबालिका (बालक ५,१९४ र बालिका ६,१५६) संरक्षणमा रहेका थिए ।

राष्ट्रिय बाल अधिकार परिषद्ले सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा स्थलगत तथा अन्य माध्यमबाट गरेको अनुगमन तथा फलोअपका आधारमा यस आ.व.मा ४४ वटा जिल्लामा ४५४ वटा बालगृह सञ्चालनमा रहेको र ती बालगृहमा कुल ११३८१ जना बालबालिका (बालक ५२३७ र बालिका ६१४४) आश्रित रहेको पाइएको छ । विस्तृत विवरण अनुसूची ७ मा राखिएको छ । यस आ.व.मा ३७ वटा बालगृह बन्द भएका छन् भने ५ वटा नयाँ बालगृह सञ्चालनमा आएका छन् । यसैगरी कोभिड महामारीका समयमा देशभरबाट ५७ वटा बालगृहमा आश्रित बालबालिका मध्ये ५४७ जना बालबालिकालाई परिषद्को सहजीकरणमा परिवारमा पठाइएको छ । हाल सञ्चालनमा रहेका बालगृह तथा ती बालगृहमा आश्रित बालबालिकाको तथ्याङ्क तलको तालिकामा दिइएको छः

**तालिका नं. ५०: बालगृह तथा संरक्षित बालबालिकाको प्रदेशगत विवरण**

| प्रदेश | जिल्ला | बालगृह | संरक्षित बालक | संरक्षित बालिका | जम्मा | औसत |
|---|---|---|---|---|---|---|
| **प्रदेश १** | ७ | २८ | ३२५ | ३०२ | ६२७ | २२ |
| **प्रदेश २** | ६ | १२ | ९८ | ६८ | १६६ | १४ |
| **बागमती** | ११ | ३२९ | ३५९२ | ४६०९ | ८२०१ | २५ |
| **गण्डकी** | ६ | ४६ | ६९२ | ६०५ | १२९७ | २९ |
| **लुम्बिनी** | ७ | १७ | २२५ | २३३ | ४५८ | २७ |
| **कर्णाली** | ३ | १० | १७२ | २०४ | ३७६ | ३८ |
| **सुदूरपश्चिम** | ३ | १२ | १३३ | १२३ | २५६ | २१ |
| **जम्मा** | **४४** | **४५४** | **५२३७** | **६१४४** | **११३८१** | **२५** |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

तालिका अनुसार सबैभन्दा बढी बालगृह बागमती प्रदेशमा ३२९ र सबैभन्दा कम कर्णाली प्रदेशमा १० वटा सञ्चालनमा रहेका छन् । तर संरक्षित बालबालिकाको संख्या सबैभन्दा कम प्रदेश नं.२ मा रहेको देखिन्छ । बालगृहमा संरक्षित बालबालिका मध्ये बालिकाको संख्या बालक भन्दा ९०७ ले बढी छ । औसतमा १ वटा बालगृहमा २५ जना बालबालिका आश्रित रहेको देखिन्छ ।

१५ औं आवधिक योजनाले संस्थागत स्याहारलाई निरुत्साहन गर्दै पारिवारिक स्याहारको प्रवर्धन गर्ने कार्यनीति लिएको छ । सोही बमोजिम निसंस्थाकरण अभियान अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद्ले सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा विगतदेखि नै मापदण्ड विपरित सञ्चालनमा रहेका बालगृहहरूको अनुगमन गरी आवश्यक सुरधारका लागि निर्देशन दिने र निर्देशनको पालना नभएमा त्यस्ता बालगृहमा संरक्षणमा रहेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गर्ने र संस्थालाई आवश्यक कारवाहीको लागि मन्त्रालयमा सिफारिस गर्दै आइरहेको छ । यसै सन्दर्भमा आ.व.२०७७/७८ मा काठमाडौँ, भक्तपुर, ललितपुर, तनहुँ, चितवन जिल्लामा सञ्चालित १६३ वटा बालगृहको स्थलगत अनुगमन गरी मापदण्ड विपरित काठमाडौँ र चितवनमा सञ्चालनमा रहेका ८ वटा बालगृहहरूबाट ७३ जना बालबालिका (बालक ३५, बालिका ३८) को उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको छ । त्यस्तै मापदण्ड विपरित सञ्चालित २१ वटा बालगृहमाथि कारवाहीको प्रक्रिया अगाडि बढाइएको छ । गत आ.व.मा ६ वटा बालगृहबाट ५५ जना बालबालिका (बालिका ३६ र बालक १९) उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको थियो । बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५१: बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण, २०७७**

| प्रदेश | जिल्ला | स्थानीय तह | बालगृहको नाम | उद्धार गरिएका बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा |
| बागमती प्रदेश | काठमाडौँ | गोर्कर्णेश्वर नगरपालिका५ नारायणटार | नेपाल दृष्टिविहीन संङ्गीत संघ | ३ | ५ | ८ |
| | | कागेश्वरी मनोहरा नगरपालिका ५ थली | अनाथ अपाङ्ग आश्रय नेपाल | ८ | १२ | २० |
| | | तारकेश्वर नगरपालिका ६ अरखुं | लाईट फर नेशन | ७ | १ | ८ |
| | | बुढानिलकण्ठ नगरपालिका ११ कपन | केयर बालगृह | ० | ११ | ११ |
| | | टोखा नगरपालिका ८ ग्राण्डीभिल्ला | सुवास्ता नयाँ नेपाल सामाजिक सेवा केन्द्र | ४ | ६ | १० |
| | | बुढानीलकण्ठ ७, गोल्फुटार | रिमा सेवा समाज | २ | ० | २ |
| | **जम्मा** | **जम्मा** | | **२४** | **३५** | **५९** |
| | चितवन | रत्ननगर नगरपालिका ६ सौराहा | बाल तथा महिला उत्थान केन्द्र | १ | ३ | ४ |
| | | रत्ननगर नगरपालिका ९ | दर्ता नभएको बालगृह | १० | ० | १० |
| | **जम्मा** | | | **११** | **३** | **१४** |
| | **कुल जम्मा** | | | **३५** | **३८** | **७३** |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

### *ख) बाल सुधार गृहमा रहेका बालबालिका*

बाल बिज्याँइका विभिन्न घटनाहरूमा अदालतबाट दोषी ठहरिएका बालबालिकालाई तोकिएको समयावधिका लागि कारागारमा नराखी सुधार गृहमा राख्ने गरिएको छ । केन्द्रीय बाल न्याय समितिको सचिवालयको जानकारी अनुसार आ.व.२०७७/७८ मा बाल विज्याँईका १४३८ घटनामा १६८६ जना बालक र ६० जना बालिका गरी जम्मा १७९९ जना बालबालिका प्रतिवादी रहेका छन् । बाल विज्याँइका १४३८ वटा घटना मध्ये ४०९ वटा मुद्दा किनारा लागेका छन् भने बाँकी १०२९ वटा मुद्दा सुनुवाइका क्रममा रहेका छन् । देशभर सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा गत आ.व.मा ३६ किसिमका विज्याँइका कारण जम्मा १०५३ जना बालबालिका रहेकोमा आ.व.२०७७/७८ मा ८८७ जना बालबालिका रहेका छन् । हाल बाल सुधार गृहमा रहेका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५२: बाल सुधार गृह र बालबालिकाको संख्या, २०७७/७८**

| क्र.सं. | बाल सुधार गृह | बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | भक्तपुर | १७० | ३० | २०० |
| २ | मोरङ | १९९ | ० | १९९ |
| ३ | कास्की | ८० | ० | ८० |
| ४ | मकवानपुर | ४४ | ० | ४४ |
| ५ | पर्सा | ८९ | ० | ८९ |
| ६ | रूपन्देही | ९८ | ० | ९८ |
| ७ | बाँके | १४१ | ० | १४१ |
| ८ | डोटी | ३६ | ० | ३६ |
| **जम्मा** | | **८५७** | **३०** | **८८७** |

*स्रोतः केन्द्रीय बाल न्याय समितिको सचिवालय, २०७८*

माथिको तालिकाबाट सबैभन्दा बढी सानोठिमी, भक्तपुरमा, २०० जना बालबालिका (३० जना बालिकासहित) रहेका छन् भने विराटनगर, मोरङमा १९९ जना रहेको र सबभन्दा कममा डोटीमा ३६ जना रहेका छन् । अधिकांश बाल सुधार गृहमा पर्याप्त भौतिक सुविधा नभएको तथा क्षमता भन्दा बढी बालबालिकाको व्यवस्थापन गर्न परेको जानकारी रहेको छ । बाल बिज्याँइका प्रकृति र संख्या न्यूनीकरण गर्ने तथा बाल सुधार गृहमा भौतिक सुविधा सुधार गर्ने कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ ।

***ग) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका***

सडक बालबालिका उद्धार गरी अस्थायी संरक्षण दिने, विभिन्न कारणले जोखिम र बेवारिस अवस्थामा परेका बालबालिकालाई अल्पकालीन आश्रय दिने, सामाजिकीकरण गर्ने तथा मनोसामाजिक विमर्श, अनौपचारिक शिक्षा, अतिरिक्त क्रियाकलाप र तालिम लगायतका सेवा प्रदान गर्न राष्ट्रिय बाल अधिकार परिषद्मा सूचीकृत भै गैरसरकारी क्षेत्रबाट अस्थायी संरक्षण सेवा केन्द्रहरू सञ्चालनमा रहेका छन् । गत आर्थिक वर्षमा राष्ट्रिय बाल अधिकार परिषद्मा सूचीकृत १८ वटा अस्थायी संरक्षण सेवा केन्द्रमार्फत २३१ जना बालबालिका (बालक १५४ र बालिका ७७) लाई अस्थायी संरक्षण सेवा प्रदान गरेका थिए । आ.व.२०७७/२०७८ का लागि सडकबाट उद्धार गरिएका, बेवारिस फेला परेका तथा घर परिवार वा ठेगाना पत्ता नलागेका वा बाल गृहबाट उद्धार गरी पारिवारिक पुनर्मिलन वा दीर्घकालीन पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा प्रबन्ध उपलब्ध गराउन परिषद्मा सूचीकृत २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रमार्फत १०४९ जना बालबालिका (४०९

जना सडक बालबालिका) लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ । अस्थायी संरक्षण सेवा केन्द्रहरूको विवरण अनुसूची ९ मा राखिएको छ ।

### *घ) अभिभावकसँगै कारागारमा आश्रित बालबालिकाको स्याहार*

कुनै पनि बिज्याँइ नगरेका, तर बाबुआमा तथा अभिभावक कैदीबन्दीको रूपमा रहँदा घरपरिवारमा साना बालबालिकालाई लालनपालन गर्ने कोही नभएको अवस्थामा त्यस्ता बालबालिकासमेत बाबुआमा तथा अभिभावकसँगै कारागारमा बस्न बाध्य भएका छन् । आ.व.२०७५/०७६ मा विभिन्न कारागारमा ८२ जना बालबालिका आश्रित रहेका थिए भने २०७६ साल श्रावणदेखि २०७७ असारसम्म विभिन्न ३२ वटा जिल्लामा कुल ८१ जना बालबालिका बाबु वा आमा वा अभिभावकसँग कारागारमा आश्रित रहेको पाइएको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले वैकल्पिक स्याहार लगायत अन्य सेवा प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ ।

कारागारमा आमा वा बाबु वा अभिभावकसँग आश्रित बालबालिकालाई बन्दी सहायता नेपाल, प्रारम्भिक बालविकास केन्द्र, पीडित सेवा संघ, बन्दी सहायता नियोगजस्ता संस्थाहरूले कारागारबाट स्थानान्तरण गरी संस्थागत संरक्षण तथा पुनःस्थापना गरेका छन् । ती संस्थाहरूमा आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८ सम्म संरक्षणमा रहेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ५३ : संस्थाहरूमा संरक्षणमा रहेका बालबालिकाको संख्या, आ.व.२०७४/७५ – २०७७/७८**

| उद्देश्य | संस्था | २०७४/०७५ | | | २०७५/०७६ | | | २०७६/७७ | | | २०७७/७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | बन्दी सहायता नेपाल | ९८ | ९६ | **१९४** | ७५ | ७५ | **१५०** | ९० | १०० | **१९०** | ८८ | १०० | **१८८** |
| २ | प्रारम्भिक बालविकास केन्द्र | २० | ३० | **५०** | १३ | ३० | **४३** | ९ | २४ | **३३** | १ | २२ | **२३** |
| ३ | पीडित सेवा संघ | १४ | ९ | **२३** | १५ | ० | **१५** | ३४ | ० | **३४** | ३ | १० | **१३** |
| ४ | बन्दी सहायता नियोग | १८ | १४ | **३२** | १६ | १२ | **२८** | १६ | १३ | **२९** | १६ | ११ | **२७** |
| | **जम्मा** | **१५०** | **१४९** | **२९९** | **११९** | **११७** | **२३६** | **१४९** | **१३७** | **२८६** | **१०८** | **१४३** | **२५१** |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

माथिको तालिका अनुसार कारागारमा आमा वा बाबुसँग आश्रित बालबालिकालाई संस्थागत संरक्षणमा राखिएका बालबालिकाको संख्यामा उतारचढाब देखिएको छ । कारागारमा आश्रित यस्ता बालबालिकालाई संस्थागत संरक्षणमा राख्ने कार्यमा सरकारबाट नवीनतम उपाय अपनाउन जरुरी देखिएको छ ।

*ङ. बाबुआमा विहीन बालबालिकाको संरक्षण*

नेपालको संविधानको धारा ३९ को उपधारा (९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था रहेको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामा १३ अवस्थाका बालबालिकालाई समावेश गरिएको छ, जसमा - (क) अनाथ बालबालिका, (ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, (ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह गरिएका बालबालिका समेत रहेका छन् ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ । संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार पनि आमाबाबु दुवैविहीन एवम् आमाबाबु दुवै वा कुनै एक जीवित हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका परिवारका बालबालिकालाई राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी रहने स्पष्ट देखिन्छ ।

अनाथ बालबालिकाको निमित्त काम गर्न वि.सं. २००८ सालमा परोपकार अनाथालयको स्थापना भएको देखिन्छ । त्यसपछि राष्ट्रिय निर्देशन ऐन २०१८ अर्न्तगत बाल मन्दिर तथा नेपाल बाल सङ्गठनको स्थापना २०२१ सालमा भयो । बाल मन्दिर विद्यालयको देशव्यापी विस्तारसँगै अनाथ बालबालिकाको शिक्षा र हेरचाहको व्यवस्था गर्ने कार्य भयो । योजनागत रूपमा सातौं योजनादेखि पन्ध्रौं योजनासम्ममा बाबुआमा विहीन लगायत अन्य जोखिम अवस्थामा परेका बालबालिकाको संरक्षणका विषयहरू समावेश भएका छन् । पन्ध्रौं योजनामा अनाथ, असहाय, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिकालाई राज्यबाट संरक्षण गर्ने रणनीति अवलम्बन गरिएको छ र मुख्य कार्यक्रमको रूपमा अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकको रूपमा राज्य रहने महत्वपूर्ण कार्यक्रम समावेश गरिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ बाट ०-१७ वर्ष उमेरका कुल बालबालिकामध्ये (१,१५,६६,०७६ जना प्रक्षेपित) आफ्ना बाबुआमासँग नरहेका बालबालिका ४.८ प्रतिशत, बाबुआमा दुवैको मृत्यु भइसकेकाको बालबालिकाको संख्या २३,१३२ (०.२%) देखिएको र आमाबाबुमध्ये कुनै एकको मृत्यु भएका ४,७४,२०९ जना (४.३%) देखिएको थियो ।

यसैगरी २०७६ सालमा सम्पन्न सोही सर्वेक्षण अनुसार आफ्ना बाबुआमासँग नरहेका बालबालिका ५.३ प्रतिशत, आमाबाबुमध्ये कुनै एकको मृत्यु भएका बालबालिका ४.२ प्रतिशत देखिएको छ भने दुवै बाबुआमाको मृत्यु भएका बालबालिकाको प्रतिशत एकीन भएको देखिँदैन । विगत पाँच वर्षको अवधिमा गरिएका यी दुई अध्ययनको नतिजा सूचकहरूमा उल्लेख्य परिवर्तन भएको देखिँदैन । यसबाट बाबुआमा दुवैको मृत्यु भइसकेका बालबालिकाको संख्यामा सामान्य वृद्धि मात्र भएको अनुमान गर्न सकिन्छ ।

संघीय सरकारको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा बालबालिकालाई राज्यले संरक्षण गर्नुपर्छ भन्ने सरकारको धारणा अनुरुप दलित तथा कर्णाली क्षेत्र र तराई/मधेश लगायतका उक्त बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो तुल्याएको छ (अनुसूची २) । बाबुआमा दुवै विहीन बालबालिकाको आधारभूत सेवा, सुविधा तथा संरक्षणप्रति संघीय, प्रदेश र स्थानीय तीनै तहको ध्यानाकर्षण भई कार्यक्रम अगाडि बढ्नुले यस्ता बालबालिकाको संरक्षण तथा विकासमा उत्साहजनक योगदान पुग्न गई कठिन अवस्थामा परेका बालबालिकाको अधिकार सुनिश्चित हुने विश्वास गर्न सकिन्छ ।

### ५.३.४ बाल संरक्षण संयन्त्र तथा सेवा प्रवाहको स्थिति

बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण, विभेद र अपहेलनाबाट संरक्षणका लागि नेपाल संवैधानिक, कानूनी, नीतिगत तथा संरचनागत रूपमा प्रतिबद्ध रहेको छ । विशेष संरक्षणका आवश्यकता भएका तथा विविध खाले जोखिममा परेका बालबालिकालाई आवश्यक पर्ने संरक्षण सेवा तत्काल प्रवाह गर्न नेपालले बाल संरक्षण संयन्त्रको निर्माण तथा परिचालन गरिरहेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्ले सरकारका निकाय तथा अन्य सरोकारवालासँगको समन्वय तथा सहकार्यमा यस्ता संयन्त्रहरूको परिचालन गरिरहेको छ। त्यस्ता संयन्त्रहरूमा बालबालिका खोजतलास सेवा, १०४, बाल हेल्पलाइन सेवा १० ९८ तथा अस्थायी संरक्षण सेवा केन्द्र रहेका छन् । आ.व.२०७७/७८ मा बाल संरक्षण संयन्त्रमार्फत प्रवाह भएका बाल संरक्षण सेवालाई देहायका शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

***(क) बालबालिका खोजतलास सेवा, १०४***

हराएका बालबालिकाको खोजतलास गर्ने तथा बेवारिस फेला परेका, बेचबिखन तथा ओसारपसारमा परेका, अपहरणमा परेका, सडकमा वस्तु विनिमय गर्ने तथा सडक बालबालिकाको उद्धार, सहयोग, संरक्षण र पुनःस्थापना लगायतका कार्यहरू गर्नुका साथै त्यस्ता घटना हुन नदिन र रोकथाम समेतको उपाय अपनाउन २०६३ साल मङ्सिर २२ गतेदेखि बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं.१०४) काठमाडौँको भृकुटीमण्डपमा सञ्चालनमा रहेको छ। यस कार्यालयमा नेपाल प्रहरीको नेतृत्वमा प्रहरीहरू तथा राष्ट्रिय बाल अधिकार परिषद्को तर्फबाट अन्य कर्मचारीहरू कार्यरत रहने व्यवस्था छ । निःशुल्क टेलिफोन नं.१०४ का लीग नेपाल दुरसञ्चार प्राधिकरणको

सहयोग रहेको छ । काठमाडौं उपत्यकाबाहेक प्रदेश नं.१, प्रदेश नं.२ तथा लुम्बिनी प्रदेशमा यो सेवा विस्तार गरिएको छ । उपर्युक्त कार्यहरूमा थप प्रभावकारिता ल्याउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६ स्वीकृत गरेको छ । १५ औं आवधिक योजनाले बालबालिका खोजतलास सेवाको विस्तार गर्ने कार्यनीति लिए बमोजिम आगामी आर्थिक वर्षभित्र यो सेवा सबै प्रदेशमा विस्तार गरिनेछ ।

बालबालिका खोजतलास केन्द्रले नेपाल प्रहरीको हटलाइन १००, बालबालिका सम्बन्धी हटलाइन १०४, बाल हेल्पलाइन १०९८, राष्ट्रिय महिला आयोगको हटलाइन ११४५ लगायत देशभरका प्रहरी कार्यालयको जानकारी, प्रहरी रेडियो सेट, इमेल, इन्टरनेट, सामाजिक सञ्जाल, पत्रपत्रिका, संघसंस्था, व्यक्ति, आदिबाट जोखिममा परेका बालबालिका सम्बन्धी सूचना प्राप्त गर्दछ । यस माध्यमको जानकारीबाट बालबालिका खोजतलास, उद्धार र व्यवस्थापनका कार्यहरू गर्दछ ।

***हराएका बालबालिकाको खोजी तथा पारिवारिक पुर्नस्थापना***

आर्थिक वर्ष २०७६/०७७ मा बालबालिका खोजतलास समन्वय केन्द्र नं.१०४ मा हराएर उजुरी दर्ता भएको बालबालिकाको संख्या २,७२९ जना रहेकोमा २,२१९ जना बालबालिका फेला परेका थिए । यस आ.व.को असार मसान्तसम्ममा हराएर उजुरी दर्ता भएका कुल ३६५८ (बालक-८४९, बालिका-२८०९) जना बालबालिकामध्ये ३००९ (८२.२६ प्रतिशत) जना (बालक-७१२, बालिका-२२९७) बालबालिकाको खोजी गरी परिवारमा पुनर्मिलन गरिएको छ । बाँकी ६४९ (१७.७४ प्रतिशत) जना (बालक १३७ र बालिका ५१२) बालबालिकाको खोजिकार्य जारी रहेको छ । आर्थिक वर्ष २०७१/७२ देखि २०७७/७८ सम्म हराएर उजुरी परेका तथा फेला परेका बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५४: हराएका, हराएर फेला परेका बालबालिकाको संख्या, २०७१/७२ देखि २०७७/७८**

| आ.व. | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|---|---|
| **हराएको बालबालिका** | | | | | | | |
| बालक | ३४२ | ६०० | १०४७ | ९२३ | १०५१ | ८३१ | ८४९ |
| बालिका | ४४४ | ९०२ | १७२४ | १४०७ | २३७१ | १८९८ | २८०९ |
| **जम्मा** | **७८६** | **१५०२** | **२७७२** | **२३३०** | **३४२२** | **२७२९** | **३६५८** |
| **हराएर फेला परेका** | | | | | | | |
| बालक | १६७ | २०३ | ३५३ | ४०७ | ८२५ | ६९० | ७१२ |
| बालिका | १४२ | २०५ | ३६७ | ६१० | १७१५ | १५२९ | २२९७ |
| **जम्मा** | **३०९** | **४०८** | **७२०** | **१०१७** | **२५४०** | **२२१९** | **३००९** |

*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, २०७८*

माथिको तालिका ५४ ले हराएर उजुरी दर्ता भएका तथा फेला परेका बालबालिकाको विवरण प्रस्तुत गरेको छ। प्रत्येक वर्ष हराएर उजुरी पर्ने बालकको संख्या भन्दा बालिकाको संख्या उच्च छ भने फेला पर्ने बालिकाको प्रतिशत पनि बालकको तुलनामा न्यून नै छ। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५५: हराएका, हराएर फेला परेका बालबालिकाको उमेर अनुसार विवरण, २०७८**

| सातवटै प्रदेशबाट प्राप्त सूचना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | उमेर समूह | | हराएका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी रहेका | | | |
| | देखि | सम्म | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | कैं. |
| १ | ० | ५ | ३३ | २७ | ६० | ३१ | २२ | ५३ | २ | ५ | ७ | |
| २ | ६ | १० | ७७ | ४२ | ११९ | ६९ | ३३ | १०२ | ८ | ९ | १७ | |
| ३ | ११ | १४ | २८९ | ५९८ | ८८७ | २४२ | ५०५ | ७४७ | ४७ | ९३ | १४० | |
| ४ | १५ | १८ | ४५० | २१४२ | २५९२ | ३७० | १७३७ | २१०७ | ८० | ४०५ | ४८५ | |
| जम्मा | | | ८४९ | २८०९ | ३६५८ | ७१२ | २२९७ | ३००९ | १३७ | ५१२ | ६४९ | |


*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र १०४, २०७८*

उमेर समूहको आधारमा सबैभन्दा बढी २,५९२ जना बालबालिका (हराएका बालबालिकाको ७०.८५ प्रतिशत) १५ देखि १८ वर्ष उमेर समूहका रहेको देखिन्छ। गत आर्थिक वर्ष (२०७६/०७७) मा यो उमेर समूहको हराएका बालबालिकाको संख्या १,७८४ (हराएका बालबालिका मध्ये ६५.३७ प्रतिशत) जना रहेको थियो। यसरी प्रत्येक वर्ष १५ देखि १८ वर्ष समेर समूहका बालबालिका बढी हराउने गरेको देखिएको छ र यसमा पनि बालिकाको प्रतिशत ८२.६३ (गत आ.व.मा ८०.३८) रहनुले यस उमेर समूहमा बालिका किन बढी हराई रहेका छन् भन्ने विषयमा अध्ययन हुनु जरुरी देखिन्छ।

गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा हराएका बालबालिका फेला पार्ने प्रतिशतमा राम्रो सुधार देखिएको छ। यद्यपि, अझै पनि हराएका र फेला परेका बालबालिकाको अन्तर बढी नै छ। सम्बन्धित व्यक्ति तथा परिवारले बालबालिका हराएको उजुरी गर्ने तर फेलापरेपछि खबर नगर्ने, प्रदेशतहमा बालबालिका खोजतलास सेवा तथा सीमापार पुगेका बालबालिकाको खोजीका लागि समन्वयकारी निकायको अभाव हुनु जस्ता कारणपनि हराएका र फेलापरेका बालबालिकाबीचको अन्तर रहन गएको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत रूपमा हराएका र फेला परेका बालबालिकाको संख्यात्मक विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ र बाँकीको खोजतलास जारी रहेको विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र १ हराएर फेला परेका बालबालिकाको प्रदेशगत विवरण, २०७८**




*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*


माथिको स्तम्भचित्र अनुसार यस आर्थिक वर्षमा सबैभन्दा बढी प्रदेश नं.२ बाट बालबालिका हराएको उजुरी दर्ता भएको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा देखिन्छ । हराएका मध्ये फेला पर्ने प्रतिशत सबैभन्दा बढी गण्डकी प्रदेशमा (९१ प्रतिशत) र सबैभन्दा कम प्रदेश नं.२ मा ७१ प्रतिशत रहेको छ । राष्ट्रिय औसत भन्दा करीब १० प्रतिशतले कमी हुन आउँछ । बालबालिकाको उद्धार तथा संरक्षण व्यवस्थापनका लागि प्रदेश तहमा बालबालिका खोजतलास सेवा विस्तार हुनु जरुरी देखिन्छ ।

***बेवारिसे अवस्थामा फेला परेका बालबालिकाको संरक्षण व्यवस्थापन***

बालबालिका खोजतलास समन्वय केन्द्रको मुख्य कार्यक्षेत्र भनेको बेवारिसे फेला परेका बालबालिकाको संरक्षण व्यवस्थापन गर्नु पनि हो । गत आ.व.मा बालबालिका खोजतलास समन्वय केन्द्रले बेवारिसे अवस्थामा फेला परेका ३३७ जना बालबालिका (२४२ बालक र ९५ जना बालिका) को उद्धार गरी १७७ जना (बालक ११२ र बालिका ६५) बालबालिकालाई परिवारमा पुर्नस्थापना र १६० जना (बालक १३० र बालिका ३०) बालबालिकालाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ । यस आ.व.मा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत परिषद्ले वेवारिसे फेला परेका १९७ जना (बालक-१०६, बालिका-९१) बालबालिकामध्ये १०६ जना (बालक-५४, बालिका-५२) लाई

परिवारमा पुनर्मिलन गरिएको र ९१ जना (बालक-५३, बालिका-३८) लाई अस्थायी संरक्षण सेवामा राखिएको छ । बालबालिका खोजतलास सेवाबाट उद्धार गरिएका वेवारिस बालबालिकाको संख्या तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**स्तम्भ चित्र नं. २ बेवारिस भेटिएका र संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको प्रदेशगत विवरण, २०७८**




*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, २०७८*

माथिको स्तम्भ चित्रले सबै भन्दा बढी बेवारिसे बालबालिका बागमती प्रदेशमा र सबैभन्दा कम प्रदेश नं.२ मा भेटिएको देखाएको छ । बेवारिसे भेटिएका मध्ये परिवारमा पुर्नमिलन गराइएको प्रतिशत सबैभन्दा बढी प्रदेश नं.१ मा रहेको देखिएको छ ।


***सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन***

सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि नेपाल संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमिक रूपमा संवेदनशील हुँदै नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउने दिशातर्फ उन्मुख भैरहेको छ । बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बाल अधिकार सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू संघीय सरकारको तर्फबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्व र राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन र प्राविधिक सहयोगमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं.१०४) एवम् प्रदेश सरकार, स्थानीय तह, संघसंस्थाको सहकार्यमा काठमाडौं उपत्यका लगायत प्रदेश नं.१,

बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा सडक बालबालिकाको उद्धार र व्यवस्थापन कार्य प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ। सो कार्यका लागि राष्ट्रिय बाल अधिकार परिषद्ले ८ वटा अस्थायी संरक्षण सेवा केन्द्रहरू (विस्तृत विवरण अनुसूची ९ मा राखिएको छ) सूचीकृत गरी सडक बालबालिकाको संरक्षण व्यवस्थापन गरिरहेको छ। सामाजिकीकरण केन्द्र र लागू औषध पुनःस्थापना केन्द्रहरूले समन्वयात्मक रूपमा कार्य गरिरहेको छ।

सडकमा आश्रित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनलाई निरन्तरता दिँदै आगामी असार मसान्तसम्ममा नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउन आधार तयार पार्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ। आगामी आर्थिक वर्ष २०७८/०७९ मा परिषद्ले सडकमा आउने बालबालिकाको उद्धार तथा संरक्षण सँगसँगै सडक बालबालिकाको दीर्घकालिन व्यवस्थापनका लागि "Street to Stadium, Street to Family Street to Skill Training" कार्यक्रम अघी बढाइएको छ। सडक बालबालिका उद्धारसम्बन्धी विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भचित्र नं.३ सडक बालबालिको उद्धार सम्बन्धी विवरण, २०७२/७३ देखि २०७७/७८**





*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

वि.स.२०७३ साल बैशाखदेखि सुरुवात गरिएको यस अभियानबाट २०७८ असार मसान्तसम्ममा १७८८ जना (बालक-१५३६, बालिका-२५२) सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ। जसमध्ये ८७८ जना बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको, २१४ जनालाई विभिन्न सीपमूलक तालिममा पठाइएको, ५९ जना तालिम पुरा गरी सीपमूलक कार्यमा संलग्न रहेको, ५० जना बालबालिकाको परिवार तथा अभिभावक नभेटिएकोले दीर्घकालिन संरक्षणका लागि वैकल्पिक स्याहारमा पठाइएको छ। यसैगरी २०७८ असार मसान्तसम्ममा यस आर्थिक वर्षमा उद्धार

गरिएका मध्ये २८१ जना र विगतका वर्षहरूमा उद्धार गरिएका मध्ये ११८ जना गरी ४०९ जना बालबालिकालाई अस्थायी संरक्षण केन्द्रमा राखी आवश्यक सेवा उपलब्ध गराँउदै आएको छ। कुल उद्धार गरिएका बालबालिका मध्ये १८८ जना बालबालिकाले १८ वर्ष पुरा गरी अन्यत्र गईसकेको अवस्था रहेको छ। यस विवरणलाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र ४ सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी विवरण**




*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

चालु आर्थिक वर्ष २०७७/०७८ मा मात्र जम्मा ३३५ जना (बालक २९१ र बालिका ४४) सडकबाट उद्धार गरिएका बालबालिका मध्ये ५६ (बालक ४५ र बालिका ११) जनालाई परिवारमा पुनर्मिलन गरिएको छ। यसैगरी २७९ जना (बालक २४६ र ३३ बालिका) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ भने ३० जना बालबालिकाको रुची तथा दक्षताका आधारमा सीपमूलक तालिममा सहभागी गराइएको छ। अस्थायी संरक्षणमा राखिएकामध्ये सडकमा रहँदा विविध खाले लागु औषध दुर्व्यसनमा फसेका २०८ जना (बालक १५१ र बालिका ५७) बालबालिकालाई लागू औषध उपचार सेवा प्रदान गरिएको छ।

***जोखिमपूर्ण कार्यमा रहेका बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन***

परिषद्ले यस आर्थिक वर्षमा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत ५८ जना (बालक ४७, बालिका ११) जोखिमपूर्ण कार्यमा संलग्न रहेका तथा सडकमा वस्तु विनिमयमा

संलग्न रहेका बालबालिकाको उद्धार गरी संरक्षण र व्यवस्थापन गरेको छ । यसैगरी ७ जना बालश्रमिक रोजगारदातालाई कारवाही तथा ३ जना बालबालिकालाई कानून बमोजिमको क्षतिपूर्ति समेत प्रदानका लागि परिषद्ले सहजीकरण गरेको छ। जोखिमपूर्ण कार्यबाट उद्धार गरी पारिवारिक पुनर्मिलन गरिएका बालबालिका सबैभन्दा धेरै प्रदेश नं.२ स्थायी ठेगाना भएका ५१ जना रहेका छन् भने बागमती प्रदेशका ३ जना र प्रदेश नं. १, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशबाट १/१ जना रहेका छन् । उद्धार गरिएका ५८ जना मध्ये सडकमा बस्तु विनिमय कार्यमा संलग्न ५२ जना (बालक ४४ र बालिका ८), ईटा उद्योगमा संलग्न २ जना (बालक १ र बालिका १), घरायसी कामदारको रूपमा २ जना (बालक १ र बालिका १) र अन्य श्रममा संलग्न २ जना बालिका रहेका थिए ।

**(ख) बाल हेल्पलाइन १०९८ तथा सेवा प्रवाहको स्थिति**

बालबालिका सम्बन्धी ऐन, २०७५ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्ने प्रावधान रहेको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गर्ने व्यवस्था छ ।


कानूनी तथा नीतिगत व्यवस्था भए बमोजिम विशेष संरक्षणको आवश्यकता भएका, विभिन्न किसिमका हिंसा, दुर्व्यवहारबाट पीडित तथा प्रभावित भएका बालबालिकाका लागि छिटो-छरितो र बालमैत्री ढङ्गले संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुर्‍याउने उद्देश्यले राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरण र सहयोगमा विगतदेखि नै गैर सरकारी संस्थाहरूको सहकार्यमा बाल हेल्पलाइन नेपाल (१०९८) सञ्चालनमा रहेको छ । यस आ.व.मा थप ६ स्थानमा यो सेवा विस्तार गरी हाल राष्ट्रिय बाल अधिकार परिषद्को संयोजनमा विभिन्न ११ वटा संघसंस्थाहरूको सहकार्यमा १८ जिल्लाहरूमा (संखुवासभा, इलाम, सुनसरी, मोरङ, उदयपुर, धनुषा, बारा, मकवानपुर, चितवन, काठमाडौँ, कास्की, कपिलवस्तु, बाँके, सुर्खेत, दैलेख, कालिकोट, कैलाली र बाजुरा) बाल हेल्पलाइन नेपाल (निःशुल्क टेलिफोन नम्बर दश नौ आठ) सञ्चालन गरी सेवा प्रवाह गरिरहेको छ। विस्तृत विवरण अनुसूची ८ मा राखिएको छ। आर्थिक वर्ष २०७८/०७९ भित्र थप ७ जिल्लाहरूमा बाल हेल्पलाइन नं १०९८ विस्तार गरिने भएको छ। बाल हेल्पलाइन नेपाल (१०९८) सञ्चालनमा रहेका केन्द्रहरूबाट प्रवाह गरिने मुख्य सेवाहरूमा जोखिममा परेका बालबालिकाको आकस्मिक उद्धार, राहत, मनोविमर्श, अल्पकालीन आश्रय, स्वास्थ्य उपचार, पारिवारिक सहयोग, कानूनी परामर्श र सहयोग, पारिवारिक पुनर्मिलन, पुनःस्थापना लगायतका नियमित अनुगमन, सहजीकरण, पृष्ठपोषण, समन्वय र सहकार्यजस्ता कार्यहरू पर्दछन् ।

बाल हेल्पलाइन नेपाल (१०९८) सञ्चालन तथा यसको कार्यक्षेत्र तथा कार्यविधि थप स्पष्ट रूपमा निर्धारण गरी हेल्पलाइनबाट प्रवाह गरिने सेवाहरूको प्रभावकारिता अभिवृद्धिका लागि

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बाल हेल्पलाइन नं.१०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ जारी गरी कार्यान्वयनमा रहेको छ।

निःशुल्क बाल हेल्पलाइन (१०९८) सेवाबाट आ.व.२०७७/७८ मा जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ६६१ (बालक २६७ र बालिका ३९४) जना र अन्य नियकायबाट उद्धार भई थप सेवाका लागि बाल हेल्पलाइन सेवा केन्द्रहरूमा रेफर भई आएका ५५ जना (बालक २८ र बालिका २७) गरी कुल ७१६ जना बालबालिकालाई अस्थायी संरक्षणको प्रबन्धका साथै अन्य बाल हेल्पलाइन सेवा प्रदान गरिएको छ। बाल हेल्पलाइन सेवा केन्द्रहरूबाट उद्धार गरिएका बालबालिकाको विस्तृत लेखाजोखाको आधारमा घटना व्यवस्थापन योजना बनाई घटना सम्बोधन गरिएको छ। परिषद्ले बाल हेल्पलाइन सेवामार्फत यस आर्थिक वर्षमा उद्धार गरेका बालबालिकाको संख्यात्मक विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छः

**स्तम्भचित्र ५: बाल हेल्पलाइन सेवा १०९८ मार्फत उद्धार गरिएका बालबालिकाको विवरण**




*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

बाल हेल्पलाइन (१०९८) सेवा केन्द्रहरूमा मार्फत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यक सेवा प्रदान गर्दै आएको छ। बाल हेल्पलाइन सेवा केन्द्रहरूमार्फत आर्थिक

वर्ष २०७६/०७७ मा जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका कुल १,४२० जना बालबालिका र टेलिफोन लगायत विभिन्न माध्यमबाट बाल हेल्पलाइनमा सहयोगका लागि सिफारिस भई आएका ७,३२४ जना बालबालिका गरी कुल ८,७४४ जना (बालक ४०४७, बालिका ४,६९७) बालबालिकालाई आवश्यक सेवा प्रवाह गरिएकोमा यस आर्थिक वर्षमा ८७९३ जना बालबालिका (बालक ३४०५ र बालिका ५३८८) लाई देहाय बमोजिम बाल संरक्षण सम्बन्धी विविध सहायताहरू प्रदान गरिएको छ

**तालिका नं. ५६ः बाल हेल्पलाइन सेवा १०९८ मार्फत प्रदान गरिएका सेवाहरूको विवरण**

| उद्देश्य. | सहयोगको विवरण बालक | बालक | बालिक | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचारको सहयोग | १५१ | २१९ | ३७० |
| २. | मनोसामाजिक मनोविमर्श | ९६० | १२७८ | २२३८ |
| ३. | पारिवारिक परामर्श | ८७१ | १२९२ | २१६३ |
| ४. | कानूनी परामर्श | १०३ | ४०७ | ५१० |
| ५. | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ५२५ | ७६८ | १२९३ |
| ६. | शैक्षिक सहयोग | २६५ | ५१४ | ७७९ |
| ७. | बालविवाह रोकथाम समयोग | ३६ | १७१ | २०७ |
| ८. | आयआर्जन सहयोग | १६ | ४० | ५६ |
| ९. | अन्य सहयोग | ४७८ | ६९९ | ११७७ |
| | **जम्मा** | **३४०५** | **५३८८** | **८७९३** |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८*

आर्थिक वर्ष २०७७/०७८ मा बाल हेल्पलाइन नं.१०९८ मार्फत प्रवाह गरिएको सेवामध्ये सबैभन्दा बढी २,२३८ जना बालबालिकालाई मनोसामाजिक मनोविमर्श सेवा प्रदान गरिएको छ भने २१६३ जनालाई पारिवारिक परामर्श सेवा प्रदान गरिएको छ । यस तथ्याङ्कले कोभिड महामारीका कारण सिर्जित विषम परिस्थितिले बालबालिकामा मनोसामाजिक समस्या बढी देखिएको प्रष्ट हुन्छ । विगतका वर्षहरूमा भन्दा यस वर्ष कोभिड-१९ (कोरोना भाइरस) को कारणले स्याहार तथा संरक्षण सहयोग बढी देखिएको हो ।

बालबालिका विरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकाको हकहितको संरक्षणको निम्ति सञ्चालित बाल हेल्पलाइनलाई प्रहरी प्रशासन, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, कानूनी सहयोग गर्ने संस्थाहरू, बालबालिका तथा मानव अधिकारसँग सम्बन्धित संघ-संस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ ।

यसलाई अझ बढी प्रभावकारी बनाउँदै प्रदेश सरकार तथा स्थानीय तहबाट समेत थप स्रोत विनियोजन गर्न आवश्यक छ। स्थानीय सरकारबाट आगामी दिनहरूमा बाल अधिकार प्रवर्द्धन गर्न तथा बाल संरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ। यो सेवा आपतमा परेका बालबालिकाका निम्ति छिटोछरितो, बाल अधिकारसम्मत, बालमैत्री संरक्षण प्रणालीका रूपमा रहेको छ। यस कार्यलाई थप  प्रभावकारी बनाउन सम्बन्धित प्रदेश, स्थानीय तह, गैर-सरकारी, नागरिक समाज लगायत सञ्चार माध्यम, विद्यालय, बालक्लब र बालबालिकाको समूह समेतको सक्रिय योगदान हुन जरुरी छ।

### ५.३.५ बालविवाह न्यूनीकरण

मुलुकी देवानी संहिता ऐन २०७४ र मुलुकी अपराध संहिता ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रूपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने व्यवस्था छ। नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ। बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। दिगो विकासका लक्ष्यहरू (२०१६-३०) मा बालविवाह न्यूनीकरणको विषय समावेश भएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार बालविवाह जस्ता कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन्। त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ।

बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ। यस रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ। यसअनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ।

नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरूमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (पुरुष १.५% र महिला ७.९%) र १८ वर्षमुनिका २२।७ प्रतिशत (पुरुष ९% र महिला ३२.८%) को विवाह भएको पाइएको छ। यसैगरी, १५ देखि १९ वर्ष उमेर समूह व्यक्तिहरूमध्ये १२.८ प्रतिशत (पुरुष ५.३% र महिला १९.३%) विवाहित पाइएको छ। यसबाट बालविवाहको प्रतिशत उल्लेख्य रूपमा घट्दै आएको देखिएको छ। विगत केही दशकदेखि

नै बालविवाह विरुद्ध कानूनी, योजना र कार्यक्रमका उपायहरू अपनाउँदै आएको, विकासका साझेदार संस्था तथा नागरिक समाजबाट पनि बालविवाह विरुद्धका प्रयास भएको र समुदायमा चेतना अभिवृद्धि भएकोले बालविवाहका घटनाहरू कमी हुँदै आएको देखिएको छ । पछिल्लो समयमा कानूनले तोकेको उमेर नपुग्दै युवायुवतीहरूले मोवाइल फोन तथा सामाजिक सञ्जालको माध्यमबाट समेत स्वेच्छाले विवाह गरेका घटनाहरू प्रकाशमा आएका छन् ।

प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय अनुसार आ.व.२०७७/०७८ मा बालविवाहबाट ४८ जना बालिका पीडित भएको जानकारी प्राप्त भएको छ । उक्त बालिकाहरूमध्ये ११-१६ वर्ष उमेर समूहका २८ जना र १७-१८ वर्षका २० जना रहेका छन् । प्रहरी कार्यालयमा दर्ता भएका बाहेकका घटनाहरूको जानकारी अध्यावधिक गर्न कठिनाई भएको छ । यसै गरी बाल हेल्पलाइन सेवा १०९८ मा यस आ.व.मा २०७ वटा बालविवाहको घटनाको सूचना प्राप्त भएको थियो । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८ अनुसार यस आ.व.मा देशभर ३३१ वटा बालविवाहका मुद्दाहरू दर्ता भएकोमा १५३ वटा फछ्र्यौट र १७८ वटा बाँकी रहेको देखिन्छ ।

बालविवाहको स्थिति विगतमा भन्दा सुधार हुँदै आएको जानकारी रहेको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार बालविवाह सम्बन्धी प्रदेशगत स्थिति निम्नानुसार देखिएको छ ।

**तालिका नं. ५७ प्रदेशगत बालविवाहको स्थिति, २०७६/७७**

| सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| २०-२४ वर्षका विवाहितको प्रतिशत | | | | | | | | |
| **जम्मा:** | | | | | | | | |
| क. १५ वर्षमुनिका | **५.२** | ४.२ | ८.९ | १.७ | ४.२ | ६.४ | ८.४ | ६.५ |
| ख. १८ वर्षमुनिका | **२२.७** | २०.९ | २९.३ | १३.२ | २२.९ | २५.० | ३४.६ | २९.४ |
| **बालिका:** | | | | | | | | |
| क. १५ वर्षमुनिका | **७.९** | ६.६ | १४.२ | २.२ | ६.८ | ८.९ | १२.० | ८.२ |
| ख. १८ वर्षमुनिका | **३२.८** | २८.५ | ४६.० | १९.७ | ३५.७ | ३३.७ | ४४.३ | ३५.६ |
| **बालक:** | | | | | | | | |
| क. १५ वर्षमुनिका | **१.५** | ०.० | २.१ | १.२ | ०.० | २.४ | १.७ | ३.० |
| ख. १८ वर्षमुनिका | **९.०** | ८.१ | ७.८ | ७.२ | २.१ | ११.४ | १७.० | १७.५ |
| १५-१९ वर्षका विवाहितको प्रतिशत | | | | | | | | |
| **जम्मा** | **१२.८** | ८.९ | १५.२ | ९.६ | १४.७ | १३.९ | २०.५ | १३.३ |
| महिला | **१९.३** | १४.७ | २४.९ | १३.७ | २३.१ | २०.१ | २७.४ | १८.८ |
| पुरुष | **५.३** | २.५ | ४.४ | ४.८ | ४.३ | ६.३ | १२.१ | ७.० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६*

माथिको तालिकाबाट सबै सूचकहरूमा प्रदेश-१, बागमती प्रदेशको स्थिति राष्ट्रिय औसतभन्दा राम्रो देखिएको छ भने प्रदेश-२ मा १५-१९ वर्ष उमेर समूहका पुरुषमा भएको विवाहको स्थितिबाहेक अन्य सबै सूचकहरूको स्थिति कमजोर रहेको देखिएको छ भने अन्य प्रदेशहरूमा मिश्रित स्थिति रहेको देखिएको छ । बालविवाहको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि संघ, प्रदेश र स्थानीय तीनै तहबाट उल्लेख्य प्रयास हुन जरुरी छ भने विकास साझेदार, गैरसरकारी संस्था, नागरिक समाज, समुदाय लगायत सञ्चार माध्यमबाट अझबढी योगदान हुन आवश्यक छ ।

केही प्रदेशहरूबाट बालविवाह अन्त्य तथा न्यूनीकरणका लागि प्रतिबद्धता जनाएको पाइएको छ । प्रदेश १ ले २०८२ सालसम्ममा बालविवाह मुक्त प्रदेश घोषणा गर्ने, प्रदेश ३ ले २०७८ सम्ममा बालविवाह मुक्त गर्ने, प्रदेश २ ले "बेटी बचाऊ, बेटी पढाऊ" अभियान मार्फत बालविवाहलाई न्यूनीकरण गर्ने, सुदूरपश्चिम प्रदेशले "सानै छु म, बढ्न देऊ, बालविवाह हैन, पढ्न देऊ" अभियान सञ्चालन गरेको छ । स्थानीय तहबाट बालविवाह निराकरणका लागि बिमा गर्ने नीति समेत लिएका घटना प्रकाशमा आएको छ । बालविवाह विरुद्ध जनचेतना जागरण लगायत बालविवाह नियन्त्रण गर्ने कार्य समेत गैह्रसरकारी संस्था एवम् बालक्लवहरूबाट हुने गरेका घटनाहरू प्रकाशमा आइरहेका छन् ।

परापूर्वकालदेखि नै समाजमा बालविवाहको प्रचलन जकडिएर रहेकोले कानून र नीतिले बालविवाहलाई बन्देज लगाएता पनि अझै पनि बालविवाहको प्रचलन रहेको छ । विभिन्न समुदाय एवम् भौगोलिक क्षेत्रहरूमा हुने गरेका बालविवाह विरुद्ध उजुरी नहुनु वा ज्यादै कम उजुरी हुनु, बालबालिकाले नै आफू खुशी भागी विवाह गर्नु  लगायत बालविवाह विरुद्धको जनचेतनाबाट व्यक्ति, परिवार र समुदायको व्यवहार अपेक्षित रूपमा सुधार नहुनु बालविवाह न्यूनीकरणका लागि ठूलो समस्याको रूपमा रहेको छ ।

### ५.३.६ श्रमिक बालबालिका

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । ऐनको दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । बालबालिकालाई हानि हुने, शिक्षामा बाधा अड्चन हुने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने कुरा सुनिश्चित गरेको छ । उपदफा (९) ले १४ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ । श्रम ऐन, २०७४ को दफा ५ बमोजिम

कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनु हुँदैन भन्ने व्यवस्था भएको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं.१३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ। तर 'आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने' व्यवस्था छ । निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं.१८२) लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ । यस महासन्धिको प्रावधान अुनसार बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने, जोखिमयुक्त बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरूलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्ने, जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यवसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ। बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि २००१ (नं.१२९), अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि २००१ (नं.१४४) मा पनि नेपालले हस्ताक्षर गरेको छ।

पन्ध्रौं योजना (२०७६/०७७ - २०८०/०८१) मा राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने रणनीति अवलम्बन गरिएको छ। दिगो विकास लक्ष्यको सातौं बुँदा अर्न्तगत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरू अपनाउने उल्लेख गरिएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) लागू भएको छ। यस गुरुयोजनाको उद्देश्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्ण रूपमा निवारण गरी राष्ट्रलाई बालश्रमरहित बनाउने रहेको छ । गुरुयोजनाको लक्ष्यहरूमा २०७९ साल सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ साल सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने रहेको छ।

संविधान र कानूनले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन बन्देज लगाए पनि, नीति र

योजनामा बालश्रम न्यूनीकरणका प्रावधानहरू तर्जुमा गरिए पनि, बालश्रम लक्षित विविध कार्यक्रमहरू सरकार र विकासका साझेदार संस्थाहरूले कार्यान्वयनमा सहयोग गरे पनि बालश्रमको समस्या भने अझै उल्लेख्य रूपमा  रहेको देखिएको छ ।

नेपालमा बालश्रमको अवस्थामा क्रमशः सुधार आइरहेको पछिल्लो राष्ट्रिय सर्वेक्षणले प्रमाणित गरेको छ । केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ । ५ देखि ११ वर्ष उमेर समूहका कम्तीमा १ घण्टा कामकाजमा संलग्न बालबालिका २७.९ प्रतिशत (बालक २९.९ र बालिका २६.५) रहेको पाइएको छ । १२ देखि १४ वर्ष उमेर समूहका कामकाजमा संलग्न १४ घण्टाभन्दा कम ४४.२ प्रतिशत (बालक ४३.४ र बालिका ४४.८), १४ घण्टाभन्दा बढी १५.२ प्रतिशत (बालक १२.३ र बालिका १७.६) बालबालिका रहेको देखिएको छ । केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो प्रतिवेदन नेपालमा बालश्रम प्रतिवेदन, सन् २०२१ अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखाएको छ । जुन तथ्याङ्क सन् २००८ को भन्दा ५ लाखले कमी हो भने २०७१ सालको सर्वेक्षण भन्दा २२.१ प्रतिशतले कम हो ।

दशकौंदेखि नेपालमा बाल श्रम विरुद्ध चेतना जागरण र सहयोगका कार्यक्रमहरू सरकारी र विकासका साझेदार संस्थाहरूबाट चलिनै रहेको छ । यसैको फलस्वरूप केही महानगर र नगरमा बालश्रम न्यूनीकरणका लागि उल्लेख्य प्रयास भएका छन् । होटल, रेस्टुरेन्ट, बजार, वडा तथा नगरलाई बालश्रम मुक्त बनाउने क्रमको थालनी समेत भएको पाइन्छ ।

वयस्कको तुलनामा बालबालिकालाई थोरै तलब र बढी समयसम्म काममा लगाउन सहज हुने लगायतका कारण बालश्रमको प्रयोग भइरहेको देखिन्छ । बाल श्रमप्रति अझै पनि समाजमा चेतना नपुगेको तथा बालश्रमलाई सामाजिक रूपमा स्वीकार गरिएको एवम् कठिन अवस्थाका बालबालिकाका लागि सहयोगको कार्यक्रमको अभाव लगायतका कारण समेतले कतिपय क्षेत्रमा बालश्रम व्याप्त रहेको देखिन्छ। वैदेशिक रोजगारीका कारण श्रमशक्तिको अभाव भएका बेला नाइके वा ठेकेदारहरूले विभिन्न आर्थिक प्रलोभन देखाई बालबालिकालाई विकल्पको रूपमा समेत प्रयोग गर्ने गरेको जानकारी रहेको छ ।

### ५.३.७ शरणार्थी बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २२ मा शरणार्थी भएका वा शरणार्थी हुने अवस्थामा रहेका बालबालिकालाई पक्ष राष्ट्रले विशेष संरक्षण दिनुपर्ने र शरणार्थी बालबालिकाको पनि अरु बालबालिका सरहकै अधिकार उपभोगमा सुनिश्चितता गर्नुपर्ने व्यवस्था रहेको छ । शरणार्थीहरूमध्ये पनि बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ । संयुक्त

राष्ट्र संघको शरणार्थी सम्बन्धी महासन्धि, १९५१ र यसको इच्छाधीन आलेख, १९६७ र राज्यविहीन व्यक्ति सम्बन्धी महासन्धि, १९५४ मा नेपाल पक्षधर राष्ट्र भइसकेको छैन । तर, मानव अधिकार, बाल अधिकार तथा अन्य कतिपय विषयका महासन्धि तथा अभिसन्धिहरूको पक्षधर राष्ट्रको रूपमा नेपालले करिब ६ दशक पहिलेदेखि शरणार्थीको विषय सम्बोधन गर्दै आएको छ र विगतका करिब तीन दशकदेखि भुटानी शरणार्थीको विषय सम्बोधन गर्दै आएको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को बुँदा नं.८.१२ मा शरणार्थी तथा कुनै पनि कारणले आन्तरिक रूपमा बिस्थापित भएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ । यस्ता बालबालिकाका लागि आधारभूत सेवासुविधामा पहुँचको सुनिश्चितताको व्यवस्था गरिनेछ भन्ने उल्लेख भएको छ ।

गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७४/०७५ मा कुल भुटानी शरणार्थी बालबालिकाको संख्या २,२६२ र आर्थिक वर्ष २०७५/७६ मा २,०८५ (१,००९ बालिका र १,०७६ बालक) जना रहेको थियो । उक्त संख्या आर्थिक वर्ष २०७६/७७ मा २,०९१ रहेको देखिएको छ ।

**तालिका नं. ५८ः भूटानी शरणार्थी बालबालिकाको संख्या, २०७६/७७**

| उमेर समूह (वर्ष) | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| ०–४ | १९६ | २०४ | ४०० |
| ५–९ | २७६ | २८१ | ५५७ |
| १०–१४ | २९० | ३५३ | ६४३ |
| १५–१८ | २४१ | २५० | ४९१ |
| जम्मा | १,००३ | १,०८८ | २,०९१ |

*स्रोतः गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, २०७७*

### ५.३.८ कानूनी विवादमा परेका बालबालिका

नेपालको संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक सुनिश्चित गरेको छ । यो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कानूनी विवादमा परेका बालबालिकाको न्याय सम्पादनसँग सम्बन्धित विभिन्न निकायहरूबीच समन्वय गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ बमोजिम केन्द्रमा केन्द्रीय बालन्याय समिति र दफा ४७ बमोजिम हरेक जिल्लामा जिल्ला बाल न्याय समितिको प्रावधान रहेकोमा बाल न्याय सम्पादन कार्यविधि नियमावली २०७६ को नियम ३० बमोजिम केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बालन्याय समिति गठन भएको छ भने नियम ३४ बमोजिम जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिहरू गठन भएका छन् । बालबिज्याइँमा संलग्न बालबालिकाका निम्ति अपनाइने बाल न्याय प्रणालीका अतिरिक्त बालबालिकासँग सम्बन्धित विषयहरूमा अदालत

संवेदनशील हुँदै आएको छ । कानूनले दण्डनीय ठानेको कार्य गरेका तर कम उमेर तथा शारीरिक र मानसिक अपरिपक्वताको कारण वयस्क सरह कानूनी कारवाही नगरिएका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले बाल सुधार गृह, निगरानी कक्ष, बाल अदालत, दिशान्तरण जस्ता अवधारणाका माध्यमबाट बालमैत्री पद्धति अवलम्बन गरेको छ ।

बालबालिकाको संरक्षणको लागि विभिन्न कानूनी व्यवस्थाहरू भएका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७ मा सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम वर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ, संस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन दश वर्षसम्म योग्य नमानिने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले बालबालिकालाई हानि गर्न सक्ने व्यक्तिहरूबाट बालबालिकाको संरक्षण गर्न सहयोग हुने अपेक्षा गरिएको छ । बालबालिका विरुद्धको हिंसाको बारेमा बालबालिका आफैंले उजूरी गर्न नसक्ने हुनाले सोही ऐनको दफा ६८ मा बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनुपर्ने व्यवस्था गरिएको छ ।

केन्द्रीय बाल न्याय समितिको सचिवालयको जानकारी अनुसार ७७ वटै जिल्ला अदालतहरूमा बालबालिका सम्बन्धी मुद्दा बाल इजलासबाट नै हेर्ने गरिएको छ । यद्यपि सबै जिल्ला अदालतहरूमा भौतिक पूर्वाधार सहितको छुटै बाल इजलास नभएको अवस्था छ । यस्तै मिति २०७६ चैत्र ३ गते प्रकाशन भएको नेपाल राजपत्र (खण्ड ६९, संख्या ४९, भाग ५) मा नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ को नियम ४३ मा उल्लिखित काम, कर्तव्य र अधिकारको पालना गर्न नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरी सबै जिल्ला अदालतमा कार्यरत राजपत्राङ्कित अधिकृत स्तरका तहसिलदारलाई र राजपत्राङ्कित तहसिलदार नभएको स्थानमा सो अदालतका स्रेस्तेदारलाई प्रोवेशन अधिकारी तोकिएको जानकारी सहितको सूचना प्रकाशन भए बमोजिम हाल ७७ वटै जिल्ला अदालतमा सोही बमोजिम प्रोवेशन अधिकारी तोकिएको छ ।

सर्वोच्च अदालतको वार्षिक प्रगति प्रतिवेदन २०७८ अनुसार आ.व. २०७७/८७ मा बालबालिका पक्ष भएको ८९०५ मुद्दा दर्ता भएकोमा ४४१९ वटा फछ्र्यौट भएको र ४४८६ वटा फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । बालबालिका पीडित भएको ४८४० वटा मुद्दाहरू देश भरका अदालतहरूमा दर्ता भएका थिए भने बालबालिका मात्र वादी वा प्रतिवादी भएको मुद्दाहरू ५२१५ वटा रहेको प्रतिवेदनले देखाएको छ ।

केन्द्रीय बालन्याय समितिको सचिवालय अनुसार आ.व.२०७७/०७८ मा १५ वटा जिल्ला अदालतहरूमा जम्मा ३६० जना प्रतिवादी बालबालिका विभिन्न ३८७ वटा मुद्दाहरूमा संलग्न भएको जानकारी रहेको छ। कुल ३६० वटा मुद्दाहरूमध्ये जम्मा ८९ वटा मुद्दाहरू फैसला भइसकेका छन भने बाँकी २९८ मुद्दाहरू चालु अवस्थामा रहेका छन्।

बालबालिका संलग्न भएका बिज्याइँका प्रकृति तथा संख्याको सामान्य विश्लेषणबाट पनि बाल अधिकारको संरक्षण तथा संवर्द्धनमा गम्भीर चुनौति थपेको देखिन्छ। विद्यालय जाने र जीवनोपयोगी सीप तथा ज्ञान हासिल गर्नु पर्ने उमेर समूहका बालबालिका बिज्याइँसँग सम्बन्धित गतिविधिहरूमा संलग्न हुनुले सुखी नेपाली तथा समृद्ध नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्नमा समेत नकारात्मक असर पर्ने देखिन्छ। तसर्थ, यो समस्याको दीगो समाधानका लागि तीनै तहको सरकार तथा सम्बद्ध निकायहरूले गम्भीरतापूर्वक छलफल गरी उपयुक्त उपायहरू अपनाउन जरुरी देखिन्छ।

**५.३.९ बेचबिखन तथा ओसारपसारमा परेका बालबालिका**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार कसैले पनि मानव बेचबिखन र ओसारपसार सम्बन्धी कार्यहरू गर्नु गराउनु हुँदैन। कसैले यस्ता कार्यहरू गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ। यी व्यवस्थाहरूबाट बालबालिका विरुद्धको बेचबिखन, ओसारपसार, यौनहिंसा र जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्ने कार्यमा थप बल पुग्ने देखिन्छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आफ्नो स्थापना कालदेखि महिला तथा बालबालिकाको बेचबबिखन तथा ओसारपसार नियन्त्रणका लागि मुख्य सम्पर्क निकायको रूपमा काम गरिरहेको छ र यस कार्यमा कार्यमा संयुक्त राष्ट्र संघीय निकायहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत सहयोग गरिरहेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ पारित भएपछि राष्ट्रिय र जिल्ला स्तरमा मानव बेचबिखन नियन्त्रण समिति गठन भई कार्यरत रहेको थियो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, जीउ मास्ने बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बलपूर्वक श्रम उन्मूलन सम्बन्धी महासन्धि लगायत सार्कस्तरीय घोषणाहरूका प्रावधानहरू लागू गर्न नेपाल सरकार प्रतिबद्ध रहेको छ। नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध लड्न क्षेत्रीय स्तरमा सार्कसँगको सहयोग र बालबालिकाविरुद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एशियाली राष्ट्रहरूको अभियान (SAIEVAC) अन्तर्गत बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने साझा उद्देश्यबारे सहकार्य गरिरहेको छ।

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ कार्यान्वयनमा रहेको छ । यस कार्ययोजनामा मूलतः मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारका घटनाहरू अन्त्य गर्नका लागि निरोधात्मक, संरक्षणात्मक, कानूनी कारवाही, क्षमता विकास र समन्वय, सहयोग र सहकार्यका आयामहरूमा उद्देश्य तय गरिएका छन् र ती उद्देश्यहरू पूरा गर्नका लागि आवश्यक कार्यहरू समावेश गरिएका छन् । नियोजित कार्यहरूको प्रभावकारी कार्यान्वयन, आवधिक अनुगमन र प्रतिवेदन सम्बन्धी कार्यहरूमा थप ध्यान पुऱ्याउन जरुरी देखिएको छ ।

बालबालिकाको बेचबिखन तथा ओसारपसार, यौनशोषण र दुर्व्यवहार विरुद्ध चेतना जागरण लगायत नियन्त्रण र उद्धारसँग सम्बन्धित कार्यहरू विगतका दशकहरूदेखि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन भइरहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार विश्वमा नै समस्याको रूपमा रहेको छ । नेपालमा पनि विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन र यौनशोषण तथा दुर्व्यवहार एक गम्भीर समस्याको रूपमा रहेको छ भने यसको निराकरण गर्नु ठूलो चुनौतीको रूपमा रहेको अवस्था छ । विशेषगरी चुनौतिहरूमा जोखिमपूर्ण स्थितिमा रहेका बालबालिका, महिला र समुदायमा पर्याप्त चेतनाको कमी, गरिबी, पारिवारिक विखण्डन र दयनीय अवस्था, समुदायमा बाल संरक्षण संयन्त्र सशक्त नहुनु, सीमावर्ती क्षेत्रहरूमा नियमित छलफल र समस्याको उचित सम्बोधनमा कमीजस्ता समस्याहरू विद्यमान रहेका छन् । महिला तथा बालबालिकाको बेचबिखन सम्बन्धमा राष्ट्रिय अध्ययन हुन बाँकी नै रहेको देखिएको छ । नेपाली चेलीबेटीहरूको बेचबिखन र ओसारपसार आन्तरिक शहर बजारदेखि विभिन्न वैदेशिक मुलुकहरूमा हुँदै आएको जानकारी रहेको छ । महिला तथा बालबालिकाको बेचबिखन, उद्धार, पुनःस्थापना लगायत सीप अभिवृद्धि र आयमूलक कार्यहरूमा माइति नेपालले दशकौं देखि कार्यक्रम सञ्चालन गरिरहेका छन् भने यस कार्यमा शक्ति समूह, रक्षा नेपाल लगायत अन्य गैरसरकारी संस्थाहरूबाट कार्यक्रम सञ्चालन भइरहेका छन् ।

सर्वोच्च अदालतको वार्षिक प्रगति प्रतिवेदन २०७८ अनुसार देश भरका अदालतहरूमा आ.व. २०७७/७८ मा ५५२ वटा बाल यौन दुर्व्यवहार सम्बन्धी मुद्दाहरू दर्ता भएका थिए भने २५४ वटा मुद्दाहरू फछ्र्यौट भएको र २९८ वटा फछ्र्यौट हुन बाँकी देखिएको छ ।

प्रहरी प्रधान कार्यालय, मानव बेचबिखन अनुसन्धान व्यूरोको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा मानव बेचबिखन तथा ओसारपसार अपराधमा कुल ८० जना बालबालिका (बालिका ७९ र बालक १ जना) पीडित भएको देखिएको छ । अघिल्लो आ.व.मा यो तथ्याङ्क ७१ रहेको थियो । यस्ता घटनाहरूबाट बालिका अति नै बढी प्रभावित हुने देखिएको छ । प्रहरीकै तथ्याङ्क अनुसार

मानव बेचबिखन तथा ओसारपसारको प्रयोजन हेर्दा सबैभन्दा बढी ३० जना बालिका वेश्यावृत्ति, १२ जना बेचबिखन, ११ जना यौनशोषण तथा जक, ९ जना PRदिलाउने भनी र वैवाहिक प्रयोजन, ५ जना वैदेशिक रोजगार तथा श्रमशोषण, ४ जना विदेश पठाउने बहानामा प्रभावित भएको देखिन्छ। यसैगरी २२ जना बालबालिका (१ जना बालक र २१ जना बालिका) भारत लगी बेचबिखन गरेको, १६ जना बालिका भारत लादै गरेको र ४२ जना बालबालिका आन्तरिक रूपमा नै ओसारपसारमा परेको तथ्याङ्कले देखाउँदछ।

सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा अनधिकृत सीमा पार गर्ने बालबालिकाको संख्या ८३ (बालक ४५ बालिका ३४ र नखुलेको ४) रहेको देखिएको छ। अनधिकृत रूपमा सीमा पार गर्ने बालबालिकाको प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५९ अनधिकृत रूपमा सीमापार गर्ने व्यक्तिमध्ये बालबालिकाको प्रदेशगत विवरण, २०७८**

| प्रदेश | बालक | बालिका | नखुलेको | जम्मा |
|---|---|---|---|---|
| प्रदेश नं.१ | ८ | १३ | ० | २१ |
| प्रदेश नं.२ | ० | १० | ० | १० |
| लुम्बिनी प्रदेश | २४ | ५ | ४ | ३३ |
| सुदूरपश्चिम प्रदेश | १३ | ६ | ० | १९ |
| **जम्मा** | **४५** | **३४** | **४** | **८३** |

*स्रोतः सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, २०७८*

सशस्त्र प्रहरी बलको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा भन्सार छली गरी प्रक्राउ परेका व्यक्तिमध्ये १६ जना बालक रहेको तथ्याङ्कले देखाएको छ। उमेरगत रूपमा हेर्दा सबैभन्दा बढी १७ वर्षका ६ जना, १५ वर्षका ४ जना र १४ वर्ष, १६ वर्ष र १८ वर्ष उमेरका २ जना रहेको देखिएको छ। सशस्त्र प्रहरी बलको तथ्याङ्क अनुसार अनधिकृत रूपमा सीमापार गर्ने, भन्सार छली गरी पक्राउ पर्नेमा बालबालिका समेत रहेको हुँदा यस विषयमा तीनै तहका सरकार तथा सरोकारवाला निकायको ध्यान जान जरुरी देखिएको छ।

उमेर समूह अनुसार ११ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिका अन्य उमेर समूहभन्दा बढी जोखिममा रहेको देखिएको छ। यसैगरी, जबरजस्तीकरणी अपराधबाट आ.व.२०७६/०७७ मा कुल १,३९३ जना बालिका पीडित भई प्रहरी कार्यालयमा उजुरी भएको छ। यस्ता घटनाहरूमध्ये १० वर्षमुनिका २७२ जना, ११-१६ वर्षसम्मका ८०१ जना र १७-१८ वर्षका ३१९ जना बालिका

जबरस्तीकरणी अपराधको शिकार भएको पाइएको छ। साथै, यस आर्थिक वर्षमा जबरजस्तीकरणी उद्योगबाट ३२४ जना बालिका पीडित भएको देखिएको छ। यी पीडित बालिकामध्ये १० वर्षमुनिका ५८ जना, ११-१६ वर्ष उमेर समूहका १९९ जना र १७-१८ वर्षका ६७ जना रहेका छन्। बेचबिखन, ओसारपसार, जबरजस्ती करणी अपराध र जबरजस्ती करणी उद्योग बालबालिका विरुद्धका जघन्य अपराध हुन्। बालबालिका माथि हुने यस्ता जघन्य अपराध मानव माथिकै कलङ्कको रूपमा रहेको छ। तसर्थ, बालबालिका विरुद्ध हुने यौनजन्य अपराध न्यूनीकरण तीनै तहको सरकार तथा सम्बन्धित निकाय र सरोकारवालाहरूको साझा प्राथमिकता र कार्यान्वयनमा प्रतिबद्धता हुनुपर्ने आवश्यकता छ।

### ५.३.१० द्वन्द्व प्रभावित तथा विस्थापित बालबालिका

संविधानको धारा ३९ (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने एवम् (९) मा .... द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइनेछैन र कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकुल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था रहेको छ। यसैगरी, दफा ४८ अनुसार विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन्। त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३८ अनुसार राज्यले १५ वर्ष नपुगेका कुनै पनि बालबालिकालाई लडाई वा द्वन्द्वमा प्रत्यक्ष भाग लिन नपाउने व्यवस्था गर्नु पर्दछ र सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरू चाल्नु राज्यको दायित्व हुन्छ भन्ने व्यवस्था छ। नेपाल सरकारले यस महासन्धि, १९८९ अन्तर्गतको "सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २०००" लाई सन् २००७ को सेप्टेम्बर १९ तारिखमा अनुमोदन गरेको छ। यस आलेखमा जम्मा १३ वटा धाराहरू छन्, जसमध्ये धारा १ देखि ७ सम्म प्रत्यक्ष कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। धारा १ अनुसार १८ वर्षमुनिका कुनै पनि बालबालिकालाई सशस्त्र समूहमा समावेश गर्न नहुने, धारा २ मा राज्यबाट

पनि १८ वर्षमुनिका कुनै पनि बालबालिकालाई सेनामा भर्ना गर्न नहुने, धारा ३ देखि ७ सम्ममा राज्यले उक्त बालबालिकालाई स्वयम्सेवकको रूपमा सेनामा भर्ना गर्नुपर्दा बाल संरक्षणका उपयुक्त उपायहरू अपनाउनु पर्ने व्यवस्था छ । यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २०१२ मा संयुक्त राष्ट्र संघमा पेश गरेकोमा सन् २०१६ को जुन महिनामा छलफल भई दिएको समापन टिप्पणी तथा सुझावहरू अनुसार कानूनी र कार्यक्रमका उपायहरू अपनाएको देखिन्छ ।

एकदशक लामो (२०५२–२०६२) सशस्त्र द्वन्द्व भएको पनि धेरै समय बितिसकेको छ । सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूमध्ये पनि विशेषतः बालबालिकाको विषयमा युनिसेफको सहयोगबाट काफाग (Children Associated with Armed Forces and Armed Groups)कार्यक्रम सञ्चालन भएको थियो र यसबाट सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि सहयोग भएको थियो । शान्ति कोष सचिवालयबाट विभिन्न कार्यहरू सम्पादन भएका थिए । सशस्त्र द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापन भइसकेको छ । तथापी, यस अवधिमा भएको धेरै धनजनको क्षतिका कारण बालबालिकामाथि परेको प्रभावको असर अझै पनि रहेको छ । नेपाल सरकारले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवम् पुनर्एकीकरणका लागि राष्ट्रिय कार्ययोजना, २०६७ तयार गरी सोको कार्यान्वयन भएको छ । तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आर्थिक सहयोगमा स्थानीय शान्ति समितिमार्फत द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि विशेष छात्रवृत्ति तथा आर्थिक सहयोग प्रदान गर्ने गरिएको थियो । उक्त कार्ययोजना बमोजिम इयुको आर्थिक सहयोगबाट तत्कालीन केन्द्रीय बाल कल्याण समितिबाट २० जिल्लामा द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि सहयोग कार्यक्रम/परियोजना २०७२ साल पुसदेखि २०७४ साल असार मसान्तसम्म सञ्चालन गरिएको थियो । उक्त परियोजनाबाट २० जिल्लामा १८,६६५ जना द्वन्द्वबाट प्रभावित बालबालिकाका पहिचान गरिएको थियो, जसमध्ये १०,४९९ जना बालबालिका तथा निजका परिवारहरूलाई सहयोग प्रदान गरिएको थियो ।

नेपाल सरकारले द्वन्द्वपीडित परिवारका बालबालिकाको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै द्वन्द्व प्रभावित बालबालिकाको उचित स्याहारको लागि समेत सहिद प्रतिष्ठानलाई अनुदान उपलब्ध गराउने गरेको छ । यस अन्तर्गत तत्कालीन पाँचै विकास क्षेत्रलाई समेट्ने गरी सुनसरी, दोलखा, कास्की, दाङमा र डोटीमा गरी पाँचवटा आवासीय विद्यालयहरू सञ्चालित छन् ।

### ५.३.११ सडक दुर्घटनाबाट प्रभावित बालबालिका

सडकमा हुने सवारी दुर्घटनाहरूबाट प्रत्येक वर्ष धेरैको ज्यान जाने र गम्भीर घाइते हुने गरेको छ । देशभरमा भएका सवारी दुर्घटनाहरूको विवरण र मानवीय क्षतिको विवरण अध्यावधिक रूपमा उपलब्ध हुन कठिन भएको छ । काठमाडौँ उपत्यकाभित्र भएका यस्ता घटनाहरूको विवरण उपलब्ध हुने गरेको छ । आ.व.२०७५/०७६ मा ८,५११ वटा सवारी दुर्घटना भएकोमा आ.व.२०७६/७७

मा १०,०३८ वटा सवारी दुर्घटना हुन पुगेको थियो । यी १०,०३८ वटा दुर्घटनाहरूमध्ये १३९ वटा सवारी साधनहरूको दुर्घटनाबाट १५३ जनाको मृत्यु भएको (पुरुष १२२ र महिला ३१) थियो । यसैगरी आ.व.२०७७/७८ मा ९५४५ वटा सवारी दुर्घटनामा १६६ जनाको मृत्यु भएको छ भने २२ ९ जना गम्भीर घाइते र ७०९५ जना घाइते भएका छन् ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा सडक दुर्घटनाबाट २८८ जना बालबालिका (बालक १८९ र बालिका ९९) प्रभावित भएका छन् जसमध्ये ७ जना ( बालक ४ र बालिका ३) को मृत्यु, १४ जना (बालक १२ र बालिका २) गम्भीर घाइते र २६७ जना (बालक १७३ र बालिका ९४) घाइते भएका छन् । सडक दुर्घटनाबाट प्रभावित बालबालिका मध्ये १२८ जना पैदलयात्री, १२३ जना मोटरसाइकलनमा सवार, १० जना कारमा सवार, ८ जना साइकलमा सवार र १ जना अटोमा सवार रहेका थिए । यसरी हेर्दा सबैभन्दा बढी पैदलयात्री प्रभावित देखिएकोले पैदलयात्रीको लागि सडकमा छुटै लेनको व्यवस्था हुनुपर्ने, सडक सुरक्षाका विषयमा थप सचेतना अभिवृद्धि गरिनु पर्ने, मोटरसाइकलमा सवार हुँदा बालबालिकाको सुरक्षामा विशेष ध्यान दिन सचेतना अभिवृद्धि गर्न जरुरी देखिएको छ ।

सवारी दुर्घटना रोकथाम तथा नियन्त्रण गर्न महानगरीय ट्राफिक प्रहरी महाशाखाले सवारी तथा यातायात व्यवस्था ऐन/नियमको कडाइका साथ कार्यान्वयन गर्ने गरेको छ । दुर्घटनाबाट घाइते भएका, ट्राफिक नियम उल्लङ्घन गरेका लगायत स्कुल, कलेज एवम् विभिन्न संघसस्थाहरूमा ट्राफिक सचेतना सम्बन्धी कक्षा सञ्चालन गर्ने गरिएको छ । ट्राफिक नियमबारे सञ्चारका विभिन्न माध्यमबाट जनचेतनामूलक कार्यहरू गरिरहेको छ । तथापी, चालकको लापरवाही, सवारी साधनको तीब्रगति, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने प्रवृत्ति, यान्त्रिक गडबडी, गलत तरिकाबाट ओभरटेक गर्ने, पैदलयात्रुको लापरवाही, सडकको अवस्था (चौडाइ, मोडाइ, बिग्रेको) लगायत प्रतिकुल मौसम र सडकमा चौपाया छोड्ने जस्ता कारणहरूबाट सवारी दुर्घटना हुने गरेको जानकारी रहेको छ । तसर्थ, सवारी दुर्घटना न्यूनीकरणका लागि सम्बद्ध सरोकारवालाहरू लगायत आम बटुवाहरूमा सतर्कता अभिवृद्धि हुन जरुरी देखिएको छ ।

आर्थिक वर्ष २०७६/७७ भित्र सडक दुर्घटना बाहेकका विभिन्न दुर्घटनाका कारण (नदी र पोखरीमा डुवेर तथा बगेर, पहिरो तथा खाल्डोमा परेर, सडक दुर्घटनामा परेर, करेन्ट लागेर, सर्पले टोकेर, आदि) १७८ जना बालबालिकाको (बालक ८६, बालिका ८१ र शिशु ११ जना) मृत्यु भएको जानकारी विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक भएको थियो ।

आ.व.२०७७/७८ मा प्रदेश प्रहरी कार्यालय, प्रदेश नं. २ को तथ्याङ्क अनुसार ७४ जना बालबालिका (बालक ३८ र बालिका ३६) को डुबेर मृत्यु भएको छ । अघिल्लो आर्थिक वर्षमा ५९ जना

(बालक ३८ र बालिका २१) बालबालिकाले डुबेर अकालमा ज्यान गुमाउन परेको थियो । प्रदेश नं.२ मा हरेक वर्ष डुबेर मृत्यु हुने बालबालिकाको संख्यामा वृद्धि हुँदै गएकोले बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि प्रदेश सरकार, स्थानीय तह, घर परिवार तथा अन्य सरोकारवालाको गम्भीर ध्यान जान जरुरी देखिएको छ ।

### ५.३.१२ आन्तरिक तथा बाहय धर्मपुत्र धर्मपुत्री ग्रहण

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ । साथै धर्मपुत्र/धर्मपुत्री सम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नका लागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री सम्बन्धी बालबालिकाको संरक्षण र सहयोग सम्बन्धी महासन्धि, २९ मे १९९३ समेत रहेको छ । यी महासन्धि अनुकुल हुनेगरी मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद-८ मा धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी र परिच्छेद-९ मा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था विस्तृत रूपमा उल्लेख गरिएको छ । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नदिने सम्बन्धी सर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा बालबालिकाका धर्मपुत्र/पुत्री सम्बन्धी विभिन्न व्यवस्था गरिएका छन्[1] ।

हेगस्थित धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाका अनुसार सन् १९९९ देखि २०१९ सम्म हेगको उपर्युक्त महासन्धिका पक्षधर मुलुकमा नेपालबाट पठाइएका बालबालिकाको संख्या जम्मा १,९०१ रहेको पाइएको छ । उक्त १,९०१ जनामध्ये बालक र बालिका छुट्टिएका बालबालिका ८८२ जना (बालक, ३६८ र बालिका, ५१४) रहेको र बालक/बालिका नछुट्टिएका १,०१९ जना बालबालिका रहेको पाइएको छ । उक्त समयावधिमा धर्मपुत्र/पुत्रीको रूपमा पठाइएका संख्या र मुलुक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६०: नेपालबाट धर्मपुत्र/पुत्रीको रूपमा पठाइएका देश र बालबालिकाको संख्या, सन् १९९९-२०१९**

| क्र.स. | देश | सन् १९९९-२०१२ सम्म | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इटाली | ४८९ | ० | ० | ० | ० | ० | ० | ० | **४८९** |
| २ | अमेरिका | ३७६ | ० | १ | २ | ० | १ | ० | १ | **३८१** |
| ३ | अस्ट्रिया | ३ | ० | ० | ० | ० | ० | ० | ० | **३** |
| ४ | बेल्जियम | १८ | ० | ० | ० | ० | ० | ० | ० | **१८** |
| ५ | क्यानाडा | ४० | ० | २ | ० | २ | ० | ० | १ | **४५** |
| ६ | जर्मनी | २९ | ० | ० | ० | ० | ० | ० | ० | **२९** |

१ *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६, पेज ३२*

| क्र.स. | देश | सन् १९९९–२०१२ सम्म | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | फ्रान्स | १११ | ० | ० | ० | ० | ० | ० | ० | **१११** |
| ८ | डेनमार्क | २२ | ० | ० | ० | ० | ० | ० | ० | **२२** |
| ९ | स्वीडेन | ९ | ० | ० | ० | ० | ० | ० | ० | **९** |
| १० | स्वीट्जरल्याण्ड | १९ | ० | ० | ० | ० | ० | ० | ० | **१९** |
| ११ | नर्वे | १० | ० | ० | ० | ० | ० | ० | ० | **१०** |
| १२ | स्पेन | ७४४ | ० | ० | ० | ० | ० | ० | ० | **७४४** |
| १३ | लक्जेम्वर्ग | १ | ० | ० | ० | ० | ० | ० | ० | **१** |
| १४ | नेदरल्याण्डस् | १६ | ० | ० | ० | ० | ० | ० | ० | **१६** |
| १५ | स्लोभेनिया | ० | ० | १ | ० | २ | ० | १ | ० | **४** |
| | **जम्मा** | **१,८८७** | **०** | **४** | **२** | **४** | **१** | **१** | **२** | **१,९०१** |

स्रोतः *www.hcch.net*

विदेशी नागरिकहरूले विगतमा धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी प्रक्रिया सहज भएको कारण यो संख्या सन् १९९९ देखि २०१२ सम्मको १४ वर्षको अवधिमा १,८८७ जना बालबालिका धर्मपुत्र/पुत्रीको रूपमा विदेश पठाइएको थियो भने सो पश्चात कानूनी र संरचनागत व्यवस्थाका कारण सन् २०१३ देखि २०१९ सम्मको सात वर्षको समयावधिमा यो संख्या १४ जनामा सीमित भएको छ ।

आन्तरिक धर्मपुत्र/पुत्री ग्रहण गर्ने सम्बन्धमा धर्मसन्तानको लिखत आधिकारिक रूपमा सुरक्षित हुनुपर्ने भएकाले यो मालपोत कार्यालयमा दर्ता पास गरी राखिने गरिएकोमा नेपाल राजपत्रको भाग २ मिति २०७२ असोज १४ गतेको अतिरिक्ताङ्कको १५(घ) मा प्रकाशित नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन २०७२ र मुलुकी देवानी संहिता, २०७४ अनुसार हाल सो कार्य जिल्ला अदालतबाट गरिने प्रावधान रहेको छ । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार आ.व.२०७३/७४ देखि २०७७/७८ सम्म जम्मा ११२ जना बालबालिका आन्तरिक धर्मसन्तानको रूपमा ग्रहण भएको देखिन्छ ।

### ५.३.१३ बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्व्यवहारबाट पीडित बालबालिका

नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने उल्लेख भएको

छ । यसैगरी, दफा ६६ मा बालबालिका विरुद्धको यौनहिंसा एवम् व्यवहारहरूमा कुनै पनि अश्लील श्रव्यदृश्य, बाल अश्लीलता प्रदर्शन, यौनजन्य क्रियाकलापका लागि फकाउने, दवाव दिने वा धम्काउने, संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने जस्ता क्रियाकलापहरू पर्दछन् र उपर्युक्त बाल यौन दुर्व्यवहार बालबालिका विरुद्धको कसूर मानिनेछ (अनुसूची १ (६६) । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार कसैले पनि मानव बेचबिखन र ओसारपसार सम्बन्धी कार्यहरू गर्नु गराउनु हुँदैन । कसैले यस्ता कार्यहरू गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ । यी व्यवस्थाहरूबाट बालबालिका विरुद्धको बेचबिखन, ओसारपसार, यौनहिंसा र जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्ने कार्यमा थप बल पुग्ने देखिन्छ । पन्ध्रौँ योजनामा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने रणनीति अवलम्बन गरिएको छ ।

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ३४ मा राज्यले बालबालिकामाथि हुने सबै प्रकारको यौन शोषण तथा दुर्व्यवहार, वेश्यावृत्ति लगायत अश्लिल चित्रणको नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले यस महासन्धि अन्तर्गतको "बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००" लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ । यस आलेखमा जम्मा १७ वटा धाराहरू छन्, जसमध्ये प्रत्यक्ष कार्यान्वयनमा ल्याउनु पर्ने १० वटा धाराहरू छन् । धारा १ मा राज्यले बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणमा निषेध गर्नुपर्ने, धारा २ मा उक्त शब्दहरूको अर्थ, धारा ३ मा यी विषयहरू सम्बन्धित कुनै पनि कार्यहरू कानूनबाट बन्देज गर्नुपर्ने, धारा ४ देखि धारा १० सम्ममा बाल संरक्षण, बालन्याय, बालबालिकाको उच्चत्तम हित, बालमैत्री उपायहरू लगायतका व्यवस्थाहरू छन् । यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २००९ मा संयुक्त राष्ट्र संघमा पेश गरेको छ । यस प्रतिवेदनमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिमा सन् २०११ को मे महिनामा छलफल भई उक्त समितिको समापन टिप्पणी अनुसार हालका कानूनहरूमा बाल दुर्व्यवहार विरुद्धका प्रावधानहरू व्यवस्था भइसकेका छन् भने बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरू सम्बोधन गर्ने कार्यहरूमा नेपाल सरकार गम्भीरतापूर्वक लागिपरेको छ । नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि र सो अन्तर्गतका इच्छाधीन आलेखहरूका प्रावधानहरूको परिपालना गर्नु एवम् महासन्धि र इच्छाधीन आलेखहरूमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिको समापन टिप्पणीमा दिइएका सुझावहरू कार्यान्वयन गर्नु राज्यका सबै अङ्गहरूको दायित्व हुन्छ । यसै दायित्व अनुसार थप कार्यहरू गर्नु आवश्यक देखिएको छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बलपूर्वक श्रम उन्मूलन

सम्बन्धी महासन्धि लगायत सार्कस्तरीय घोषणाहरूका प्रावधानहरू लागू गर्न नेपाल सरकार प्रतिबद्ध रहेको छ । नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध लड्न क्षेत्रीय स्तरमा सार्कसँगको सहयोग र बालबालिका विरुद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एशियाली राष्ट्रहरूको अभियान (SAIEVAC) अन्तर्गत बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने साझा उद्देश्यबारे सहकार्य गरिरहेको छ ।

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ कार्यान्वयनमा रहेको छ । यस कार्ययोजनामा मूलतः मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारका घटनाहरू अन्त्य गर्नका लागि निरोधात्मक, संरक्षणात्मक, कानूनी कारवाही, क्षमता विकास र समन्वय, सहयोग र सहकार्यका आयामहरूमा उद्देश्य तय गरिएका छन् र ती उद्देश्यहरू पूरा गर्नका लागि आवश्यक कार्यहरू समावेश गरिएका छन् । नियोजित कार्यहरूको प्रभावकारी कार्यान्वयन, आवधिक अनुगमन र प्रतिवेदन सम्बन्धी कार्यहरूमा थप ध्यान पुऱ्याउन जरुरी देखिएको छ । राष्ट्रिय बाल अधिकार परिषद्बाट बालबालिका विरुद्धको यौनशोषण र दुर्व्यवहारबारे श्रव्य-दृष्य माध्यमबाट चेतनामूलक कार्यहरू गरेको छ भने यस्ता शोषण, दुर्व्यवहार तथा हिंसामा परेका बालबालिकाको घटना व्यवस्थापन गर्ने र सहजीकरण गर्ने कार्य गरिरहेको छ । यस विषयमा विभिन्न गैरसरकारी संस्थाहरू पनि विगतका दशकदेखि लागिपरेका छन् ।

बालबालिकाको बेचबिखन तथा ओसारपसार, यौनशोषण र दुर्व्यवहारविरुद्ध चेतना जागरण लगायत नियन्त्रण र उद्धारसँग सम्बन्धित कार्यहरू विगतका दशकहरूदेखि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन भइरहेका छन् । विशेषगरी बालबालिका विरुद्धको यौनशोषण र दुर्व्यवहार सामाजिक क्षेत्रभित्र पनि मानवीय सोच र व्यवहारसँग सम्बन्धित भएको हुनाले कुनै पनि देश (धनी वा गरीब, विकसित वा अविकसित) मा यस्ता घटनाहरू हुने गरेको सुनिन्छ । यो अति संवेदनशील र जकडिएको सवाल हो । विभिन्न गैरसरकारी संस्थाहरू तथा सञ्चार माध्यमले बालबालिका विरुद्धका यौनशोषण र दुर्व्यवहारका घटनाहरू प्रकाशमा ल्याउन एवम् कानूनी प्रक्रियामा सहजीकरण गरिरहेका छन् ।

बालबालिका विरुद्धका हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचबिखन जस्ता घटनाहरू गैरकानूनी हुँदाहुँदै पनि देशमा बालबालिकाको हत्या, हिंसा, अपहरण तथा बेचबिखन जस्ता कुकृत्यबाट बालबालिका पीडित भएका घटनाहरू जानकारीमा आउने गरेका छन् ।

प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा विभिन्न खाले लैङ्गिक हिंसाबाट २५४३ जना बालबालिका (बालक ५१ र बालिका २४९२) पीडित भएको उजुरी दर्ता भएको देखिन्छ । जसमध्ये सबैभन्दा

बढी जबर्जस्तीकरणीबाट १६६६ जना र सबैभन्दा कम बोक्सीको आरोप र अवैध गर्भपतनका घटनाबाट पीडित भएका छन् । लैङ्गिक हिंसाबाट पीडित हुने बालबालिकामध्ये ९८ प्रतिशत बालिका रहेको तथ्याङ्कले देखाएको छ । लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६१ : लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको विवरण, २०७८**

| घटना | जम्मा | | कुल जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| जवरजस्ती करणी | १ | १६६५ | १६६६ |
| जवरजस्तीकरणी उद्योग | ० | ३४५ | ३४५ |
| बहुविवाह | ० | २ | २ |
| बालविवाह | ० | ४८ | ४८ |
| बोक्सीको आरोप | ० | १ | १ |
| अवैध गर्भपतन | ० | १ | १ |
| जातीय छुवाछुत | ३ | १ | ४ |
| बाल यौन दुरुपयोग | ३ | ३०१ | ३०४ |
| अप्राकृतिक मैथुन | २९ | ६ | ३५ |
| घरेलु हिंसा | १५ | १२२ | १३७ |
| **जम्मा** | **५१** | **२४९२** | **२५४३** |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, २०७८*

माथिको तालिका अनुसार आ.व.२०७७/७८ मा विभिन्न १० वटा स्वरूपका लैङ्गिक हिंसाबाट २५४३ जना बालबालिका पीडित भएको घटना प्रहरीमा दर्ता भएको देखिन्छ। जसमध्ये बालक ५१ जना र बालिका २४९२ जना रहेका छन् । अधिकांश घटनामा बालक भन्दा बालिका बढी प्रभावित भएको देखिन्छ भने अप्राकृतिक मैथुनबाट बालक बढी पीडित भएको तथ्याङ्कले देखाएको छ । लैङ्गिक हिंसामध्ये पनि सबैभन्दा बढी यौन हिंसा र यौन दुर्व्यवहारबाट बालिका बढी पीडित (पीडित मध्ये ९१ प्रतिशत) भएका छन् । यसर्थ, यौन हिंसा तथा दुर्व्यवहारबाट बालिकाको संरक्षणका लागि रोकथाममूलक, संरक्षणात्मक तथा प्रवर्धनात्मक उपायहरू तत्काल अपनाउन जरुरी देखिएको छ ।

प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७७/७८ मा कसूरजन्य कार्यका आरोपित बालबालिका (लैङ्गिक हिंसा सम्बन्धी) ६१० जना ( बालक ५०९ र बालिका १०१) रहेको देखिएको छ। यसमध्ये सबैभन्दा बढी आरोपित बालबालिका जवर्जस्तीकरणीका ३५१ जना (बालक ३४७ र बालिका ४) रहेका छन् भने बोक्सीको आरोपमा बालिका २ जना रहेको तथ्याङ्कले देखाएको छ ।

**तालिका नं. ६२: कसूरजन्य कार्यका आरोपित बालबालिकाको उमेर अनुसारको तथ्याङ्क २०७८**

| कसूरजन्य कार्य | १० वर्ष मुनिका | | ११ देखि १६ वर्ष | | १७ देखि १८ वर्ष | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| जवरजस्तीकरणी | ४ | ० | २०० | २ | १४३ | २ | ३४७ | ४ | **३५१** |
| जवरजस्तीकरणी उद्योग | ० | ० | २१ | ० | २६ | ० | ४७ | ० | **४७** |
| बहुविवाह | ० | ० | ० | ७ | ० | २४ | ० | ३१ | **३१** |
| बालविवाह | ० | ० | २ | १४ | ७ | १३ | ९ | २७ | **३६** |
| बोक्सीको आरोप | ० | ० | ० | ० | ३ | २ | ३ | २ | **५** |
| अवैध गर्भपतन | ० | ० | ० | १ | ० | १ | ० | २ | **२** |
| जातीय छुवाछुत | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| बाल यौन दुरूपयोग | ० | ० | ७ | ० | १३ | ० | २० | ० | **२०** |
| अप्राकृतिक मैथुन | ० | ० | १५ | ० | ५ | ० | २० | ० | **२०** |
| घरेलु हिंसा | ० | ० | २३ | १० | ४० | २५ | ६३ | ३५ | **९८** |
| **जम्मा** | **४** | **०** | **२६८** | **३४** | **२३७** | **६७** | **५०९** | **१०१** | **६१०** |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, २०७८*

माथिको तालिका अनुसार विभिन्न खाले ९ वटा कसूरजन्य कार्यका आरोप लागेका बालबालिका मध्ये सबैभन्दा बढी जवर्जस्तीकरणी र सबैभन्दा कम अवैध गर्भपतनका आरोपबाट आरोपित रहेका छन् । आरोपितको उमेर अनुसारको तथ्याङ्क हेर्दा सबैभन्दा बढी १७-१८ वर्ष उमेर समूहका ३०४ जना, ११ देखि १६ वर्ष उमेर समूहका ३०२ जना र १० वर्षमूनिका ४ जना रहेको देखिन्छ । बालकहरू जवर्जस्तीकरणी र जवर्जस्तीकरणी उद्योगमा बढी आरोपित भएको र बालिका बहुविवाह, बालविवाह र घरेलु हिंसाका कसूरमा आरोपित भएको तथ्याङ्कले देखाएको छ । यसरी हेर्दा, कसूरजन्य कार्यका आरोप लागेका बालबालिकाको संख्या यौन हिंसा र दुर्व्यवहारका कसूरमा उच्च रहेकोले यौन तथा प्रजनन् स्वास्थ्यका विषयमा सचेतना अभिवृद्धि गर्ने तथा बालिका संरक्षणमा विशेष ध्यान दिन जरुरी देखिएको छ ।

बेचबिखन, ओसारपसार, जबरजस्तीकरणी अपराध र जबरजस्तीकरणी उद्योग बालबालिका विरुद्धका जघन्य अपराध हुन् । बालबालिकामाथि हुने यस्ता जघन्य अपराध मानव माथिकै कलङ्कको रूपमा रहेको छ । तसर्थ, बालबालिका विरुद्ध हुने यौनजन्य अपराध न्यूनीकरण तीनै तहको सरकार तथा सम्बन्धित निकाय र सरोकारवालाहरूको साझा प्राथमिकता र कार्यान्वयनमा प्रतिबद्धता हुनुपर्ने आवश्यकता छ ।

### ५.३.१४ अनलाइन बाल दुर्व्यवहार

संविधानको धारा ३९ को उपधारा (६) मा "कुनै पनि बालबालिकालाई । कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन" भन्ने उल्लेख छ। साइबर अपराध रोक्न नेपालमा विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सार्वजनिक निकायमा रहेका सार्वजनिक गर्न मिल्ने सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था छ। केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ (ग१) मा अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्न निषेध गरेको छ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको धारा १७ मा बालबालिकाको विविध स्रोतको माध्यमबाट उनीहरूको सामाजिक, आध्यात्मिक र नैतिक हित हुने सूचना, जानकारी र सामग्री प्राप्त गर्ने अधिकार हुन्छ । तसर्थ, राज्यले सञ्चार माध्यमलाई यस्ता सूचना र सामग्री प्रचारप्रसार गर्न प्रोत्साहन गर्नुका साथै बालबालिकालाई आघात पुऱ्याउने खालका जानकारी तथा सूचनाबाट संरक्षणका लागि आवश्यक कदम चाल्नु पर्दछ। बालबालिकाको सूचना तथा प्रविधिमा पहुँच हुने अधिकार भएता पनि बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्धको ऐच्छिक प्रलेख, २००० ले बालबालिकालाई यस्ता दुर्व्यवहारबाट संरक्षण गर्नुपर्ने कुरा प्रष्ट पारेको छ।

सूचना तथा सञ्चार प्रविधिको विकाससँगै अनलाइन माध्यममा बालबालिकामाथि बढ्दो दुर्व्यवहारका घटनालाई सरोकारवालाहरूको संयुक्त पहलबाट न्यूनीकरण गर्न तथा बालबालिकाको लागि इन्टर नेटको सुरक्षित प्रयोगको लागि नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ पारित गरेको छ। यस निर्देशिकामा बालबालिकालाई अनलाइन सेवा दिने सेवा प्रदायकले गर्नुपर्ने, घरपरिवार तथा समाजले गर्नु पर्ने, बालबालिकाले प्रयोग गर्ने वेबसाइट तथा एप्सको जानकारी राख्ने, विद्यालयको कम्प्युटरमा इन्टरनेटको सुरक्षित प्रयोग गर्नुपर्ने, सरोकारवाला संस्थाहरूले गर्नु पर्ने एवम् नेपाल दूरसंचार प्राधिकरणले गर्नु पर्ने कार्यहरूको विस्तृत व्यवस्था रहेको छ।

विश्वमा भएको सूचना प्रविधिको द्रुत विकास र विस्तारले इन्टरनेट लगायत सामाजिक सञ्जालमा बालबालिकाको पहुँच उल्लेख्य रूपमा बढेको छ। यसबाट बालबालिकाले अनौपचारिक रूपबाट विभिन्न विषयहरू सिक्ने अवसर समेत पाएका छन् । यसबाट बालबालिकालाई सकारात्मक र नकारात्मक दुवै असर पर्दछ। साथै, बालबालिकामाथि अनलाइन यौन दुर्व्यवहारको सम्भावनालाई पनि बढाएको देखिन्छ। एकातर्फ प्रविधिको विकासले मानव जीवन छिटोछरितो भएको र प्रविधिमैत्री

पनि बनाएको छ भने अर्कोतर्फ यसको दुरूपयोगले विकृति पनि भित्रिएको छ। यसबाट बालबालिका प्रभावित भएका छन् ।

आ.व.२०७७/७८ मा केन्द्रीय साइबर व्युरोको तथ्याङ्क अनुसार २०८ जना बालबालिका (बालक ५६ र बालिका १५२) साइबर अपराधबाट पीडित भएको उजुरी दर्ता भएका छन् । तथ्याङ्कले १० जना बालक साइबर सम्बन्धी कसूरजन्य कार्यको आरोप लागेको समेत देखाएको छ । साइबर अपराधका निवेदन प्राप्त भएका कार्यालय तथा प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६३: साइबर अपराधबाट पीडित बालबालिकाको विवरण, २०७८**

| क्र.सं. | निवेदन प्राप्त भएको कार्यालय | पीडित | | पीडक | |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | बालक | बालिका |
| १ | साईबर व्युरो | ३९ | ११० | ० | ० |
| २ | हेलो सरकार | ० | ० | ० | ० |
| ३ | प्रदेश नं. १ | ४ | १४ | २ | ० |
| ४ | प्रदेश नं. २ | २ | ५ | १ | ० |
| ५ | बागमती प्रदेश | २ | १२ | ३ | ० |
| ६ | गण्डकी प्रदेश | १ | २ | २ | ० |
| ७ | लुम्बिनी प्रदेश | ७ | ८ | २ | ० |
| ८ | कर्णाली प्रदेश | ० | १ | ० | ० |
| ९ | सुदूरपश्चिम प्रदेश | १ | ० | ० | ० |
| १० | अन्य | ० | ० | ० | ० |
| **जम्मा** | | **५६** | **१५२** | **१०** | **०** |

*स्रोतः प्रहरी प्रधान कार्यालय, साईबर व्युरो,भोटाहिटी,काठमाडौं २०७८*

माथिको तालिका अनुसार आ.व.२०७७/७८मा २०८ जना बालबालिका साइबर अपराधबाट पीडित भएको उजुरी दर्ता भएका छन् जसमध्ये सबैभन्दा बढी साइबर व्यूरोमा १४९ वटा र कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा १/१ वटा मुद्दा दर्ता भएको देखिन्छ । साइबर अपराधबाट पीडित बालबालिकामध्ये बालिकाको प्रतिशत बालकको तुलनामा उच्च रहेको (७३ प्रतिशत बालिका र २७ प्रतिशत बालक) ले अनलाइन माध्यममा बालिकाको सुरक्षाको लागि विशेष ध्यान दिन जरुरी देखिएको छ ।

लकडाउनको समय (२०७६ चैत्र देखि २०७७ असार) मा मात्र ४८ वटा यस्ता प्रकृतिका उजुरी दर्ता भएको केन्द्रीय साइबर व्युरोको तथ्याङ्कले देखाएको छ। विद्युतीय माध्यमबाट सार्वजनिक हुने तस्वीर,

भिडियो, सूचना, जानकारी एकैचोटी धेरै जनामा पुग्ने तथा साइबर स्पेसमा सदाका लागि रही रहने हुँदा बालबालिका विरुद्ध हुने अनलाइन दुर्व्यवहार अन्य दुर्व्यवहार भन्दा बढी घातक हुने देखिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदन अनुसार २०७७ असारसम्म नेपालमा इन्टरनेट प्रयोगकर्ताहरूको प्रतिशत ७४।४३ रहेको छ (यो प्रतिशत २०६७ सालमा २.६५ मा सिमित थियो), जसमध्ये ५५.३० प्रतिशत मोबाइल इन्टरनेट प्रयोगकर्ता रहेका छन् । त्यसैगरी यूनिसेफ नेपाल र चाइल्डसेफनेटले सन् २०२० मा गरेको सर्वेक्षण अनुसार नेपालमा ८५.८५ प्रतिशत बालबालिकाले मोबाइलमा इन्टरनेट प्रयोग गर्ने देखाएको छ । साथै अध्ययनले प्रत्येक ४ जना बालबालिका तथा युवामा १ जनाले प्रत्येक दिन १० घण्टाभन्दा बढी इन्टरनेट प्रयोग गर्ने गरेको देखाएको छ । साथै, ४२ प्रतिशत बालबालिका तथा युवाले अश्लील वेबसाइटहरू खोल्ने र हेर्ने गरेको समेत अध्ययनले देखाएको छ ।

नेपालमा विशेषगरी ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा इन्टरनेटको पहुँच हुने भएकोले यस क्षेत्रमा बालबालिका यौन दुर्व्यवहारको उच्च जोखिममा रहेका हुन सक्छन् । अभिभावकको कार्य व्यस्तताले आफ्ना सन्तानलाई प्रशस्त समय दिन नसक्ने तर मोबाइल, ट्याव, ल्यापटप जस्ता विद्युतीय उपकरण किनिदिने गरेका छन् । ती सामग्रीको प्रयोगबारे चासो नराख्ने अभिभावकको प्रवृत्तिले गर्दा बालबालिका अनलाइनमार्फत हुने यौन दुर्व्यवहारको उच्च जोखिममा समेत रहन्छन् ।

बालबालिकाले विशेषगरी गृहकार्य गर्न, अनलाइन गेम खेल्न, च्याट गर्न, फेसबुक, भाइबर आदिजस्ता सामाजिक सञ्जाल चलाउन, सङ्गीत सुन्नका लागि इन्टरनेटको प्रयोग गर्ने गरेको पाइएको छ । केही बालबालिकाले अश्लील सामग्री हेर्नकै लागि पनि इन्टरनेटको प्रयोग गर्ने गरेको केही सर्वेक्षणले देखाएको छ । यसैगरी अश्लील तस्वीर, अडियो, भिडियो, सन्देश आदि पठाएर बालबालिकामाथि यौनजन्य दुर्व्यवहार हुने गरेको समेत जानकारीमा आएको छ ।

विद्युतीय माध्यमबाट वा अनलाइन माध्यमबाट बालबालिकामाथि हुन सक्ने सम्भाव्य हानिबाट संरक्षणका लागि प्रशस्त प्रयासहरू भएता पनि अनलाइन बाल सुरक्षा सम्बन्धी तथ्याङ्क तथा पर्याप्त अध्ययन नहुनु, पीडितलाई कानूनी, मनोसामाजिक, स्वास्थ्य तथा प्राविधिक सहयोगका लागि संस्थागत संयन्त्रको अभाव, अनलाइन हानि तथा जोखिमका बारेमा साझा बुझाइ नहुनु तथा प्राथमिकतामा नपर्नु, अनलाइन हिंसाबाट पीडित बालबालिकाको सहयोगका लागि विस्तृत लेखाजोखा आवश्यक हुनु, अनुसन्धान तथा अभियोजनलाई बालमैत्री बनाउनु आदि यस क्षेत्रको समस्या तथा चुनौतिको रूपमा रहेका छन् । यस्ता समस्या तथा चुनौतिहरूको दीर्घकालीन समाधानका लागि इन्टरनेटको सुरक्षित तथा प्रभावकारी प्रयोगको विस्तारका लागि तीनै तहको सरकार तथा सरोकारवालाको ध्यान जान जरुरी देखिन्छ ।

### ५.३.१५ लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका

नेपालको संविधानको धारा ११ बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था छ । धारा १८ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिनेछैन । राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पीडित भएका महिला, यौनिक अल्पसंख्यक लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ ।

ब्लु डायमण्ड सोसाइटी लगायत मितिनी नेपाल, परिचय समाजजस्ता संस्थाहरूले यौनिक अल्पसंख्यक समूहका व्यक्तिहरूको अधिकारका बारेमा कार्य गरिरहेका छन् । यी संस्थाहरूले गर्ने विविध कार्यहरूमध्ये गाइजात्राको महोत्सवमा गर्ने कार्यक्रमबाट पनि यौनिक अल्पसंख्यक व्यक्तिहरूको पहिचानमा अभिवृद्धि भइरहेको देखिन्छ । तथापि, यौनिक अल्पसंख्यक बालबालिकाको सम्बन्धमा पर्याप्त जानकारी उपलब्ध हुन अझै कठिन भएको छ । यस विषयमा अध्ययन हुन जरुरी देखिएको छ ।

### ५.३.१६ कोभिड–१९ र बालबालिका

विश्वभर फैलिरहेको कोभिड-१९ भाइरसको महामारीले नेपाललाई पनि आक्रान्त बनाएको छ । नेपालमा यस भाइरसको पहिलो संक्रमण चीनको वुहानबाट नेपाल आएका ३१ वर्षीय विद्यार्थीलाई २०७६ साल माघ ९ गते बिहीबारको दिन पहिचान भएको पाइएको छ । संक्रमणको महामारीलाई ध्यानमा राखी २०७६ साल चैत ९ गतेदेखि लकडाउन सुरुभएको हो । यस महामारीको समस्या सम्बोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले “कोरोना महामारी रोकथाम तथा निन्त्रणका लागि समुदायमा स्वयम्सेवक परिचालन सम्बन्धी मार्गदर्शन, २०७६” जारी गरेको छ ।

यस महामारीबाट बालबालिकालाई संरक्षण गर्नका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कोभिड-१९ को महामारीलाई उचित रूपमा सम्बोधन गर्नका लागि कोभिड-१९ को महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ तयार गरेको छ । यस मापदण्डका तीनवटा उद्देश्यहरूमध्ये (ख) मा हिंसापीडित, गर्भवती तथा सुत्केरी र बालबालिकालाई महामारी तथा बन्दाबन्दीको अवधिमा आश्रयस्थलमा भर्ना लिई सुरक्षित रूपमा सेवा प्रवाह गर्ने उद्देश्य रहेको छ । यसमा आश्रयस्थल वा क्वारेन्टाइन कक्ष बालबालिकामैत्री हुनुपर्ने र आवश्यकता अनुसार मनोसामाजिक विमर्श दिने व्यवस्था हुनुपर्ने उल्लेख छ । यसैगरी, प्रभावित व्यक्तिको साथमा आश्रित

बालबालिका भएमा उनीहरूको पनि परीक्षण गराई आइसोलेसनमा राखेर उपचार गर्नुपर्ने, प्रभावितसँगै रहेका बालबालिका अलग्गै बस्नुपर्ने भएकोले आश्रयस्थलले यस विषयमा स्थानीय तह वा बाल हेल्पलाइन सेवामा सम्पर्क गरी बालबालिकाको हेरचाहको लागि आवश्यक व्यवस्थापन गर्नुपर्ने, बालमैत्री व्यवहार तथा व्यवस्था हुनुपर्ने लगायतका व्यवस्था गर्नुपर्ने विषयहरू समावेश भएका छन् । यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले काभिड-१९को संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूमा परेको र पर्न सक्ने असरहरूको बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघ-संस्था परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७ तयार गरी कार्यान्वयन गरेको छ ।

***बालबालिकाको स्वास्थ्यमा कोभिडको असर न्यूनीकरणका लागि गरिएका प्रयासहरू***

कोभिडमा गर्भवती तथा सुत्केरी महिला, नवजता शिशु, शिशु तथा बालबालिका लक्षित सेवाको प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्य सेवा विभागले कार्यान्वयन निर्देशिका तर्जुमा गरेको छ । कोभिडले बालबालिकाको स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न तथा बालमैत्री सेवा प्रवाहका लागि अस्पतालमा कम्तीमा २० प्रतिशत शैया बालबालिकाको लागि छुट्याउने नीतिगत निर्णय भएको छ ।

***बालबालिकाको शिक्षामा कोभिडको असर न्यूनीकरणका लागि गरिएका प्रयासहरू***

नेपाल सरकार कोभिड १९ बाट बालबालिकाको शिक्षण सिकाइमा पर्ने असरलाई न्यूनीकरण गर्नका लागि नीतिगत तथा कार्यक्रमिक रूपमा संवेदनशील रहेको छ । नीतिगत रूपमा कोभिड महामारीका समयमा बालबालिकाको वैकल्पिक शिक्षण सिकाइका माध्यमबाट शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि कोभिड १९ प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन, विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७, विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, वैकल्पिक सिकाइ सम्बन्धी कार्यढाँचा, २०७७ विद्यालय पुनःसञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी १७६४ वटा श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारणमार्फत १० लाख बालबालिकाको पहुँचमा पुर्‍याइएको छ । यसका साथै १६५००० सिकाइ सामग्रीको उत्पादन गर्नुका साथै ४९६५० जना बालबालिकालाई घरमा आधारित सिकाइमार्फत लाभान्वित गरिएको छ । यसैगरी २०२ वटा विद्यालय, जहाँ क्वारेन्टिन कक्ष सञ्चालन गरिएको थियो, त्यसलाई पूर्ण सफाइ गरी सञ्चालनमा ल्याइएको छ । यस आ.व.मा १२४० जना शिक्षकलाई विद्यालय शिक्षा तथा वैकल्पिक सिकाइका विषयमा तथा ८३४ जना शिक्षकलाई मनोपरामर्श सेवा सम्बन्धी तालीम दिइएको छ ।

***कोभिड महामारीमा बाल संरक्षणका लागि गरिएका प्रयासहरू***

कोभिड महामारीबाट बालबालिकालाई संरक्षण गर्नका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कोभिड-१९ को महामारीलाई उचित रूपमा सम्बोधन गर्नका लागि कोभिड-१९

को महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस मापदण्डमा प्रभावित व्यक्तिको साथमा आश्रित बालबालिका भएमा उनीहरूको पनि परीक्षण गराई आइसोलेसनमा राखेर उपचार गर्नुपर्ने, प्रभावितसँगै रहेका बालबालिका अलग्गै बस्नुपर्ने भएकोले आश्रयस्थलले यस विषयमा स्थानीय तह वा बाल हेल्पलाइन सेवामा सम्पर्क गरी बालबालिकाको हेरचाहको लागि आवश्यक व्यवस्थापन गर्नुपर्ने, बालमैत्री व्यवहार तथा व्यवस्था हुनुपर्ने लगायतका व्यवस्था गर्नुपर्ने विषयहरू समावेश भएका छन् । यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कोभिड-१९ को संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूमा परेको र पर्न सक्ने असरहरूको बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघ-संस्था परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७ तयार गरी कार्यान्वयन गरेको छ। कोभिडको महामारीमा बालसंरक्षण सेवा प्रवाहको नेतृत्व राष्ट्रिय बाल अधिकार परिषद्ले गरिरहेको छ। परिषद्बाट कोभिडमा बालसंरक्षणका लागि देहाय बमोजिमका कार्यहरू सम्पादन भै रहेका छन् ।

- कोभिड-१९ को महामारीबाट कोभिड लक्षित सचेतना सामग्रीको निर्माण र २ लाख ६० हजारभन्दा बढीमा पहुँच पुऱ्याईएको
- बालबालिकाको संरक्षणका लागि अविभावक तथा बालबालिका सचेतना भिडियो सामग्री निर्माण गरी सामाजिक सञ्जालबाट प्रचारप्रसार गरिएको छ । विशेषगरी कोभिड-१९ को समयमा बालबालिका लामो समय घरमै बस्नुपर्ने अवस्था रहेकोले यस अवस्थामा बालबालिकासँग सुरक्षित, सहयोगी र मैत्रीपूर्ण व्यवहार कसरी गर्ने? बालबालिकालाई कोभिड संक्रमण भएमा के गर्ने ? र बालबालिकालाई कोभिडको संक्रमणबाट जोगाउन के गर्ने? भन्ने विषयहरू समावेश गरी परिषद्ले निर्माण गरेको प्रचारप्रसार सामग्रीमा सामाजिक सञ्जालमा १३ लाख प्रयोगकर्ताको पहुँचमा पुगेको थियो
- बालबालिकालाई कोभिड-१९ बाट संरक्षणका लागि ७५३ वटै स्थानीय तहमा अनुरोधपत्र पठाइएको,
- ६० जिल्लाका १८० जना कोभिड संकट बालबालिका सहायता स्वयम्सेवी समूह परिचालन,
- २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रको लागि आवश्यक न्यूनतम स्वास्थ्य सामग्री सहयोग,
- बाल हेल्पलाइन १०९८ तथा बालबालिका खोजतलास केन्द्रमा कोभिड हेल्पडेस्कको स्थापना तथा ३०५७ जना बालबालिका (बालक १५१८ र बालिका १५३९)

लाइ सेवा प्रवाह (मनोविमर्श सेवा-८२७, स्वास्थ्य उपचार-३०५, खाद्यान्न सामग्री सहयोग-१३२२, पारिवारिक परामर्श तथा अन्य-६०३) गरिएको,

- नागरिक सङ्गठनका प्रतिनिधि, विज्ञ समूह तथा सरोकारवाला निकायका २०० जना प्रतिनिधिबीच कोभिडमा बालसंरक्षण विषयक अन्तरक्रिया तथा साझा कार्यक्रम तयारी,
- नेपाल बाल सङ्गठनको हातामा १० शैया भएको बालमैत्री क्वारेन्टिन स्थल सञ्चालन
- ४५७ वटा बालगृहमा रहेका ११३३२ जना बालबालिकाको अवस्था अनुगमन, समन्वय तथा सहजीकरण,
- सातै प्रदेशका ५१५ स्थानीय तहका ६१२ जना कर्मचारी तथा पदाधिकारीसँग बालबालिका केन्द्रित सेवा प्रवाहमा स्थानीय तहको भूमिका तथा तयारी सम्बन्धी भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो,
- कोभिड-१९ का कारण अभिभावक विहीन भएका बालबालिकाको सूचना तथा तथ्याङ्कका लागि स्वयमसेवी समूह परिचालन गर्नुका साथै ७५३ वटै स्थानीय तहहरूमा परिपत्र गरी त्यस्ता बालबालिकाको विवरण परिषद्मा उपलब्ध गराउन अनुरोध गरिएकोमा २०७८ असार मसान्तसम्ममा २५ वटा स्थानीय तहबाट १६९ जना बालबालिका अभिभावक विहीन भएको तथ्याङ्क परिषद्मा प्राप्त भई व्यवस्थापन कार्य सुरु गरिएको छ ।

### ५.३.१७ विपद् र बालबालिका

नेपाल प्राकृतिक विपद्को जोखिममा रहेको देशहरूमध्ये एक हो । प्रत्येक वर्ष नेपालमा कुनै-न-कुनै किसिमका प्रकोप तथा विपद्का घटनाहरू भइनै रहेका छन् । भूकम्प, बाढी, पहिरो, महामारीजस्ता प्राकृतिक विपद्को अलावा मानव सिर्जित विपद्बाट वयस्कका साथै बालबालिका प्रभावित हुने गर्दछ । यस्ता विपद्हरूबाट बालबालिकाको शिक्षा, स्वास्थ्य, मनोवैज्ञानिक लगायतका पक्षहरूमा पर्ने प्रभाव वयस्कको भन्दा अझबढी संवेदनशील हुने गर्दछ । प्रत्येक पटकका ठूला विपद्हरूमा बालबालिका लक्षित समस्या सम्बोधनका उपायहरू अपनाएको देखिन्छ र यस्ता कार्यहरूमा विकास साझेदार, गैरसरकारी संस्थाहरू, नागरिक समाज लगायतको योगदान उल्लेख्य रहने गरेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ । विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्" रहेको छ । यस परिषद्ले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजना स्वीकृत गर्नेदेखि विपद् व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्दछ । विपद्बाट सिर्जित समस्या सम्बोधनका

लागि गृह मन्त्रालयमा विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा रहेको छ । प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका साथै जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था रहेको छ । प्राकृतिक तथा मानव सिर्जित विपद्को अवस्थामा यी समितिहरूबाट समस्या सम्बोधनका लागि आवश्यक कार्य गर्ने गर्दछ ।

पन्ध्रौं योजनामा सबै प्रकारका प्राकृतिक प्रकोप एवम् गैरप्राकृतिक विपद्का घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने लक्ष्य लिइएको छ । साथै, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य सुदृढ गर्ने, तीनै तहमा बहुप्रकोप जोखिम नक्साङ्कन र सूचना व्यवस्थापन सुधार गर्ने, विपद् जोखिम न्यूनीकरण व्यवस्थाका लागि समुदायदेखिनै क्षमता अभिवृद्धि गर्ने, सचेतना अभिवृद्धि गर्ने जस्ता उद्देश्यहरू लिई रणनीति र कार्यनीतिहरू तय गरिएका छन् ।

नेपाल सरकार विपद् व्यवस्थापनको विषयमा संवेदनशील रहेको छ । प्रत्येक पटकका साना-ठूला विपद्हरूमा सरकारी क्षेत्रबाट समस्या सम्बोधन गर्ने कार्य भएका छन् । विपद्को समयावधिमा विकास साझेदार,  गैरसरकारी तथा निजी क्षेत्रबाट पनि उल्लेख्य योगदान हुने गरेको छ । यसमध्ये नेपाल रेडक्रस सोसाइटीबाट विपद्को स्थितिमा प्राथमिक स्वास्थ्य उपचार लगायत आपतकालीन मानवीय सेवा प्रवाह गर्ने गरेको छ भने समुदाय तथा विद्यालय तहमा जुनियर रेडक्रस सोसाइटी स्वयम्सेवाको भावना प्रवर्द्धन गर्ने क्रममा क्रियाशील रहेका छन् । तर सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट बालबालिकालक्षित के-कति र कस्ता सेवा, सुविधाहरू वितरण भए र यस्ता सेवा, सुविधाबाट के, कति बालबालिकालाई समेटिएको छ भन्ने खण्डीकृत सूचना उपलब्ध हुन कठिन छ । यसप्रति सम्बद्ध सरोकारवालाहरूको ध्यानाकर्षण भई आउँदा दिनहरूमा बालबालिकालक्षित सूचना व्यवस्थापन हुन आवश्यक देखिन्छ ।

### ५.४ निष्कर्ष

बालबालिकालाई सबै खाले हिंसा, दुर्व्यवहार, शोषण तथा जोखिमबाट संरक्षणका लागि नेपाल संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रूपमा प्रतिबद्ध छ । विशेषगरी, विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, जोखिममा परेका तथा बालबालिका विरुद्धका कसूरबाट पीडित बालबालिकाको संरक्षण व्यवस्थापनका लागि नेपाल संवेदनशील रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको संरक्षणको सुनिश्चितता तथा जोखिम न्यूनीकरणका लागि बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने सबै निकाय तथा संस्थाहरूले अनिवार्य बाल सुरक्षा मापदण्ड निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ । बालबालिकाको अधिकार संरक्षणमा भएका सचेतनाका प्रयासहरू, सेवा विस्तार तथा बालबालिका र अभिभावकको सशक्तीकरणमा गरिएको लगानीका

कारण बालबालिका विरुद्ध भएका हिंसा, दुर्व्यवहारका घटनाहरूको उजुरी र सार्वजनिक जानकारी बढेको पाइन्छ । साथै अभिभावकहरूमा बालबालिकाविरुद्ध हिंसा गर्न नहुने संवेदनशीलतामा पनि वृद्धि भएको पाइन्छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकारका लागि तीनै तहका सरकार, विकास साझेदार, गैरसरकारी क्षेत्र, सञ्चार माध्यम लगायत अन्य सरोकारवालाहरू संवेदनशील भइरहेको पाइएको छ । आ.व.२०७७/७८ भित्र मुलुकलाई सडक बालबालिकामुक्त बनाउन सरकार प्रतिबद्ध रहेको छ। बाबुआमाविहीन अनाथ बालबालिकाको अभिभावकत्व राज्यले लिने नीति अनुरुप आवश्यक सहयोग कार्यक्रम सञ्चालन हुन लागेको छ । बालश्रम, बालविवाह, बालन्यायजस्ता विषयहरू सुधारोन्मुख रहेका छन् । जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आवश्यकता सम्बोधन गर्ने कार्य भइरहेको छ । तथापी, सबै किसिमका बालहिंसा, बलात्कार, यौनहिंसा, दुर्व्यवहार, हेपाइ, अनलाइनबाट बालबालिकामा पर्ने असर लगायत बाल संवेदनशील सामाजिक सुरक्षाको व्यवस्था, नियमानुसार बालगृहको सञ्चालन व्यवस्था, अनलाइन सुरक्षाजस्ता विषयहरूमा अपेक्षित रूपमा सुधार गर्नु चुनौतिकै विषय भएको छ । यसतर्फ सरकारी र गैरसरकारी क्षेत्र लगायत सबै सरोकारवालाहरूले अझ नतिजामूलक ढङ्गबाट योगदान दिन जरुरी देखिएको छ । बालसंरक्षण सेवाहरू बालमैत्री ढंगबाट प्रवाहका लागि बाल हेल्पलाइन सेवा १०९८, बालबालिका खोजतलास सेवा, १०४ विस्तार तथा सुदृढीकरण हुनुपर्ने, अस्थायी संरक्षण सेवा केन्द्रहरूको प्रभावकारी परिचालन गर्नुपर्ने नितान्त आवश्यक छ । यसका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेका संरचानगत व्यवस्थाहरूको कार्यान्वयन गरी राष्ट्रिय बाल संरक्षण प्रणली तथा बाल अधिकार प्रणाली सुदृढीकरण तीनै तहको प्राथमिकतामा राख्नु जरुरी देखिएको छ ।



# परिच्छेद: ६

# बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार

## ६.१ बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सम्बन्धी संवैधानिक, कानूनी तथा नीगित व्यवस्था

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ का प्रावधानमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), सङ्गठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् । नेपालको संविधानको धारा ३९(३) ले बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ । यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य अधिकारहरू नागरिक सबैको हकमा लागू हुने हुँदा विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रताका हकहरू बालबालिकाको लागि पनि आकर्षित हुन्छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था  लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ। यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्न पाउने तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने व्यवस्था सुनिश्चित गरिएको छ। दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था उल्लेख छ ।

स्थानीय  सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा स्थानीय तहमा बालबालिकाको सहभागिता, खेलकुदको अधिकार सुनिश्चितताका लागि स्थानीय तहले वडा स्तरमा नीतिगत कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी तोकिएको छ । मुख्यतयाः बालबालिकाको सहभागिताको अधिकार कार्यान्वयनका लागि वडा समितिको भूमिका अर्न्तगत बालबालिका लागि बाल उद्यानको व्यवस्था गर्ने,बालक्लब तथा बालसञ्जाल सञ्चालन र व्यवस्थापन गर्ने, वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, अन्तर

विद्यालय तथा बालक्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने र वडालाई बालमैत्री बनाउने जिम्मेवारी तोकिएको छ ।

यसका साथै चालु पन्ध्रौँ योजनामा विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने रणनीति अवलम्बन गर्नुका साथै बालक्लब, बाल समूह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोरकिशोरीको सहभागिता बढाइने कार्यनीति समेत लिइएको छ । यी व्यवस्थाहरूबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेको छ ।

### ६.२ बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी सेवा प्रवाह

नेपालले बालबालिकाको सहभागिता, सङ्गठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चितताका लागि गरेको संवैधानिक, कानूनी, नीतिगत व्यवस्थाको कार्यान्वयन भै रहेको छ । आवधिक तथा वार्षिक योजना, नीति, कार्यक्रम तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूको निर्माण प्रक्रियामा सरकारी तथा गैरसरकारी निकायहरूबाट बालबालिकाको उमेर, रुची र क्षमताको आधारमा बालबालिकाको विचार अभिव्यक्तिका लागि सहभागी गराउने गरिएको छ र बालबालिकाको भावनाको सम्मान गर्ने गरिएको देखिन्छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अनिवार्य सहभागिताको अभ्यास निरन्तर रूपमा अघि बढी रहेको छ । स्थानीय तहले बालभेलाको आयोजना गरी बालबालिकाकै सहभागितामा बालबालिका केन्द्रित योजना बनाउने अभ्यास पनि कार्यान्वयन भै रहेको छ । कुनै नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यमा समेत बालबालिकाको सहभागितालाई प्राथमिकता दिने गरिएको छ ।

यसैगरी, बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बालबालिका सङ्गठित हुने तथा संस्था खोल्ने क्रम सुरु भएको छ । बालबालिकाको आफ्नो जीवनमा प्रभाव पार्ने विषयमा घर, परिवार, विद्यालय, समुदाय, सार्वजनिक निकायको निर्णय प्रक्रियामा सहभागी हुन थालेका छन् । स्थानीय तहमा बालक्लब तथा सञ्जालहरू गठन गर्ने तथा बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि क्रियाशील बनाउने कार्यहरू निरन्तर अघि बढीरहेको छ । विद्यालय शिक्षा, विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलाप लगायत विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता संस्थागत हुँदै गइरहेको छ । स्थानीय तहमा क्रियाशील स्वास्थ्य व्यवस्थापन समिति, बालमैत्री स्थानीय शासन वडा/गाउँ/नगर समिति, स्थानीय बाल अधिकार समितिमा बालबालिकाको सहभागिताको अभ्यास भै रहेको छ । बाल अधिकार केन्द्रित राष्ट्रिय अभियानहरू जस्तै खुल्ला दिशामुक्त क्षेत्र

घोषणा, बालमैत्री विद्यालय घोषणा, बालमैत्री स्थानीय शासन अवलम्वन गरिएको वडा तथा पालिका घोषणा, बाल विवाहमुक्त स्थानीय प्रदेश घोषणा, बालश्रममुक्त स्थानीय तह घोषणा जस्ता अभियानहरूमा बालबालिकाको रचनात्मक सहभागिता हुने गरेको छ । स्काउट, जुनियर रेडक्रस सर्कलमार्फत बालबालिकाले समाजसेवाको भावना जागृत गराउने अवसर प्राप्तिका साथै विपद् व्यवस्थापनमा रचनात्मक सहभागिताको अवसर पाइरहेका छन् ।

सञ्चारका विभिन्न छापा माध्यमबाट बालबालिकाको रचनात्मक तथा सिर्जनात्मक क्षमता अभिवृद्धिका लागि बालबालिका लक्षित गरी केही मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रकाशनहरू पनि हुँदै आएका छन् । यसका साथै निजी तथा सामुदायिक एफ.एम. रेडियोबाट बालबालिका केन्द्रित कार्यक्रमहरू नियमित रूपमा प्रसारण गर्दै आइरहेका छन् । यद्यपि, बाल सहभागिताका यी विषय तथा क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको स्थानीय, प्रदेश तथा संघीय तहमा व्यवस्थापन गर्न अझै थप प्रयास गर्नु जरुरी छ ।

## ६.३ आम सञ्चार र बाल सहभागिता

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १९ मा बाल अधिकारको उल्लङ्घन तथा बालबालिकाको हित प्रतिकुल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुने व्यवस्था उल्लेख छ । सञ्चार माध्यमलाई बालमैत्री बनाउन बालमैत्री सञ्चार निर्देशिका, २०७३ कार्यान्वयनमा रहेको छ । आम सञ्चारका माध्यमबाट बालबालिकाको रचनात्मक तथा सिर्जनात्मक क्षमता प्रस्फुटन गर्ने उद्देश्यका साथ बालबालिका लक्षित, बालबालिकाको आफ्नै सहभागितामा सूचना तथा सामग्री उत्पादन तथा प्रसारण हुन थालेका छन् । नेपालका ठूला राष्ट्रिय दैनिक अखबारहरूले केही बालकेन्द्रित सामग्री प्रकाशन गर्दै बालबालिकाका रचनाहरूलाई पनि स्थान दिने गरेको पाइन्छ । उदाहरणका लागि कान्तिपुर दैनिकले प्रत्येक आइतबार कोपिला नामक अतिरिक्त पृष्ठ प्रकाशन गर्दै आएको छ भने अन्नपूर्ण पोस्टले आइतबार अंकुर, नागरिक दैनिकले शनिबार जुनकिरी शीर्षकको विशेष पृष्ठ र गोरखापत्रले हरेक शनिबारको अङ्कमा बालरचनालाई स्थान दिनुका साथै मुना मासिक पत्रिका प्रकाशन गर्दै आएको थियो तर कोभिड १९ को कारण अहिले यी प्रकाशनहरू बन्द हुन पुगेकाछन् । यस अतिरिक्त नेपालका चर्चित प्रकाशन गृहहरूले बालबालिकाको विकाससँग सम्बन्धित पुस्तकहरू प्रकाशन गर्दै आइरहेका छन् । यसैगरी निजी तथा सामुदायिक एफ.एम. रेडियोले बालबालिका केन्द्रित तथा बालबालिकाकै सहभागितामा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । विभिन्न टिभी तथा रेडियो स्टेसनहरूका कार्यक्रमहरूबाट बालबालिकाले आफ्ना विचार तथा भावना अभिव्यक्त गर्ने अवसर पाइरहेका छन् । यस्ता कार्यक्रमहरूबाट एकातिर बालबालिका सम्बन्धी सूचनाको जानकारी हुने गरेको छ भने अर्कोतिर बालबालिका प्रोत्साहित

हुने गरेको पाइन्छ । यसरी आमसञ्चार माध्यमहरूमा बालबालिकाको सरोकार, पाठक, दर्शक र स्रोताका साथै सहभागिका रूपमा पनि हुने गरेको देखिन्छ । यद्यपि, सञ्चार माध्यममा बालबालिकाको सहभागिता सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्न, बालमैत्री सूचना तथा सामग्री प्रकाशन तथा प्रसारणका लागि साझा बुझाइ कायम गर्न अझै थप प्रयास गर्नुपर्ने देखिन्छ ।

### ६.४ मनोरञ्जनका क्षेत्रमा बालसहभागिता

नेपालको संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट बालमैत्री मनोरञ्जन पाउने हक प्रदान गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (३) ले प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार सुनिश्चित गरेको छ । सोही अनुसार बालबालिकाको सर्वाङ्गीण विकासका लागि मनोरञ्जनका विभिन्न क्षेत्रहरूमा बालबालिकाको सहभागिता हुन थालेको छ । बालबालिकाको मनोरञ्जन लक्षित बाल उद्यान, मनोरञ्जन पार्क, भौतिक तथा डिजिटल खेल पार्क सञ्चालनमा रहेका छन् । बालबालिकाको मनोरञ्जनका लागि रेडियो तथा टेलिभिजनबाट साङ्गीतिक कार्यक्रमहरू, कार्टुन प्रसारण हुने गरेका छन् । विभिन्न म्यूजिक भिडियो, गीत सङ्गीत, विज्ञापनमा बालबालिकाले अभिनय गर्ने अवसर पाएका छन् । यसले बालबालिकाको अन्तरनिहीत क्षमता प्रस्फुटन गरेको छ । यद्यपि, पछिल्लो समय वयस्क लक्षित मनोरञ्जनका क्षेत्रमा बालबालिकाको गलत प्रयोग पनि हुन थालेका छन् । कतिपय यस्ता प्रयोगले बालबालिकाको सिर्जनात्मक क्षमता बढाए पनि स्वयम् बालबालिकामाझ पराम्परागत विभेद, असमानता तथा गलत मान्यताहरूलाई थप प्रसार गरेको पनि पाइन्छ । बालबालिका सम्बन्धी विद्यमान कानूनले बालबालिकाको सर्वाङ्गीण विकासमा नकारात्मक असर पार्ने खालका कुनै पनि गतिविधिबाट बालबालिकाको संरक्षण गर्नु, बाल संवेदनशीलता तथा सर्वोत्तम हितलाई ख्यालमा राख्नु राज्य, परिवार, समुदाय, संघ संस्था, सञ्चार माध्यम सबैको दायित्व हुने प्रावधानलाई मुख्य रूपमा जोड दिएको छ । नेपालको संविधानको धारा १९ मा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल हुने वा भेदभावलाई प्रोत्साहन गर्ने खालका श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न नहुने उल्लेख गरिएको छ । यसर्थ विभिन्न गीत, सङ्गीत, विज्ञापन, कार्टुनमा प्रयोग गरिएका बालबालिकालाई के-कसरी प्रयोग गरियो, त्यस प्रक्रियामा बाल संवेदनशीलता अपनाइयो वा अपनाइएन, त्यस्तो प्रयोगले बालबालिकाको सर्वोत्तम हित, सामाजिक सद्भावमा नकारात्मक असर पर्छ कि पर्दैन भन्ने विषयमा सरोकारवाला तथा जिम्मेवार निकायको गम्भीर ध्यान जान जरुरी छ ।

### ६.५ बालक्लब र बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने

अधिकार सुनिश्चित गरिएको छ । बालबालिका सम्बन्धी ऐनका प्रावधानहरू कार्यान्वयनका लागि स्थानीय तहले स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा गरी बालक्लब, सञ्जाल गठन तथा परिचालन गर्ने कार्यलाई निरन्तर रूपमा अघि बढाइरहेका छन् । यद्यपि, बाल क्लब गठन, दर्ता र परिचालनका विषयमा सबै पालिकामा समबुझाइ कायम हुन सकेको देखिँदैन । यसर्थ, पनि पछिल्लो समय नेपालमा बालक्लबको संख्या, बालक्लबमा आवद्ध बालबालिकाको संख्या, बालक्लबले गरेका गतिविधि बारेको सूचना तथा तथ्याङ्क अध्यावधिक हुन सकेको छैन । यसर्थ, यस विषयमा यथाशक्य चाँडो स्पष्ट हुन जरुरी देखिएको छ ।

## ६.६ खेलकुद र बालबालिका

बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, बौद्धिक र संवेगात्मक विकासका लागि खेलकुदको उल्लेख्य योगदान रहन्छ । त्यसैले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरिएको छ। साथै प्रत्येक विद्यालयले नियमित पठनपाठनका अलावा खेलकुदको उचित व्यवस्था मिलाउनु पर्ने कानूनी प्रावधान समेत रहेको छ ।

पन्ध्रौं योजनामा खेलकुद शीर्षक अन्तर्गत बालबालिकालाई आफ्नो अन्तरनिहीत क्षमताको विकास गर्न प्रत्येक विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ भन्ने कार्यनीति रहेको छ र बालबालिकाका लागि समेत खेलकुद प्रतियोगिताको आयोजना गरी सहभागी हुने अवसर सिर्जना भएको हुने अपेक्षा गरिएको छ ।

सोही बमोजिम विगतका दशकहरूदेखिनै समुदायस्तरमा विभिन्न क्लबबाट तथा सरकारको तर्फबाट शिक्षा लगायत खेलकुदसँग सम्बन्धित मन्त्रालयहरूबाट विद्यालय स्तर, अन्तर विद्यालयस्तर, जिल्लास्तर, क्षेत्रीयस्तर र राष्ट्रियस्तरका विभिन्न खेलकुद कार्यक्रम सञ्चालन र प्रतियोगिताहरूको आयोजना गरी बालबालिकाको खेलकुदमा सहभागिता अभिवृद्धि गर्दै आएको छ । यसैगरी विभिन्न अन्तर्राष्ट्रिय स्तरका १९ वर्षमुनिका, १६ वर्षमुनिका मूलतः फुटबल, क्रिकेट, जुडो, कराते, पौडीजस्ता खेलको प्रतियोगितामा नेपाली बालबालिका खेलाडीहरूलाई सहभागी गराएका समाचारहरू प्रकाशमा आउने गरेका छन् । तर यस्ता अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा नेपाली बालबालिका खेलाडीको संख्या, खेलकुद तथा सहभागिता सम्बन्धी सूचना अद्यावधिक रूपमा उपलब्ध हुन सकेको छैन । यसैगरी खेलकुदमा बालिकाको सहभागिता, सुरक्षा तथा संरक्षणका विषयमा पनि ध्यान पुग्नु जरुरी छ ।

आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं.१९४मा बालबालिकाको खेलकुद, मनोरञ्जन तथा शारीरिक र मानसिक विकासका लागि बाल उद्यान, पुस्तकालय एवम् विज्ञान तथा प्रविधि सँग्रहालयको निर्माण गरिनेछ भन्ने उल्लेख भएको छ ।

### ६.७ स्काउट र बालबालिका

नेपाल स्काउटको स्थापना २००९ सालमा भएको हो र यो नेपालको स्काउटिङ्ग र गाइडिङ्ग संस्था हो । नेपालका बालबालिका तथा युवा वर्गलाई स्काउटमा आधिकाधिक मात्रामा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वाबलम्बी बनाई देश विकास प्रक्रियामा सहभागी गराउन नेपाल स्काउटको स्थापना भएको हो । नेपाल स्काउटले पहिलो राष्ट्रिय स्काउट ज्याम्बोरी २०४३ सालमा कीर्तिपुरमा गरेको थियो भने दोस्रो ज्याम्बोरी २०६९ सालमा चितवनको टिकौलीमा गरेको थियो । ज्याम्बोरी कार्यक्रममा बालबालिकाको उल्लेख्य सहभागिता रहने गरेको जानकारी रहेको छ ।

नेपाल स्काउटमा ७ देखि १० वर्षको उमेर समूहका सदस्यलाई कब/ब्राउनी, ११ देखि १५ वर्ष उमेर समूहका सदस्यलाई ब्वाय/गर्ल र १६ देखि २५ वर्ष उमेर समूहका सदस्यलाई रोवर/रेञ्जर गरी तीन समूहमा वर्गीकरण गरिएको हुन्छ । यसबाट स्काउटको अधिकांश सदस्यहरू १८ वर्षभन्दा मुनिकानै देखिन्छ । यसबाट स्काउटसँग सम्बन्धित क्रियाकलापहरूमा बालबालिकाको उल्लेख्य सहभागिता हुने देखिएको छ । यसको खण्डीकृत सूचना व्यवस्थापन हुनुपर्ने देखिएको छ ।

### ६.८ बालमैत्री स्थानीय तह तथा वडाहरू

साविकको केन्द्रीय बाल कल्याण समितिले बालमैत्री गाँउ विकास समिति घोषणा अभियान २०६४ सालबाट प्रारम्भ गरी यस विषयमा केन्द्रीय तहदेखि साविकको जिल्ला बाल कल्याण समिति र गाउँ बाल संरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो । बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी यो कार्य प्रारम्भ गरिएको थियो । ती सूचाङ्काकहरूलाई समेत समायोजन गरी तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी ६४ वटा साविकको जिल्ला विकास समिति र ३२ वटा नगरपालिकाहरूलाई तालिम दिई बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाएको थियो । नेपाल सरकारले बालमैत्री स्थानीय शासन अवलम्बन गरेकोमा संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले समेत प्रशंसा गरेको छ ।

संघीयताको कार्यान्वयनसँगै आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य सम्बन्धी विषय स्थानीय तहको एकल अधिकारको सूचीमा रहनु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालमैत्री शासन सम्बन्धी अधिकार वडा समितिको काम, कर्तव्य र अधिकार भित्र राख्नुले बालमैत्री कार्यक्रम तर्जुमा कार्यान्वयन लगायतका सबै कार्य स्थानीय तहको जिम्मेवारीमा पर्ने देखिन्छ । यस कार्यको

सहजीकरणका लागि बालमैत्री स्थानीय शासनलाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा प्राथमिकता दिनुपर्ने विषयको रूपमा समावेश गरिएको छ भने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट प्रदान गरिने तालिमको पाठ्यवस्तुमा बालमैत्री स्थानीय शासनको विषय समेत समावेश गरिएको छ । सोही बमोजिम केही स्थानीय तहले बालमैत्री शासन प्रवर्धनका लागि कानूनी, नीतिगत, कार्यक्रमगत प्रयासका साथै बजेट विनियोजन, समन्वय तथा सहकार्यलाई उच्च प्राथमिकतामा राखेको समेत पाइन्छ । हाल बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ कार्यान्वयनमा रहेको छ ।

संघीयताको कार्यान्वयन पश्चात हालसम्म प्रदेश नं.१ मा झापाको भद्रपुर नगरपालिका, प्रदेश नं.२ मा सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिका, बागमती प्रदेशमा दोलखा जिल्लाको भिमेश्वर नगरपालिका, मकवानपुर जिल्लाको मनहरी गाउँपालिका र बकैया गाउँपालिका, काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका र पनौति नगरपालिका, गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको देवचुली नगरपालिका, स्याङजा जिल्लाको भीरकोट नगरपालिका, लुम्बिनीप्रदेशमा नवलपरासी जिल्लाको सुनवल नगरपालिका, कपिलवस्तु जिल्लाको बाणगङ्गा नगरपालिका, पाल्पाको बगनासकाली गाउँपालिका गरी जम्मा १२ वटा स्थानीय तह आ.व.२०७७/७८ सम्ममा बालमैत्री स्थानीय तह घोषणा भएका छन् भने ३३ वटा स्थानीय तहको कम्ती एक/एक वटा गरी ३९ वटा वडा बालमैत्री घोषणा भएका छन् । (अनुसूची ६) ।

बालमैत्री स्थानीय शासन जनप्रतिनिधिको बुझाई र प्राथमिकतामा पार्नु, वार्षिक बजेट तथा कार्यक्रममा यो अभियानलाई समावेश गर्नु, बालमैत्री घोषणा पछि के गर्ने ? भन्ने विषयमा एकरूपता कायम गर्नु, बालमैत्री घोषणाको सघन अनुगमन गर्नु, वहस पैरवीको राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यासमा शिथिलता आउनु, सूचकमा समसामयिक परिवर्तन गर्नु, बालमैत्री स्थानीय शासनलाई दीगो विकाससँग जोड्नु, लगानी योजना र रणनीतिक योजनालाई वार्षिक योजनामा समावेश गर्नु तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु बालमैत्री स्थानीय शासनसँग सम्बन्धित केही चुनौतिहरू हुन् ।

बालमैत्री स्थानीय शासन मौलिक हक कार्यान्वयनको विषय भएको हुँदा संघीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी ढंगबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै, यसको कार्यान्वयनको मुख्य जिम्मेवारी स्थानीय तहको हुने हुँदा स्थानीय तह र प्रदेश सरकारको समन्वय र सहकार्यको स्पष्ट व्यवस्था हुनुपर्ने एवम् संघ र प्रदेश सरकारबाट स्थानीय तहमा अनुदान तथा प्राविधिक सहयोग सहजीकरण गर्ने व्यवस्था हुनुका तथा विकास साझेदार तथा गैर सरकारी क्षेत्रको परिचालन गर्ने रणनीति तथा कार्यक्रम बनाउनु आवश्यक छ ।

आगामी दिनमा नीतिगत सुधार जस्तै बालमैत्री स्थानीय शासनको समग्र प्रक्रियामा प्रदेश तथा स्थानीय बाल अधिकार समिति एवम् बाल कल्याण अधिकारीको संलग्नता एवम् भूमिका स्पष्ट

हुनुपर्ने, सूचकहरूमा अनाथ बालबालिकाको व्यवस्थापन, सडक बालबालिकामुक्त स्थानीय तह, छोरा र छोरीमा विना भेदभाव कम्तीमा ३ पटक स्थानीय स्तरमा उपलब्ध खानेकुरा खान पाउनु पर्ने, घर, विद्यालय, समुदाय वा सार्वजनिक स्थल कतै पनि बालबालिका विरुद्ध हिंसा हुन नहुने विषयहरू समावेश गर्नु, स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, समुदायमा आधारित संस्थाको सचेतना तथा क्षमता विकास, सवलीकरणयुक्त वातावरण निर्माण, स्रोतको दीगो व्यवस्थापन तथा सूचना व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ ।

## ६.९ निष्कर्ष

योजना तर्जुमा, अध्ययन, अनुसन्धान लगायतका कार्यहरूमा सरकारी तथा गैरसरकारी निकायहरूबाट बालबालिकाको उमेर, रुची र क्षमताको आधारमा बालबालिकाको विचार अभिव्यक्तिका लागि सहभागी गराउने गरिएको छ र बालबालिकाको भावनाको सम्मान गरिएको देखिन्छ । आवधिक तथा वार्षिक नीति तथा कार्यक्रमको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन कार्यमा समेत बालबालिकाको सहभागितालाई प्राथमिकता दिने गरिएको छ । यसैगरी, बालबालिकाको सङ्गठित हुने स्वतन्त्रता सुनिश्चित गर्ने क्रममा बालक्लब तथा बालबालिकाको संस्था सञ्चालन गर्ने कार्यलाई बढावा दिने गरिएको पाइएको छ । विविध किसिमका सूचनामा बालबालिकाको पहुँच बढाउने कार्यहरू भइरहेका छन् भने रेडियो, टिभी लगायत सञ्चारको छापा माध्यमबाट बालबालिकाको अभिव्यक्तिलाई प्रोत्साहन दिने गरिएको छ । विभिन्न किसिमका खेलहरूमा बालबालिकाको सहभागिता गराई प्रतिस्पर्धा गर्ने गरिएको छ । तथापी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा बालबालिकाको सहभागिताको सूचना अध्यावधिक भएको देखिँदैन । बालबालिकासँग सम्बन्धित सामाजिक, भौतिक लगायतका विकास कार्यहरूमा बालबालिकाको सहभागितालाई प्रोत्साहन गर्दै लानुपर्ने देखिन्छ । खेलकुदमा बालिकाको सहभागिता, संरक्षण तथा सुरक्षालाई प्राथमिकतामा राख्न जरुरी छ । मनोरञ्जनका नाममा वयस्क लक्षित मनोरञ्जनका सामग्रीमा बालबालिकाको गलत प्रयोग रोक्न नीतिगत तथा कार्यक्रमिक प्रयास हुन जरुरी छ । बालक्लब तथा सञ्जाल गठन, परिचालन तथा सूचना व्यवस्थापनमा थप ध्यान दिनु पर्ने देखिन्छ । स्थानीय तहमा गठन गर्नुपर्ने बालबालिका केन्द्रित संरचनामा दोहोरोपना तथा अन्यौलता अन्त्यका लागि संघीय तहमा उच्च स्तरीय छलफल हुन नितान्त आवश्यक देखिएको छ ।

# परिच्छेद : ७

## निष्कर्ष

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको हक, हित र अधिकारको विषयलाई संविधानमा समावेश गर्दै र विभिन्न कानूनहरूमा क्रमशः सुधार गर्दै आएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ। उक्त ऐनमा भएका केही प्रावधानहरू संसोधनको क्रममा रहेका छन् । बालबालिका सम्बन्धी नियमावली तयारीको क्रममा रहेको छ। बाल अधिकार सम्बन्धी राष्ट्रिय नीति, २०७८ को मस्यौदा अन्तिम चरणमा पुगेको छ। बालबालिका सम्बन्धी दशवर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा भैसकेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरू मध्ये स्थानीय तहमा अनिवार्य कार्यान्वयन गर्नुपर्ने प्रावधानहरू-स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा, स्थानीय बाल अधिकार समितिको गठन, बाल कल्याण अधिकारीको व्यवस्था, बालकोषको स्थापना तथा परिचालन, समाजसेवी र बालमनोविज्ञको सूचीकरण गर्ने क्रम निरन्तर अघिबढिरहेको छ। यसैगरी, आवधिक योजनाहरूमा पनि बालबालिकाको विषयलाई प्राथमिकता दिने क्रम बढीरहेको छ । प्रत्येक प्रदेशको योजना र कार्यक्रममा बालबालिकाको विषयलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ। यसबाट बाल अधिकार संवेदनशील तथा बालमैत्री राष्ट्र निर्माणको दिशामा नीतिगत र संरचनागत आधारहरू तयार भैरहेको र लगानीमा प्रगतिशील अवस्था देख्न सकिन्छ।

बालविवाह, बालश्रम, यौनशोषण र दुर्व्यवहार अन्त्यका लागि प्रवर्धन, शिक्षा, स्वास्थ्यजस्ता विशिष्टीकृत विषयहरू सम्बन्धी कार्ययोजनाहरू कार्यान्वयनमा रहेका छन् । बालगृह सञ्चालन, बालहिंसा न्यूनीकरण तथा बाल संरक्षणसँग सम्बन्धित कतिपय विषयहरूको निर्देशिका, मापदण्ड तथा कार्यविधि तयार भई कार्यान्वयनमा रहेका छन् । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालक्षित सहयोग एवम् बाल संवेदनशील सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेख्य लगानी वृद्धि भइरहेको छ । बालन्याय सम्पादन सम्बन्धी कानूनी, नीतिगत र संस्थागत व्यवस्था भएको छ । ७७ जिल्लामा प्रोवेशन अधिकारी तोकिएको छ । ४६ वटा जिल्ला प्रहरी कार्यालयमा निगरानी कक्षको स्थापना गरिएको छ । बागमती, कर्णाली, गण्डकी प्रदेशहरूबाट अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षणका

लागि अवलम्बन गरेका नीति तथा कार्यहरू उत्साहवर्द्धक छ । बाल अधिकारका विषयहरूमा समुदाय, परिवार र बालबालिकासम्म नै सचेतनामा वृद्धि भएको छ । अति दुर्गम हिमाली तथा पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार गरी अस्पतालसम्म पुऱ्याउने कार्यक्रमले गर्दा अहिलेसम्म ठूलो संख्यामा आमा र शिशुलाई बचाउन सकिएको स्थिति छ । नेपालमा वर्षौंदेखि रहेको सडक बालबालिकाको समस्या समाधान गरिएको छ र उपयुक्त उद्धार, संरक्षण तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन भएको छ ।

सरकारले लिएको बालबालिका सम्बन्धी नीतिहरूमध्ये बालहिंसा विरुद्धको शुन्य सहनशीलता, बाल संरक्षण प्रणाली सुदृढीकरण गर्दै अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकत्व राज्यले ग्रहण गर्ने एवम् चालु आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र घोषणा गर्ने आधार वर्ष बनाउने नीति अत्यन्त उल्लेखनीय रहेका छन् । बाल संरक्षण र बाल अधिकार सुनिश्चितता गर्न एवम् कोभिड-१९ को महामारीमा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणको अधिकार सुनिश्चितता तथा विपद् व्यवस्थापनका कारण बालबालिकाको संरक्षण सुनिश्चितता र बाल अधिकारको सुरक्षित गर्न सरकार प्रतिबद्ध रहेको देखिन्छ । अनलाइन तथा इन्टरनेट सेवाको उपभोगमा बालबालिकालाई सुरक्षा प्रदान गर्ने विषयमा सरकार संवेदनशील देखिएको छ । यसैगरी, विकास साझेदार, गैरसरकारी, नागरिक समाज, निजी लगायत सञ्चार क्षेत्रबाट बालबालिकाको संरक्षण र अधिकारका विषयहरूमा उच्च संवेदनशीलतासहित प्रयास भइरहेको छ ।

उपर्युक्त प्रयासहरूको परिणामस्वरूप संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि (२०४९ साल) हालसम्म बालबालिकाको विषयसँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकाङ्कहरूमा उल्लेख्य प्रगति भएको पाइएको छ । प्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशतबाट हाल करिब ९७.४ प्रतिशत पुगेको छ । प्राथमिक शिक्षामा छात्र छात्राको अनुपात ०.५६ बाट बढेर ०.९८ पुगेको छ भने कक्षा १-१२ सम्ममा यो अनुपात १.०१ पुगेको छ । यसैगरी सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जनाबाट १६ मा झरेको, शिशु मृत्युदर प्रति हजारमा १०८ जनाबाट २५ जनामा झरेको र बाल मृत्युदर प्रति हजारमा १६२ जनाबाट २८ जनामा झरेको छ । बालबालिकामा कुपोषणको दर पनि महसुस हुनेगरी घटेको देखिएको छ ।

बालबालिकाको जीवनमा सकारात्मक प्रभाव पार्ने अनेकौं सुधारहरू तथा नतिजाहरू हुँदाहुँदै पनि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नु एवम् बालश्रम, बालविवाह, बालबालिका विरुद्ध हुने यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानूनी ओसारपसार लगायतका घटनाहरूको सरल, सहज र तत्काल व्यवस्थापन गर्ने कार्यहरू चुनौतीकै

रूपमा रहेका छन् । त्यस्तै, अनाथ तथा अपाङ्गता भएका बालबालिका तथा एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्ने जस्ता कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्ने चुनौति अझै विद्यमान छ । शिक्षा, स्वास्थ्य लगायत संरक्षणको सेवासुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारी रूपमा सम्बोधन गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु, तीनै तहहरूमा बालबालिकाको खण्डीकृत सूचना व्यवस्थापन, कोभिड जस्ता महामारी र विपद्को समयमा बालबालिकाको संरक्षण, शैक्षिक निरन्तरता, पारिवारिक हेरचाह तथा मनोसामाजिक अवस्थाको सम्बोधन समेत चुनौतिपूर्ण देखिएको छ । स्थानीय तहमा गठन हुने बालबालिका केन्द्रित संरचनाहरू (जस्तै स्थानीय बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति, प्रारम्भिक बाल विकास स्थानीय समिति) मा देखिएको दोहोरोपना तथा अनमेलहरूमा तत्काल नीतिगत सुधार गरी एकद्वार, एक संरचना, विविध दायित्व र जिम्मेवारी सुनिश्चित गर्नु जरुरी छ । परिवार, समुदाय तथा स्थानीय तहको योजना निर्माण प्रक्रियामा सुरक्षित र प्रभावकारी बाल सहभागिताका अभ्यासहरू प्रवर्धन गर्न निर्देशिकाहरू जारी हुनुपर्ने देखिन्छ । बाल क्लब तथा सञ्जालहरू र बाल क्लबका पूर्व सदस्यको परिचालनका लागि स्पष्ट नीति र योजना आवश्यक परेको छ ।

सुखी नेपाली समृद्ध नेपालका योजना तथा सूचकहरूमा बालसंवेदनशीलता, बालबालिकामाफ समान अवसरको सिर्जना लगायत दुर्घटना, चोटपटक न्यूनीकरण, खेलकुद, विपद्मा बाल संरक्षण, अनलाइन बाल सुरक्षा लगायतका विषयहरूलाई नयाँ ढङ्गले सम्बोधन गर्न जरुरी छ । बालिकाहरू विशेष गरी किशोरीहरूविरुद्ध भइरहेको हिंसा मूलतः एसिड आक्रमण, बढ्दो आत्महत्या, बलात्कार जस्ता सवालको सम्बोधन गर्न विशेष राष्ट्रिय अभियान सञ्चालन गर्नु जरुरी छ । प्रदेश नं. २ को हकमा वर्षेनी बालबालिकाको डुबेर मृत्यु हुने स्थितिको दीगो समाधानका लागि गम्भीर ध्यान जान जरुरी छ । पछिल्लो समय आम सञ्चार माध्यममा विशेषगरी नेपाली वयस्कलक्षित गीतका भिडियोहरूमा बालबालिकाको प्रयोग बालिका विरुद्धको विभेद, परम्परागत लैङ्गिक असमानता र हिंसालाई प्रवर्द्धन गर्ने खालको देखिएको छ । यसलाई समयमै सम्बोधन गर्न आवश्यक आचारसंहिता तथा नियमनका कार्यहरू गर्न जरुरी देखिन्छ । सामाजिक सञ्जाल पत्रकारिता विशेषगरी युट्युब पत्रकार तथा अनलाइन पत्रकारिताको क्षेत्रमा बाल संवेदनशीलता, गोपनीयता र आचार संहिताको पालनाको प्रवर्धन गरिनु जरुरी छ ।

तीनै तहमा बालबालिकाका लागि लगानी प्रवर्धन गर्न, ऐनले व्यवस्था गरेका संरचना, कोष, बाल कल्याण अधिकारीको व्यवस्था, समाजसेवी तथा बालमनोविज्ञको परिचालनका लागि राष्ट्रिय रूपमा साझा र एकीकृत अभियान सञ्चालन गर्नु जरुरी रहेको छ । नेपाल सरकारको नीति र योजनालाई

थप सहयोग पुऱ्याउन बालबालिका लक्षित परियोजनाहरू विकास साझेदार, गैसस तथा निजी क्षेत्रले संघमा राष्ट्रिय बाल अधिकार परिषद् र स्थानीय तहमा बाल अधिकार समितिसँगको समन्वयमा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रहेको छ। सबैको प्रयासबाट आउँदा वर्षहरूमा सबै समूहका बालबालिकाको जीवनमा उल्लेख्य रूपमा सुधार हुने अपेक्षा गर्न सकिन्छ।

**सन्दर्भ सामग्रीहरू:**


अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४

अर्थ मन्त्रालय (२०७७), *आर्थिक सर्वेक्षण, २०७७/०७८,* काठमाडौं ।

अर्थ मन्त्रालय (२०७७), *बजेट वक्तव्य, २०७८/७९*, काठमाडौं ।

आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ।

केन्द्रीय बाल कल्याण समिति (२०७५), *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७५,* ललितपुर ।

केन्द्रीय तथ्याङ्क विभाग (सन् २०११), *नेपाल जीवनस्तर सर्वेक्षण, २०११,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७६), *नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (सन् २०२१), *नेपालमा बालश्रम प्रतिवेदन, २०२१* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७६), *नेपाल श्रमशक्ति सर्वेक्षण, २०७६,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (सन् २०१४), *पपुलेसन मोनोग्राफ भाग २ सन् २०१४,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०४८), *राष्ट्रिय जनगणना, २०४८,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८), *राष्ट्रिय जनगणना, २०५८,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना, २०६८,* काठमाडौं ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ ।

नेपाल सरकार (२०७८), *नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७८/७९,* काठमाडौं ।

नेपालको संविधान, (२०७२) ।

प्रदेश सरकार (२०७८), *प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य, २०७८/७९,* प्रदेश राजधानी ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०७२), *बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२,* काठमाडौं ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०६९), *बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९,* काठमाडौं ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०६८), *मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८,* काठमाडौँ ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४ ।

राष्ट्रिय बाल अधिकार परिषद् (२०७६), *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६,* ललितपुर ।

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *राष्ट्रिय शिक्षा नीति, २०७६,* काठमाडौँ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७५), *फ्लास १ रिपोर्ट, २०७४/०७५,* भक्तपुर ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७६), *फ्लास १ रिपोर्ट, २०७५/०७६,* भक्तपुर ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७६), *फ्लास १ रिपोर्ट, २०७६/०७७,* भक्तपुर ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७७), *फ्लास १ रिपोर्ट, २०७७/०७८,* भक्तपुर ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सन् २०१६), *नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६,* काठमाडौँ ।

स्वास्थ्य सेवा विभाग (२०७५), *स्वास्थ्य सेवा विभागको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन, २०७५*, काठमाडौँ ।

स्वास्थ्य सेवा विभाग (२०७६), *स्वास्थ्य सेवा विभागको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन, २०७६*, काठमाडौँ ।

सर्वोच्च अदालत (२०७८), *वार्षिक प्रतिवेदन, २०७७/७८,* काठमाडौँ ।

सामाजिक सुरक्षा ऐन, २०७५ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ ।

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ ।

National Planning Commission. (2020). National Progress Review of Sustainable Development Goals. Kathmandu: Author.

www.hcch.net

अनुसूची १

**बालबालिका सम्बन्धी ऐन, २०७५ व्यवस्था भएका अधिकार सम्बन्धि मुख्य दफाहरू**

| दफा | कानूनी प्रावधान |
|---|---|
| ३ | **बाँच्न पाउने अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।<br>(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन् । |
| ४ | **नाम, राष्ट्रियता र पहिचानको अधिकारः** यस दफा अन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित जन्मदर्ताको हक हुने सम्बन्धी विभिन्न उपायहरू समावेश भएका छन् । |
| ५ | **भेदभाव बिरुद्धको अधिकारः**<br>(१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गरिने छैन ।<br>(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा छोरा वा छोरी छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्न हुँदैन ।<br>(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।<br>(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन । |
| ६ | **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारः**<br>(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बालअदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गर्नु हुदैन ।<br>(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबुआमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।<br>(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बावु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।<br>(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्मदिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ । |

| | |
|---|---|
| ७ | **संरक्षणको अधिकार**:<br>(१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।<br>(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा, छोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।<br>(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।<br>(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य तथा यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।<br>(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन ।<br>(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकुल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्तमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।<br>(९) चौध वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरी को रूपमा राख्नु हुँदैन ।<br>(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् । |
| ८ | **सहभागिताको अधिकार** : आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ । |
| ९ | **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार**:<br>(१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ । |
| १० | **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार**:<br>(१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । |

| | |
|---|---|
| ११ | **गोपनीयताको अधिकार**ः यस दफा अन्तर्गत प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ । कसैले पनि बालबालिकाको गोपनीयताको अधिकार उलंघन गर्न नहुने व्यवस्था छ । तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नुपरेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ । |
| १२ | **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार**ः<br>(१) अपाङ्गता भएका बलाबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ । प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिययरूपले सहभागी हुने तथा सम्मानजनकरूपमा बाँच्न पाउने अधिकार हुनेछ ।<br>(२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने आत्म निर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा समानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ ।<br>(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनःस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ । |
| १३ | **पोषण तथा स्वास्थ्यको अधिकार**ः यस दफा अनुसार प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको, विभिन्न रोग विरुद्धका खोपहरू र स्वास्थ्य उपचार पाउने र प्रत्येक बालबालिकालाई निःशुल्क औषधि उपचारको अधिकार हुनेछ । |
| १४ | **खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार** ः यस दफा अुनसार प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने तथा मनोरञ्जन गर्ने अधिकार हुनेछ । प्रत्येक विद्यालयले विद्यार्थीलाई उपयुक्त खेलकुदस्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्नेछ । प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकुल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ । |
| १५ | **शिक्षाको अधिकार**ः<br>(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढंगले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।<br>(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।<br>(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ । |

| | |
|---|---|
| १६ | **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः** यस दफा अन्तर्गत बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने र बालमैत्री भौतिक संरचनाको व्यवस्था गर्नुपर्ने जस्ता व्यवस्था छ । |
| १७ | **परिवार वा संरक्षकको दायित्वः** यस दफा अन्तर्गत बालबालिकाको हेरचाह, पालनपोषण, शिक्षा, स्वास्थ्य र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुने, बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु नहुने लगायतका व्यवस्था रहेको छ । |
| १८ | **राज्यको दायित्वः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ । |
| १९ | **सञ्चार क्षेत्रको दायित्वः** बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकुल नहुने गरी सूचना प्रकाशन वा प्रशारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ । |
| ४८ | **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** यस दफा अन्तर्गत अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका, कानूनी विवादमा परेका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको शिशु, विभिन्न हिंसा वा दुर्व्यवहारका कारणले परिवारबाट अलग भएका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको श्रममा संलग्न रहेका, विभिन्न लागुऔषधको कुलतमा फसेका, एचआईभी सङ्क्रमण भएका, गम्भीर अपाङ्गताको जोखिममा रहेका, विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका, वेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका, विपन्न दलित लगायतका बालबालिका पर्दछन् । |
| ६६ | ऐनको यस दफाको उपदफा १, २ र ३ मा बालबालिका विरुद्धका विभिन्न कसूरहरू समावेश भएका छन् । |
| ७७ | **बालबालिकाको कर्तव्यः** बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ । |

**अनुसूची २**

## संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व.२०७८/७९

**बजेटको उद्देश्य र बालबालिका**

क) कोभिड-१९ को महामारीबाट नागरिकको जीवन रक्षा गर्ने,

ख) राज्यको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गर्ने र सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने ।

**बजेटको प्राथमिकताको क्षेत्र तथा बालबालिका**

क) सबै नेपालीलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षण,

ख) जीवनोपयोगी एवम् सीपयुक्त शिक्षाका लागि पूर्वधारमा लगानी,

ग) सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच सेवा प्रवाहमा प्रभावकारिता ।

| उद्दे श्य. | नीति तथा कार्यक्रम (संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम) | बजेट वक्तव्य (जेष्ठ १५ गते) | बजेट |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित नीति तथा कार्यक्रम र बजेट वक्तव्य** | | |
| १. | १. संयुक्त सरकारको मुख्य प्राथमिकता कोभिड-१९ को महामारीमा नागरिकको जीवन रक्षा गर्ने । | **वक्तव्य नं.**२४. कोभिड-१९बाट संक्रमित भइ घरमा रहेका विरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि घुम्ती सेवा, कल सेन्टर सञ्चालन, मनोसामाजिक परामर्श, आपतकालीन उपचार र अक्सिजन सपोट लगायतका सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको । | |
| २. | | **वक्तव्य नं.**३०. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी तथा सिकलसेल एनिमियाको उपचार गर्न हाल प्रदान गरिएको अनुदान र चौध वर्ष मुनिका बालबालिका एवम् सत्तरी वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको मुटुरोगको निःशुल्क उपचार सुविधालाई निरन्तरता दिएको छ । यसको लागि रू. २ अर्ब ५० करोड विनियोजन गरेको छ । | रू. २ अर्ब ५० करोड |

| | | | |
|---|---|---|---|
| ३. | | **वक्तव्य नं**.३२. सबै जिल्ला अस्पतालमा प्रसूति तथा नवजात शिशु स्याहार सेवा सञ्चालनमा ल्याइनेछ। मातृ स्वास्थ्यमा सुधार ल्याउन हुम्ला, डोल्पा, मुगु, बझाङ्ग लगायतका दुर्गम क्षेत्रका २० जिल्लामा प्रसूति समय अगाडिको स्वास्थ्य जाँच र औषधीको सुविधा सहितको मातृ प्रतीक्षा गृह सञ्चालन गरिनेछ। विराटनगर, वीरगञ्ज, बुटवल र धनगढीका सरकारी अस्पतालमा निःसन्तान दम्पत्तिको लागि आईभिएफ सेवा विस्तार गरिनेछ। | |
| ४. | | **वक्तव्य नं**.३४ स्थानीय स्तरमा सञ्चालन हुने बालस्वास्थ्य तथा पोषण कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु। बालबालिकालाई बिसिजि, पोलियो, डिपिटी, दादुरा, टाइफाइड लगायतका १३ प्रकारका खोप सेवा प्रदान गरी मुलुकलाई आगामी वर्ष पूर्णखोपयुक्त बनाउन बजेट व्यवस्था गरेको छु। आगामी वर्ष ६ लाख २० हजार बालबालिकालाई खोप सेवा उपलब्ध गराइनेछ। | |
| ५. | | **वक्तव्य नं**.७७ जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरुप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा निःशुल्क खोप, पोषण लगायतका विषयमा ३३ प्रतिशतले सामाजिक सुरक्षाको रकम विनियोजन, | |
| ६. | | **वक्तव्य नं**.३५ अस्पताल तथा स्वास्थ्य चौकीको विस्तारका साथै टेलिमेडिसीन, घुम्ती स्वास्थ्य सेवा, निःशुल्क गर्भवती जाँच सेवा, प्रसूति सेवा, खोप सेवा, समुदायमा आधारित पुनर्स्थापना तथा परामर्श सेवा मार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ। | |

| | | | |
|---|---|---|---|
| ७. | | **वक्तव्य नं**.**४५** कान्ति बाल अस्पतालको आसियू वार्ड लगायत पूर्वाधार निर्माण गर्न रु.३४ करोड छुट्याएको छ । शहिद गंगालाल मुटुरोग अस्पतालको सेवा विस्तार गरी बाल मुटुरोग युनिट सञ्चालन एवम् अपरेशन थिएटर स्तरोन्नति गर्न रु.५८ करोड विनियोजन गरेको छु । | रु. ५८ करोड |
| | **शिक्षासँग सम्बद्ध नीति तथा कार्यक्रम र बजेट वक्तव्य** | | |
| ८. | २.७ सामाजिक रूपान्तरण शीर्षक भित्र बुँदा नं.३ मा गुणस्तरीय, रोजगार मूलक, व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिँदै संघीयताको मान्यताअनुरुप शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने। निजी विद्यालयहरूमा अभिभावकहरूलाई चर्को आर्थिक भार पर्न नदिने । संधिवान बमोजिम मातृभाषामा शिक्षाका लागि आवश्यक व्यवस्था गर्ने । | **वक्तव्य नं**.**५९** सार्वजनिक विद्यालय तथा क्याम्पसका उच्च माध्यमिक र सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई वैकल्पिक सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यका साथ एक थान ल्यापटप खरीद गर्न रु. ८० हजारसम्म दुईवर्ष अवधिको एक प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाएको । १६ वर्षभन्दा माथि उमेरका विद्यार्थीलाई एक थान सिमकार्ड निःशुल्क उपलब्ध गराइने । | रु. ८० हजार प्रति बालबालिका |
| ९. | ९. मौलिक हकको प्रभावकारी रूपमा कार्यान्वयन गर्न राज्यको भूमिका अभिवृद्धि गर्ने । | **वक्तव्य नं**.**७७** जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरुप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा निःशुल्क खोप, पोषण, आधारभूत शिक्षा र छात्रवृत्तिको व्यवस्था, युवावस्थामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति गरी सबै प्रकारका सामाजिक सुरक्षामा ३३ प्रतिशतले वृद्धि गरी सामाजिक सुरक्षा भत्ताको लागि रु. १ खर्ब विनियोजन गरिएको । | रु. १ खर्ब |

| | | | |
|---|---|---|---|
| १०. | | **वक्तव्य नं**.८८ बालबालिकाको सर्वाङ्गिण विकास तथा बालसाहित्यको प्रवर्द्धन गर्न बाल प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ । बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई वहुआयामिक विकास गर्न झापाको दमकमा गुणस्तरीय शिक्षा सहितको चिल्ड्रेन प्याराडाइज स्थापना गरिनेछ । | |
| ११. | | **वक्तव्य नं**.२१३ मानव पूँजी निर्माणको आधार शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, व्यावसायिक र प्रविधिमैत्री बनाई शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। दक्ष शैक्षिक जनशक्ति विकास र ज्ञान एवम् सीपमूलक पाठ्यक्रम तर्जुमा गरी अनुकुल सिकाई वातावरण निर्माण गरिनेछ। विपद् सम्वेदनशील तथा अपाङ्गतामैत्री शैक्षिक पूर्वाधार निर्माण गरिनेछ। नतिजामूलक शैक्षिक मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक नतिजाको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ । | |
| १२। | | **वक्तव्य नं**.२१४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ। तीन वर्षभित्र सबै तहका सामुदायिक विद्यालय र क्याम्पसको कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, खानेपानी तथा शौचालय लगायत वैकल्पिक सिकाई विधि अनुकुलका भवन तथा पूर्वाधार निर्माण गरिनेछ । आगामी वर्ष प्राथमिकताको आधारमा १ हजार ५ सय सामुदायिक विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरिनेछ । यस कार्यक्रमको कार्यान्वयनबाट शैक्षिक पूर्वाधार निर्माणमा क्रान्तिकारी परिवर्तन हुने, देश सुहाउँदो दक्ष जनशक्ति उत्पादन गरी सामाजिक न्याय सहितको आर्थिक-सामाजिक रूपान्तरण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि रू. १० अर्ब विनियोजन गरेको छ । | रू. १० अर्ब |

| | | | |
|---|---|---|---|
| १३. | | **वक्तव्य नं**.२१५ आगामी शैक्षिक सत्रमा आधारभूत तहमा विद्यार्थी भर्नादर शतप्रतिशत पुर्‍याई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरिनेछ । गुरुकुल, मदरसा र गुम्बा जस्ता परम्परागत शिक्षा विधिलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिनेछ । | |
| १४. | | **वक्तव्य नं**.२२० वैकल्पिक शिक्षण सिकाइ कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। विद्यालय जान नपाएका विद्यार्थीलाई लक्षित गरी सिकाई पोर्टलको विकास तथा नेपाल टेलिभिजन मार्फत शैक्षिक च्यानल सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । वैकल्पिक शिक्षण सिकाई कार्ययोजना कार्यान्वयनको लागि रू. १ अर्ब २० करोड विनियोजन गरेको छु । | रू. १ अर्ब २० करोड |
| १५. | | **वक्तव्य नं**.२२१ सार्वजनिक विद्यालयमा कक्षा नौसम्म अध्ययन गर्ने बालबालिकालाई रङ्गीन पाठ्यपुस्तक छपाई गरी शैक्षिक शत्र शुरू हुनु अगावै निःशुल्क वितरण गरिनेछ । कक्षा १२ सम्मका छात्रछात्रालाई निःशुल्क पाठयपुस्तक र छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्न रू. ४ अर्ब ७९ करोड विनियोजन गरेको छ । | रू. ४ अर्ब ७९ करोड |
| १६. | | **वक्तव्य नं**.२२२जोखिममा परेको अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका बालबालिकाका लागि ताप्लेजुङ्ग, रसुवा, मुस्ताङ, मुगु, दार्चुला लगायतका १३ हिमाली जिल्लामा माध्यमिक तहका आवासीय विद्यालय सञ्चालन गरिनेछ । | |
| १७. | | **वक्तव्य नं**.२२३चेपाङ्ग, राउटे, बादी, माझी, मुसहर लगायत आर्थिक सामाजिक रूपमा सीमान्तकृत र लोपोन्मुख समुदाय, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार, द्वन्द्व पीडित, कोभिड- १९ को संक्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्रा तथा एचआईभि एड्स संक्रमित बालबालिकाको शिक्षा प्राप्तिको अधिकारको संरक्षण गर्न छात्रवृत्तिका लागि बजेट व्यवस्था गरेको छ । दलित, मुस्लिम महिला तथा मुक्त कमलरी महिला विद्यार्थीका लागि सबै विषयमा उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने र निःशुल्क शिक्षा सुनिश्चित गर्ने व्यवस्था मिलाएको छ । | |

| | | | |
|---|---|---|---|
| १८. | | **वक्तव्य नं**.२२४ दृष्टिविहीन बालबालिकालाई बेल पाठ्यपुस्तक लगायत आधुनिक प्रविधिको सहायताबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ। वौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि आवासीय सुविधा सहित प्रत्येक प्रदेशमा एक-एक विशेष विद्यालय स्थापना गरी सञ्चालनमा ल्याइनेछ। | |
| १९. | | **वक्तव्य नं**.२२५ एक विद्यालय - एक स्वास्थ्यकर्मी नीति अवलम्बन गरी विद्यालयमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिनेछ। प्रत्येक शैक्षिक सत्रको शुरूमा सबै विद्यार्थीको अनिवार्य रूपमा आँखा, कान लगायतका आधारभूत स्वास्थ्य परीक्षण गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ। | |
| २०. | | **वक्तव्य नं**.२२६ माध्यमिक तहका विद्यार्थीलाई दैनिक पठनपाठनको अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद र सङ्गीत लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गरिनेछ। | |
| २१. | | **वक्तव्य नं**.२५० पाँचदेखि पच्चीस वर्ष उमेर समूहका विद्यार्थीलाई स्काउटमा समाहित गरी अनुशासित, स्वावलम्बी र स्वयम्सेवीभाव सहित राष्ट्र निर्माणमा सक्रिय गराइनेछ। आगामी वर्ष १३ हजार विद्यालयमा नेपाल स्काउट विस्तार गरिनेछ। | |
| | **बालसंरक्षण** | | |
| २२ | २.७ सामाजिक रूपान्तरण शीर्षक भित्र बुँदा नं.१० मा पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने। महिला विरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेचबिखनजस्ता अपराध गर्नेलाई कडा कारवाही गर्ने। | **वक्तव्य नं**.७८ अनाथ, दलित, अपाङ्गता भएका र विपन्न परिवारका बालबालिकालाई प्रदान गरिने बाल संरक्षण अनुदानको रकममा एकतिहाईले वृद्धि गरेको छु। | एक तिहाईका दरले वृद्धि |

| | | | |
|---|---|---|---|
| २३ | २.८ को तात्कालिक राहत, पुनःनिर्माण र पुनर्स्थापना शीर्षक अन्तर्गत बुँदा नं.६ मा कर्णाली प्रदेशलगायत मानव विकास सूचकाङ्क कम भएका अन्य क्षेत्रहरूमा गर्भवती तथा सुत्केरी महिला र कुपोषण प्रभावित बालबालिकालाई न्यूनतम पोषणका कार्यक्रम प्रभावकारी बनाउने । | **वक्तव्य नं**.७९ अशक्त, असहाय एवम् परित्यक्त व्यक्तिको संरक्षणको दायित्व नेपाल सरकारले वहन गर्नेछ । सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ । आवश्यक सेवा, सुविधा, उपचार र बासको प्रबन्ध गरी सडक मानव मुक्त नेपाल निर्माण गरिनेछ । बालबालिकाको खोजतलास, संरक्षण तथा पुनर्स्थापना गरी सडक बालबालिका मुक्त नेपालको अवधारणा कार्यान्वयन गरिनेछ । यस कार्यमा क्रियाशील संघसंस्थालाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराइनेछ । | |
| २४. | | **वक्तव्य नं**.८० सबै प्रदेशमा अपाङ्गता पुनरस्थापना केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ । बौद्धिक अपाङ्गता भएका बालबालिकाको उपचार सेवालाई सहज र प्रभावकारी बनाइनेछ । अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीको उत्पादन गर्ने संस्थालाई अनुदान उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छ । सार्वजनिक भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाइनेछ । | |
| २५. | | **वक्तव्य नं**.८६ विपन्न, दलित, आदिवासी, जनजाति, एकल महिला, अपाङ्गता भएका महिला, वादी, कमलरी, कमैया, चेपाङ्ग, राउटे, लोपोन्मुख, सीमान्तकृत लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ । | |
| २६ | | **वक्तव्य नं**.८७ बालबालिकाको मानसिक र शारीरिक विकासका लागि पोषणयुक्त खाना, गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच, खेलकुद तथा मनोरञ्जनका अवसर प्रदान गरिनेछ । स्थानीय तहसँगको साझेदारीमा १५ स्थानमा बालउद्यान तथा बाल मनोरञ्जन स्थल निर्माण गरिनेछ । | |
| २७ | | **वक्तव्य नं**.८९ मोरङ्ग, भक्तपुर, कास्की र बाँके जिल्लामा सरकारीस्तरबाट बालसुधार गृह सञ्चालन गरिनेछ । तनहुँको ढकालटारमा व्यवस्थित बालसुधार गृह निर्माण गर्न बजेट व्यवस्था गरेको छु । | |
| २८ | | **वक्तव्य नं**.९३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको क्षेत्रमा रू. १ अर्ब २० करोड विनियोजन गरेको छु । | रू. १ अर्ब २० करोड |

| | | | |
|---|---|---|---|
| २९ | | **वक्तव्य नं**.९४ कृषि उत्पादनको विविधिकरण एवम् विशिष्टीकरण मार्फत उत्पादकत्व अभिवृद्धि गरी नागरिकको खाद्य एवम् पोषण अधिकार सुनिश्चित गरिनेछ । | |
| ३० | | **वक्तव्य नं**.११५ अब कोहि भोकै पर्दैन, भोकले कोहि मर्दैन भन्ने सरकारको संकल्पलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न भूमिहीन किसान, दलित र आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायमा खाद्य एवम् पोषणको पहुँच विस्तार गरिनेछ । भोकमरी तथा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, वर्ग र समुदायलाई खाद्यान्न उपलब्ध गराई भोकमरी अन्त्य गरिनेछ । | |
| ३१ | | **वक्तव्य नं**.२१७ बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिकसत्र पूरा नगरी बीचमा नै कक्षा छोड्ने समस्या समाधान गर्न सार्वजनिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवाखाजा कार्यक्रम सञ्चालन गर्न रू. ८ अर्ब ७३ करोड विनियोजन गरेको छु । यसबाट देशभरका ३५ लाख विद्यार्थी लाभान्वित हुनेछन् । | रू. ८ अर्ब ७३ करोड |
| ३२ | | **वक्तव्य नं**.३८६ न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, हिंसा पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि ४७ जिल्लामा सञ्चालित निःशुल्क कानूनी सहायता कार्यक्रमलाई आगामी आर्थिक वर्ष सबै जिल्लामा विस्तार गरिनेछ । देशभरीका सबै जिल्लामा पीडितको तर्फबाट अधिकृतस्तरका कानून व्यवसायीबाट वहस पैरवी गर्ने व्यवस्था मिलाएको छु । | |
| ३३ | | **वक्तव्य नं**.३९७ कानून कार्यान्वयन गर्ने निकायहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी लागूऔषध उत्पादन, ओसारपसार र बेचबिखन नियन्त्रण गरिनेछ । युवा र बालबालिकालाई कुलतबाट जोगाउन सामुदायिक संघ संस्थासँगको समन्वयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । आधुनिक उपकरण, सूचना प्रविधिको प्रयोग तथा तालिमको माध्यमबाट सुरक्षा निकायलाई सवल बनाई मानव बेचबिखन नियन्त्रण गरिनेछ । | |

| | | | |
|---|---|---|---|
| ३४ | | **वक्तव्य नं.**४१४ निजामती कर्मचारीका सन्ततिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न सबै प्रदेशमा निजामती विद्यालय स्थापना गरिनेछ । प्रदेशसँगको साझेदारी र सहकार्यमा धनकुटा र दिपायलमा सञ्चालित निजामती विद्यालयको स्तरोन्नति गरिनेछ । निजामती कर्मचारीका सन्ततिलाई प्रदेशगत रूपमा प्रतिस्पर्धा गराई स्नातक र सो भन्दा माथिल्लो तहको अध्ययनका लागि रू. ५ लाखसम्म छात्रवृत्ति उपलब्ध गराइनेछ । | |
| **संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम** | | | |
| १ | १०. महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानून, पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने । महिला विरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेचबिचन जस्ता अपराध गर्नेलाई कडा कारबाही गर्ने । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने । | | |
| २ | ६. कर्णाली प्रदेशलगायत मानव विकास सूचकाङ्क कम भएका अन्य क्षेत्रहरूमा गर्भवती तथा सुत्केरी महिला र कुपोषण प्रभावित बालबालिकालाई न्यूनतम पोषणका कार्यक्रम प्रभावकारी बनाउने । | | |
| **अर्थमन्त्री श्री जनार्दन शर्मा “प्रभाकर” द्वारा अर्थसम्बन्धी अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयकका सम्बन्धमा सङ्घीय संसदमा प्रस्तुत वक्तव्य (आर्थिक वर्ष २०७८/७९)** | | | |
| | | ९. समाजमा विद्यमान विभेदहरू अन्त्य गर्न दलित, थारु, आदिवासी, जनजाति, मुस्लिम, गरिब, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, लैङ्गिक अल्पसङ्ख्यक र भाषा संस्कृति आदिमा भइरहेको विभेद अन्त्य गर्न सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । | |

## अनुसूची ३
## प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व.२०७७/७८

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित** | | |
| १. | २५. हामी अहिले कोभिड-१९ को महामारीबाट नागरिकलाई बचाउने प्रमुख कार्यमा समर्पित भएका छौं । यो कुरा निरोधात्मक र प्रतिरोधात्मक स्वास्थ्य, जनचेतना, सरसफाई, वातावरणीय सुरक्षा र पोषणसँग सम्बन्धित छ । जनस्वास्थ्य, अस्पताल, स्वास्थ्य केन्द्र, सरसफाई र पोषणसँग सम्बन्धित कार्य प्रदेश सरकारको मुख्य प्राथमिकतामा राखी अगाडि बढाइने छ । | २३. विशेषज्ञ स्वास्थ्य सेवा तथा अनुभव आदानप्रदान गर्ने निजी स्वास्थ्य सेवा प्रदायकहरूसँग साझेदारी गरिनेछ । कोभिड-१९ बाट भविष्यमा आउन सक्ने सम्भावित लहर, ब्ल्याक-फङ्गस लगायत नयाँ संक्रमणको बारेमा स्थानीय जनप्रतिनिधि, समुदाय, निजी क्षेत्र र नागरिक समाजको समन्वय र सहभागितामा विद्यालय तथा समुदायमा स्वास्थ्य चेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । | |
| २. | २९. राजनीतिक दल, समुदाय, निजि क्षेत्र, सञ्चार जगत तथा नागरिक समाजसँगको समन्वय र सहभागितामा विद्यालय तथा समुदायमा स्वास्थ्य चेतनाका कार्यक्रमहरू सञ्चालन गरिने छ । | ३०. स्वास्थ्यका दृष्टिकोणले संवेदनशील क्षेत्र, बालबालिका, महिला, अपाङ्ग तथा मनोसामाजिक विमर्श लगायतका विषयमा स्थानीय तह, निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गरिने छ । तराईका जिल्लाहरूमा विषालु सर्पको टोकाईको उपचारका लागि सर्पदंश सेवा सञ्चालन गरिने छ । समग्र स्वास्थ्य क्षेत्रका लागि रू. ३ अर्ब २५ करोड विनियोजन गरेको छु । | ३ अर्ब २५ करोड |
| ३. | ४२. स्वास्थ्यका दृष्टिकोणले संवेदनशील क्षेत्र, बालबालिका, महिला, अपाङ्ग तथा मनोसामाजिक विमर्श लगायतका विषयमा स्थानीय तह, निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गरिनेछ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ४. | ४४. सबै माध्यमिक विद्यालयमा तालिम प्राप्त शिक्षक शिक्षिकाद्वारा किशोरकिशोरीलाई नियमित मनोसामाजिक विमर्श तथा यौन शिक्षा प्रदान गर्न स्थानीय तहसँग समन्वय गरिने छ । | | |
| ५. | ४५. "आमाको गर्भ सुरक्षित हुँदा एउटा युग सुरक्षित हुन्छन्" भन्ने नाराका साथ प्रदेश सरकारको अनुदानमा पूर्ण तयारी पौष्टिक आहार कार्यक्रम सञ्चालन गरिने छ । | | |
| ६. | ४६. गर्भवती, स्तनपान गराइरहेका आमा र पाँच वर्ष सम्मका शिशुका लागि उन्नत पोषण युक्त सामग्रीको वितरण कार्यलाई बहुपक्षीय पोषण कार्यक्रम अन्तर्गत सञ्चालन गरिने छ । | | |
| ७. | ४७. बहुपक्षीय पोषण कार्यक्रम प्रदेशको तीनवटा जिल्लामा पूर्ण रूपले लागू भएको छ । आगामी वर्ष थप पाँच जिल्लामा बहुपक्षीय पोषण कार्यक्रम पूर्ण रूपमा सञ्चालन गरिने छ । | | |
| | **शिक्षासँग सम्बद्ध नीति तथा कार्यक्रम र बजेट वक्तव्य** | | |
| ८. | ४८. विद्यालयमा प्रदान गरिने दिवा-खाजा तथा पोषण सामग्रीको स्तरीयता सुनिश्चित गर्न अन्तर र्राष्ट्रिय मापदण्ड अनुरुप सफा, सुरक्षित, जवाफदेही ढङ्गले उक्त सामग्रीको आपूर्ति व्यवस्थापन गरिने छ । | ३१. जीवनोपयोगी तथा सीपयुक्त शिक्षा प्रदान गर्न विद्यालय शिक्षाको स्तरोन्नति गर्ने । प्राविधिक शिक्षालाई प्रोत्साहित गर्ने, विद्यालय, धार्मिक प्रकृतिका गुरुकुल, गुम्बा र मदरसा, आंगिक क्यापस तथा स्थापित विश्वविद्यालयलाई सवलीकरण गर्ने कार्यलाई निरन्तरता दिएको छ । | निरन्तरता |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ९. | ४९. विद्यालय शिक्षाको स्तरोन्नति गर्ने, प्राविधिक शिक्षालाई प्रोत्साहित गर्ने, स्थापित विश्वविद्यालय, महाविद्यालयलाई सवलीकरण गर्ने कार्यलाई निरन्तरता दिईने छ । | ३२. शिक्षा क्षेत्रको विकासका लागि विद्यार्थी शिक्षक अनुपात, भौतिक पूर्वाधारको स्तरोन्नति र आधुनिक प्रविधिमैत्री बनाउन उपयुक्त मापदण्ड बनाईने छ । प्रत्येक विद्यालयमा पुस्तकालयको व्यवस्था गरी क्रमशः विद्युतीय पुस्तकालयको रूपमा स्तरोन्नती गर्दै लगिने छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालयको भौतिक सुविधाको विस्तार, मर्मत, सम्भार गर्ने व्यवस्था मिलाएको छ । यसका लागि रू. २३ करोड ४९ लाख विनियोजन गरेको छु । | २३ करोड ४९ लाख |
| १०. | ५०. व्यावसायिक शिक्षा र तालिमको प्रादेशिक नीति, कानून तथा निर्देशिकाहरू तयार गरी लागू गरिने छ । | ३३. विद्यालयको भौतिक संरचनाको निर्माण तथा सुधार गर्दा अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाईने छ । विद्यार्थीहरूका लागि स्वच्छ खानेपानी तथा सरसफाइ, मनोसामाजिक विमर्श, स्यानेटरी प्याड सुविधा, छात्रा ड्रेसिङ्ग रूम, नियमित स्वास्थ्य परीक्षण तथा यौन शिक्षा जस्ता कार्यमा स्थानीय तहसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु । | |
| ११. | ५१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबैको पहुँच वृद्धि गर्न स्थानीय सरकार तथा उद्योग व्यवसायसँग सहकार्य गरी वृत्ति परामर्श मेलाहरूको आयोजना गरिने छ । | ३४. शैक्षिक क्षेत्रको विकासका लागि शिक्षा कार्य योजनामा नेतृत्व विकास, क्षमता विकास, सीप एवम् कौशलको विकासलाई समावेश गर्न शिक्षक-विद्यार्थी शैक्षिक सहयोग कार्यक्रम लागू गरिने छ । शैक्षिक क्षेत्रसँग सम्बन्धित सबै प्रकारका जनशक्तिको क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था मिलाएको छ । | |
| १२. | ५२. बाल विकास केन्द्र प्रदेश सरकारको प्राथमिकतामा रहने छ । प्रारम्भिक कक्षादेखि नै त्रिभाषिक शिक्षालाई जोड दिइने छ । | ३७. विद्यालयमा अध्ययन गर्ने बालबालिकाको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाउन । विद्यालय नर्सिङ कार्यक्रमलाई सबै स्थानीय तहमा विस्तार गरिने छ । विद्यालय नर्सिङ्ग । कार्यक्रमका लागि स्रोत व्यवस्था गरेको छु । समग्र शिक्षा क्षेत्रका लागि रू.१ अर्ब १९ करोड रकम विनियोजन गरेको छु । | १ अर्ब १९ करोड |
| १३. | ५३. प्रदेश सरकारले माध्यमिक शिक्षा परीक्षा आफै सञ्चालन गर्न संघीय सरकारसँग पहल गर्ने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १४. | ५४. प्रादेशिक पाठ्यक्रम विकास केन्द्र स्थापना गरी प्रदेशको विशेषता र आवश्यकता अनुरुपका पाठ्यक्रम निर्माण गरिने छ । | | |
| १५. | ५५. सरकारी विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन र अपाङ्ग एवम् लैङ्गिक मैत्री शौचालय लगायतका संरचना निर्माण गर्न स्थानीय तहसँग सहकार्य गरिने छ । सबै सरकारी माध्यमिक विद्यालयमा स्यानेटरी प्याड सुविधा र नियमित स्वास्थ्य परीक्षणको व्यवस्थालाई अनिवार्य गरिने छ । | | |
| १६. | ५७. सरकारी विद्यालयहरूमा भौतिक सुविधाको अभाव भई शिक्षाको गुणस्तर र प्रभावकारितामा कमी रहेको जनधारणालाई दृष्टिगत गर्दै त्यस्ता विद्यालयहरूमा रहेको भौतिक सुविधा र संरचनाको गहन अध्ययन गरी मर्मत, सुधार, विस्तार तथा सूचना प्रविधिको उपयोग मार्फत विद्यालयहरूको स्तरोन्नती र आधुनिक प्रविधि मैत्री बनाउन निश्चित मापदण्ड बनाई मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम लागू गरिने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १७. | ५९. विद्यालय नर्सिङ शिक्षालाई १४ वटै जिल्लामा विस्तार गरिने छ । पछाडि परेका वर्ग र समुदायका जेहनदार विद्यार्थीलाई दिइने गरेको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ । विद्यालय नर्सिङ कार्यक्रम अन्तर्गत विद्यार्थीदेखि अभिभावकसम्म कार्यक्रम लागू गरी स्वास्थ्य प्रवर्द्धनमा जोड दिइने छ । साथै महिलामा देखिने प्रजनन् स्वास्थ्य समस्याहरू, आङखस्ने, पाठेघर क्यान्सर स्तन क्यान्सरको रोकथाम तथा उपचारको व्यवस्थापनलाई सहजीकरण गरिने छ । | | |
| १८. | ६०. प्रादेशिक शिक्षा नीति तर्जुमा गरिने छ । अनौपचारिक शिक्षा, आयमूलक तालिम र निरन्तर सिकाइ केन्द्र तथा सामुदायिक पुस्तकालयको विकास र सुदृढीकरण गरिने छ । | | |
| १९. | ६१. शिक्षक-विद्यार्थी शैक्षिक सहयोग कार्यक्रम लागू गरी विद्यार्थीहरूको नेतृत्व विकास, सीप तथा क्षमता विकास गरिने छ । | | |
| | **संरक्षणका सवालहरू** | | |
| २०. | ६३. महिला तथा बालबालिका तथा यौनिक अल्पसंख्यक उपरको हिंसा र दुर्व्यवहार नियन्त्रण गर्न विद्यालय र समाजमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । सङ्कटमा रहेका अशक्त पीडित महिला तथा बालबालिकाको लागि अल्पकालीन पुनस्थापना केन्द्रको व्यवस्था गरिने छ । | ३८. महिला तथा बालबालिका उपरको हिंसा र दुव्यवहार नियन्त्रण गर्न विद्यालय र समाजमा सचेतनाको कार्यक्रम सञ्चालन गरिने छ । सङ्कटमा रहेका, अशक्त, पीडित, महिला तथा बालबालिकाको लागि अल्पकालीन पुनःस्थापना केन्द्र स्थापना, सवलीकरण तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु । लैङ्गिक हिंसा निवारणका लागि प्रदेश संरक्षण कोष स्थापना गर्ने व्यवस्था मिलाएको छ । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| २१. | ६५. सन् २०२५ सम्ममा बाल-विवाह मुक्त प्रदेश बनाउने गरी रणनीति बनाइने छ। बाल गृह, बाल हेल्पलाइन, बालबालिका खोजतलास केन्द्रसँग समन्वय तथा सहकार्य गरिने छ । आपतकालीन बाल संरक्षण कोषलाई निरन्तरता दिइने छ । भविष्यका कर्णधार बालबालिकासँग प्रदेश सरकार कार्यक्रमलाई निरन्तरता दिइने छ । | ३९. आमाको गर्भ सुरक्षित हुँदा एउटा युग सुरक्षित हुन्छ भन्ने नाराका साथ गर्भवती, स्तनपान गराईरहेका आमा र पाँच वर्षसम्मका शिशुका लागि उन्नत पोषण युक्त सामग्रीको वितरणका लागि बहुपक्षीय पोषण कार्यक्रम ८ जिल्लामा सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । | |
| २२. | ६६. अटिजम तथा अन्य शारीरिक, मानसिक अपाङ्गता भएका विद्यार्थीका लागि संस्थागत तथा संरचनागत सहयोग गरिने छ । | ४०. जन्म दिने आमाहरूप्रति सम्मान गर्न राष्ट्रपति आमा सम्मान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। यस कार्यक्रमबाट दुर्गम भेगमा रहेका अति विपन्न परिवार र समुदायका समाजमा महत्वपूर्ण योगदान पुर्‍याएका आमाहरूलाई सम्मान गरिने छ । सासू-बुहारीको सम्बन्धलाई सुमधुर बनाउन उदाहरणीय रूपमा सम्बन्ध कायम राख्नेहरूलाई सामाजिक रूपमा सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु । | |
| २३. | ६८. राष्ट्रिय बाल अधिकार परिषद्सँगको समन्वयमा बालबालिकाको सर्वोत्तम हितको प्रवर्द्धन र संरक्षणको कार्य गरिने छ । साथै गठन भएका जिल्ला बाल सङ्गठनहरूलाई सञ्चालन र व्यवस्थापनमा समन्वय गरिने छ । | ४१. असहाय तथा फरक क्षमता भएका बालबालिकाको संरक्षणका लागि बाल गृह, बाल हेल्प-लाइन, बालबालिका खोजतलास केन्द्रसँग समन्वय तथा सहकार्य गरिने छ। लाटा बहिरा, अटिजम तथा शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि संस्थागत तथा संरचनागत सहयोग गरिने छ। राष्ट्रिय बाल अधिकार परिषद्सँगको समन्वयमा बाल हितकारी तथा जोखिममा रहेका बालबालिकाको संरक्षण गर्ने बन्दोबस्त मिलाएको छ। आपतकालीन बाल संरक्षण कोषलाई निरन्तरता दिएको छ । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| २४. | ६९. ज्येष्ठ नागरिकको हित र सुरक्षाको लागि कार्यरत सरकारी तथा निजी क्षेत्रका संघसंस्थासँगको सहकार्यलाई निरन्तरता दिइने छ । महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक र जोखिममा परेकाहरूको लागि स्थापित संस्था र निकायको कामको नियमित अनुगमन गर्ने, अभिलेख अद्यावधिक गर्ने र सेवाको स्तर सुनिश्चित गर्ने कार्य गरिने छ । | ४६. ज्येष्ठ नागरिकको हक, हित र सुरक्षाको लागि सरकारी तथा निजी क्षेत्रका संघ संस्थाहरूसँग सहकार्य गरिने छ । ज्येष्ठ नागरिक, महिला, बालबालिका, शारीरिक अपाङ्गता भएका र जोखिममा परेकाहरूको लागि स्थापित संस्था र निकायहरूबाट सम्पादित कार्यको नियमित अनुगमन, अभिलेख अद्यावधिक गर्ने र सेवाको स्तर सुनिश्चित गर्ने व्यवस्था मिलाएको छ । ज्येष्ठ नागरिक तीर्थाटन, स्वास्थ्य परीक्षण, प्रदेश प्रमुख दन्त उपहार तथा आँखा उपचार कार्यक्रमलाई निरन्तरता दिएको छ । | |
| २५. | ७२. लैङ्गिक हिंसा निवारणका लागि प्रदेश संरक्षण कोष स्थापना गरी सबै स्थानीय तहमा रहेको संरक्षण कोषलाई निरन्तरता दिइने छ । | ४७. महिला, बालबालिका, जेष्ठ नागरिक तथा समावेशीकरणको क्षेत्रमा रू. २१ करोड २७ लाख विनियोजन गरेको छु । | २१ करोड २७ लाख |
| २६. | ७४. प्रदेश खेलकुद बोर्ड गठन गरी यस क्षेत्रको व्यावसायिक उन्नतिलाई सहयोग गरिने छ । प्रदेशका सबै माध्यमिक विद्यालयमा स्काउटको कार्यक्रम सञ्चालन गरिने छ । | १२९. सबै स्थानीय तहहरूमा पूर्ण सरसफाईका लागि विद्यालय तथा समुदाय स्तरमा सचेतना कार्यक्रम अभियानका साथ सञ्चालन गर्ने बन्दोबस्त मिलाएको छ । खानेपानी तथा सरसफाईका लागि रू.१ अर्ब ८२ करोड विनियोजन गरेको छ । | १ अर्ब ८२ करोड |
| २७. | ८१. सामाजिक आर्थिक रूपले पछाडि परेका समुदाय दलित, मधेशी, आदिवासी जनजाती, महिला, लोपोन्मुख, शारीरिक तथा मानसिक अपाङ्गता भएका साथै विविध प्रकारका वर्गीकरणमा पर्ने अल्पसंख्यक र भौगोलिक विकटता भएका क्षेत्रलाई लक्षित गरी समानुपातिक, प्रगतिशील तथा समावेशी प्रतिफल प्राप्त हुने गरी प्रदेश सरकारका सबै योजनाको निर्माण तथा सञ्चालन गरिने छ । | १३२. किशोर किशोरीलाई नैतिक शिक्षा, लागू औषध दुर्व्यसनको निराकरण, प्राकृतिक प्रकोप सम्बन्धी सचेतना तथा उद्यमशीलता अभिवृद्धि गर्न म अघि बढ्छु कार्यक्रमलाई प्रदेशका २ लाख विद्यार्थी परिचालन गर्ने गरी सञ्चालन र विस्तार गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रू.४ करोड ८० लाख विनियोजन गरेको छ । | ४ करोड ८० लाख |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| २८. | १८७. लागू औषध प्रयोग निराकरण, विपद् व्यवस्थापन, नैतिक शिक्षा तथा उद्यमशीलता अभिवृद्धि गर्दै योग्य सक्षम र सभ्य नागरिक तयार गर्न किशोरकिशोरी लक्षित "म अघि बढ्छु" भन्ने नाराका साथ सगरमाथा टिन्स क्लब गठन गरी दुई लाख विद्यार्थीहरूलाई परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । | | |

**प्रदेश नं. २ प्रदेश, २०७८ असार**

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित सवालहरू** | | |
| १. | १३. नियमित खोप सेवा सजगता अपनाई सुचारु गरिने छ । पूर्ण सुरक्षित मातृत्व प्रदेशको अवधारणा अनुरुप स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पतालहरूमा क्रमशः सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर निर्माण तथा विस्तार गरिने छ । घरमा गई विशेष स्वास्थ्य Antenatal Care, Postnatal Care आदि सेवा दिने कार्यक्रम सञ्चालन गरिने छ । संघ तथा स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा पूर्ण सुरक्षित मातृत्व प्रदेश र पूर्ण खोपयुक्त प्रदेश घोषणा गर्ने गरी अभियान कै रूपमा सघन कार्यक्रमहरू सञ्चालन गरिने छ । | ४७. पूर्ण सुरक्षित मातृत्व प्रदेश तथा Zero home delivery कार्यक्रमलाई Piloting को रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । | |
| २. | २६. गुणस्तरीय स्वास्थ्य सेवाको लागि जलेश्वर, लहान, भारदह, पोखरिया र इमरिया अस्पताललाई स्तरोन्नति गरिने छ । धनुषा नगराईनको शहिद दुर्गानन्द झा अस्पताल निर्माणलाई निरन्तरता दिदै ५० शैया सहितको बाल अस्पतालको रूपमा विकास गरिने छ । यसका साथै बारा जिल्लाको सिम्रौनगढमा पचास सैयाको अस्पतालको स्थापना गरिने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ३. | १३८. प्रदेश भित्रका ग्रामीण तथा दुर्गम बस्तीहरूमा स्वच्छ खानेपानीको सुविधा पुऱ्याउन “निर्मल जल घर घर नलजल’ खानेपानी योजनालाई प्राथमिकता दिइने छ। | | |
| | **शिक्षासँग सम्बन्धित सवालहरू** | | |
| ४. | २७. प्रदेशको शैक्षिक मार्गदर्शनको रूपमा प्रदेश शिक्षा नीति तय गरिने छ र प्रादेशिक शिक्षा गुरुयोजना निर्माण गरी कार्यन्वयनमा ल्याइने छ। सार्वजनिक विद्यालयमा गुणस्तर सुधारका लागि सूचकमा आधारित गुणस्तर मापन गर्ने कार्यको थालनी गरिने छ। प्रत्येक जिल्लामा स्रोत साधन सम्पन्न प्रविधिमैत्री दक्ष जनशक्ति युक्त एक/एक वटा नमूना विद्यालयहरू स्थापना गरिने छ। नमूना विद्यालय सञ्चालनका लागि विभिन्न प्रतिष्ठित विद्यालयहरूसँग अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरी आर्जन हुने ज्ञानलाई नमूना विद्यालयहरूमा लागू गरिने छ। | २८. सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था, शैक्षिक गुणस्तर, शैक्षिक सामग्री लगायत शैक्षिक वातावरण सुधार, | |
| ५. | २८. विद्यालयहरूलाई पूर्वाधारमैत्री विद्यालय बनाउन बालमैत्री कक्षा कोठा, छात्रा शौचालय, खेलमैदान र इन्टरनेट सुविधा सहितको पुस्तकालय स्थापनालाई निरन्तरता दिइने छ।<br>प्रत्येक जिल्लामा एक/एक वटा नमूना पुस्तकालयहरू निर्माण तथा विस्तार गरिने छ। प्रदेश स्थित संस्कृत विद्यालयहरूलाई सुदृढीकरण गर्न विशेष सहयोगको कार्यक्रम ल्याइने छ। प्रदेश प्रमुख नैतिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ। | ४९) प्रदेश स्थित सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्रछात्राहरूलाई खेलकुदको माध्यमबाट शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान निर्माण तथा स्तरोन्नति गर्न रु.८ करोड विनियोजन गरेको छ। | **८ करोड** |
| ६. | २९. स्थानीय तहहरूमा सञ्चालित नमूना बालविकास स्रोत केन्द्रहरूलाई विज्ञ समूह सम्मिलित नमूना बालविकास स्रोत केन्द्रको रूपमा विस्तार गरिने छ। साथै मातृभाषामा नेपाल परिचय अध्ययन अध्यापन गराइने छ। | ५०) प्रदेश स्थित ऐतिहासिक पुस्तकालयहरू तथा संस्कृत विद्यालयहरूको सुदृढीकरण र जनकपुरधाममा प्रादेशिक स्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ। | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ७. | ३१. फरक क्षमता भएका बालबालिका सम्बन्धी प्रादेशिक नीति तय गरिने छ । फरक क्षमता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चितताको लागि छात्रावास र आवश्यक थेरापी सुविधा सहितको विशेष विद्यालयहरू निर्माण तथा विस्तार गरिने छ । | ५१. उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाति दलित, मुस्लिम, छात्रा तथा मधेश आन्दोलनका शहिद परिवार, घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गर्न रु.२ करोड विनियोजन गरेको छ । | २ **करोड** |
| ८. | ३२. विद्यालय नर्स सहयोग कार्यक्रमलाई थप विद्यालयमा समेत विस्तार गर्ने गरी निरन्तरता दिइने छ । | ५२) सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्राथमिक स्वास्थ्य उपचार परामर्श सेवा उपलब्ध गराउन एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिन रु.३ करोड ५० लाख रकम विनियोजन गरेको छ । | **३ करोड ५० लाख** |
| ९. | ३३. उच्च शिक्षा अध्ययनरत आदिवासी, जनजाति, दलित, मुस्लिम, छात्रा तथा मधेस आन्दोलनका शहिद परिवार, घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ । | १०६. मधेश आन्दोलनका शहिदहरूको सन्तानलाई अध्ययन छात्रवृत्ति तथा सहिद परिवारलाई रोजगारमूलक तालिम प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजना गरेको छु । | |
| १०. | ३४. सामुदायिक पुस्तकालयहरूको निर्माण तथा स्तरोन्नती कार्यक्रमलाई रिन्तरता दिइनेछ । जनकपुरधाममा प्रादेशिक स्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिने छ । प्रदेशमा रहेका ऐतिहासिक पुस्तकालयहरूको स्तरोन्नती गरिने छ । | ११२. मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानलाई निरन्तरता दिन रु. २० करोड विनियोजन गरेको छु । | रु. **२० करोड** |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ११. | २१३. छात्रा शिक्षा छात्रवृत्ति मार्फत छात्राको शैक्षिक स्तर अभिवृद्धि गर्न कक्षा १ देखि ८ सम्मका अति विपन्न दलित तथा मुस्लिम छात्रालाई छात्रवृत्तिको माध्यमबाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न छात्रा शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ । | | |
| | **संरक्षणसँग सम्बन्धित सवालहरू** | | |
| १२. | ४२. जेष्ठ नागरिकको सुरक्षा सम्मान र स्वास्थ्य परीक्षणको लागि विशेष सहयोगको कार्यक्रम ल्याइने छ र मनोरञ्जनको लागि दिवासेवा केन्द्रहरू सञ्चालन गरिने छ । अनाथालय, बालमन्दिर र बृद्धाश्रमलाई सयुक्त रूपमा सञ्चालन गर्ने नीति लिइने छ । | | |
| १३. | ४३. कोभिड-१९ बाट प्रभावित सबैलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ । | | |
| १४. | ४४. प्रदेशको बालबालिका सम्बन्धी ऐन, २०७६ लाई प्रभावकारी कार्यान्वयनमा ल्याइने छ र स्थानीय तहसँगको सहकार्यमा बालश्रम मुक्त तथा सडक बालबालिका मुक्त प्रदेश बनाउने अभियान सञ्चालन गरिने छ । | ५९. महिला सशक्तिकरण मार्फत राज्यको हरेक निकायमा महिलाहरूको पहुँच अभिवृद्धि गर्न महिलाको हक सम्बन्धी प्रादेशिक नीति, कानून, योजना तर्जुमा लगायत बालबालिका, युवा तथा खेलकुदका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । | आवश्यकताको आधारमा |
| | १३७. घरघरमा स्वच्छ खानेपानी पुऱ्याउने अभियानलाई निरन्तरता दिइने छ र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ः कार्यान्वयन गरी जिल्लाका सदरमुकामहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने कार्य अगाडि बढाइने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १५. | १५१. प्रत्येक जिल्ला सदरमुकाममा सञ्चालित दलित छात्रावास र ज्येष्ठ नागरिक आवास कार्यक्रमलाई यस आर्थिक वर्षमा सम्पन्न गरी उक्त योजनालाई क्रमशः महानगपालिका, उप-महानगरपालिका तथा नगरपालिका र गाउँपालिकामा समेत विस्तार गरिने छ । | | |
| १६. | १५६. प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरू लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने नीतिलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले विशेष जोड दिइने छ । | | |
| १७. | १८२. मानव अधिकार उल्लंघनका घटनाहरूमा प्रदेश सरकारले आठवटै जिल्ला गरीब, विपन्न तथा असहायलाई दिँदै आएको निःशुल्क कानूनी सहायता कार्यक्रमलाई अझ प्रभावकारी बनाई पालिका तहसम्म पुऱ्याइने छ । | | |
| १८. | १८८. सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिंसा, घरेलु हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू प्रहरी, स्थानीय तह तथा विद्यालयहरूको सहकार्यमा सञ्चालन गरिने छ । | | |
| १९. | १८९. प्रदेशका सबै जिल्लामा लागु औषध दुर्व्यषण रोकथाम तथा नियन्त्रणको रोकथाममूलक र प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिइने छ । | | |
| २०. | २०२. प्रदेशमा सामाजिक रूपान्तरणका लागि सुरुवात गरिएको "बेटी पढाउ बेटी बचाउ" अभियान अन्तर्गत छोरी मुद्दति बीमा योजना अन्तर्गत प्रदेश भित्र कार्यक्रम लागू भए पश्चात छोरी बीमा कार्यक्रम लोकप्रिय भएको छ । हालको व्यवस्था अनुसार बीस वर्ष पश्चात्त ती छोरीहरूले न्यूनतम तीन लाख नगद प्राप्त गर्नेछन् । सामाजिक रूपान्तरणको यस अभियानलाई अझ परिष्कृत र सशक्त ढंगले अगाडि बढाइने छ ।<br>यस अभियान अन्तर्गत छोरी शिक्षा छात्रवृत्ति, छोरी लोकसेवा तयारी कक्षा, आर्दश विवाह, साइकल वितरण, ल्यापटप र छोरीहरूको राज्य संरचनामा पचास प्रतिशत सहभागिताका लागि संरचनात्मक व्यवस्था गरिने छ । | | |

**बालबालिका सम्बन्धी २०७८/०७९ को नीति, कार्यक्रम र बजेट वक्तव्य**

**बागमती प्रदेश**, २०७८

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित** | | |
| १. | १२९) द्वन्द्व पीडित, जनआन्दोलनका घाइते, विपद्मा परी बिरामी भएका व्यक्ति, कोभिड १९ का कारण आमाबाबु गुमाएका व्यक्तिहरूको प्रादेशिक अस्तपतालहरूमा निःशुल्क उपचारको व्यवस्था गरिने छ। | २७. कुल ससर्त अनुदान मध्ये शिक्षा तथा स्वास्थ्यतर्फका कार्यक्रमको लागि रु. ६९ करोड | रु. ६९ करोड |
| २. | | ४७. मातृ तथा बाल स्वास्थ्य, किशोर-किशोरी, ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै प्रदेश भित्र बसोबास गर्ने सबै नागरिकलाई सहज स्वास्थ्य र खोप सेवामा पहुँच पुऱ्याउने कार्यलाई सहयोग पुग्ने गरी बजेटको व्यवस्था गरेको छु। | |
| ३. | | ५४. अति सीमान्तकृत एवं लोपान्मुख समुदायलाई प्राथमिकतामा राख्दै स्थानीय तहमा सञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरहरूको सवलीकरण र सबै गाउँपालिकाका विद्यालयमा सञ्चालित किशोरकिशोरी लक्षित प्रजनन् तथा यौन स्वास्थ्य सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। | |
| | **शिक्षासँग सम्बन्धित** | | |
| ४. | १०) कोभिड-१९ ले विद्यालय शिक्षण सिकाइमा पारेको प्रभावलाई न्यूनीकरण गर्न वैकल्पिक पद्धति मार्फत शिक्षण सिकाइलाई निरन्तरता दिइने छ। स्थानीय तहका ३५९ ओटा सामुदायिक माध्यामिक विद्यालयहरूमा एक विद्यालय एक नर्स। कार्यक्रम अन्तर्गत परिचालित स्वास्थ्यकर्मीलाई कोभिड-१९ लगायत सरुवा रोगको रोकथाम नियन्त्रणमा सचेतना जगाउने र उपचारका लागि अस्पताल एवम् स्वास्थ्य संस्थामा समत आवश्यकता अनुसार खटाइने छ। | २७. कुल ससर्त अनुदान मध्ये शिक्षा तथा स्वास्थ्यतर्फका कार्यक्रमको लागि रु. ६९ करोड | शिक्षा र स्वास्थ्य रु. ६९ करोड |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ५. | २१. प्रदेशका सबै कानूनहरू समेटिएको विद्युतीय पोर्टल सञ्चालनमा ल्याइने छ। विद्यालय तथा कलेजका विद्यार्थी लक्षित "प्रदेशको कानून सबैले जानून"को मर्म अनुरुप देवानी संहिता तथा फौजदारी संहिता लगायतका कानूनहरूको विषयमा जनचेतना अभिवृद्धि गर्न कानून सचेतना विशेष कार्यक्रम सञ्चालनमा ल्याइने छ। | ४१. कोभिड-१९ को कारण आमाबाबु दुवै गुमाएका बालबालिकालाई स्थानीय तहसँगको सहकार्यमा मासिक रु. ३०००।- दरले शैक्षिक तथा सामाजिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छु। साथै, अन्य कारणबाट आमाबाबु दुवै गुमाएका बालबालिकालाई मासिक रु.२ हजारका दरले सामाजिक सुरक्षा भत्ता प्रदान गर्न बजेट विनियोजन गरेको छु। | शिक्षामा पनि जोडिने भएको भएर |
| ६. | ९९) मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई सुदृढीकरण गरी कुपोषण रोकथाम र मातृ तथा बालस्वास्थ्य समस्याको न्यूनीकरण गरिने छ। त्यस्तो सेवामा अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायको सहज पहुँच तथा उपभोग बढाउन सबै स्थानीय तहमा सञ्चालित विशेष कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने छ।<br>११३) गरिबीको रेखामुनी रहेको परिचय पत्र प्राप्त परिवारका विद्यार्थीहरूलाई सामदायिक विद्यालयमा माध्यामिक शिक्षासम्म कुनै पनि शीर्षकमा शुल्क नलाग्ने व्यवस्था गरिने छ। | ५०. स्थानीय तहका ३ सय ५९ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा हाल कार्यान्वयनमा रहेको "एक विद्यालय एक नर्स" कार्यक्रमलाई निरन्तरता दिएको छु। यसरी नियुक्त भएका स्वास्थ्यकर्मीलाई कोभिड-१९ लगायत सरुवा रोगको रोकथाम तथा नियन्त्रणमा सचेतना जगाउन र अस्पताल एवम् स्वास्थ्य संस्थामा समेत आवश्यकता अनुसार परिचालन गर्ने व्यवस्था मिलाएको छ। साथै आगामी वर्ष यस कार्यक्रमलाई थप सामुदायिक माध्यमिक विद्यालयहरूमा समेत विस्तार गर्ने गरी रु.२६ करोड बजेट विनियोजन गरेको छु। | शिक्षाका लागि २६ करोड |
| ७. | १००) सबै गाँउपालिकाका १२४ ओटा विद्यालयमा सञ्चालित किशोर किशोरी लक्षित प्रजनन् तथा यौन स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई थप विद्यालयहरूमा विस्तार गरिने छ। | ५५. कोभिड-१९ महामारीका कारण शैक्षिक सत्र २०७६ र २०७७ मा उल्लेख्य असर पर्न गयो। सबै शिक्षण संस्था र तालिम केन्द्रहरू बन्द भए। विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका सबै कक्षा र तहका विद्यार्थीको नियमित पठन पाठन, परीक्षा सञ्चालन, मूल्याङ्कन र परीक्षाफल प्रकाशन समयमा सम्पन्न हुन सकेन। यस परिवेशमा बालबालिकाको सिकाईलाई निरन्तरता दिन नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा सूचना प्रविधिको प्रयोग गरी वैकल्पिक पद्धति मार्फत शिक्षण सिकाईलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु। | निरन्तरता |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ८. | १०५) अति गरिब, लोपोन्मुख, अति सीमान्तकृत र अल्पसङ्ख्यक समूदायका बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन गुरूयोजना स्वीकृत भएका पाँच ओटा आवासीय विद्यालयहरूको भौतिक तथा शैक्षिक पक्षको सुदृढीकरण गरिने छ । | ५९. शुन्य दरबन्दी भएका २ सय ६२ वटा सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान वा गणित मध्ये कुनै एक विषयको माध्यमिक तहको शिक्षक व्यवस्थापनका लागि प्रदान गरिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु । | निरन्तरता |
| ९. | १०६) प्रदेश शैक्षिक नीति र दश वर्षीय शिक्षा क्षेत्र योजना स्वीकृत गरी लागू गरिने छ । प्रदेश तहबाट माध्यमिक शिक्षा परीक्षा (कक्षा दश) सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने कानूनी व्यवस्था सहितको प्रदेश परीक्षा बोर्ड गठन गरिने छ । | ६०. साक्षर प्रदेश घोषणा अभियानलाई पूर्णता दिने अभिप्रायले काठमाडौँ विश्वविद्यालयसँगको सहकार्यमा सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार सदृढीकरण गर्ने र प्रदेश शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु । | आवश्यकताका आधारमा बजेट विनियोजन |
| १०. | १०७) बागमती प्रदेशको इच्छा, समृद्धिको लागि प्राविधिक शिक्षा कार्यक्रमअन्तर्गत सामुदायिक माध्यमिक विद्यालय एवम् शिक्षालयहरूमा प्राविधिक शिक्षा सुरु गरिएको छ । यस्ता शिक्षण संस्थाहरूमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि भौतिक तथा शैक्षिक पूर्वाधारको विकासमा सहयोग गरिने छ । औपचारिक तथा अनौपचारिक पद्धतिबाट प्राप्त ज्ञान, सीप र दक्षताको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने छ । | ६१. यस प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र समुदायलाई प्राथमिकतामा राखी सामुदायिक क्याम्पसमा अध्ययनरत छोरी बुहारीलाई प्रदान गरिने छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु । | निरन्तरता |
| ११. | १०९) सामुदायिक क्याम्पसमा अध्ययनरत छोरी बुहारीलाई प्रदान गरिने छात्रवृत्ति कार्यक्रमअन्तर्गत हालसम्म ९०० जनालाई छात्रवृत्ति उपलब्ध गराइएको छ । यस कार्यक्रमलाई आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित र अल्पसङ्ख्यक वर्गलाई प्राथमिकतामा राखी निरन्तरता दिइने छ । | ६२. नवीन ज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र नवप्रवर्तनमा युवा वैज्ञानिकहरूलाई प्रोत्साहन गर्न प्रदेश विज्ञान प्रविधि कोष स्थापना गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु । युवा वैज्ञानिक प्रोत्साहन कोषमा रहेको रकम समेत यसै कोषमा सार्ने व्यवस्था मिलाएको छु । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १२. | ११०) सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि हालसम्म १३३ ओटा सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र १०० ओटा सामुदायिक विद्यालयमा विज्ञान तथा विषयगत प्रयोगशालाहरू स्थापना भएका छन् । थप विद्यालयहरूमा प्रयोगशाला स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । | | शिक्षासँग जोडेर ६९ करोड |
| | **बाल संरक्षणका सवालहरू** | | |
| १३. | ११) कोभिड-१९ को कारण आमाबाबु दुवै गुमाएका बालबालिकालाई स्थानीय तहसँगको सहकार्यमा मासिक ३ हजारका दरले शैक्षिक तथा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छ । | २१ को (ज) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैंङ्गिक समानता र समावेशीकरण जस्ता दिगो विकासका सूचकहरू हासिल हुने कार्यक्रम सञ्चालन, | |
| १४. | ४३) प्रदेशका बालबालिका तथा युवालाई लक्षित गरी लागु औषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचबिखन र विद्युतीय अपराध विरुद्ध सचेतना जगाउन हाम्रो ध्यान युवा सचेतना अभियान कार्यक्रमसञ्चालन गरिने छ । | ४१. कोभिड-१९ को कारण आमाबाबु दुवै गुमाएका बालबालिकालाई स्थानीय तहसँगको सहकार्यमा मासिक रु. ३०००।- दरले शैक्षिक तथा सामाजिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छु। साथै, अन्य कारणबाट आमाबाबु दुवै गुमाएका बालबालिकालाई मासिक रु.२ हजारका दरले सामाजिक सुरक्षा भत्ता प्रदान गर्न बजेट विनियोजन गरेको छु । | कोभिडका कारण बुवाआमा गुमाएका प्रति व्यक्ति ३०००।- अन्य कारण बुवाआमा दुवै गुमाएका प्रति बालबालिका २०००।- |
| १५. | १०५) बालबलिकाको सर्वाङ्गीण विकास गर्ने थलोको रूपमा स्थानीय तहको सहकार्यमा एक जिल्लामा एक बालविकास केन्द्रलाई नमुना केन्द्रको रूपमा स्तरोन्नति गरिने छ । | ६३. "प्रदेश र स्थानीय तहको एउटै सन्देशः बाल विवाहमुक्त हाम्रो प्रदेश" भन्ने अभियान सहित शुरू भएको बालविवाह मुक्त प्रदेश तथा अपाङ्गमैत्री स्थानीय तह घोषणा गर्न प्रोत्साहन गर्ने कार्यक्रमलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गरी निरन्तरता दिइएको छ । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १६. | १२४) 'प्रदेश र स्थानीय तहको एउटै सन्देश : बालविवाह मुक्त हाम्रो प्रदेश' भन्ने अभियानसहित सुरु भएको बालविवाह मुक्त प्रदेश घोषणा गर्ने कार्यक्रमलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा निरन्तरता दिइने छ । | ६४. बालबालिकाको सर्वाङ्गीण विकासको थलोको रूपमा रहेको जिल्ला बाल विकास केन्द्रलाई स्थानीय तहसँगको सहकार्यमा नमुना केन्द्रको रूपमा स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु । | आवश्यककताका आधारमा बजेटको व्यवस्था |
| १७. | १२५) आमा र बाबु दुवै नभएका बालबालिकालाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्यमा निरन्तरता दिइने छ । | ६५. हिंसापीडित तथा असहाय महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको उद्धार, संरक्षण, एवम् पुनःस्थापनाका लागि बजेट व्यवस्था गरेको छु । | व्यवस्था मिलाएको |
| १८. | १२७) लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ । लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपोसार र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारबाट पीडित तथा प्रभावित व्यक्ति एवम् जोखिममा रहेका एकल महिला, महिला, किशोरकिशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यकको उद्धार, राहत, मनोसामाजिक, मनोविमर्श सेवा, पुनःस्थापना लगायतका सामाजिक संरक्षण प्रदान गर्न एकीकृत सामाजिक सुरक्षा प्रदान गरिने छ । | ६६. विभिन्न खालका लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्णरूपमा उन्मूलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । | व्यवस्था मिलाएको |
| १९. | १२८) अन्तरसरकारी तथा सामाजिक सङ्घसंस्थाको समन्वय र साझेदारीमा बालबालिका, ज्येष्ठ नागरिक र लैङ्गिक हिंसा प्रभावित एकल महिला तथा महिलाको संरक्षणका लागि संरक्षण गृह (सेफ होम), बाल गृह, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक आश्रमलगायतको भौतिक संरचना निर्माण तथा सञ्चालन र व्यवस्थापन गरिने छ । | ७३. बालबालिका तथा युवालाई लक्षित गरी लागुऔषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचबिखन र विद्युतीय अपराध विरुद्ध सचेतना जगाउन "हाम्रो ध्यान युवा सचेतना अभियान" कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| २०. | १३०) अपाङ्गता भएका व्यक्तिहरूका लागि मागमा आधारित सीप तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने छ । सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश कार्यक्रमलाई स्थानीय तह र साझेदारी संस्थासँगको समन्वय तथा सहकार्यमा निरन्तरता दिइने छ । स्थानीय तह र गैरसरकारी संस्थासँगको सहकार्यमा जेष्ठ नागरिकहरूका लागि दिवा सेवा तथा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । | | |

**बालबालिका सम्बन्धी २०७८/०७९ को नीति, कार्यक्रम र बजेट बक्तव्य गण्डकी प्रदेश, २०७८**

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित** | | |
| १. | ३. अति दुर्गम र दुर्गम क्षेत्रका जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन रक्षाको लागि एयर लिफ्टिङ सेवालाई निरन्तरता दिइने छ । जटिल अवस्थामा रहेका गर्भवतीको जीवन रक्षाका लागि प्रदेशका सबै अस्पतालमा मातृ प्रतिक्षा कक्षा स्थापना गर्दै ललिने छ। स्थानीय तहसँगको साझेदारीमा गर्भवती र सुत्केरीको घरघरमा दक्ष स्वास्थ्यकर्मी सेवा विस्तार गरिने छ । | १७. दुर्गम क्षेत्रका जटिल अवस्थामा रहेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुको उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म पुऱ्याउन एयर लिफ्टिङ्ग कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउने गरी बजेट विनियोजन गरेको छु । | |
| २ | ४. पूर्ण खोपयुक्त प्रदेशलाई दिगो राख्न सबै बालबालिकालाई खोप सेवा कार्यक्रम प्रभावकारी बनाइने छ । | १८. नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा शिशु, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति र गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिन रु.१ करोड ५० लाख बजेट छुट्याएको छु । | १ करोड ५० लाख |
| ३ | ५. बालबालिका, किशोरी र महिलाहरूको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा सञ्चालित बहुक्षेत्रीय पोषण सुधार कार्यक्रम सबै स्थानीय तहमा विस्तार गरिने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| ४ | १४. लैङ्गिक हिंसामा परेका तथा विपद्मा परेका घाइते र बिरामी व्यक्तिहरूलाई प्रभावकारी स्वास्थ्य सेवाप्रदान गरिने छ । | | |
| ५ | १५. ज्येष्ठ नागरिक र बालबालिकालाई घरदैलोमा नै स्वास्थ्य सेवा प्रवाह गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिने छ । | | |
| | **शिक्षासँग सम्बन्धित** | | |
| ६ | १७. प्रदेश शिक्षा नीति, कानून तथा मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । | | |
| ७. | २४. स्थानीय तहसँगको सहकार्यमा दुर्गम तथा हिमाली क्षेत्रमा सञ्चालित नमूना आवासीय विद्यालय व्यवस्थापन तथा छात्रवृत्ति कार्यक्रम गर्ने कार्यलाई निरन्तरता दिइने छ । गुरुकुल, गुम्बा, मदरसा, आश्रम र वैकल्पिक विद्यालयको पूर्वाधार विकासमा सहजीकरण गर्दै यस्ता संस्थाबाट दिइने शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा मूल प्रवाहीकरण गर्न नीतिलाई निरन्तरता दिइने छ । | | |
| ८. | २५. विद्यालय तह स्थानीय विषय र मातृभाषाका पाठ्यक्रम निर्माण, माध्यमिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन, प्रादेशिक शैक्षिक तथ्याङ्क व्यवस्थापन, आवधिक शैक्षिक योजना निर्माण, शैक्षिक पूर्वाधार निर्माण तथा सोको कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई सहजीकरण गरिने छ । | | |
| ९. | २६. स्थानीय तहसँगको समन्वयमा प्राविधिक शिक्षा तथा विज्ञान शिक्षा अध्यापन गराउने समुदायिक विद्यालयको विस्तार तथा संस्थागत सुदृढीकरण गरिने छ । नवप्रवर्तनात्मक कार्य तथा सिर्जनात्मक क्षमता प्रदर्शन गर्ने प्रतिभालाई प्रोत्साहन गर्ने नीति लिइने छ । | | |
| १०. | २८. प्रदेशमा शिक्षाको गुणस्तर सुधार गर्न प्रदेश प्रमुख शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| ११ | २९. माध्यमिक विद्यालयमा विज्ञान शिक्षाको विस्तारको लागि पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै विज्ञान र गणित विषयको गुणस्तर सुधार गरिने छ । | | |
| १२ | ३०. गण्डकी प्रदेशको पुस्तकालय नीति तर्जुमा गरी गण्डकी प्रदेश पुस्तकालय स्थापना र सञ्चालन गरिने छ । विद्यार्थीको सिकाइमा अनलाइन माध्यमलाई प्रयोग गर्न सहयोग पुऱ्याइने छ । | | |
| १३ | ३१. प्रत्येक निर्वाचन क्षेत्रमा आवासीय विद्यालय सञ्चालन र व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिने छ । | | |
| १४. | ५७. बालबालिका, महिला तथा ज्येष्ठ नागरिकको खाद्य तथा पोषण सुनिश्चितताका लागि करेसावारी तथा घरबगैंचा कार्यक्रमलाई निरन्तरता दिइने छ । | | |
| | **बाल संरक्षणसँग सम्बन्धित** | | |
| १५ | १. (ग) कोभिड-१९ को संक्रमणका कारण बुवा वा आमा गुमाएका बालबालिकालाई नगद राहतको व्यवस्था गरिने छ । | ३२. कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकालाई सामाजिक सुरक्षावापत मासिक रु.५ हजारका दरले राहत उपलब्ध गराउने व्यवस्था मिलाएको छु । साथै कोरोनाका कारण मृत्यु भएका व्यक्तिहरूका परिवारका लागि रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको छु । | आवश्यकताको आधारमा प्रति व्यक्ति रु.५० हजार |
| १६. | १२. प्रदेशका सबै पालिकाहरूमा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिनेछ । बलात्कार वा अन्य प्रकृतिका यौन हिंसामा परेका बालिका तथा किशोरीहरूलाई उनीहरूको क्षमता र चाहना अनुसारको व्यवसायिक शिक्षा तथा उच्चशिक्षा निःशुल्क उपलब्ध गराइने छ । | ३८. महिला तथा बालबालिकाको विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । | आवश्यकताको आधारमा |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| १७. | ४२. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी स्थानीय तहसँगको सहकार्यमा लैङ्गिक हिंसा, बाल विवाह तथा सामाजिक कुरीतिविरुद्ध अभियानमूलक कार्यक्रम सञ्चालन गरिने छ। हिंसा प्रभावित एवम् मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूको उद्धार संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरिने छ। | | |
| १८. | ४३. स्थानीय तहसँगको समन्वय र सहकार्यमा बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री शासनको प्रवर्द्धन गरिने छ। जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार र संरक्षणको व्यवस्था गरिने छ। सडक बालबालिकाको उद्धार, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापनाका लागि आवश्यक व्यवस्था गरिने छ। बालमैत्री सामाजिक व्यवहारको मापदण्ड निर्माण गरिने छ। | | |
| १९ | ४४ अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण प्रवर्द्धन तथा सशक्तीकरण कार्यक्रमहरूमा जोड दिँदै समुदायमा आधारित पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ। संरक्षणमा राख्नुपर्ने बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरूको लागि संरक्षण गृह, ज्येष्ठ नागरिक आश्रम तथा दिवा सेवा केन्द्रहरूको संस्थागत विकास तथा भौतिक पूर्वाधार प्रवर्द्धनका लागि आवश्यक सहयोग गरिने छ। | | |

**बालबालिका सम्बन्धी २०७८/०७९ को नीति, कार्यक्रम र बजेट बक्तव्य**

**लुम्बिनी प्रदेश, २०७८ असार**

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित** | | |
| १. | १८. आपतकालीन अवस्थाका गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थासम्म पुयाउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै जोखिममा रहेका दुर्गम क्षेत्रका गर्भवती महिलाहरूलाई निःशुल्क हवाई उद्धार गर्ने व्यवस्था मिलाइने छ । प्रदेशमा सुविधा सम्पन्न प्रसूति अस्पताल स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । प्रसूतिको चाप बढी भएका जिल्लास्थित अस्पतालमा नवजात शिशुको जीवन रक्षाका लागि NICU सेवा सञ्चालनमा ल्याउनुका साथै गर्भवती महिलाको USG लगायतका परीक्षणहरू निःशुल्क गरिने छ । नवजात शिशुहरूको स्वास्थ्य परीक्षण गरी जन्मजात रोगहरूको पहिचान गरिनुका साथै मातृ तथा शिशु रुग्णता र मृत्युदरमा कमी ल्याउन तालिमहरू सञ्चालन गरिने छ । प्रदेश अन्तर्गतका सबै अस्पतालहरूमा ज्म स्थापना गरिने छ । | ९३. प्रदेशवासीहरूलाई विपन्न नागरिक औषधि उपचार निर्देशिकाले व्यवस्था गरेको संघीय सरकारको तर्फबाट प्रदान गरिदै आएको सुविधाको अतिरिक्त मृगौला प्रत्यारोपणका लागि थप रु.२ लाख र १६ वर्ष मुनिका क्यान्सर पीडितको लागि प्रतिव्यक्ति रु.१ लाख प्रदेश सरकारको तर्फबाट थप गर्ने व्यवस्था गरेको छु । | |
| २. | २७. प्रदेश भित्रका नागरिकलाई मृगौला डायलासिस गर्दा आवश्यक पर्ने सुई (Erythropoietin) औषधिमा लाग्ने खर्चमा ५० प्रतिशत अनुदान उपलब्ध गराईने छ । रोगहरूको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक उपचार पुर्नस्थापनात्मक तथा प्रशामक (Palliative) .... सेवा प्रवाह गरिने छ । १६ वर्षभन्दा कम उमेर समूहका क्यान्सरका विरामीको उपचारमा विशेष सहयोग प्रदान गरिने छ । | ९४. प्रेषण हुने सुत्केरी महिलाहरूलाई निःशुल्क एम्बुलेन्स र हवाई उद्धारको लागि बजेट व्यवस्था गरेको छु । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| ३. | | ९५.बाल अस्पतालको निर्माणको सम्भाव्यता अध्ययनका लागि बजेट व्यवस्था गरेको छु । | |
| | **शिक्षासँग सम्बद्ध सवालहरू** | | |
| ४. | ३२. प्रदेशका सबै जिल्लामा विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित (STE) सम्बन्धी परियोजना सञ्चालन गरी आधारभूत तहदेखि उच्च शिक्षासम्म संस्थागत गर्दै । सार्वजनिक शिक्षालाई प्रदेशको विकासको लागि आवश्यक मानव पूंजी निर्माण गर्ने संयन्त्रको रूपमा रूपान्तरण गरिने छ । | २०६. बाबुआमा नभएका बेसहारा बालबालिका तथा लोपोन्मुख परिवारका अति विपन्न बालबालिकाका लागि स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा आवासीय शिक्षाको व्यवस्थालाई निरन्तरता दिन असहाय बालबालिकालाई लक्षित गरी बजेट विनियोजन गरेको छु । | आवश्यकताका आधारमा |
| ५. | ३३. कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन गर्ने सामुदायिक विद्यालयहरूलाई आकर्षक शैक्षिक संस्थाको रूपमा विकास गर्नुका साथै उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई लक्षित गरी स्थानीय तहसँगको सह-लगानीमा एक स्थानीय तह एक नमूना विद्यालय कार्यक्रम सुरुवात गरिने छ । | २२०. विद्यालयहरूमा स्वच्छ खानेपानी, विद्यार्थी स्वास्थ्यमा प्रदेशको लगानी" भन्ने कार्यक्रम मार्फत विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्थाका लागि बजेट रू. २ करोड विनियोजन गरेको छु । यस अन्तर्गत सामुदायिक विद्यालयमा युरोगार्ड लगायतका पानी छान्ने उपकरण एवम् अन्य आवश्यक पूर्वाधार निर्माण कार्य गरिने छ । आगामी तीन वर्षभित्र प्रदेशको सामुदायिक विद्यालयमा पढ्ने कुनै पनि बालबालिकाले असुरक्षित पानी पिउनुपर्ने छैन । | रू. २ करोड |
| ६. | ३४. माध्यमिक तहमा कक्षा १० को परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्दै स्तरीकृत परीक्षाको तयारी, मूल्याङ्कनका नयाँ विधि र प्रक्रियाका सम्बन्धमा अध्ययन, अनुसन्धान र प्रदेशस्तरमा व्यवहारिक पाठक्रम तथा पाठ्यपुस्तक विकास कार्यलाई अगाडि बढाइने छ । | २२१. कोभिड-१९ को महामारीमा परम्परागत शिक्षण विधिले धान्न सक्ने देखिएन । निजी विद्यालय र शहरकेन्द्रित केही सामुदायिक विद्यालयहरूले ई-लर्निङ्गलाई अभ्यासमा ल्याए तापनि दुरदराजमा गरीब परिवारका विद्यार्थी यसबाट वन्चित भएका छन्। तसर्थ प्रदेशका सबै सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकामा ई-लर्निङ्गको पहुँच वृद्धि हुने गरी कार्यक्रमहरू सञ्चालन गर्न रू. १ करोड २० लाख बजेटको व्यवस्था गरेको छु । | रू. १ करोड २० लाख |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
| --- | --- | --- | --- |
| ७. | ३५. मुस्लिम समुदायका छात्राहरूको शिक्षामा सहभागिता वृद्धि गर्न रोजगारमूलक प्राविधिक शिक्षाको व्यवस्थाका लागि कपिलवस्तु, रूपन्देही, दाङ, बर्दिया, बाँके र नवलपरासी (ब.सु.प.)का ६ वटा विद्यालयमा विशेष पूर्वाधार विकास गरी नमूना विद्यालयको रूपमा रूपान्तरण गरिने छ । मुस्लिम समुदायका र अन्य सीमान्तकृत समूहका बालबालिकाको शिक्षामा सहभागिता बढाउन मातृ भाषामा पाठ्यसामग्री विकास गर्नुका साथै महिला छात्रावासहरूको सुदृढीकरण गरिने छ । | २२२. कक्षा ११ र १२ मा विज्ञान विषय र प्राविधिक शिक्षा सञ्चालन गरिरहेका सामुदायिक विद्यालयमा स्टेम ल्यावको स्थापना गरिने छ । उत्कृष्ट विज्ञान शिक्षाको अवसर उपलब्ध गराउन बुटवलको कान्ति माध्यमिक विद्यालयलाई प्रदेशको विज्ञान विषय अध्ययन गर्ने हबको रूपमा विकास गर्न सुविधासम्पन्न भवन निर्माणलाई यस वर्ष रू. ८ करोड ३० लाख बजेट विनियोजन गरेको छु । | |
| ८. | ३७. विशेष आवश्यकता भएका बालबालिकालाई लक्षित गरी स्थानीय तह तथा संघीय सरकारसँगको सह-लगानीमा रूपन्देही जिल्लाको कञ्चन गाँउपालिकाको रुद्रपुर माध्यमिक विद्यालय परिसरमा आवासीय सुविधासहितको विशेष विद्यालय (सस्तःमनस्थिति) निर्माण गरी सञ्चालनमा ल्याईने छ । | २२३. समृद्धिको अभियानः छोरीहरूको पहुँचमा विज्ञान कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेशका सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत सबै छात्राहरू र स्नातक तहमा सामुदायिक र आंगिक क्याम्पसमा विज्ञान संकायमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम र मुक्त कमैया, कमलरी, मुस्लिम, दलित र पिछडावर्गका छात्राहरूका लागि कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यहरूलाई निरन्तरता दिन रु. ६ करोड विनियोजन गरेको छु । धार्मिक विद्यालयहरू तथा मुस्लिम छात्रा लक्षित छात्रावास कार्यक्रम सञ्चालनका लागि रु. २ करोड विनियोजन गरेको छु । | रु. ८ करोड |
| ९. | ३८. विज्ञान-प्रविधि, अनुसन्धान तथा विकास, सीप विकास, सीप तथा सीपमूलक तालिमको नियमन, बहुप्राविधिक शिक्षालयको व्यवस्थापनका लागि प्रदेश सरकारको स्वामित्वमा प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान स्थापना गरिने छ । हरेक जिल्लामा स्थानीय तहसँगको सहलगानीमा बहप्राविधिक शिक्षालय सञ्चालनमा ल्याईने छ । पूर्वी रुकमको भुमेमा बहुप्राविधिक शिक्षालयको भौतिक सरचना निर्माण कार्य थालनी गरिने छ । | २२५. विशेष आवश्यकता भएका बालबालिकालाई लक्षित गरी विशेष शिक्षा सहयोग कार्यक्रम र अटिजम विद्यालयहरू निर्माणका लागि समेत रु.१ करोड ५० लाख बजेट विनियोजन गरेको छु । सीमा क्षेत्रका विद्यालयहरूमा सभाहल निर्माणका लागि रु.३ करोड विनियोजन गरेको छु । यी सभाहलहरू विद्यालयको विविध कार्यमा उपयोगी हुनुको साथै कोभिडजस्ता महामारीमा भारत लगायतका छिमेकी राष्ट्रबाट नेपाल प्रवेश गर्ने नागरिकका लागि उपयोगी हुने विश्वास गरेको छु । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| १०. | ४५. बालविकास केन्द्रलाई बालवालिकाको सर्वाङ्गीण विकासकेन्द्रको रूपमा विकास गर्न स्थानीय तहसँगको सहकार्यमा नमुना बालविकास केन्द्र निर्माणको कार्यलाई निरन्तरता दिँदै जिल्लाहरूमा बालविकास स्रोत केन्द्रको निरन्त स्थापना तथा सुधार गर्दै लगिने छ । | २४०. आधारभूत स्तरबाटै प्रर्कीति, संस्कृति र पर्यटनका सम्बन्धमा विद्यार्थीहरूलाई समय सापेक्ष ज्ञान दिन विद्यालयस्तरमै पर्यटन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । | |
| ११. | ४६. आमा-बाबु नभएका बेसहारा बालबालिका तथा लोपोन्मूख परिवारका अति विपन्न बालबालिकाका लागि स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा स्थानीय आवासीय शिक्षाको विशेष व्यवस्था गरिने छ । असहाय बालबालिकालाई लक्षित गरी बालगृह सञ्चालनमा ल्याउन स्थानीय तहलाई अनुदान उपलब्ध गराईने छ । | २०७. असहाय वर्गको संरक्षण, महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अति विपन्नहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्रामको कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु । | |
| १२. | ५१. बालविवाह, बालश्रम, सडक बालबालिका, छुवाछुतमुक्त पालिका बनाउन स्थानीय तहहरूसँग सहकार्य गर्दै बालमैत्री प्रदेशको अवधारणा कार्यान्वयनमा ल्याईने छ। कठिन परिस्थितिका बालबालिकाको संरक्षणका लागि प्रदेशस्तरीय बालसंरक्षण गृहको निर्माणकार्य सुरु गरिने छ । | २११. बाल सहभागिता अभिवृद्धि गर्न बालक्लबहरूको परिचालन गरिने छ र बाल हेल्पलाइनको सुरुवात गरिने छ । सरकारी सेवामा कार्यरत कर्मचारीहरूका लागि शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन गरिने छ। बाल विवाह उन्मुलनका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु । | |
| १३. | ५२. विभिन्न सूचकाङ्कका आधारमा प्रदेशलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री प्रदेशका रूपमा विकास गर्न कार्यक्रमहरू सञ्चालन गरिने छ। लैङ्गिक बजेट तथा लैङ्गिक परीक्षणको नीति अवलम्बन गरिने छ । | २१२. प्रदेश बालसंरक्षण गृह र लैङ्गिक हिंसा प्रभावितहरूका लागि दीर्घकालीन पुनस्थापना केन्द्र निर्माणको सुरुवात गर्न रु. २ करोड विनियोजन गरेको छु । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | कैफियत |
|---|---|---|---|
| १४. | ५३. सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माण कार्यलाई निरन्तरता दिइने छ। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्रामको कार्यक्रमलाई निरन्तरता दिइने छ। | २१५. लुम्बिनी प्रदेशलाई बाल विवाह, बालश्रम, सडक बालबालिका मुक्त बनाई बालमैत्री प्रदेश निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै बालबालिकाको संरक्षण, प्रवर्द्धन, जोखिममा परेका, बाबुआमा गुमाएका, बेसहारा बालबालिकाको तत्काल उद्धार, संरक्षण, तथा पुनःस्थापनाका लागि उद्धार तथा बाल कोषको व्यवस्था, बाल हेल्पलाइन सञ्चालन लगायतका कार्यको लागि रू. २ करोड १४ लाख विनियोजन गरेको छ। | |
| | **बालसंरक्षणका सवालहरू** | | |
| १५. | ४९. लैङ्गिक हिंसामुक्त प्रदेश निर्माणको कार्यलाई निरन्तरता दिईने छ। लैङ्गिक तथा घरेलु हिंसा, मानव बेचबिखन निराकरणसँग सम्बन्धित परामर्श, उद्धार र सेवा केन्द्र/पुनःर्स्थापना केन्द्र सञ्चालनको निरन्तरता दिनुका साथै क्षमता अभिवृद्धि र स्वरोजगारका लागि तालिमको अवसर प्रदान गर्दै बेसाहारा वर्गको संरक्षण, महिला, बालबालिका, एकल महिला अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अति विपन्नहरूको सामाजिक सुरक्षा, संरक्षणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ। लैङ्गिक हिंसा पीडित महिलाहरूका लागि प्रदेश स्तरीय पुनर्स्थापना केन्द्र निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कार्य प्रारम्भ गरिने छ। | २०५. सीमाक्षेत्र नजिक बसोबास गर्ने मधेसी दलित तथा पिछडा वर्गका किशोरीहरूको नेतृत्व विकास तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। | |

**बालबालिका सम्बन्धी २०७८/०७९ को नीति, कार्यक्रम र बजेट वक्तव्य**

**कर्णाली प्रदेश**, २०७८

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| | **स्वास्थ्यँग सम्बन्धित** | | |
| १ | ८.९ सबै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्श सहितका सचेतनामूलक साथै परम्परागत तथा घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यक्रमहरूलाई प्रोत्साहित गरिने छ । यसका लागि युवा, विद्यार्थी, शिक्षक र महिला समूह लगायत स्वयंसेवक सङ्गठनहरूलाई परिचालन गरिने छ । | ३९. दुर्गम स्थानबाट जटिल प्रसूति अवस्था एवं आपतकालीन अवस्थाका विरामीहरूलाई शिघ्र उपचारको लागि हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिएको छु । | कार्यक्रमलाई निरन्तरता |
| २ | ९.२ अल्जाईमर, क्यान्सर, पार्किन्सन, सिकलसेल एनिमिया, मुटु, मिर्गौला, रिकेट्स, अटिज्मजस्ता दीर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कोष स्थापना गरिने छ । | ४०. सुरक्षित सुत्केरी गराई आमा र बच्चाको जीवन रक्षा गर्न स्थानीय तहसँगको साझेदारीमा आवश्यक स्थानमा बर्थिङ्क सेन्टर निर्माण गरी सञ्चालन गर्न आवश्यक बजेटको विनियोजन गरेको छु । | आवश्यक बजेटको व्यवस्थापन |
| ३ | ९.७ मातृ शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । | ५०. सुरक्षित मातृत्व, परिवार नियोजन, बाल रोग नियन्त्रण, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष ध्यान दिइने छ । | |
| ४ | ९.८ सवै बर्थिङ्ग सेन्टरलाई स्रोतसाधनसहित व्यवस्थित गर्न स्थानीय तहसँगक सहकार्य गरिने छ। जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ आएको हवाइ उद्धार कार्यक्रमलाई निरन्तरता दिइने छ। | | |
| | **शिक्षासँग सम्बन्धित** | | |
| ५ | १६.३ विपन्न द्वन्द्वबाट घाइते अपाङ्ग तथा सहिदका सन्ती र जेहेन्दार विद्यार्थीलाई सीपमूलक प्राविधि शिक्षा अध्ययनको लागि विशेष छात्रवृत्ति प्रदान गरिने छ । | ५५. नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरिने छ । | |
| | १६.५ महिला शिक्षामा पहुँच वृद्धि गर्न छोरी बुहारी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ । | ५७. कर्णाली प्रदेशमा आफ्नै विश्वविद्यालय मार्मत गुणस्तरीय एवं दक्ष जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापनाको प्रक्रिया अगाडि बढाइने छ । | १ करोड रकम विनियोजन |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ६ | १७ विद्यालय शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक, सीपमूलक र जीवनोपयोगी बनाउन सामुदायिक विद्यालयको क्षमता विकास तथा पहुँच विस्तार गर्ने नीति लिइने छ । | ५८. गरिव तथा जेहेन्दार र दलित बालबालिकालाई नेपाल सरकार र स्थानीय तहसँगको सहकार्य एवं समन्वयमा छात्रवृत्तिका लागि आवश्यक व्यवस्था मिलाएको छु । | |
| ७ | १७.१ सामुदायिक शैक्षिक संस्थाको पूर्वाधार, पाठ्यक्रम लगायतका विषयमा समसामयिक सुधार गरी बैज्ञानिक, सीपमूलक तथा गुणस्तरीय शिक्षा प्रदान गर्न कर्णाली सार्वजनिक शिक्षा सुधार अभियान अन्तर्गत शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ । | ५९. जनयुद्ध जनआन्दोलन एवं प्रदेश प्राप्तिको आन्दोलनका महान सहिदहरू तथा गम्भीर प्रकृतिका घाइते योदाका सन्ततिहरूलाई स्नातक तहसम्म निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाएको छु । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु । | |
| ८ | १७.२ नव-सिर्जननशील वैज्ञानिक व्यावसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि समायानुकुल पाठ्यक्रम परिमार्जन गर्न नेपाल सरकार र स्थानीय तह सँग समन्वय गरिने छ प्रदेशमा स्थानीय विशिष्टता र उद्यमशीद्यतालाई ध्यान दिई स्थानीय पाठ्यक्रम विकास गर्न प्रोत्सहान गरिने छ । | ६३. नवसिर्जनशील बैज्ञानिक व्यवसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि समयानुकुल पाठ्यक्रम परिमार्जन गर्न नेपाल सरकार र स्थानीयतह सँग समन्वय गरिने छ । प्रदेशमा स्थानीय विशिष्टता र उद्यमशीलतालाई ध्यान दिई स्थानीय पाठ्यक्रम विकास गर्न आवश्यक व्यवस्था मिलाइने छ । | |
| ९ | १७.३ हिमाली र विकट पहाडी जिल्लामा आवासीय विद्यालय सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ । | ६५. स्थानीयतह सँगको सझेदारीमा सामुदायिक विद्यालयहरूमा प्रविधिमैत्री अनलाइन तथा भर्चुअल माध्यामबाट कक्षा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधारमा सहयोग गरिने छ । | |
| १० | १७.४ स्थानीयतह सँगको सहकार्यमा दोहोरो नपर्ने गरी एक स्थानीयतह एक नमूना सामुदायिक विद्यालय कार्यक्रमलाई निरन्तरता दिइने छ । | ६८. छोरी, बुहारी, दलित अपाङ्गता भएका व्यक्ति जेहेन्दार सीमान्तृत तथा लोपोन्मुख समुदायका बालबालिकाको छात्रबृत्ति निरन्तरताको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ११ | १७.५ विद्यालय शिक्षादेखि ज्ञान सहितको स्वःआर्जन (सिक्दै कमाउँदै) गर्ने सीपमूलक शिक्षाको विकास गरिने छ। | ६९. विद्यालय शिक्षालाई गुणस्तरीय एवं प्रभाकारी बनाउन स्थानीय तहसँगको साझेदारीमा प्रत्येक स्थानीय तहमा एक-एक वटा नमूना विद्यालय सञ्चालन गर्न रु. ३९ करोड ५० लाख विनियोजन गरेको छु। | रु ३९ करोड ५० लाख विनियोजन |
| १२ | १७.६ विद्यालयका बालबालिकाको स्वास्थ्य र पोषणमा सुधार गर्ने एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरिने छ। | ७२. कोभिड १९ महामारीका कारण अवरुद्ध भएको शिक्षण सिकाइका गतिविधिलाई निरन्तरता दिन तयार गरिएको शैक्षिक प्रतिकार्य योजना कार्यान्वयनका लागि रु. १ करोड ५० लाख रूपैंयाँ विनियोजन गरेको छु। | १ करोड ५० लाख रूपैयाँ विनियोजन |
| १३ | १७.७ कर्णाली प्रदेशका बालबालिकाको गुणस्तरीय शिक्षा पहुँच अभिवृद्धि गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन गरिने छ। | ७५. महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालबालिका माथिको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रूपमा रहेको बाल विवाह रोक्न र बालिकाहरूको कम्तिमा स्नातकतहसम्मको पढाई सुनिश्चित गर्न बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको कार्यक्रमलाई निरन्तरता दिई प्रदेश भित्रका प्रतिफल युक्त ठुला आयोजनामा उक्त रकम शेयर लगानीको रूपमा जम्मा गर्ने नीति अंगीकार गरिने छ। | |
| १४ | १७.८ अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवं अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिमा सुधार गर्ने विशेष शिक्षा सञ्चालन गरेका विद्यालयहरूलाई आवश्यक सहयोग गरिने छ प्रदेश सरकारले निर्माण गर्ने पूर्वाधारहरू अपाङ्गमैत्री बनाइने छ। | | |
| १५ | १७.९ हरेक जिल्लामा गुणस्तरीय पठनपाठन र व्यवस्थापन गरी उत्कृष्ट नतिजा ल्याउने  सरकारी विद्यालयलाई निश्चित मापदण्डका आधारमा अनुदान दिने व्यवस्था मिलाइने छ। | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १६ | १७.१२ महामारी र विपद्मा बालबालिकाको शैक्षिक निरन्तरताका लागि वैकल्पिक माध्यामबाट शिक्षण सिकाई क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाईने छ । | | |
| १७ | १७.१२ विद्यालयमा स्वास्थ्य शिक्षा सचेतना प्राथमिक परीक्षण र उपचारका लागि एक स्थानीय तह एक स्वास्थ्य कर्मी परिचालन गरिने छ । | | |
| १८ | १७.१३ विद्यालयमा स्वास्थ्य शिक्षा, सचेतना, प्राथमिक परीक्षण र उपचारका लागि एक स्थानीय तह एक स्वास्थ्यकर्मी परिचालन गरिने छ । | | |
| १९ | **संरक्षणको सवालहरू** | | |
| २० | १८ ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, परिवारबाट विस्थापित जनता, असहाय र सामाजिक बञ्चितीकरणमा परेका वर्ग र समुदायको संरक्षण र पुनःस्थापना गरिने छ । साथै कर्णालीका विपन्न नागरिकको आधारभूत आवश्यकताको प्रबन्ध र जीविकोपार्जन सुधार गर्न खाना, नाना, छाना कार्यक्रमलाई निरन्तरता दिइने छ । | ७८. अझै पनि कतिपय स्थानमा विद्यमान रहेको छाउपडी प्रथा विरुद्ध किशोरीहरूलाई जागरुक बनाई उनीहरूको क्षमता विकास गर्न र छाउपडी विरुद्ध परिचालन गर्न प्रभावित क्षेत्रका प्रत्येक वडामा किशोरी क्लब निर्माण एवं परिचालान गरी कर्णाली प्रदेशबाट छाउपडी मुक्त अभियान सञ्चालन गरिने छ । | |
| २१ | १८.२ लैङ्गिक दृष्टिले सुरक्षित र समतामूलक प्रदेशमा रूपान्तरण गर्न छोरा र छोरीको लालनपालन, शिक्षा आदिमा हुने भेदभाव अन्त्य गर्न कम उमेरमा हुने विवाह रोक्न बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमलाई निरन्तरता दिइने छ स्थानीय तह, विकास साझेदार, बैंङ्क तथा वित्तीय संस्थासँगको समन्वयमा बचत रकम शेयर लगानी, शैक्षिक सहयोग र बीमा लगायतका अन्य योजनाहरूसँग यस कार्यक्रमलाई आवद्ध गराउँदै लगिने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| २२ | १८.४ बहु-विवाह, जातीय छुवाछुत तथा भेदभाव, अन्धविश्वास र छुईप्रथा (छाउपडी) जस्ता सामाजिक कुप्रथा अन्त्यका लागि सम्बन्धित स्थानीय तह, गैर सरकारी संस्था र समुदायमा आधारित संस्थाहरूसँगको सहकार्यमा महिला आयआर्जन, किशोरी क्लब लगायतका सामाजिक रूपान्तरणकारी अभियानमूलक कार्यक्रम सञ्चालन गरिने छ । | | |
| २३ | १८.५ पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार प्रदान गर्ने दम्पतिलाई सम्मानको व्यवस्था मिलाईने छ । | | |
| २४ | १९.६ स्वास्थ र सिर्जनशील जीवनका लागि खेलकुद, योग व्यायाम र ध्यानलाई समुदाय तथा विद्यालय तहसम्म अभियानका रूपमा विस्तार गरिने छ । | | |
| २५ | ३३.७ महिला कर्मचारी तथा मजदुर कार्यरत रहने कार्यस्थल एवं समुदायस्तरमा शिशु हेरचाह सहजकर्ताको लागि दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गरिने छ । | | |
| २६ | ३४.४ मानव बेचबिखन, घरेलु हिंसा, लागुऔषध दुर्व्यसन जस्ता अपराधको मूल कारण पहिचान तथा निदान गर्न समुदायसँगको साझेदारीमा आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम, सामुदायिक प्रहरी एवम् सुधार केन्द्र सञ्चालन गरी शान्ति, सुरक्षा र अमनचयनको वातावरण निर्माण गरिने छ । | | |
| २७ | ३४.१४ समाजमा विद्यमान रहेका कुरिती, कुसंस्कार, कुप्रथा र सबै प्रकारका विभेद तथा हिंसाको अन्त्य गरी सुरक्षित, सुसंस्कृत र समतामूलक सभ्य समाज निर्माण गरिने छ । यसका लागि लागुऔषध उत्पादन, ओसारपसार, बेचबिखन, दुर्व्यसन, जुवातास र मद्यपानजस्ता विकृतिलाई निर्मूल गर्न अभियान सञ्चालन गरिने छ । | | |

**बालबालिका सम्बन्धी २०७८/०७९ को नीति, कार्यक्रम र बजेट बक्तव्य**

**सुदूरपश्चिम प्रदेश, २०७८**

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| | **स्वास्थ्यसँग सम्बन्धित** | | |
| १. | १२५ "हाम्रो प्रदेश, स्वस्थ प्रदेश" अभियान मार्फत, क्षयरोग, कुष्ठरोग र मलेरिया जस्ता विभिन्न सरुवा रोगको निवारण तथा संस्थागत सुत्केरी अभियान र शून्य कुपोषणका लागि कार्यक्रमहरू सञ्चालन गरिने छन् । | | |
| २. | १३०. महिला र नवजात शिशुलाई स्वास्थ्य सुरक्षा प्रदान गर्न प्रादेशिक प्रसूति अस्पताल र बाल अस्पताल स्थापना गरिने छ । | | |
| ३. | १३२. मातृ तथा बाल स्वास्थ्य सुधारमा विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै मातृशिशु कल्याण कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ । | | |
| ४. | १३३. "ग्रामीण अल्ट्रसाउण्ड कार्यक्रम" मार्फत गर्भवती महिलाको गर्भावस्थाको निःशुल्क परीक्षण गर्ने कार्यलाई स्थानीय तहसँगको साझेदारीमा वडास्तरसम्म विस्तार गरिने छ । | | |
| ५. | २९०. दुर्गम स्थानका गर्भवती महिला र विपद्बाट गम्भीर घाइतेलाई गरिने आपत्कालीन हवाई उद्धार सेवालाई निरन्तर दिइने छ । | | |
| | **शिक्षासँग सम्बन्धित** | | |
| ६. | १४६. "सबैको लागि शिक्षा" अभियानलाई विशेष प्राथमिकता दिई विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना गर्न र अध्ययन निरन्तरताको लागि स्थानीय तहसँगको साझेदारीमा शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । | १२७. प्रदेश स्तरमा स्थापना हुने बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि महाकाली मा.वि. बेलौरी, कंचनपुरमा विशेष सुविधायुक्त आवासीय विद्यालय भवन निर्माण गर्न प्रदेशको लागत साझेदारीका लागि रु. १ करोड विनियोजन गरेको छु । | १ करोड |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| ७. | १४७. हाइजेनिक स्यानिटरी प्याड भेन्डिङ्ग मेसिनको व्यवस्था गरी छात्राहरूलाई स्यानिटरी प्याड सहज रूपमा उपलब्ध गराइने छ। | १२८.सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार विकास तथा विस्तार एवम् विद्यालय सुधार कार्यक्रमका लागि रू. १ अर्व १७ करोड ५० लाख बजेट विनियोजन गरेको छ। | १ अर्व १७ करोड ५० लाख |
| ८. | १४८. नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहाकार्य गरी शैक्षिक अभियान मार्फत यसै आर्थिक वर्षभित्र पूर्ण साक्षर प्रदेश घोषणा गरिने छ। | १२९. सामूदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरणका लागि १ करोड ५० लाख विनियोजन गरेको छ। | १ करोड ५० लाख |
| ९. | १४९ विभिन्न समुदायको वसोबासको अवस्था र जनसंख्याका घनत्वलाई मध्यनजर गरी कक्षा तीनसम्म मातृभाषामा पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई सहयोग गरिने छ। | १३३. कक्षा ३ सम्म मातृभाषा तथा विद्यालय तहसम्म नैतिक शिक्षा सम्बन्धी पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई आवश्यक सहयोगको लागि व्यवस्था मिलाएको छु। | |
| १0. | १५०. सभ्य समाज निर्माण र मर्यादित जीवनको लागि विद्यालय तहमा नैतिक शिक्षासम्बन्धी पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई सहयोग गरिने छ। | | |
| ११. | १५६. बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि समतामूलक शिक्षाको प्रबन्ध गर्न नेपाल सरकार र स्थानीय तहको साझेदारीमा प्रदेशस्तरीय विशेष विद्यालय निर्माण गरिने छ। | | |
| १२. | १६०. विज्ञान विषय पढाउने सामुदायिक विद्यालय तथा अध्ययनरत विद्यार्थीहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ। | | |
| | **बालसंरक्षणसँग सम्बन्धित** | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १३. | ९४. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरूलाई बालबालिका, जो नागरिक, अपाङ्गता र वातावरणमैत्री बनाइने छ । | ६७.अति विपन्न वादी समुदायमा व्याप्त रहेको गरिवी न्यूनीकरण गर्न आय आर्जनका कार्यहरू मार्फत स्थानीय मौलिक पहिचानका क्षेत्रहरूको विकास, विस्तार विविधीकरण गर्न परम्परागत संस्कृति एवम् कलाहरूको संरक्षण गर्न वादी समुदाय लक्षित कार्यक्रमको लागि स्वरोजगार विकास कोष मार्फत कार्यान्वयन हुने गरी रु. ३ करोड बजेट विनियोजन गरेको छु । | **३ करोड** |
| १४. | १०४. बालविवाह, लैङ्गिक हिंसा, सामाजिक कुरीति, छाउपडी, बोक्सी लगायत अन्धविश्वास विरुद्ध जागरण अभियान सञ्चालन गरिने छ । | १४५. बाल अधिकार प्रवर्द्धन गर्दै बालबालिकाको सुखद बालापनको सुनिश्चित गरी चौतर्फी विकास गर्नका लागि विविध कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । | |
| १५. | १७५. विभिन्न निकायहरूसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिने छ । | १४६. समाजमा रहेका विभिन्न प्रकारका हिंसा, विभेद, भेदभाव हटाई समतामुलक समाज निर्माण गर्न सामाजिक रूपान्तरण कार्यक्रम सञ्चालन गरिने छ । सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु । | |
| १६. | १७४. नयाँ जन्मिएका बालिकाको सुनौलो भविष्यका लागि बालिका बीमा/बैंक खाता कार्यक्रमलाई निरन्तरता दिइने छ । | १४७ लिङ्गको आधारमा हुने विभेदको अन्त्य गर्न एवम् बालिकाको सम्मानित जीवन र बाल अधिकारको सुनिश्चितता गर्न नयाँ जन्मिने सबै बालिकाका लागि बालिका बीमा र बैंक खाता कार्यक्रम सञ्चालनका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छ । | १ करोड ५० लाख |
| १७. | २४०. एकल महिला, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलरी, बादी, दलित, अपाङ्गता भएका व्यक्ति र द्वन्द्व प्रभावित वर्गका लागि लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिने छ । | | |

| उद्देश्य. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | बजेट |
|---|---|---|---|
| १८. | २९२. यौनजन्य हिंसा, बलात्कार र एसिड आक्रमणजस्ता घटना सम्बन्धी अनुसन्धान, अन्वेक्षण एवम् पैरवी कार्यमा सहयोग गर्ने राष्ट्रसेवक, सञ्चार जगत्, व्यक्ति वा संघसंस्थालाई "**चेलीको आवाज नामक पुरस्कार**" बाट सम्मान गरिने छ। | | |
| १९. | २९३. स्थानीय तर र संघसंस्थाहरूको साझेदारीमा महिला हिंसामा परेका चेलीहरूलाई परामर्श तथा पैरवी सेवा प्रदान गर्न **चेली परामर्श तथा पैरवी केन्द्र** स्थापना गरिने छ। | | |
| २०. | २९९. सरकारी कर्मचारीका सन्ततिका लागि धनगढीमा शिशु स्याहार केन्द्र स्थापना गरिने छ। | | |
| २१. | ३००. निजामती कर्मचारी सन्तति आवासीय विद्यालय र शहीद स्मृति आवासीय विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिंदै सुधारको कार्यक्रम सञ्चालन गरिने छ। | | |

## अनुसूची ४

### संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा अनुसार कार्यान्वयनको स्थिति

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइरहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा १ः बालबालिकाको परिभाषाः** बालबालिका सम्बन्धी राष्ट्रिय कानूनले अन्यथा निर्धारण गरेको स्थिति बाहेक बालबालिका भन्नाले १८ वर्षमुनिका प्रत्येक मानवलाई सम्झनु पर्दछ । | √ | | |
| **धारा २ः भेदभावरहितताः** प्रत्येक बालबालिकालाई बिना कुनै भेदभाव हरेक अधिकार पाउने हक हुनेछ। बालबालिकाको संरक्षण गर्नु तथा बाल अधिकारको सम्मान र प्रत्याभूतिको लागि उचित कदमहरू चाल्नु राज्यको दायित्व हुनेछ। | | √ | |
| **धारा ३ः बालबालिकाको सर्वोत्तम हितः** बालबालिकासँग सम्बन्धित कुनै पनि काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ । बालबालिकाप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको विशेष व्यवस्था मिलाउनु राज्यको दायित्व हुनेछ । | | √ | |
| **धारा ४ः अधिकारको कार्यान्वयनः** यस महासन्धिका प्रावधानहरू कार्यान्वयनका लागि राज्यले सबै उपयुक्त वैधानिक, कानूनी, प्रशासनिक र अन्य उपायहरू अपनाउनु पर्नेछ । | | √ | |
| **धारा ५ः अभिभावकीय मार्गदर्शन र बालबालिकाको उदयीमान क्षमताः** बालबालिकाको बाबु, आमा, संयुक्त तथा बृहत परिवारको सदस्य, वैधानिक अभिभावक, कानूनी रूपमा जिम्मेवार अन्य व्यक्तिहरूले बालबालिकाको उदयीमान क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त मार्गदर्शन प्रदान गर्न सक्ने दायित्व, अधिकार तथा कर्तव्यलाई राज्यले मान्यता तथा सम्मान गर्नु पर्नेछ। | | √ | √ |
| **धारा ६ः जीवन, बचाउ र विकासः** बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको बचाउ र विकास सुनिश्चित गर्नु राज्यको दायित्व हुन्छ । | | √ | |
| **धारा ७ः नाम र राष्ट्रियताको अधिकारः** प्रत्येक बालबालिकाको जन्मनासाथ नाम र राष्ट्रियता पाउने लगायत बाबुआमा थाहा पाउने एवम् उनीहरूबाट स्याहार पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा ८ः पहिचानको संरक्षणः** प्रत्येक बालबालिकाको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध लगाएतको परिचयको सुनिश्चित राज्यले गर्नु पर्दछ । | | √ | √ |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइरहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा ९: आमाबाबुबाट अलग राख्न नहुने**: बालबालिकाको सर्वोत्तम हितको विपरित बाहेक बाबुआमासँगै बस्ने अधिकार हुन्छ। साथै, बाबुआमा दुवै वा कुनै एकबाट अलग भएको अवस्थामा निज(हरू)सँग सम्पर्क वा भेटघाट गर्ने अधिकार बालबालिकाको हुन्छ। | | √ | √ |
| **धारा १०: पारिवारिक पुर्नएकीकरण**: बालबालिका तथा बाबुआमाले कुनै पनि देश त्याग्ने र आफ्नो देशमा पुनर्मिलन तथा बालबालिका र बाबुआमाको सम्बन्ध कायम राख्ने अधिकार हुन्छ। | | √ | √ |
| **धारा ११: अवैध स्थानान्तरण र अफिर्ती**: बालबालिकाको अवैध स्थानान्तरण, अपहरण तथा विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्न आवश्यक कदम चाल्नु राज्यको दायित्व हुन्छ। | | √ | √ |
| **धारा १२: बालबालिकाको विचार र भावनाको कदर**: आफ्नो धारणा बनाउन सक्ने बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्र रूपले आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार हुनेछ। | √ | | |
| **धारा १३: अभिव्यक्ति स्वतन्त्रता**: आफूसँग सम्बन्धित सबै प्रकारका जानकारीहरू र विचारहरू खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रूपमा, कलाको रूपमा वा बालबालिकाको रुची अनुसार कुनैपनि प्रचार माध्यमबाट अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ। | √ | | |
| **धारा १४: विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकार**: राज्यले बालबालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारका साथै बालबालिकाको क्षमतासँग मेल खाने किसिमले बाबुआमा र वैधानिक अभिभावकले निर्देशन दिने अधिकार र कर्तव्यको सम्मान गर्नु पर्दछ। | | √ | |
| **धारा १५: सङ्गठित हुने स्वतन्त्रता**: बालबालिकाको सङ्गठन सम्बन्धी स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकार हुन्छ। | √ | | |
| **धारा १६: गोपनीयताको संरक्षण**: बालबालिकाको गोपनीयता, परिवार, घर वा पत्राचारमाथि बलजफ्ती वा गैर कानूनी हस्तक्षेप एवम् मर्यादा र इज्जतमाथि गैरकानूनी हस्तक्षेपबाट संरक्षण पाउने अधिकार हुन्छ। | √ | | |
| **धारा १७: उपयुक्त सूचनामा पहुँच**: बालबालिकालाई उनीहरूको सामाजिक, आध्यात्मिक र नैतिक हित हुने सूचना, जानकारी र सामग्री प्राप्त गर्ने अधिकार हुन्छ। | √ | | |
| **धारा १८: अभिभावकको दायित्व**: बालबालिकाको लालनपालन र विकासको लागि बाबुआमा दुवैको साझा दायित्व हुन्छ। यस कार्यमा राज्यले उचित सहयोग प्रदान गर्नु पर्दछ। | | √ | √ |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइरहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा १९: दुर्व्यवहार तथा अपहेलनाबाट संरक्षण**: बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचार लगायतका शोषणहरूबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनु पर्नेछ । | | √ | √ |
| **धारा २०: परिवारविहीन बालबालिकाको संरक्षण**: राज्यले आफ्नो परिवारबाट वञ्चित कुनै पनि बालबालिकालाई विशेष संरक्षण गर्नु पर्दछ र त्यस्ता बालबालिकालाई वैकल्पिक पारिवारिक स्याहार तथा संस्थागत स्याहारको व्यवस्था गर्नु पर्दछ । यस्तो व्यवस्था गर्दा बालबालिकाको जातीय, धार्मिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यान दिइनु पर्दछ । | | √ | √ |
| **धारा २१: धर्मसन्तान ग्रहण**: धर्मसन्तान सम्बन्धी कानूनी व्यवस्था भएको राज्यमा बालबालिकाको संरक्षण तथा सर्वोत्तम हितलाई प्राथमिकता दिई सक्षम अधिकारीको स्वीकृतिमा मात्र धर्म सन्तान ग्रहण सम्बन्धी कार्य गर्न सकिन्छ । | | √ | √ |
| **धारा २२: शरणार्थी बालबालिका**: शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र मानवीय सहयोग उपलब्ध गराउनु पर्दछ | √ | | |
| **धारा २३: अपाङ्गता भएका बालबालिका**: कुनै पनि अपाङ्गता भएका बालबालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्वनमा अभिवृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता जनाउन सघाउ पुऱ्याउने वातावरणमा पूर्ण तथा सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |
| **धारा २४: स्वास्थ्य तथा स्वास्थ्य सेवा**: प्रत्येक बालबालिकालाई उच्चस्तरीय स्वास्थ्य सेवासुविधा पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा २५: पालन व्यवस्थाको आवधिक समीक्षा**: बालबालिकाको लालनपालनका लागि कहिँकतै स्थानान्तरण गरिएको बालबालिकालाई निजको स्याहार, संरक्षण वा उपचारको विषयमा आवधिक समीक्षा गराउने अधिकार सुनिश्चित गर्नु पर्दछ । | √ | | |
| **धारा २६: सामाजिक सुरक्षा**: प्रत्येक बालबालिकालाई सामाजिक सुरक्षा लगायत बिमा सुविधाबाट लाभ उठाउन पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा २७: जीवनस्तर सम्बन्धी अधिकार**: प्रत्येक बालबालिकालाई आफ्नो शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि पर्याप्त जीवनस्तरको अधिकार हुन्छ । आवश्यकता परेका परिवारलाई राज्यबाट सहायता समेत गर्नु पर्दछ । | | √ | √ |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइरहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा २८ः शिक्षा सम्बन्धी अधिकारः** प्रत्येक बालबालिकालाई शिक्षाको अधिकार हुन्छ । प्राथमिक शिक्षालाई अनिवार्य र निःशुल्क बनाउनु, प्रत्येक बालबालिकालाई साधारण र व्यवसायिक शिक्षा सहित विविध प्रकारका माध्यमिक शिक्षा उपलब्ध गराउनु, क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनमार्फत उच्च शिक्षा प्राप्त हुन सक्ने गराउनु, बालबालिकाको अधिकार तथा मानवीय मर्यादा अनुकुल हुनेगरी विद्यालयमा अनुशासन सम्बन्धी नियम लागू गर्नु राज्यको दायित्व हो । | | √ | √ |
| **धारा २९ः शिक्षाको उद्देश्यः** बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरताको विकास गर्ने शिक्षाको उद्देश्य हुनु पर्दछ । बाबुआमाप्रति, आफ्नो सांस्कृतिक परिचय, भाषा र मूल्यहरूप्रति, राष्ट्रियताप्रति, फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने, समानता र मित्रताको भावना अनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने दिशातर्फ निर्दिष्ट हुनु पर्दछ । | √ | | |
| **धारा ३०ः अल्पसंख्यक वा आदिवासी जनजाति समुदायका बालबालिकाः** अल्पसंख्यक वा आदिवासी जनजाति समुदायका बालबालिकालाई आफ्नो संस्कृति मान्न पाउने, आफ्नो धर्म पालन तथा प्रयोग गर्न पाउने अधिकार हुन्छ । | √ | | |
| **धारा ३१ः आराम, मनोरञ्जन तथा सांस्कृतिक गतिविधिः** बालबालिकाले आराम गर्ने, खेल्ने र मनोरञ्जन गर्न पाउने र साँस्कृतिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकार हुन्छ । | √ | | |
| **धारा ३२ः बालश्रमः** बालबालिकालाई  शिक्षा, स्वास्थ्य तथा विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा ३३ः लागुपदार्थ दुर्व्यसनीः** राज्यले बालबालिकालाई लागु औषध तथा मनोदीपक पदार्थहरूको गैरकानूनी प्रयोगबाट बचाउनुका साथै त्यस प्रकारको वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बालबालिकाको प्रयोगलाई रोकथाम गर्नु पर्दछ । | | √ | √ |
| **धारा ३४ः यौन दुर्व्यवहारः** राज्यले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्नु पर्दछ । | | √ | √ |
| **धारा ३५ः बेचबिखन, ओसारपसार र अपहरणः** कुनै पनि बालबालिकाको अपहरण, बेचबिखन र गैरकानूनी ओसारपसार रोक्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |
| **धारा ३६ः सबै खाले शोषणबाट संरक्षणः** बाल कल्याणको कुनै पनि पक्षको विपरीत हुने सबै किसिमका शोषणविरुद्ध बालबालिकाको संरक्षण गर्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइरहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा ३७: यातना तथा स्वतन्त्रताको वञ्चितीकरण विरुद्धको अधिकार**: कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजायँ दिनु तथा गैरकानूनी वा अनूचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिनु हुदैन । | | √ | √ |
| **धारा ३८: सशस्त्र द्वन्द्वबाट बालबालिकाको संरक्षण**: राज्यले १५ वर्ष नपुगेका कुनै पनि बालबालिकालाई द्वन्द्वमा प्रत्यक्ष भाग लिन नपाउने व्यवस्था गर्नु पर्दछ र सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरू चाल्नु राज्यको दायित्व हुन्छ । | √ | | |
| **धारा ३९: पुर्नस्थापकीय स्याहार**: कुनै प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा सशस्त्र द्वन्द्वबाट पीडित/प्रभावित कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुर्नलाभ र सामाजिक पुर्नस्थापनालाई संवर्द्धन गर्न राज्यले सबै उपयुक्त कदमहरू चाल्नु पर्दछ । | √ | | |
| **धारा ४०: बालमैत्री न्याय**: कानूनी विवादमा परेका/कानूनको सम्पर्कमा आएका बालबालिकालाई बालमैत्री न्यायको हक हुन्छ । | √ | | |
| **धारा ४१: उच्च व्यवस्थाको सम्मान**: यस महासन्धिले निर्दिष्ट गरेका बालबालिकाका अधिकार भन्दा बढी अधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने व्यवस्था राज्यको घरेलु कानूनमा वा राज्यको निम्ति लागू हुने अन्य अन्तर्राष्ट्रिय कानूनमा छन् भने ती व्यवस्था लागू हुनेछ । | | √ | √ |
| **धारा ४२: प्रचार प्रसार**: राज्यले यस महासन्धिका सिद्धान्त र प्रावधानहरू सञ्चारको उपयुक्त माध्यमबाट सबैलाई जानकारी गराउनु पर्दछ । | √ | | |

**अनुसूची ५**

## बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बाल अधिकार समितिको समापन टिप्पणी सारांश

**क) कार्यान्वयन विधि**

- संविधानमा बाल अधिकार, बालमैत्री स्थानीय शासन सम्बन्धी व्यवस्थालाई स्वागत गरेको ।
- राष्ट्रिय कार्य योजना पुनरावलोकन गरी सबै क्षेत्रगत योजनालाई समन्वय गर्ने रणनीति निर्माण एवम् कार्यान्वयनका लागि उचित मात्रामा मानवीय, प्राविधिक तथा आर्थिक स्रोत उपलब्धता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धि कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि एउटै अन्तर मन्त्रालय र अन्तर निकाय संयन्त्रको स्थापना बलियो कार्यादेश र पर्याप्त मानवीय, प्राविधिक र आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने ।
- महासन्धिनुरूपका सूचक बमोजिमका खण्डीकृत तथ्याङ्क संकलन, सूचना जानकारी व्यवस्थापन गर्नुपर्ने ।
- बालबालिकाको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगभित्र निश्चित संरचना हुनुपर्ने ।

**ख) बालबालिकाको परिभाषा**

- सम्पूर्ण कानूनहरू महासन्धि अनुरुप भएको सुनिश्चित गर्न र १८ वर्षमुनिका सम्पूर्ण बालबालिकाले संरक्षणबाट प्राप्त गरेको सुनिश्चितता गर्नुपर्ने ।

**ग) सामान्य सिद्धान्तहरू**

- अभ्यासमा रहेका कुनै पनि किसिमका विभेदहरूलाई अन्त्य गर्नका लागि उपयुक्त उपाय अपनाउनु पर्ने ।
- सबै कानूनी व्यवस्था, निर्णय प्रक्रियामा बालबालिकाको उच्चतम हितलाई प्रष्टसँग मापदण्डका रूपमा समावेश गर्नुपर्ने ।
- बालबालिकालाई प्रभाव पार्ने समाजका हरेक गतिविधि तथा क्षेत्रहरू विशेषतः परिवार, विद्यालय र समुदायमा उनीहरूको सहभागिता सुनिश्चिता हुनुपर्ने ।

**घ) नागरिक अधिकार र स्वतन्त्रताः**

- समयमा नै प्रभावकारीरूपमा सबैको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धिको धारा ७ र ८ अनुरुप गराउनका लागि सम्बन्धित कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने (व्यक्तिगत घटना दर्ता, नगरिकता ऐन) ।

**ङ) बालबालिकाका विरुद्धको हिंसाः**

- अनुशासनका नाममा दिइने दण्ड सजायलाई सबै क्षेत्रमा निषेध गर्नुपर्ने ।
- सबै अवस्थामा बालबालिकामाथि हुने दुर्व्यवहार र उपेक्षा परिभाषित गर्ने र प्रतिबन्ध लगाउने कानूनी व्यवस्थालाई क्रियाशील बनाउनु पर्ने ।
- बलात्कारका घटनामा ६ महिने हदम्यादको खारेजी र बालयौन दुर्व्यवहार र शोषणको घटनाको अनिवार्य रिपोर्टिङको निश्चितता गर्न संयन्त्र, प्रक्रिया र निर्देशिकाको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको शारीरिक र मनोवैज्ञानिक हितका लागि सम्पूर्ण परम्परागत हानिकारक अभ्यासहरू उन्मूलन गर्नुपर्ने ।

- बालविवाहको अन्त्य  सम्बन्धी क्रियाकलाप प्रभावकारी बनाउनु पर्ने ।
- अन्तरलिङ्गी बालबालिका विरुद्ध गरिने लाञ्छना र भेदभाव विरुद्ध जनचेतना अभिवृद्धि गर्नुपर्ने ।

**च) पारिवारिक वातावरण र वैकल्पिक स्याहार**

- वैकल्पिक स्याहार सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने र संस्थागत स्याहार न्यूनीकरण गर्ने ।
- अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी नीति र कानूनी व्यवस्थाहरू व्यवस्थित गर्दै धर्मपुत्र/पुत्री ग्रहणका लागि अभिभावकको गरिबीलाई आधार मान्न सकिने व्यवस्थाको खारेजी गर्ने ।

**छ) अपाङ्गता भएका बालबालिका, आधारभूत स्वास्थ्य**

- अपाङ्गता भएका सम्पूर्ण बालबालिका (शारीरिक, मानसिक, बौद्धिक अथवा इन्द्रीयहरू ह्रास सहित) लाई समावेश गराउनका लागि विस्तृत रणनीति बनाउन, सेवामा पहुच सुनिश्चित गर्नुपर्ने ।
- ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र गुणस्तर सुधार गर्नका लागि तदरुकताका साथ थप मानवीय, प्राविधिक र आर्थिक स्रोतहरूको उपलब्धता गर्नुपर्ने ।

**ज) शिक्षा**

- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको निम्ति गरेको संवैधानिक व्यवस्थाको स्वागत गरेको ।
- शिक्षामा पहुँच र गुणस्तरीय कायमका लागि आवश्यक व्यवस्था गर्ने ।

**झ) विशेष संरक्षण**

- शरण खोजिरहेका र शरणार्थी बालबालिका लगायत सम्पूर्ण बालबालिकाको जन्मदर्ताको सुनिश्चितताका लागि कानूनी, प्रशासनिक तथा संस्थागत उपाय अपनाउनु पर्ने ।
- अनौपचारिक क्षेत्र तथा निकृष्ट प्रकारका बालश्रमका क्षेत्रहरू लगायत समेट्ने गरी बालश्रम सम्बन्धित नीतिगत सुधार गर्नुपर्ने ।
- रोकथामका उपायहरूको अवलम्बन गर्दै श्रममा संलग्न बालबालिकालाई जोखिमपूर्ण कामबाट संरक्षित गरिनु पर्दछ र उनीहरूको शिक्षामा पहुँचलाई निरन्तरता दिइनु पर्ने ।
- बालबालिकालाई अन्तिम उपाय स्वरूप सकेसम्म छोटो समयावधिका लागि गिरफ्तार गरिने प्रक्रिया र थुनाको अवस्थामा सुधार हुनु पर्ने ।
- कानूनी विवादमा परेका बालबालिकाको घटना हेर्नका लागि प्रहरी कार्यालयहरूमा पनि छुट्टै इकाइहरूको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको बेचबिखन, बाल बेश्यावृति र अश्लील चित्रण  सम्बन्धी इच्छाधीन आलेख सिफारिसको कार्यान्वयन गर्नुपर्ने ।

अनुसूची ६

## हालसम्म बालमैत्री घोषणा गरिएका स्थानीय तह तथा वडाहरू, आ.व.२०७६/७७

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|---|
| १ | १ | सुनसरी | धरान उ.म.न.पा. | १३, १४ | २०७५ असार २६, ३० |
| २ | | सुनसरी | धरान उ.म.न.पा. | २० | २०७५ भाद्र २९ |
| ३ | | सुनसरी | धरान उ.म.न.पा. | १२ | २०७६ जेठ १० |
| ४ | | सुनसरी | धरान उ.म.न.पा. | १८ | २०७६ असार २२ |
| ५ | | सुनसरी | रामधुनी गा.पा. | ०२ | २०७५ असार २५ |
| ६ | | उदयपुर | त्रियुगा न.पा. | १५ | २०७५ असोज १७ |
| ७ | | मोरङ | ग्रामथाम गा.पा. | ०१ | २०७६ पौष २७ |
| ८ | | झापा | भद्रपुर नगरपालिका | सबै वडा | २०७७ पुस ७ |
| ९ | | सुनसरी | रामधुनी गा.पा. | ०५ | २०७६ असार ३० |
| १० | २ | पर्सा | वीरगञ्ज म.न.पा. | ३१ | २०७४ फागुन ३० |
| ११ | | पर्सा | पर्सागढी न.पा. | ०२ | २०७५ भाद्र २९ |
| १२ | | सप्तरी | कञ्चनरूप न.पा. | सबै वडा | २०७६ भाद्र २० |
| १३ | बागमती | चितवन | रत्ननगर न.पा. | ०३ | २०७५ जेठ २९ |
| १४ | | चितवन | रत्ननगर न.पा | ०५ | २०७५ असोज ०४ |
| १५ | | चितवन | रत्ननगर न.पा. | १५ | २०७६, बैशाख २७ |
| १६ | | चितवन | रत्ननगर न.पा. | १४ | २०७६ फाल्गुन ०६ |
| १७ | | चितवन | भरतपुर म.न.पा. | १४ | २०७६ असार २५ |
| १८ | | दोलखा | भिमेश्वर न.पा. | सबै वडा | २०७६ भाद्र २९ |
| १९ | | मकवानपुर | ईन्द्रसरोवर गा.पा. | ०४, ०५ | २०७५ जेठ २९ |
| २० | | मकवानपुर | मनहरी गाउँपालिका | सबै वडा | २०७६ पौष २८ |
| २१ | | मकवानपुर | बकैया गाउँपालिका | सबै वडा | २०७७ माघ २९ |
| २२ | | काभ्रेपलाञ्चोक | पनौती न.पा. | १२ | २०७५ साउन २१ |
| २३ | | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा. | १० | २०७६ जेठ २७ |
| २४ | | काभ्रेपलाञ्चोक | पनौती न.पा. | ०२, ०३ | २०७६ असार १४ |
| २५ | | काभ्रेपलाञ्चोक | पनौती न.पा. | ०१ | २०७६ माघ २५ |
| २६ | | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा. | ३, ४, ५, ६ र ७ | २०७६ फाल्गुन ०५ |
| २७ | | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा | सबै वडा | २०७७ फागुन ०५ |
| २८ | | काभ्रेपलाञ्चोक | पनौती न.पा. | सबै वडा | २०७८ असार ३० |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|---|
| २९ | गण्डकी | नवलपरासी (ब.सु.पु) | देवचुली न.पा. | सबै वडा | २०७५ भाद्र २९ |
| ३० | | नवलपरासी (ब.सु.पु) | गैंडाकोट न.पा. | ११ | २०७६ पौष ११ |
| ३१ | | पर्वत | मोदी गा.पा. | ०८ | २०७४ माघ १५ |
| ३२ | | पर्वत | पैयुँटार गा.पा. | ०७ | २०७६ असार ०९ |
| ३३ | | लमजुङ | क्व्होलो सोथार गा.पा. | ०१ | २०७६ भाद्र २९ |
| ३४ | | स्याङ्जा | भीरकोट नगरपालिका | सबै वडा | २०७७ फाल्गुन २२ |
| ३५ | लुम्बिनी | नवलपरासी | सुनवल न.पा. | सबै वडा | २०७५ भाद्र ०३ |
| ३६ | | कपिलवस्तु | शिवराज न.पा. | ०९ | २०७५ असोज ०३ |
| ३७ | | कपिलवस्तु | शिवराज न.पा. | ०१ | २०७६ कार्तिक २८ |
| ३८ | | कपिलवस्तु | कपिलवस्तु न.पा. | ०९, १० | २०७६ कार्तिक ०८ |
| ३९ | | रूपन्देही | शुद्धोधनगा.पा. | ०२ | २०७५ असोज १६ |
| ४० | | प्युठान | स्वर्गद्वारी न.पा. | ०५ | २०७६ असार ३१ |
| ४१ | | कपिलवस्तु | बाणगंगा गा.पा. | सबै वडा | २०७८ साउन १५ |
| ४२ | | पाल्पा | बगनासकाली गा.पा. | सबै वडा | २०७७ चैत्र १४ |
| ४३ | | पाल्पा | रम्भा गा.पा. | ०१ | २०७७ फागुन २१ |
| ४४ | | पाल्पा | रम्भा गा.पा. | ०२ | २०७७ फागुन २१ |
| ४५ | कर्णाली | हुम्ला | सर्केगाड गा.पा. | ०१ | २०७४ फागुन |
| ४६ | | हुम्ला | सिमीकोट गा.पा. | ०४ | २०७ चैत्र |
| ४७ | | कालिकोट | तिलागुफा न.पा. | ०२ | २०७४ मङसिर १८ |
| ४८ | | कालिकोट | तिलागुफा न.पा. | ०४ | २०७५ मङसिर १८ |
| ४९ | | कालिकोट | तिलागुफा न.पा. | ०१, ०३ | २०७५ कार्तिक १८ |
| ५० | | दैलेख | आठबिसा न.पा. | ०४ | २०७४ पुस ०८ |
| ५१ | | दैलेख | गुँरास गा.पा. | ०६ | २०७५ पौष १२ |
| ५२ | सुदूरपश्चिम | अछाम | चौरपाटीगा.पा. | ०६ | २०७५ पौष २९ |

**प्रदेश तथा जिल्ला अनुसार सञ्चालनमा रहेका बालगृहहरूको विवरण** (आ व ०७७–७८)

| प्रदेश | क्र.स. | जिल्ला | बालगृहको संख्या | हाल संरक्षित | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | |
| प्रदेश नं. १ | १ | संखुवासभा | ३ | ७ | ६ | १३ |
| | २ | ईलाम | ३ | २० | ९ | २९ |
| | ३ | झापा | १२ | १२० | ९४ | २१४ |
| | ४ | भोजपुर | १ | ११ | ० | ११ |
| | ५ | धनकुटा | १ | ७ | ६ | १३ |
| | ६ | मोरङ | ४ | ५७ | ७० | १२७ |
| | ७ | सुनसरी | ४ | १०३ | ११७ | २२० |
| | | **जम्मा** | २८ | ३२५ | ३०२ | ६२७ |
| प्रदेश नं. २ | १ | पर्सा | २ | ३५ | ० | ३५ |
| | २ | सर्लाही | ५ | २२ | ३७ | ५९ |
| | ३ | बारा | १ | ७ | ७ | १४ |
| | ४ | रौतहट | १ | २७ | ८ | ३५ |
| | ५ | सिराहा | १ | ० | ५ | ५ |
| | ६ | धनुषा | २ | ७ | ११ | १८ |
| | | **जम्मा** | १२ | ९८ | ६८ | १६६ |
| बागमती प्रदेश | १ | दोलखा | ३ | ५७ | ० | ५७ |
| | २ | सिन्धुली | १ | ३ | ५ | ८ |
| | ३ | सिन्धुपाल्चोक | ४ | २७ | ५७ | ८४ |
| | ४ | काभ्रे | १० | १५५ | २१० | ३६५ |
| | ५ | नुवाकोट | २ | २२ | ७ | २९ |
| | ६ | काठमाडौं | १५५ | १७१३ | २२७४ | ३९८७ |
| | ७ | ललितपुर | ९४ | ९०१ | १२३३ | २१३४ |
| | ८ | भक्तपुर | १६ | १५२ | २०४ | ३५६ |
| | ९ | धादिङ | ५ | ३१ | ५० | ८१ |
| | १० | चितवन | ३१ | ४१२ | ४७७ | ८८९ |
| | ११ | मकवानपुर | ८ | ११९ | ९२ | २११ |
| | | जम्मा | ३२९ | ३५९२ | ४६०९ | ८२०१ |

| प्रदेश | क्र.स. | जिल्ला | बालगृहको संख्या | हाल संरक्षित | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | |
| गण्डकी प्रदेश | १ | कास्की | ३६ | ६०२ | ५४९ | ११५१ |
| | २ | स्याङ्गजा | १ | १७ | ८ | २५ |
| | ३ | गोरखा | ४ | ४१ | २४ | ६५ |
| | ४ | लमजुङ्ग | १ | ३ | ७ | १० |
| | ५ | म्याग्दी | १ | ५ | ७ | १२ |
| | ६ | तनहुँ | ३ | २४ | १० | ३४ |
| | | **जम्मा** | ४६ | ६९२ | ६०५ | १२९७ |
| लुम्बिनी प्रदेश | १ | रूपन्देही | ८ | १०० | ९२ | १९२ |
| | २ | नवलपरासी | १ | ३ | ३ | ६ |
| | ३ | पाल्पा | १ | १० | १३ | २३ |
| | ४ | कपिलवस्तु | १ | २९ | ० | २९ |
| | ५ | बाँके | ३ | ४७ | ६७ | ११४ |
| | ६ | दाङ | १ | १३ | १९ | ३२ |
| | ७ | बर्दिया | २ | २३ | ३९ | ६२ |
| | | **जम्मा** | १७ | २२५ | २३३ | ४५८ |
| कर्णाली प्रदेश | १ | सुर्खेत | ५ | १२९ | १२३ | २५२ |
| | २ | जुम्ला | २ | २१ | १९ | ४० |
| | ३ | हुम्ला | ३ | २२ | ६२ | ८४ |
| | | **जम्मा** | १० | १७२ | २०४ | ३७६ |
| सुदूरपश्चिम प्रदेश | १ | कैलाली | ६ | ९१ | ९१ | १८२ |
| | २ | अछाम | १ | ३ | १० | १३ |
| | ३ | कञ्चनपुर | ५ | ३९ | २२ | ६१ |
| | | **जम्मा** | १२ | १३३ | १२३ | २५६ |
| | | **कुल जम्मा** | ४५४ | ५२३७ | ६१४४ | ११३८१ |

**बाल हेल्पलाइन सञ्चालक संस्था र प्रदान गरेको सेवाबाट लाभान्वित बालबालिकाको संख्या**

| क्र.स. | संस्थाको नाम र ठेगाना | आधार जिल्ला र स्थान | पहुँच जिल्लाहरू | उद्धार संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिका | बाल हेल्पलाइन सेवा प्रदान गरिएका बालबालिका |
|---|---|---|---|---|---|
| १ | सामाजिक सेवा केन्द्र, दैलेख | दैलेख बजार, दैलेख | दैलेख, कालिकोट, हुम्ला, सुर्खेत र जाजरकोट | बालकः१०<br>बालिका:२८<br>जम्मा:३८ | बालकः४२५<br>बालिका:७७५<br>जम्मा:१२०० |
| २ | | कालिकोट | कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा | बालकः८<br>बालिका:१४<br>जम्मा:२२ | बालकः१०२<br>बालिका:१३५<br>जम्मा:२३७ |
| ३ | आवाज संस्था, सुर्खेत | बिरेन्द्रनगर, सुर्खेत | सुर्खेत, जाजरकोट, जुम्ला, मुगु, सल्यान, पश्चिम रुकुम | बालकः४२<br>बालिका:९४<br>जम्मा:१३६ | बालकः११५<br>बालिका:२८५<br>जम्मा:४०० |
| ४ | पिसविन, बाजुरा | बाजुरा | बाजुरा, अछाम, डोटी, बझाङ, मुगु र कैलाली | बालकः५<br>बालिका:५<br>जम्मा:१० | बालकः१५<br>बालिका:१६<br>जम्मा:३१ |
| ५ | नेपाल सामाजिक विकास तथा जनसशक्तिकरण केन्द्र (नेस्पेक), उदयपुर | गाईघाट, उदयपुर | उदयपुर, खोटाङ, ओखलढुङ्गा, सिन्धुली र सोलुखुम्बु | बालकः३१<br>बालिका:१<br>जम्मा:३२ | बालकः३६३<br>बालिका:३२६<br>जम्मा:५८९ |
| ६ | बाल आवाज (भ्वाइस अफ चिल्ड्रेन), सुनसरी | इटहरी, सुनसरी | सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर | बालकः३२<br>बालिका:७<br>जम्मा:३९ | बालकः३६१<br>बालिका:१४८<br>जम्मा:५०९ |
| ७ | दियालो परिवार चितवन | नारायणगढ, चितवन | चितवन, धादिङ, नवलपरासी, (बर्दघाट सुस्ता पूर्व), गोरखा, लमजुङ र तनहुँ | बालकः१९<br>बालिका:५<br>जम्मा:२४ | बालकः१०९<br>बालिका:११९<br>जम्मा:२२८ |
| ८ | सिविन नेपाल, काठमाडौँ | काठमाडौँ | काठमाडौँ, ललितपुर, भक्तपुर, नुवाकोट, काभ्रे र सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा | बालकः२४<br>बालिका:६३<br>जम्मा:८७ | बालकः८४४<br>बालिका:१२१८<br>जम्मा:२०६२ |

| क्र.स. | संस्थाको नाम र ठेगाना | आधार जिल्ला र स्थान | पहुँच जिल्लाहरू | उद्धार संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिका | बाल हेल्पलाइन सेवा प्रदान गरिएका बालबालिका |
|---|---|---|---|---|---|
| ९ | | नेपालगञ्ज, बाँके | बाँके, बर्दिया, दाङ, सल्यान, रुकुम र रोल्पा, प्युठान | बालकः११<br>बालिकाः७<br>जम्माः१८ | बालकः१४८<br>बालिकाः१९६<br>जम्माः३४४ |
| १० | | हेटौडा, मकवानपुर | मकवानपुर, बारा, पर्सा, ललितपुर र रौतहट | बालकः१९<br>बालिकाः६५<br>जम्माः८४ | बालकः३४४<br>बालिकाः१००७<br>जम्माः१३५१ |
| ११ | | पोखरा, कास्की | कास्की, तनहुँ, गोरखा, लमजुङ, स्याङ्जा, पर्वत, बाग्लुङ, स्याग्दी, मनाङ र मुस्ताङ | बालकः२१<br>बालिकाः२०<br>जम्माः४१ | बालकः५०८<br>बालिकाः५६५<br>जम्माः१०७३ |
| १२ | | धनगढी, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, दार्चुला, बैतडी र बझाङ् | बालकः६४<br>बालिकाः७३<br>जम्माः१३७ | बालकः३३१<br>बालिकाः५९३<br>जम्माः९२४ |
| १३ | | विराटनगर, मोरङ | मोरङ, झापा, धनकुटा, तेह्रथुम, ईलाम र पाँचथर | बालकः२<br>बालिकाः२२<br>जम्माः२४ | बालकः३३४<br>बालिकाः७३२<br>जम्माः१०६६ |
| १४ | | रूपन्देही, बुटवल | रूपन्देही, अर्घाखाँची, कपिलवस्तु, गुल्मी र पाल्पा | बालकः०<br>बालिकाः०<br>जम्माः० | बालकः०<br>बालिकाः०<br>जम्माः० |
| १५ | मानव अधिकार मञ्च, इलाम | इलाम | इलाम, पाँचथर, झापार ताप्लेजुङ | बालकः२<br>बालिकाः२<br>जम्माः४ | बालकः११<br>बालिकाः१२<br>जम्माः२३ |
| १६ | आसमान नेपाल, धनुषा | धनुषा, जनकपुर | धनुषा, सप्तरी, सिरहा, महोत्तरी, सिन्धुली | बालकः०<br>बालिकाः०<br>जम्माः० | बालकः३<br>बालिकाः४८<br>जम्माः५१ |
| १७ | संरक्षण नेपाल, बारा | कलैया, बारा | बारा, पर्सा, सर्लाही र रौतहट | बालकः४<br>बालिकाः११<br>जम्माः१५ | बालकः१२३<br>बालिकाः१४८<br>जम्माः२७१ |
| १८ | मकालु त्रिशक्ति समूह (माट्स नेपाल), संखुवासभा | संखुवासभा | संखुवासभा, तेह्रथुम, भोजपुर र धनकुटा | बालकः१<br>बालिकाः४<br>जम्माः५ | बालकः१<br>बालिकाः८<br>जम्माः९ |

अनुसूची ९

आ.व. २०७७/०७८ मा परिषद्‌मा सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रहरू

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सेवाका लागि सूचीकृत संस्थाहरू**

| क्र.स. | संस्थाको नामर ठेगाना |
|---|---|
| १ | मानव सेवा आश्रम, मकवानपुर |
| २ | महिला तथा बालबालिका सरोकार केन्द्र, सुनसरी |
| ३ | माया घर नेपाल, सुनसरी |
| ४ | साझा सवालका लागि साझा मञ्च (कोकन), काठमाडौँ |
| ५ | ग्रामीण जीवनस्तर सुधार मञ्च, मकवानपुर |
| ६ | बेथानी भिजन, काठमाडौँ |
| ७ | एक्सेस, काठमाडौँ |
| ८ | हिमाली नवीन समाज, काठमाडौँ |
| ९ | छोरी, काठमाडौँ |
| १० | शक्ति समूह, काठमाडौँ |
| ११ | चेतन अभिवृद्धि केन्द्र (क्याप नेपाल), काठमाडौँ |
| १२ | शक्ति मिलन समाज, काठमाडौँ । |
| १३ | कुमुदिनी काठमाडौँ |
| १४ | महिला आत्म निर्भरता केन्द्र, सिन्धुपाल्चोक |
| १५ | नेपाल गुडविभ फाउण्डेसन |
| १६ | कोसिस (राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन सङ्गठन), काठमाडौँ |
| १७ | एपीसी नेपाल, काठमाडौँ |

**अपाङ्गता भएका बालबालिकाको अस्थायी संरक्षण सेवाका लागि सूचीकृत संस्थाहरू**

| क्र.स. | **संस्थाको नाम/ठेगाना** |
|---|---|
| १८ | ॐ अपाङ्गता बालबालिका स्याहार केन्द्र, स्युचाटार काठमाडौँ |
| १९ | द्वन्द्व पीडित तथा अपाङ्ग समाज नेपाल |

**सडक बालबालिकाको अस्थायी संरक्षणका लागि सूचीकृत संस्थाहरू**

| क्र.स | संस्थाको नाम / ठेगाना | कार्यक्षेत्र | संस्थाको भूमिका |
|---|---|---|---|
| २० | सोबर रिकभरी तथा उपचार तथा पुनःस्थापना केन्द्र | काठमाडौँ उपत्यका | ड्रप इन सेन्टर तथा लागु पदार्थ दुर्व्यसन पुनः स्थापना केन्द्र |
| २१ | बाल आवाज, ललितपुर, | | |

| क्र.स | संस्थाको नाम / ठेगाना | कार्यक्षेत्र | संस्थाको भूमिका |
|---|---|---|---|
| | ललितपुर | ड्रप इन सेन्टर तथा सामिजकीकरण र पुनः स्थापना केन्द्र | |
| २२ | बालआवाज, सुनसरी, | प्रदेश नं. १ का सबै जिल्लाहरू | ड्रप इन सेन्टर तथा सामाजिकीकरण र पुनःस्थापना केन्द्र |
| २३ | युथक्लब, दर्ता भएको | चितवन, हेटौडा, विरगञ्ज | ड्रप इन सेन्टर तथा पुनः स्थापना केन्द्र |
| २४ | श्रमिक बालबालिकाको लागि सामाजिक एकीकरण मञ्च (चिल्ड्रेन नेपाल) | पोखरा | बालबालिकाको संरक्षण व्यवस्थापनका लागि पुनःस्थापना केन्द्र |
| २५ | बाल हितकारी परियोजना | कास्की | ड्रप इन सेन्टर तथा पुनःस्थापना केन्द्र |
| २६ | भैरव युवा सशक्तिकरण केन्द्र, | सुर्खेत | ड्रपइन सेन्टर तथा पुनःस्थापना केन्द्र |
| २७ | सिर्जनशील संस्था नेपाल | बुटवल | ड्रप इन सेन्टर तथा पुनःस्थापना केन्द्र |
| २८ | युसेप नेपाल, सानो ठिमी, भक्तपुर | भक्तपुर | सामाजिकीकरण केन्द्र तथा सीपमूलक तालिम सेवा केन्द्र |

**दीगो विकास लक्ष्य र बालबालिका**

| लक्ष्य नं. | लक्ष्य | सहायक लक्ष्य |
|---|---|---|
| १ | गरिबीको अन्त्य -सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने) | १.१ सन् २०३० सम्ममा जहाँसुकै रहेका भएपनि सबै जनता (बालबालिका समेत) को चरम गरिबी उन्मूलन गर्ने (हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको रूपमा मापन गरिएको |
| | | १.२ सन् २०३० सम्ममा राष्ट्रिय परिभाषा अनुसार गरिबी र यसका सबै आयाममा बाँचिरहेका पुरुष, महिला तथा सबै उमेरका बालबालिकाको अनुपात कम्तीमा आधाले घटाउने |
| | | १.३. राष्ट्रिय स्तरमा सबैका लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरू लागू गर्ने र सन् २०३० सम्ममा गरिब र जोखिममा परेकाहरूलाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्ने, |
| २ | शुन्य भोकमरी -भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने) | २.१ सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरिब र संकटग्रस्त अवस्थाहरूमा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने |
| | | २.२ सबै प्रकारका कुपोषण अन्त्य गर्ने, २०३० सम्ममा ५ वर्षमुनिका बालबालिकाको वृद्धि रोक्ने र उचाइ अनुसार कम तौल हुने सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू र किशोरी, गर्भवती र दूध ख्वाइरहेकी महिला तथा ज्येष्ठ नागरिकहरूको पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने |
| ३ | आरोग्यता तथा कल्याण -स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने) | ३.१ सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदर (प्रत्येक १ लाख जीवित जन्ममा) लाई ७० भन्दा कम गर्ने |
| | | ३.२ सबै देशहरूको नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा २५ मा ओराल्ने परिमाणात्मक लक्ष्य भएकाले सन् २०३० सम्ममा नवजात शिशुहरू र ५ वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको अन्त्य गर्ने |
| | | ३.७ सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको (१० देखि १९ वर्षका किशोरीसमेत) पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने |
| | | ३.८ स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरू (जस्तै मातृस्वास्थ्य, नवजात शिशु र बालस्वास्थ्य,) का साथै सबैको लागि क्षमताअनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूको उपलब्धता बढाउने |

| लक्ष्य नं. | लक्ष्य | सहायक लक्ष्य |
|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा -सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने) | ४.१ सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने |
| | | ४.२ सन् २०३० सम्ममा सबै बालबालिकालाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा यिनीहरूको पहुँच सुनिश्चित गर्ने |
| | | ४.५ सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र समान पहुँचको सुनिश्चितता गर्ने, |
| | | ४.६ सन् २०३० सम्ममा सबै युवा र कम्तीमा ९५ प्रतिशत वयस्कहरू (दुवै पुरुषहरू र महिलाहरू) लाई साक्षरता र साङ्ख्यिक (सामान्य गणित) ज्ञान हासिल गर्न सक्षम तुल्याउने, |
| | | ४ क बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शिक्षाका संरचना/सुविधाहरू निर्माण र स्तरोन्नति गर्ने र सबैको निम्ति सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने, |
| ५ | लैङ्गिक समानता -लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तिकरण गर्ने) | ५.१) महिला, किशोरी र बालिका विरूद्ध हुने सबै प्रकारको भेदभावको अन्त्य गर्ने |
| | | ५.२) मानव बेचबिखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने |
| | | ५.३) बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जवर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने |
| | | ५(ग) लैङ्गिक समानताको प्रर्द्धवन तथा सबै तहमा महिला, किशोरी र बालिकाको सशक्तीकरणका लागि प्रभावकारी नीति तथा अवलम्बन गर्न सकिने कानून तर्जुमा गर्ने, |
| ६ | सफा पानी तथा सरसफाइ -सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने) | ६.१ सन् २०३० सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने, |
| ८ | मर्यादित काम तथा आर्थिक वृद्धि (सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने) | ८.७ निकृष्ट स्वरूपको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्य पारेर गराइने श्रमको उन्मूलन गर्ने र सन् २०२५ सम्ममा भर्ती र बालसैनिकको प्रयोग लगायतका सबै स्वरूपका बालश्रम अन्त्य गर्न प्रभावकारी उपायहरू तत्काल अपनाउने, |

| लक्ष्य नं. | लक्ष्य | सहायक लक्ष्य |
|---|---|---|
| १० | न्यून असमानता (देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने) | १०.२ उमेर, लिङ्ग, अपाङ्गता, जात, जाति, उद्गम, धर्म वा आर्थिक वा अन्य अवस्था/हैसियत जेभएपनि सबै जनताको सामाजिक, आर्थिक र राजनीतिक समावेशीतालाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने, |
| | | १०.३ समान अवसरको सुनिश्चितता गर्ने र विभेदकारी कानूनहरू, नीतिहरू र व्यवहारहरू हटाई यीसँग सम्बन्धित उपयुक्त कानूनहरू, नीतिहरू र कार्यहरूको प्रवर्द्धन गरी परिणामका असमानताहरूलाई घटाउने, |
| ११ | दीगो सहर र समुदायहरू (सहरहरूलाई समावेशी, सुरक्षित, सवल र दिगो बनाउन) | ११.२ सन् २०३० सम्ममा संकटग्रस्त अवस्थाहरूमा रहेका व्यक्तिहरू, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र प्रौढहरूको आवश्यकताहरूलाई विशेष ध्यान दिँदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्वारा सबैका लागि सुरक्षित, क्षमताले धान्नसक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीहरूमा यस्ता व्यक्तिहरूलाई पहुँच दिने, |
| | | ११.७ सन् २०३० सम्ममा विशेषगरेर महिला र बालबालिका, प्रौढ व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित सार्वजनिक स्थलहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने |
| १६ | शान्ति, न्याय र सशक्त संस्थाहरू (न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने) | १६.१ सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदर उल्लेख्य रूपमा कम गर्ने |
| | | १६.२ दुरूपयोग, शोषण, तस्करी र बालबालिकामाथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने |
| | | १६.७ सबै तहहरूमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक नीति-निर्माण सुनिश्चित गर्ने, |
| | | |
| १७ | यी लक्ष्यका लागि साझेदारी (दीगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने) | १६.९ सन् २०३० सम्ममा जन्मदर्ता लगायतमा अन्य कानूनी पहिचान सबैलाई प्रदान गर्ने, |
| | | १७.१८ सन् २०२० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढावा दिने र आय, लिङ्ग, उमेर, जाति, वर्ण, बसाइँसराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति/स्थान र अन्य विशेषताहरू अनुसार खण्डीकृत गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दा तथ्याङ्कलाई उल्लेख्य रूपमा वृद्धि गर्ने । |